# दश वर्षीय शिक्षा क्षेत्र योजना

## आ.व. २०८१/८२ - २०९०/९१

**कञ्चन गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

रूपन्देही

लुम्बिनी प्रदेश, नेपाल

# दश वर्षीय शिक्षा क्षेत्र योजना

## आ.व. २०८१/८२ – २०९०/९१

**कञ्चन गाउँपालिका**

**शिक्षा तथा सामाजिक विकास शाखा**

**रूपन्देही**

**लुम्बिनी प्रदेश, नेपाल**

## क. विषयप्रवेश

प्रत्येक व्यक्तिले मर्यादित एवं सम्मानजनक जीवन जिउन पाउनुपर्छ । यसका लागि शिक्षा अत्यावश्यक हुन्छ । शिक्षालाई राष्ट्र विकास, समृद्धि र सुशासनको मूल आधारका रूपमा लिइन्छ । शिक्षाले व्यक्तिको सर्वाङ्गीण विकास गर्छ । व्यक्तिमा उचित ज्ञान, सिप तथा दक्षता विकास गर्छ । विकसित ज्ञान, सिपका आधारमा श्रम बजारमा उपलव्ध रोजगारीका अवसरमा पहुँच अभिवृद्धि गर्दछ । शिक्षाले प्रत्येक व्यक्तिलाई मर्यादित एवं सम्मानजनक जीवन जिउन अत्यावश्यक दक्षता विकास गर्छ ।

समाजमा विभिन्न प्रकारका विभेद तथा असमानताको अवस्था रहन्छ । शिक्षाले समाजमा हुने आर्थिक एवं सामाजिक असमानताको अवस्थामा सुधार गर्छ । समतामूलक समाज विकासमा शिक्षाले महत्त्वपूर्ण योगदान पुऱ्याउँछ । शिक्षाको यही मान्यतालाई आधार बनाएर नेपालको संविधानले शिक्षालाई नागरिकको मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ । प्रत्येक नेपाली नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने संवैधानिक हक रहेको छ । अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुनबमोजिम निःशुल्क उच्च शिक्षा पाउने संवैधानिक हक रहेको छ । राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरूले शिक्षालाई उच्च प्राथमिकता प्रदान गरेका छन् । यी व्यवस्थाहरूको सही कार्यान्वयनमा शिक्षाको महत्त्वपूर्ण भूमिका रहन्छ । मातृभाषामा शिक्षा पाउने र विद्यालय खोल्ने हकसमेत संविधानले प्रत्याभूत गरेको हुँदा शिक्षा देशको प्रमुख प्राथमिकता क्षेत्रभित्र रहँदै आएको छ ।

समृद्ध नेपाल सुखी नेपाली सहितको समुन्नत राष्ट्र निर्माण गर्ने प्रतिबद्धता नेपाल सरकारले गरेको अवस्था छ । मानव संसाधनको विकास नभई यो लक्ष्य हासिल हुन सक्दैन । शिक्षामा सबैको पहुँच सुनिश्चित गर्नुपर्छ । गुणस्तरीय एवम् सक्षम नागरिक तयार गर्न शैक्षिक व्यवस्थापन पद्दति गुणस्तरीय हुनुपर्छ । यसका लागि शिक्षासम्बन्धी दीर्घकालीन तथा अल्पकालीन योजना विकास तथा कार्यान्वयन अनिवार्य हुन्छ ।

राष्ट्रिय तथा स्थानीय शैक्षिक आवश्यकताअनुसारको शिक्षा सञ्चालन तथा व्यवस्थापनका लागि कञ्चन गाउँपालिकाले शिक्षालाई व्यवस्थित गर्ने योजना बनाएको छ । यसका लागि शिक्षालाई व्यक्तिगत, सामाजिक तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय परिवेश अनुकूल बनाउने लक्ष्य लिएको छ । यस क्रममा शिक्षाको दीर्घकालीन योजना तयार गरी यसैका आधारमा शिक्षाको योजना तथा कार्यक्रमहरूको विकास तथा कार्यान्वयन गर्ने लक्ष्यका साथ योजनाबद्ध विकासको थालनी गरेको छ ।

## ख. शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

नेपालको संविधान २०७२अनुसार हाल नेपालको शासकीय व्यवस्थालाई तीन तहमा विभक्त गरी सङ्घ, प्रदेश तथा स्थानीय सरकारमा विभक्त गरिएको छ । नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन तथा नियमावली, दिगो विकास लक्ष्य, सोह्रौँ पञ्चवर्षीय योजनाको अवधारणा तथा विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐनकानुनले प्राथमिकतामा राखेका नीति, कार्यक्रम तथा लक्ष्यलाई सङ्घीय संरचना अनुरूप कार्यान्वयन गर्न र

विद्यालय शिक्षा क्षेत्रको विकासलाई दिशानिर्देश गर्न सङ्घीय, प्रदेश र स्थानीय तहमा विद्यालय शिक्षा योजनाको निर्माण गर्न आवश्यक देखिएको छ ।

विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाई आत्मसात् गर्न र सिर्जनशील, सक्रिय तथा नेपालको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि उपयोगी नागरिक तयार गर्नका लागि र शिक्षाको योगदानलाई समयसापेक्ष बनाउन पनि विद्यालय शिक्षा क्षेत्रको योजनामार्फत समग्र शिक्षा प्रणालीमा सुधार गर्नुपर्ने देखिएको छ । नेपालको संविधान अनुसूची ८ मा स्थानीय तहको एकल अधिकारअन्तर्गत आधारभूत तथा माध्यमिक शिक्षा उल्लेख भएको तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ (११,ज) ले आधारभूत तथा माध्यमिक तहका लागि २३ वटा शिक्षाको अधिकार तोकेको छ । विद्यालय शिक्षामा रहेका आर्थिक तथा सामाजिक लगायतका कारणले सुविधाविहीन, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्न तथा प्रत्येक बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले १० वर्षे **विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan)** स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यसैको आधारमा प्रदेश स्तरमा पनि आवधिक शिक्षा योजना निर्माण भएका छन् । यसै परिवेशमा सबै स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यन्वयन गर्नुपर्ने आवश्यकतालाई महसुस गरी यस कञ्चन गाउँपालिकाले स्थानीय शिक्षा योजना निर्माण गरिएको हो ।

## ग. शिक्षा योजना निर्माणको औचित्य

१. तीनै तहमा बन्ने शिक्षा योजनाका बिच लम्बीय (Vertical) र क्षितिजीय (Horizontal) सहसम्बन्ध स्थापित गर्न,

२. सङ्घ र प्रदेशबाट प्रदान गरिने स्रोतलाई योजनामा आधारित बनाइ व्यवस्थापन, परिचालन र उपयोग गर्न,

३. कार्यक्रम र स्रोतमा देखिएका अभाव, दोहोरोपना, स्रोत परिचालनमा असक्षमता आदि जस्ता समस्याहरूलाई न्यूनीकरण गर्न,

४. साझा बिषयहरूमा लागत साझेदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन ।

## घ. शिक्षा योजना निर्माणका आधार

१. नेपालको संविधान

२. अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली,

३. विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan)

४. शिक्षा नीतिहरू मूलतः राष्ट्रिय शिक्षा नीति, शिक्षाको सोधपत्र, सोह्रौं योजनालगायत आवधिक योजना,

५. दिगो विकास लक्ष्य, राष्ट्रिय प्रारूप

६. स्थानीय विकास योजना

७. स्थानीय तहको मध्यमकालीन खर्च संरचना, वार्षिक विकास कार्यक्रम तथा बजेट

८. Recovery and Accelerated Learning (ReAL) Plan२०२३-२०२८

९. विद्यालय शिक्षामा समता रणनीति

१०. राष्ट्रिय जनगणनाको प्रतिबेदन २०७८

११. विद्यालयगत भए गरेका आयव्यय विवरण (सकेसम्म सबै विद्यालयको)

१२. कञ्चन शिक्षा ऐन २०७४

१३. कञ्चन शिक्षा नियमावली २०७५

१४. अन्य सरकारी र गैरसरकारी सङ्घसंस्थाहरूको शिक्षासम्बन्धी कार्यक्रमहरू, आदि ।

## ङ. शिक्षा योजना निर्माण प्रक्रिया

| क्रियाकलाप | समय |
|---|---|
| गाउँ/नगर सभा र गाउँ/नगर कार्यपालिका, स्थानीय तहको बैठक | |
| योजना निर्माण समितिको गठन | |
| स्थानीय तहको शिक्षा क्षेत्रको विश्लेशण | |
| गाउँ/टोल तथा वडाहरू र अन्य सरोकारवालाहरू (विद्यालय प्र.अ./शिक्षक, वि.व्य.स., सरकारी/गैर सरकारी सङ्घसंस्था आदि) सँगको भेला र छलफल र पृष्ठपोषण | |
| मस्यौदा तयारी | |
| मस्यौदा उपर सुझाव सङ्कलन् | |
| योजनाको अन्तिम रूप | |
| बाह्य विज्ञद्वारा योजनाको लेखाजोखा | |
| योजनाको स्वीकृति र कार्यान्वयन | |

## च. योजनाको लेखाजोखा

| क्र.सं. | लेखाजोखाका पक्ष | विस्तृत विवरण |
|---|---|---|
| १ | नेतृत्व तथा सहभागिता (Leadership and participation) | • शिक्षा योजना निर्माण प्रक्रियामा स्थानीय तहको मूल नेतृत्व थियो।<br>• शिक्षा योजना निर्माण प्रक्रियामा विभिन्न सरोकारवालाको अर्थपूर्ण सहभागिता थियो ।<br>• शिक्षा योजना निर्माण प्रक्रिया पारदर्शी थियो । |
| २ | पर्याप्तता र सान्दर्भिकता (Adequacy and relevance) | • योजनामा समावेश भएका रणनीति, कार्यक्रम तथा क्रियाकलाप शिक्षा क्षेत्रका मुख्य समस्या तथा चुनौतीलाई सम्बोधन गर्नका लागि पर्याप्त तथा सान्दर्भिक छन् । |
| ३ | समता, सक्षमता तथा गुणस्तर (Equity, | • शिक्षा क्षेत्रको समग्र प्रदर्शन बढाउनका लागि योजनामा समता, सक्षमता, तथा सिकाइ र गुणस्तर अभिवृद्धिसम्बन्धी प्रमुख मुद्दाहरूको सम्बोधन |

| क्र.सं. | लेखाजोखाका पक्ष | विस्तृत विवरण |
|---|---|---|
| | efficiency and quality) | भएको छ। |
| ४ | अन्तर्सम्बन्ध र तादात्म्य (Coherence) | • शिक्षा योजना र स्थानीय तहले अन्य क्षेत्रमा निर्माण गरेका योजना (कृषि, स्वास्थ्य, पूर्वाधार विकास, आदि) तथा विद्यालयले बनाएका विद्यालय सुधार योजना र नमुना विद्यालय विकास योजना जस्ता विभिन्न योजनाबिच अन्तर्सम्बन्ध कायम भएको छ।<br>• शिक्षाका अन्तर्राष्ट्रिय लक्ष्यसँग अनुकूल हुने गरी आन्तरिकीकरण र समायोजन गरिएको छ।<br>• राष्ट्रिय, प्रदेश र स्थानीय दूरदृष्टि, उद्देश्य र लक्ष्यअनुरूप योजना बनाइएको छ।<br>• शिक्षा योजनामा समावेश भएका विभिन्न उपक्षेत्र तथा विषयबिच अन्तर्सम्बन्ध कायम भएको छ। |
| ५ | सम्भाव्यता र कार्यान्वयन योग्यता तथा सान्दर्भिकता | • योजनामा भएका विषयहरुको अन्य पक्षसँग तादात्म्य कायम छ।<br>• योजनाका लक्ष्य प्राप्तिका लागि सञ्चालन गरिने क्रियाकलाप कार्यान्वयन गर्न सकिने व्यवहारिक र सान्दर्भिक छन्। तथा अनुगमन र मूल्याङ्कनका संयन्त्र पर्याप्त छन्।<br>• योजनालाई स्थानीय विशिष्ट आवश्यकता, विशेष गरी जनसङ्ख्या, जातजाति, आर्थिक, भाषिक, पिछडिएको वर्ग र क्षेत्रका आधारमा सान्दर्भिक बनाउने दृष्टिकोणका साथ विकास गरिएको छ।<br>• योजनाले शिक्षा क्षेत्रका प्रमुख चुनौतीलाई सम्बोधन गरेको छ। |
| ६ | स्रोतको प्रबन्ध | • शिक्षा योजनामा समावेश भएका विभिन्न कार्यक्रम तथा क्रियाकलापका आवश्यक स्रोतको प्रबन्ध गरिएको छ।<br>• लक्ष्य प्राप्तिका लागि सञ्चालन गरिने क्रियाकलापमा पर्याप्त बजेट विनियोजन भएको छ।<br>• योजनामा प्रस्तावित कार्यक्रम तथा बजेटबिच आपसी तालमेल छ।<br>• स्रोतको प्रबन्धका लागि विभिन्न सरकारी तथा गैरसरकारी संस्थासँग सहकार्य र साझेदारी भएको छ। |
| ७ | संस्थागत क्षमता | • योजनाको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तहभित्र विभिन्न चरणमा संरचनात्मक र संस्थागत व्यवस्था गरिएको छ।<br>• कार्यान्वयनका लागि तालिम तथा क्षमता विकासका कार्यक्रम तथा संयन्त्र तय गरिएको छ। |
| ८ | कार्यान्वयनमा | • योजनाको कार्यान्वयनका लागि स्थानीय तहभित्रका सरोकारवालाको |

| क्र.सं. | लेखाजोखाका पक्ष | विस्तृत विवरण |
|---|---|---|
| | तत्परता | सहभागिता र अपनत्व कायम गरिएको छ।<br>● योजनाको कार्यान्वयनका लागि वार्षिक रणनीतिक योजना तथा बजेट तथा कार्यक्रम तयार गरिएको छ।<br>● योजनाको कार्यान्वयनका लागि जिम्मेवार पक्षलाई लक्ष्य, उद्देश्य र कार्यान्वयन प्रक्रियाको पर्याप्त प्रबोधीकरण तथा अभिमुखीकरण भएको छ। |
| ९ | तथ्याङ्क विश्लेषण र प्रक्षेपण | ● स्थानीय तहभित्रका शैक्षिक सूचक र अन्य तथ्याङ्क सङ्कलन गरिएको छ।<br>● तथ्याङ्क तथा सूचना बिच तादात्म्यताको विश्लेषण तथा प्रक्षेपण गरिएको छ। |
| १० | अनुगमन र प्रतिवेदन | ● अनुगमन तथा मूल्याङ्कनको संयन्त्र र जिम्मेवारी निर्धारण गरिएको छ।<br>● आवधिक रूपमा अनुगमन र मूल्याङ्कन गर्ने प्रक्रिया निर्धारण गरिए छ।<br>● अनुगमन सूचकको प्रयोग गरिएको छ।<br>● प्रतिवेदन प्रणाली यकिन गरिएको छ। |

## छ. योजनाको दस्तावेजको स्वरूप

योजनाले परिकल्पना गरेको शैक्षिक उपलब्धि प्राप्त गर्न सरोकारवालाहरूसँगको प्रत्यक्ष सहभागितामा पालिकाका वर्तमान अवस्था, शैक्षिक समस्या, चुनौती, अवसर र योजनामा समेट्नुपर्ने मुख्य मुख्य उद्देश्य, रणनीति र कार्यनीतिहरूका सन्दर्भमा गरिएको छलफल एवम् प्राप्त तथ्याङ्कलाई प्राथमिक स्रोतका रूपमा लिई योजनालाई बढी भरपर्दो, विश्वासिलो र यथार्थपरक बनाउने प्रयत्न गरिएको छ। पालिकाको आगामी दशवर्षीय शिक्षाको स्पष्ट मार्गदर्शन नै शिक्षा योजनामा निहित रहने हुँदा योजनामा समाबेश भएका प्रत्येक परिच्छेद र विषयवस्तुमा उल्लेख भएका क्षेत्रको परिचय वर्तमान, अवस्थाको विश्लेषण, अवसर र चुनौती, रणनीतिक क्रियाकलाप, बजेट व्यवस्था तथा कार्यान्वयनको योजनालाई जिम्मेवारीका साथ महत्त्वपूर्ण स्थान दिइएको छ। शिक्षा योजनाको दस्तावेजको स्वरूप यहाँ उल्लेख गरिएको छ।

# परिच्छेद एक

## परिचय

नेपालको संविधान २०७२ ले सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकार रहने व्यवस्था गरेको छ। यस संविधानले शिक्षासम्बन्धी केही हक तथा प्राथमिकताहरू स्थापित गरेको छ। संविधानले आधारभूत तहसम्मको शिक्षामा पहुँच, आधारभूत तहसम्मको अनिवार्य र नि:शुल्क शिक्षा तथा माध्यमिक तहसम्मको निःशुल्क शिक्षा पाउने हक प्रत्याभूत गरेको छ। यी संवैधानिक हक तथा प्राथमिकताहरूलाई कार्यान्वयन गर्न सहयोगी हुने कानुनी आधार तयार गर्ने क्रममा निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५ तथा यससम्बन्धी नियमावली २०७७ कार्यान्वयनमा आएको छ भने बालबालिकासम्बन्धी ऐन २०७५ ले पनि शिक्षालगायत बालबालिकासम्बन्धी हकहरूलाई प्रत्याभूत गरेको छ। नेपाल सरकारले जारी गरेको राष्ट्रिय शिक्षा नीति २०७६ ले पनि संवैधानिक मान्यतामा आधारित भई शिक्षा क्षेत्रमा सुधार तथा परिवर्तनका लागि नीतिगत मार्गदर्शन गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय सरकारले सम्पादन गर्ने गरी २३ वटा अधिकारहरू प्रदान गरेको छ भने सोह्रौं पञ्चवर्षीय योजनाले (२०८१/८२-२०८५/८६) ले स्वस्थ, शिक्षित र सिपयुक्त मानव पुँजी निर्माण गर्ने लक्ष्य राखेको छ।

दक्ष जनशक्ति उत्पादन तथा तिनको श्रम बजारमा आपूर्ति गर्ने काम शिक्षाले गर्छ। अतः शिक्षाको योजनाबद्ध रूपमा विकास र विस्तार गर्नु नितान्त जरुरी हुन्छ। यसका लागि नेपाल सरकारले राष्ट्रिय शिक्षा योजना २०११, सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको योजना २०१८, राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८, राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९, उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५, सबैका लागि शिक्षा, माध्यमिक शिक्षा परियोजना, विद्यालय क्षेत्र सुधार कार्यक्रम र विद्यालय क्षेत्र विकास योजना लगायतका योजना तथा कार्यक्रमहरू कार्यान्वयन गर्दै आएको अवस्था छ। यी शैक्षिक योजना तथा कार्यक्रमहरूले शिक्षा क्षेत्रमा उल्लेख्य सुधार गर्दै आएका छन्। पहुँचमा उल्लेख्य सुधार भएको छ। विद्यालयको भौतिक संरचनामा सुधार भएको छ। शिक्षकहरू तालिम प्राप्त भएका छन्। शिक्षामा सूचना, सञ्चार र प्रविधिको प्रयोग गर्ने वातावरण निर्माण भएको छ। यसो भए पनि सिकाइ उपलब्धि तथा विद्यालय सुशासन कायम गर्नमा भने अझै पनि चुनौती रहँदै आएको छ।

नेपालले हाल दिगो विकास लक्ष्य सन् २०३० को प्राप्तिका लागि अन्तर्राष्ट्रिय स्तरमा प्रतिबद्धता गरेको छ। यही प्रतिबद्धतास्वरूप दिगो विकास लक्ष्य ४ जुन गुणस्तरीय समावेशी शिक्षाको सुनिश्चितता र जीवनपर्यन्त सिप विकासका अवसरहरूको प्राप्तिका लागि लक्षित शैक्षिक कार्यक्रमहरू कार्यान्वयनमा ल्याउँदै आएको सन्दर्भ विद्यमान छ।

साथै कञ्चन गाउँपालिकाको शिक्षा योजना २०८१/८२ देखि २०९०/९१सम्मको शिक्षा विकासका लागि सरोकारवालाहरूसँग छलफल गरी लक्ष्य तथा उद्देश्य निर्धारण गरेको छ। उक्त लक्ष्य तथा उद्देश्य हासिल गर्नका लागि शिक्षा क्षेत्रको विस्तृत योजना तयार गर्न आवश्यक देखिएको छ।

विभिन्न समयमा देखा पर्ने प्राकृतिक प्रकोप, महामारी तथा आपत्विपत्बाट उत्पन्न हुने जोखिमलाई न्यूनीकरण गर्न सक्षम उत्थानशील शिक्षा पद्धतिको विकासको आवश्यकतालाई कोभिड-१९ जस्तो महामारीबाट शिक्षा क्षेत्रमा भएको

लामो अवरोध तथा गतिहीनताले पनि थप पुष्टि गरेको छ भने यसको प्रभावबाट शिक्षा क्षेत्रमा भएको नोक्सानी घटाई गतिशीलता प्रदान गर्नुपर्ने आवश्यकता पनि रहेकोछ।

## १.१ वर्तमान अवस्था

### क. भौगोलिक अवस्थिति विश्लेषण

साविकको गजेडी र रुद्रपुर गाविसलाई समेटेर बनेको कञ्चन गाउँपालिका लुम्बिनी प्रदेशअन्तर्गत रूपन्देही जिल्लाका १६ पालिकाहरू मध्ये एक हो । पूर्व पश्चिम लोकमार्गअन्तर्गत सैनामैना नगरपालिकाको बाँसगढीबाट करिब १ किलोमिटर दक्षिण २७° ५४'' ८८.१' पूर्वी देशान्तर र ८३° ३१'' ८६.३३' उत्तर अक्षांशमा रहेको यो गाउँपालिका समुद्र सतहबाट ९२.१ मिटरको उचाइमा अवस्थित छ । ५८.५१ वर्ग किलोमिटरको क्षेत्रफलमा फैलिएको यो गाउँपालिका रूपन्देही जिल्लाको प्रतिनिधि सभा निर्वाचन क्षेत्र न. ५अन्तर्गत पर्दछ । यस गाउँपालिकाको पूर्वमा सैनामैना नगरपालिका र गैडहवा गाउँपालिका, पश्चिममा कपिलवस्तुको सिमाना, उत्तरमा सैनामैना नगरपालिका र दक्षिणमा गैडहवा गाउँपालिका रहेका छन्। यस गाउँपालिकामा पाँचवटा वडाहरू रहेका छन्।

#### क. भूबनोट, माटोको बनावट र उर्वराशक्ति

कञ्चन गाउँपालिकाको भूबनोट समथर एकै खालको छ। समतल भूभाग र उर्वर मलिलो माटोका कारण प्रशस्त कृषि उत्पादन हुने खालको छ । तैपनि बाह्रै महिनाका लागि पानीको स्रोत नभई आकाशे पानीमा भर पर्नुपर्ने अवस्था र आजभोलि घरघडेरीका लागि जमिन प्लटिङ (खण्डीकरण) गरिँदै गएकाले उत्पादन दिन प्रतिदिन घट्दै जानुका साथै वातावरणीय असर समेत परेको छ।

#### ख. जलवायु

रूपन्देही जिल्लामा उष्ण प्रदेशीय हावापानी पाइए तापनि बाह्रै महिना एकैनाशको हावापानी छैन। चैत्रदेखि आश्विनको सुरुसम्म गर्मी हुन्छ भने पौष र माघ महिनामा अत्यधिक जाडो हुने गर्दछ । जेष्ठको अन्त्यदेखि आश्विनको सुरुसम्म मनसुनी वायुका कारण प्रशस्त वर्षा हुने गर्दछ।

#### ग. जलभण्डार

कञ्चन गाउँपालिकामा गजेडी दानापुर ताल र लौसा ताल लगायत धैरै ताल तथा पोखरीहरू रहेका छन । यस तालले आन्तरिक तथा बाह्य पर्यटनका लागि मद्दत पुगेको छ भने कञ्चन नदी र कोठी खोला गरी २ वटा नदीहरू जल स्रोतको रुपमा रहेका छन्।

#### घ. वनजङ्गल

यस गाउँपालिकाको उत्तर पश्चिम क्षेत्रमा बाक्लो जङ्गल र केही भागमा बुट्यान रहेका छन् । यस गाउँपालिकाको १२.७६ वर्ग किलोमिटरको क्षेत्रफलमा वनक्षेत्र रहेको छ जुन यस पालिकाको जम्मा क्षेत्रफलको २१.९% हुन आउँछ। यस गाउँपालिकामा ६ सामुदायिक वन, १ साझेदारी गरी ७ वटा वनक्षेत्र रहेका छन्। वन जङ्गलको महत्त्व पहिचान र विस्तार तथा सार्वजनिक जग्गा संरक्षणका लागि ३ सार्वजनिक जग्गा व्यवस्थापन समूहअन्तर्गत रहेर वृक्षरोपणको काम पनि गरिएको छ।

## ख. जनसाङ्ख्यिक संरचनाको विश्लेषण

यस गाउँपालिकामा पहाडी मूलका ब्राम्हण, क्षेत्री, मगर, गुरुङ, दलित समुदायका साथै रैथाने थारु, यादव, मुसलमान लगायतका विभिन्न जातजाति तथा धर्मावलम्बीहरूको बसोबास रहेको छ। तथ्याङ्कगत रूपमा तल उल्लेख गरिएको छ।

| क्र.स. | लिङ्ग | कूल जनसङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | महिला | २३१२० | ५४.४% |
| २ | पुरुष | १९४०८ | ४५.६% |
| | जम्मा | ४२५२८ | |

*स्रोतः राष्ट्रिय जनगणना २०७८*

**जनसङ्ख्याको विवरण**

| **विवरण** | **वि.सं. २०७८** |
|---|---|
| जम्मा जनसङ्ख्या | ४२५२८ |
| पुरुष | १९४०८ (४५.६ प्रतिशत) |
| महिला | २३१२० (५४.४ प्रतिशत) |
| लैंगिकता दर (प्रति १०० महिलामा पुरुषको सङ्ख्या) | **८३.९४** |
| जम्मा घरधुरी | १०४४० |
| औषत परिवार आकार | ४.०७ |
| जनघनत्व | ७२६.८ |
| ५ वर्ष र सोभन्दा माथिको साक्षरता दर (प्रतिशतमा) | ८१.३ |

जनसाङ्ख्यिकीः तालिका न. १ (उमेरगत विवरण)

| **सि. नं.** | **उमेर वर्षमा** | **जम्मा** | **पुरुष** | **महिला** |
|---|---|---|---|---|
| जम्मा | ४ भन्दा तल | ३४४४ | १८२८ | १६१२ |
| | ४ देखि ९ | ३८१८ | २०१८ | १८०० |
| | १० देखि १४ | ४०२७ | २०९७ | १९३० |
| | १५ देखि १९ | ४३४८ | २१८४ | २२०० |
| | २० देखि २४ | ४०४९ | १७०० | २३४९ |
| | २५ देखि २९ | ३६१२ | १३५३ | २२५९ |
| | ३० देखि ३४ | ३४२४ | १३३० | २०९४ |
| | ३५ देखि ३९ | ३१२२ | १२५८ | १८६४ |
| | ४० देखि ४४ | २७४१ | ११३९ | १६०२ |
| | ४५ देखि ४९ | १९४६ | ८४९ | १०९७ |

| सि. नं. | उमेर वर्षमा | जम्मा | पुरुष | महिला |
|---|---|---|---|---|
| | ५० देखि ५४ | १९६९ | ८४७ | ११२२ |
| | ५५ देखि ५९ | १५७२ | ७०१ | ८७१ |
| | ६० देखि ६४ | १४८१ | ७२० | ७६१ |
| | ६५ देखि ६९ | ११९० | ५४३ | ६४७ |
| | ७० देखि ७४ | ८२१ | ३९६ | ४२५ |
| | ७५ देखि ९९ | ५०१ | २३९ | २६२ |
| | ८० देखि ८४ | २५२ | १२३ | १२९ |
| | ८५ देखि ८९ | १०२ | ४९ | ५३ |
| | ९० देखि ९४ | ५२ | २७ | २५ |
| | ९५ भन्दा माथि | २५ | ७ | १८ |
| | जम्मा | ४२५२८ | १९४०८ | २३१२० |

(स्रोतः राष्ट्रिय जनगणना २०७८)

**जनसाङ्ख्यिकीः तालिका न. १ (वडागत विवरण)**

| सि. न. | उमेर वर्षमा | जम्मा | पुरुष | महिला |
|---|---|---|---|---|
| वडा न. १ | ४ भन्दा तल | ७२१ | ३७८ | ३४३ |
| | ४ देखि ९ | ८१० | ४३२ | ४७८ |
| | १० देखि १४ | ८०८ | ४२३ | ३८५ |
| | १५ देखि १९ | ९२४ | ४५३ | ४७१ |
| | २० देखि २४ | ८५१ | ३७१ | ४८० |
| | २५ देखि २९ | ७७७ | २९६ | ४८१ |
| | ३० देखि ३४ | ७१० | २८५ | ४२५ |
| | ३५ देखि ३९ | ६४७ | २७० | ३७७ |
| | ४० देखि ४४ | ४८४ | २०० | २८४ |
| | ४५ देखि ४९ | ४१० | १६९ | २४१ |
| | ५० देखि ५४ | ४३५ | २१३ | २२२ |
| | ५५ देखि ५९ | ३१८ | १५२ | १६६ |
| | ६० देखि ६४ | २३१ | ११९ | ११२ |
| | ६५ देखि ६९ | २२५ | १०३ | १२२ |
| | ७० देखि ७४ | १३९ | ६७ | ७२ |
| | ७५ देखि ९९ | १०६ | ५३ | ५३ |
| | ८० देखि ८४ | ४६ | २७ | १९ |
| | ८५ देखि ८९ | २३ | ११ | १२ |
| | ९० देखि ९४ | ४ | २ | २ |
| | ९५ भन्दा माथि | ५ | २ | ३ |

| सि. न. | उमेर वर्षमा | जम्मा | पुरुष | महिला |
|---|---|---|---|---|
| | जम्मा | ८६७४ | ४०२६ | ४६४८ |
| वडा न. २ | ४ भन्दा तल | ६३५ | ३३१ | ३०४ |
| | ४ देखि ९ | ६५१ | ३४५ | ३०६ |
| | १० देखि १४ | ७८३ | ४०३ | ३८० |
| | १५ देखि १९ | ७५५ | ३६८ | ३८७ |
| | २० देखि २४ | ७४१ | ३२४ | ४१७ |
| | २५ देखि २९ | ६२९ | २४९ | ३८० |
| | ३० देखि ३४ | ६०८ | २७९ | ३२९ |
| | ३५ देखि ३९ | ५२६ | २३२ | २९४ |
| | ४० देखि ४४ | ५०३ | २४६ | २५७ |
| | ४५ देखि ४९ | २६६ | १३५ | १३१ |
| | ५० देखि ५४ | ३०२ | १४४ | १५८ |
| | ५५ देखि ५९ | २३५ | ९८ | १३७ |
| | ६० देखि ६४ | २५१ | ११८ | १३३ |
| | ६५ देखि ६९ | १९८ | ७८ | १२० |
| | ७० देखि ७४ | १४० | ७६ | ६४ |
| | ७५ देखि ९९ | ९५ | ५० | ४५ |
| | ८० देखि ८४ | ३७ | १७ | २० |
| | ८५ देखि ८९ | १० | ९ | १ |
| | ९० देखि ९४ | ७ | ५ | २ |
| | ९५ भन्दा माथि | ३ | ० | ३ |
| | जम्मा | ७३७५ | ३५०७ | ३८६८ |
| वडा न. ३ | ४ भन्दा तल | ७५७ | ४०९ | ३४८ |
| | ४ देखि ९ | ८०४ | ४२१ | ३८३ |
| | १० देखि १४ | ८४६ | ४५७ | ३८९ |
| | १५ देखि १९ | ९३५ | ४७१ | ४६४ |
| | २० देखि २४ | ८३४ | ३४७ | ४८७ |
| | २५ देखि २९ | ७७९ | २७४ | ५०५ |
| | ३० देखि ३४ | ७२८ | २६० | ४६८ |
| | ३५ देखि ३९ | ६३८ | २३९ | ३९९ |
| | ४० देखि ४४ | ६०० | २३० | ३७० |
| | ४५ देखि ४९ | ४८२ | २०४ | २७८ |
| | ५० देखि ५४ | ४४४ | १७४ | २७० |
| | ५५ देखि ५९ | ३५१ | १४७ | २०४ |

| सि. न. | उमेर वर्षमा | जम्मा | पुरुष | महिला |
|---|---|---|---|---|
| | ६० देखि ६४ | ३८७ | १८२ | २०५ |
| | ६५ देखि ६९ | २८२ | १३४ | १४८ |
| | ७० देखि ७४ | १७२ | ८५ | ८७ |
| | ७५ देखि ९९ | १०२ | ४४ | ५८ |
| | ८० देखि ८४ | ६४ | ३४ | ३० |
| | ८५ देखि ८९ | २३ | १२ | ११ |
| | ९० देखि ९४ | १८ | ८ | १० |
| | ९५ भन्दा माथि | ७ | ३ | ४ |
| | जम्मा | ९२५३ | ४१४५ | ५११८ |
| वडा न. ४ | ४ भन्दा तल | ७१३ | ३८१ | ३३२ |
| | ४ देखि ९ | ८६४ | ४५० | ४१४ |
| | १० देखि १४ | ८९२ | ४५१ | ४४१ |
| | १५ देखि १९ | ९८८ | ४८५ | ५०३ |
| | २० देखि २४ | ९५४ | ३८७ | ५६७ |
| | २५ देखि २९ | ७९९ | २८० | ५१९ |
| | ३० देखि ३४ | ७६५ | २७९ | ४८६ |
| | ३५ देखि ३९ | ७५४ | ३०२ | ४५२ |
| | ४० देखि ४४ | ६५४ | २५९ | ३९५ |
| | ४५ देखि ४९ | ४४४ | १८३ | २६१ |
| | ५० देखि ५४ | ४३५ | १८५ | २५० |
| | ५५ देखि ५९ | ३६४ | १६५ | १९९ |
| | ६० देखि ६४ | ३४९ | १७७ | १७२ |
| | ६५ देखि ६९ | २९४ | १३३ | १६१ |
| | ७० देखि ७४ | १८५ | ८५ | १०० |
| | ७५ देखि ९९ | १०४ | ५१ | ५३ |
| | ८० देखि ८४ | ६३ | २५ | ३८ |
| | ८५ देखि ८९ | २४ | ११ | १३ |
| | ९० देखि ९४ | ९ | ४ | ५ |
| | ९५ भन्दा माथि | ४ | १ | ३ |
| | जम्मा | ९६५८ | ४२९४ | ५३६४ |
| वडा न. ५ | ४ भन्दा तल | ६१४ | ३२९ | २८५ |
| | ४ देखि ९ | ६८९ | ३७० | ३१९ |
| | १० देखि १४ | ६९८ | ३६३ | ३३५ |
| | १५ देखि १९ | ७८२ | ४०७ | ३७५ |

| सि. न. | उमेर वर्षमा | जम्मा | पुरुष | महिला |
|---|---|---|---|---|
| | २० देखि २४ | ६६० | २७१ | ३९८ |
| | २५ देखि २९ | ६२८ | २५४ | ३७४ |
| | ३० देखि ३४ | ६१३ | २२७ | ३८६ |
| | ३५ देखि ३९ | ५५७ | २१५ | ३४२ |
| | ४० देखि ४४ | ५०० | २०४ | २९६ |
| | ४५ देखि ४९ | ३४४ | १५८ | १८६ |
| | ५० देखि ५४ | ३५३ | १३१ | २२२ |
| | ५५ देखि ५९ | ३०४ | १३९ | १६५ |
| | ६० देखि ६४ | २६३ | १२४ | १३९ |
| | ६५ देखि ६९ | १९१ | ९५ | ९६ |
| | ७० देखि ७४ | १८५ | ८३ | १०२ |
| | ७५ देखि ९९ | ९४ | ४१ | ५३ |
| | ८० देखि ८४ | ४२ | २० | २२ |
| | ८५ देखि ८९ | २२ | ६ | १६ |
| | ९० देखि ९४ | १४ | ८ | ६ |
| | ९५ भन्दा माथि | ६ | १ | ५ |
| | जम्मा | ७५६८ | ३४४६ | ४१२२ |

(स्रोतः राष्ट्रिय जनगणना २०७८)

**जनसाङ्ख्यिकी तालिका न. २ (२०८१ सालको उमेरगत विवरणको प्रक्षेपण)**

| उमेर | जम्मा | पुरुष | महिला |
|---|---|---|---|
| ० वर्ष | ६६८ | ३५५ | ३१३ |
| १ वर्ष | ६९४ | ३८४ | ३१० |
| २ वर्ष | ७७५ | ३९५ | ३८० |
| ३ वर्ष | ७६३ | ४१५ | ३४८ |
| ४ वर्ष | ७१३ | ३७५ | ३३८ |
| ५ वर्ष | ७५३ | ३७९ | ३७४ |
| ६ वर्ष | ८८३ | ४४८ | ४३५ |
| ७ वर्ष | ९१९ | ५०७ | ४१२ |
| ८ वर्ष | ९७४ | ५३८ | ४३६ |
| ९ वर्ष | ८९१ | ४६९ | ४२२ |
| १० वर्ष | ९७८ | ५२७ | ४५१ |
| ११ वर्ष | ८३८ | ४४६ | ३९२ |
| १२ वर्ष | १,०५६ | ५२५ | ५३१ |

| उमेर | जम्मा | पुरुष | महिला |
|---|---|---|---|
| १३ वर्ष | ९१६ | ४६८ | ४४८ |
| १४ वर्ष | ९०२ | ४७६ | ४२७ |
| १५ वर्ष | ९४६ | ४७९ | ४६७ |
| १६ वर्ष | १,००१ | ४७९ | ५२२ |
| १७ वर्ष | ९११ | ४८१ | ४३० |
| १८ वर्ष | १,०२४ | ५०८ | ५१६ |
| १९ वर्ष | ८८९ | ४३० | ४५९ |
| २० वर्ष | १,०३६ | ४४६ | ५९० |
| २१ वर्ष | ८९१ | ३९४ | ४९७ |
| २२ वर्ष | ८८८ | ३५७ | ५३१ |
| २३ वर्ष | ७६२ | ३३२ | ४३० |
| २४ वर्ष | ८२९ | ३२१ | ५०८ |
| २५ वर्ष | ९०१ | ३४२ | ५५९ |
| २६ वर्ष | ७४७ | २५७ | ४९० |
| २७ वर्ष | ६६८ | २५१ | ४१७ |
| २८ वर्ष | ९०८ | ३४४ | ५६४ |
| २९ वर्ष | ७०७ | २७९ | ४२९ |
| ३० वर्ष | ८१५ | ३१२ | ५०३ |
| ३१ वर्ष | ६९८ | २८७ | ४१० |
| ३२ वर्ष | ७०० | २९१ | ४०९ |
| ३३ वर्ष | ७९८ | २९९ | ४९८ |
| ३४ वर्ष | ७१६ | २५८ | ४५८ |
| ३५ वर्ष | ७०४ | २८२ | ४२२ |
| ३६ वर्ष | ७०० | २८० | ४२० |
| ३७ वर्ष | ५९९ | २५१ | ३४७ |
| ३८ वर्ष | ७३७ | २७६ | ४६० |
| ३९ वर्ष | ६५८ | २८० | ३७९ |
| ४० वर्ष | ७७२ | २९६ | ४७६ |
| ४१ वर्ष | ५३९ | २४४ | २९५ |
| ४२ वर्ष | ६६९ | २९३ | ३७७ |
| ४३ वर्ष | ५३१ | २१५ | ३१६ |
| ४४ वर्ष | ४७२ | १९२ | २८१ |
| ४५ वर्ष | ४७० | २२३ | २४७ |
| ४६ वर्ष | ४९८ | २१२ | २८६ |

| उमेर | जम्मा | पुरुष | महिला |
|---|---|---|---|
| ४७ वर्ष | ३६३ | १६२ | २०१ |
| ४८ वर्ष | ४१७ | १६१ | २५६ |
| ४९ वर्ष | ३६९ | १६५ | २०४ |
| ५० वर्ष | ५४५ | २२३ | ३२२ |
| ५१ वर्ष | ४१२ | १९७ | २१५ |
| ५२ वर्ष | ४०६ | १७२ | २३४ |
| ५३ वर्ष | ३८७ | १६७ | २२१ |
| ५४ वर्ष | ३९२ | १६३ | २२९ |
| ५५ वर्ष | ३५० | १४९ | २०१ |
| ५६ वर्ष | ३४६ | १४४ | २०२ |
| ५७ वर्ष | ३०४ | १४९ | १५५ |
| ५८ वर्ष | ३९६ | १७३ | २२३ |
| ५९ वर्ष | ३१५ | १४८ | १६७ |
| ६० वर्ष | ४३० | १८९ | २४१ |
| ६१ वर्ष | २९७ | १५१ | १४६ |
| ६२ वर्ष | ३२३ | १६३ | १६० |
| ६३ वर्ष | २६६ | १४१ | १२४ |
| ६४ वर्ष | २९६ | १३८ | १५८ |
| ६५ वर्ष | २९३ | १३२ | १६१ |
| ६६ वर्ष | २९५ | १४४ | १५१ |
| ६७ वर्ष | २५१ | १०८ | १४४ |
| ६८ वर्ष | २४८ | १०७ | १४१ |
| ६९ वर्ष | २०८ | १०१ | १०७ |
| ७० वर्ष | २२० | १११ | १०९ |
| ७१ वर्ष | १७६ | ८३ | ९४ |
| ७२ वर्ष | १८३ | ९३ | ९० |
| ७३ वर्ष | १५९ | ७३ | ८६ |
| ७४ वर्ष | १५६ | ७२ | ८४ |
| ७५ वर्ष | १३७ | ६४ | ७३ |
| ७६ वर्ष | १२६ | ६३ | ६३ |
| ७७ वर्ष | १३१ | ६२ | ६९ |
| ७८ वर्ष | ९० | ३९ | ५१ |
| ७९ वर्ष | ६१ | ३२ | २९ |
| ८० वर्ष | ७४ | ३३ | ४१ |

| उमेर | जम्मा | पुरुष | महिला |
|---|---|---|---|
| ८१ वर्ष | ६० | ३२ | २८ |
| ८२ वर्ष | ४६ | २६ | २० |
| ८३ वर्ष | ३६ | १५ | २१ |
| ८४ वर्ष | ५९ | २८ | ३० |
| ८५ वर्ष | ३७ | १४ | २३ |
| ८६ वर्ष | १९ | १३ | ५ |
| ८७ वर्ष | १७ | ७ | ११ |
| ८८ वर्ष | २० | ९ | ११ |
| ८९ वर्ष | १९ | ११ | ८ |
| ९० वर्ष | १६ | ७ | १० |
| ९१ वर्ष | ९ | ५ | ३ |
| ९२ वर्ष | १४ | ५ | ९ |
| ९३ वर्ष | ८ | ३ | ४ |
| ९४ वर्ष | १० | ९ | १ |
| ९५ वर्ष | ४ | २ | २ |
| ९६ वर्ष | ३ | १ | २ |
| ९७ वर्ष | १ | - | १ |
| ९८ वर्ष | ५ | २ | ३ |
| ९९ वर्ष | ५ | १ | ४ |
| १०० वर्ष+ | ८ | १ | ७ |
| **जम्मा** | **४६,२८२** | **२१,१२१** | **२५,१६१** |

**श्रोत: Calibration Tools २०८१**

**अपाङ्गताअनुसार जनसङ्ख्या**

| क्षेत्र | जम्मा सङ्ख्या |
|---|---|
| जम्मा | ९४७ |
| शारीरिक अपाङ्गता | ३५९ |
| न्यून दृष्टियुक्त | १४३ |
| दृष्टिविहीन | ३५ |
| बहिरोपन | ५४ |
| मनोसामाजिक अपाङ्गता | ८५ |
| न्यून श्रवणशक्ति | २१ |
| बहिरोपन एवं दृष्टिविहीन | ६६ |
| मानसिक वा मनोसामाजिक | ७१ |
| बौद्धिक अपाङ्गता | १९ |

| क्षेत्र | जम्मा सङ्ख्या |
|---|---|
| अनुवंशीय रक्तश्राव हेमोफेलिया | ४ |
| अटिज्म | ४ |
| बहुअपाङ्गता | ८१ |

स्रोतः जनगणना २०७८

गाउँपालिकाको कूल जनसङ्ख्या ४२,५२८ रहेको छ। जसमध्ये महिला (५४.४%) र पुरूष (४५.६%) रहेका छन्। यसबाट महिलाको जनसङ्ख्या पुरुषको तुलनामा ८.८ प्रतिशत धेरै रहेको छ। त्यसै गरी सबै भन्दा बढी जनसङ्ख्याको उमेर समूह १५ देखि १९ वर्ष रहेको छ। यो समूहले कूल जनसङ्ख्याको प्रतिशत १०.३१ प्रतिशत प्रतिनिधित्व गरेको छ। दोस्रो र तेस्रो ठुलो क्रमशः २० देखि २४ र ११ देखि १४ वर्ष उमेर समूहमा रहेको छ। यो समूहको प्रतिनिधित्व क्रमशः ९.५२ र ९.४७ प्रतिशत छ। सबैभन्दा कम जनसङ्ख्या हुने उमेर समूह ९५ वर्ष माथिको हो। यिनीहरू ०.०६ प्रतिशत रहेका छन्।

## ग. सामाजिक तथा सांस्कृतिक अवस्थाको विश्लेषण

### १. जातजातिगत रूपमा जनसङ्ख्या विवरण

यस गाउँपालिकामा पहाडी मूलका ब्राम्हण, क्षेत्री, मगर, गुरुङ, दलित समुदायका साथै रैथाने थारु, यादव, मुसलमानलगायतका विभिन्न जातजाति तथा धर्मावलम्बीहरूको बसोबास रहेको छ। तथ्याङ्कगत रूपमा तल उल्लेख गरिएको छ।

**तालिका न. १ जातको आधारमा जनसङ्ख्या विवरण**

| क्र.स. | जातजातिको विवरण | जम्मा जनसङ्ख्या | पुरुष | महिला | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | क्षेत्री | ५१०९ | २२८८ | २८२१ | १२.०१ |
| २ | ब्राह्मण | ७६९७ | ३४९५ | ४२०२ | १८.०९ |
| ३ | सन्यासी/दशनामी | ३४७ | १४४ | २०३ | ०.८१ |
| ४ | मगर | १२५८२ | ५६३० | ६९५२ | २९.५८ |
| ५ | थारु | ४६५४ | २२६२ | २३९२ | १०.९४ |
| ६ | तामाङ | ९२ | ३९ | ५३ | ०.२१ |
| ७ | नेवार | ३०७ | १४४ | १६३ | ०.७२ |
| ८ | विश्वकर्मा | ५०७८ | २२४३ | २८३५ | ११.९३ |
| ९ | मुसलमान | १९२ | ८८ | १०४ | ०.४५ |
| १० | मुसहर | १७० | ८१ | ८९ | ०.३९ |
| ११ | यादव | ४२६ | २२० | २०६ | १.०० |
| १२ | राई | ४९ | २१ | २८ | ०.११ |
| १३ | थकाली | ५७ | ३१ | २६ | ०.१३ |
| १४ | गुरुङ | ४९८ | २३२ | २६६ | १.१७ |
| १५ | तेली | ५७ | ३१ | २६ | ०.६८ |

| क्र.स. | जातजातिको विवरण | जम्मा जनसङ्ख्या | पुरुष | महिला | प्रतिशत |
|---|---|---|---|---|---|
| १६ | मिजार | ५२८ | २२२ | ३०६ | १.२४ |
| १७ | ठकुरी | २३८ | १०३ | १३५ | ०.५५ |
| १८ | परियार | १२७२ | ५७५ | ६९७ | २.९९ |
| १९ | घर्ती | ६१ | २७ | ३४ | ०.१४ |
| २० | राजपुत | ७२ | ३६ | ३६ | ०.१६ |
| २१ | कहार | ८० | ३९ | ४१ | ०.१८ |
| २२ | कलवार | ३२ | १६ | १६ | ०.६ |
| २३ | केवट | ३३८ | १५४ | १८४ | ०.७९ |
| २४ | चमार  हरिजन | ८३ | ४५ | ३८ | ०.१९ |
| २५ | कुमाल | १५१ | ७१ | ८० | ०.३५ |
| २६ | सुनार | ७१ | ३० | ४१ | ०.६ |
| २७ | सुनुवार | २५ | ९ | १६ | ०.०५ |
| २८ | पासी/पासवान/दुसाध | ७५ | ३४ | ४१ | ०.१७ |
| २९ | तराइ  ब्राह्मण | १६१ | ७५ | ८६ | ०.३७ |
| ३० | मल्लाहा | ३८५ | २०४ | १८१ | ०.९० |
| ३१ | हजाम/ठाकुर | १११ | ५५ | ५६ | ०.२६ |
| ३२ | लोहार | १३८ | ७० | ६८ | ०.३२ |
| ३३ | धोबी | ४५ | १८ | २७ | ०.१० |
| ३४ | माझी | १० | ४ | ६ | ०.०२ |
| ३५ | लोध | ९२० | ४६३ | ४५७ | २.१६ |
| ३६ | कोइरी | ८४ | ५१ | २३ | ०.१९ |
| ३७ | बरइ | २४ | १३ | ११ | ०.०५ |
| ३८ | माली | १२ | ६ | ६ | ०.०२ |
| ३९ | बनिया | २० | १० | १० | ०.०४ |
| ४० | गाइने | १०६ | ४६ | ६० | ०.२४ |
| ४१ | राजभर | ११ | ६ | ५ | ०.०२ |
| ४२ | छन्त्याल | ४२ | १९ | २३ | ०.०९ |
| ४३ | याक्थुङ  (Yakthung) | १० | ४ | ६ | ०.०२ |
| ४४ | अन्य | ८४ | ४३ | ४१ | ०.१९ |
| ४५ | नखुलेका  (Foreigner) | २४ | ११ | २३ | ०.०५ |
| जम्मा | | ४२५२८ | १९४०८ | २३१२० | १०० |

२. धर्मगत रूपमा जनसङ्ख्या विवरण (प्रतिशतमा)

| क्षेत्र | कूल | पुरुष | महिला |
|---|---|---|---|
| हिन्दु | ९०.३ | ९०.३ | ९०.३ |

| क्षेत्र | कूल | पुरुष | महिला |
|---|---|---|---|
| बौद्ध | ७.५ | ७.६ | ७.५ |
| इस्लाम | ०.५ | ०.५ | ०.५ |
| क्रिश्चियन | १.५ | १.४ | १.५ |
| प्रकृति | ०.१ | ०.१ | ०.१ |
| बोन | ०.१ | ०.०५ | ०.१ |

### ३. मातृभाषाका आधारमा जनसङ्ख्या

| क्र.स. | विवरण | पुरूष | महिला | जम्मा जनसङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | नेपाली | १४०७५ | १७३५८ | ३१४३३ | ७३.१९ |
| २ | थारु | २३०८ | २४४३ | ४७५१ | ११.१७ |
| ३ | मगर दुत | १२७७ | १५५६ | २८३३ | ६.६६ |
| ४ | भोजपुरी | १४७८ | १४७१ | २९४९ | ६.९३ |
| ५ | अवधी | ७८ | ८५ | १६३ | ०.३८ |
| ५ | नेपाल भाषा (नेवारी) | २२ | १९ | ४१ | ०.०४ |
| ७ | उर्दु | ६ | ७ | १३ | ०.०३ |
| ८ | तामाङ | ११ | १३ | २४ | ०.०५ |
| ९ | गुरुङ्ग | १११ | १२२ | २३३ | ०.५४ |
| १० | मगर खाम | १८ | १८ | ३६ | ०.०८ |
| ११ | हिन्दी | १२ | ११ | २३ | ०.०५ |
| १२ | अन्य | १२ | १७ | २९ | ०.०६ |
| जम्मा | | १९४०८ | २३१२० | ४२५२८ | १०० |

### ४. दोस्रो भाषाका आधारमा जनसङ्ख्या

| क्र.स. | विवरण | पुरुष | महिला | जम्मा जनसङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | दोस्रो भाषा नबोल्ने | १४१०४ | १७४८३ | ३१५८७ | ७४.२७ |
| २ | नेपाली | ४९४९ | ५२७२ | १०२२१ | २४.०३ |
| ३ | मैथिली | ४ | ८ | १२ | ०.०२ |
| ४ | भोजपुरी | ३५ | ३९ | ७४ | ०.१७ |
| ५ | थारु | ८६ | १०२ | १८८ | ०.४४ |
| ६ | मगर दूत | ७१ | ८६ | १५७ | ०.३६ |
| ७ | उर्दु | १२ | १४ | २६ | ०.०६ |
| ८ | अवधी | १० | ६ | १६ | ०.०३ |
| ९ | गुरुङ | ४ | ९ | १३ | ०.०३ |
| १० | हिन्दी | ९३ | ६१ | १५४ | ०.३६ |

| क्र.स. | विवरण | पुरुष | महिला | जम्मा जनसङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| ११ | मगर खाम | ११ | १३ | २४ | ०.०५ |
| १२ | अंग्रेजी | १० | १० | २० | ०.०४ |
| १३ | अन्य | १९ | १७ | ३६ | ०.०८ |
| | जम्मा | १९४०८ | २३१२० | ४२५२८ | १०० |

**श्रोतः राष्ट्रिय जनगणना २०७८**

## घ. आर्थिक अवस्थाको विश्लेषण: मुख्य व्यवसाय, पेसा, व्यापार, रोजागरीका क्षेत्र

समथर तथा उब्जाउ भूमि भए तापनि सिञ्चित क्षेत्र कम भएकाले पर्याप्त उत्पादन गरेर कृषकहरूले मनग्य फाइदा लिन सकेको अवस्था छैन तर पनि ७०.३ प्रतिशत मानिस कृषि, वन, पशुपालन र माछापालन पेसामा नै निर्भर रहेका छन्। कृषि, वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषण, स्वदेशमा रोजगारी, वन पैदावार जन्य उद्योग आदि यहाँका मुख्य क्रियाकलाप हुन्।

## ङ. शैक्षिक अवस्थाको विश्लेषण

यस गाउँपालिकाको साक्षरताको अवस्था राष्ट्रिय जनगणना,२०७८ को तथ्याकअनुसार, ८३.०% जनसङ्ख्या साक्षर रहेको छ। कूल साक्षर जनसङ्ख्या मध्ये ८९.८% पुरुष र ७७.६% महिला रहेको साक्षर रहेको देखिन्छ। कूल जनसङ्ख्याको १७.०% लेख्न पढ्न नसक्ने निरक्षर रहेका छन्।

शैक्षिक अवस्थाअन्तर्गत विभिन्न पक्षहरूको हालको अवस्थालाई विश्लेषण गरिएको छ। यसमा मूलतः शैक्षिक सूचकहरूलाई प्राथमिकता दिई विद्यमान अवस्थाको समीक्षा गरिएको छ। यसअन्तर्गतका विभिन्न सूचकहरूको अवस्थालाई देहायबमोजिम प्रस्तुत गरिएको छ

### क. शैक्षिक संस्थाहरूको विवरण

| प्रकार | सामुदायिक तर्फ | संस्थागत तर्फ | कूल |
|---|---|---|---|
| प्रारम्भिक बालविकास र शिक्षा | १९ | ११ | ३० |
| आधारभूत विद्यालय | ९ | ४ | १३ |
| माध्यमिक विद्यालय | १० | ७ | १७ |

**श्रोतः IEMIS २०८१**

गाउँपालिकामा १९ सामुदायिक तथा ११ संस्थागत गरी कूल ३० विद्यालयहरू सञ्चालनमा रहेका छन्। प्रारम्भिक बालविकास र शिक्षाका ३० केन्द्र सञ्चालनमा रहेका छन्। त्यसैगरी आधारभूत तहमा ९ सामुदायिक तथा ४ संस्थागत गरी १३ विद्यालय रहेका छन्। माध्यमिकतर्फ १० सामुदायिक तथा ७ संस्थागत विद्यालयमा गरी १७ विद्यालय रहेका छन्।

### ख. विद्यालयमा अध्ययनरत विद्यार्थीको विवरण (सामुदायिक र संस्थागत)

| कक्षा | छात्रा | छात्र | जम्मा | % |
|---|---|---|---|---|
| प्रारम्भिक बालविकास | ९७० | १२७४ | २२४४ | १७ |

| कक्षा | छात्रा | छात्र | जम्मा | % |
|---|---|---|---|---|
| कक्षा १-५ | २३५६ | २७२७ | ५०८३ | ३७ |
| कक्षा ६-८ | १५८१ | १७९३ | ३३७४ | २५ |
| कक्षा ९-१० | ८०९ | ९५८ | १७६७ | १३ |
| कक्षा ११-१२ | ५९३ | ५१७ | १११० | ८ |
| जम्मा | ६३०९ | ७२६९ | १३५७८ | १०० |

*(स्रोतः IEMIS २०८१)*

**७. तह अनुसार विद्यालय गइरहेका बालबालिकाहरूको सङ्ख्या २०८१**

| | बालविकास केन्द्र | कक्षा १-५ | कक्षा ६-८ | कक्षा ९-१० | कक्षा ११-१२ |
|---|---|---|---|---|---|
| सामुदायिक | ७६४ | २४९२ | २३४७ | १२९४ | १००७ |
| संस्थागत | १४८० | २५९१ | १०२७ | ४७३ | १०३ |
| जम्मा | २२४४ | ५०८३ | ३३७४ | १७६७ | १११० |
| कूल जम्मा | १३५७८ | | | | |

*(स्रोतः IEMIS २०८१)*

गाउँपालिकामा कूल १३५७८ विद्यार्थी अध्ययन गरिरहेका छन्। सबैभन्दा कम विद्यार्थी कक्षा ११-१२ मा रहेका छन्। प्रतिशतका हिसाबले यो ८ हुन आउँछ। सबैभन्दा बढी बालबालिका तह १-५ मा ३७ प्रतिशत रहेको छ। यसमा कूल ५०८३ जना अर्थात् ३८ प्रतिशत विद्यार्थी अध्ययनरत छन्।

**जातिगत र तहगत विद्यार्थी सङ्ख्या विवरणःशैक्षिक सत्रः-२०८१**
**(सामुदायिक विद्यालय र संस्थागत)**

| | बालविकास केन्द्र | | | कक्षा १-५ | | | कक्षा ६-८ | | | कक्षा ९-१० | | | कक्षा ११-१२ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| **दलित** | २०३ | २४८ | ४५१ | ५४१ | ५८९ | ११३० | ४४२ | ३७१ | ८१३ | १६५ | १६७ | ३३२ | ११० | ९८ | २०८ |
| **जनजाति** | ३६० | ५२३ | ८८३ | ९८७ | ११५१ | २१३८ | ६७७ | ७३६ | १४१३ | ३४९ | ३८७ | ७३६ | २७६ | २२१ | ४९७ |
| **अन्य** | ४०७ | ७५१ | १३६१ | १३६९ | १५७६ | २९४५ | ९०४ | १०५७ | १९६१ | ४६० | ५७१ | १०३१ | २४९ | २३० | ४७९ |
| **जम्मा** | ९७० | १२७४ | २२४४ | २३५६ | २७२७ | ५०८३ | १५८१ | १७९३ | ३३७४ | ८०९ | ९५८ | १७६७ | ५२५ | ४५१ | ९७६ |
| **अपागंता** | १४ | १ | ३० | १० | १० | २० | ९ | ५ | १४ | १ | ४ | ५ | ४ | २ | ६ |

*स्रोतः IEMIS २०८१*

माथिको तालिकाअनुसार विश्लेषण गर्दा २०८१ मा सामुदायिक र संस्थागत विद्यालयतर्फ बालविकासमा दलित बालबालिका ४५१, कक्षा (१- ५) ११३०, कक्षा (६- ८) मा ८१३ कक्षा ( ९-१०) ३३२ र (११-१२)२०८ गरी बालविकासदेखि कक्षा १२ सम्म कूल दलित विद्यार्थी सङ्ख्या जम्मा २९१४ अध्ययन गरिरहेका छन्। त्यसैगरी जनजाति विद्यार्थी सामुदायिक र संस्थागत विद्यालयतर्फ बालविकासमा सङ्ख्या ८८३ कक्षा (१- ५) २१२३, कक्षा (६- ८) मा १४१३ कक्षा ( ९-१०) ७३६ र (११-१२)९९७ मा गरी बालविकासदेखि कक्षा १२ सम्म कूल

जनजाति विद्यार्थी सङ्ख्या जम्मा ५६६७ जना अध्ययन गरिरहेका छन् । माथिको तालिकामा रहेको विद्यार्थी सख्या विश्लेषण गर्दा प्रारम्भिक स्तरमा संस्थागत विद्यालयमा विद्यार्थी सङ्ख्या बढी भर्ना भएको देखिन्छ भने आधारभूत र माध्यमिक तहमा सामुदायिक विद्यालयमा आकर्षण रहेको देखिन्छ ।

## ख. शिक्षक विवरण

**(सामुदायिक विद्यालय र संस्थागत)**

| | महिला | | | पुरुष | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | सामुदायिक | संस्थागत | जम्मा | सामुदायिक | संस्थागत | जम्मा | |
| प्रारम्भिक बालविकास | २७ | १४ | ४१ | ० | ० | ० | ४१ |
| जम्मा | २७ | १४ | ४१ | ० | ० | ० | ४१ |
| कक्षा १-५ | ९८ | २४ | १२२ | ६४ | १५ | ७९ | २०१ |
| कक्षा ६-८ | २१ | १४ | ३५ | ३९ | २० | ५९ | ९४ |
| कक्षा ९-१० | १५ | ७ | २२ | ३२ | १४ | ४६ | ६८ |
| कक्षा ११-१२ | ५ | ० | ५ | १२ | ३ | १५ | २० |
| जम्मा | १३९ | ४५ | १८४ | १४७ | ५२ | १९९ | ३८३ |
| % | ४८.०४ | | | ५१.९६ | | | १०० |

**श्रोतः IEMIS २०८१**

गाउँपालिकामा कूल ३८३ जना शिक्षक कार्यरत रहेका छन् । जसमध्ये कूल १८४ जना महिला रहेका छन् । यो कूल शिक्षकको ४८.०४ प्रतिशत हुन आउँछ । त्यसै गरी कूल पुरुष शिक्षकको सङ्ख्या १९९ (५१.९६ %) रहेको छ । तहगत रूपमा हेर्दा सबैभन्दा बढी शिक्षक प्राथमिक तहका रहेका छन् । यसमा २०१ अर्थात् ५२.४८ प्रतिशत शिक्षक कार्यरत रहेका छन् । सबैभन्दा कम शिक्षक माध्यमिक तह कक्षा ११-१२ मा रहेका छन् । यो तहमा जम्मा २० जना शिक्षकहरू रहेका छन् ।

## घ. वडागत विद्यालय विवरण

| वडा | तह/ विद्यालय | सामुदायिक | संस्थागत |
|---|---|---|---|
| वडा नं. १ | श्री जनज्योति माध्यमिक विद्यालय (प्रारम्भिक बालविकास – कक्षा १०) | १ | |
| | श्री प्रगति माध्यमिक विद्यालय (प्रारम्भिक बालविकास – कक्षा १२) | १ | |
| | श्री दुर्गा माध्यमिक विद्यालय (प्रारम्भिक बालविकास – कक्षा १०) | १ | |
| | श्री बुद्धभूमि आधारभूत विद्यालय (प्रारम्भिक बालविकास - कक्षा ८) | १ | |
| | अक्सफोर्ड मोडर्न इङ्लिस स्कुल (प्रारम्भिक बालविकास - कक्षा १०) | | १ |
| | न्यु त्रिभुवन इङ्लिस बोर्डिङ स्कुल (प्रारम्भिक बालविकास - कक्षा ८) | | १ |
| | **जम्मा** | **४** | **२** |
| वडा नं. २ | श्री गजेडी माध्यमिक विद्यालय (प्रारम्भिक बालविकास - कक्षा १२) | १ | |
| | श्री गौतम बुद्ध आधारभूत विद्यालय (प्रारम्भिक बालविकास - कक्षा ८) | १ | |
| | लिटिल रोज इङ्लिस बोर्डिङ स्कुल (प्रारम्भिक बालविकास - कक्षा १०) | | १ |

| वडा | तह/ विद्यालय | सामुदायिक | संस्थागत |
|---|---|---|---|
| | **जम्मा** | २ | १ |
| वडा नं. ३ | श्री मलावरदेवी माध्यमिक विद्यालय (प्रारम्भिक बालविकास - कक्षा १०) | १ | |
| | श्री हरैया माध्यमिक विद्यालय (प्रारम्भिक बालविकास - कक्षा १२) | १ | |
| | श्री शिशुसदन आधारभूत विद्यालय (प्रारम्भिक बालविकास - कक्षा ८) | १ | |
| | श्री ज्ञानज्योति आधारभूत विद्यालय (प्रारम्भिक बालविकास - कक्षा ८) | १ | |
| | एभरग्रिन इङ्लिस स्कुल (प्रारम्भिक बालविकास - कक्षा १०) | | १ |
| | नवोदित युनिभर्सल इङ्लिस बोर्डिङ स्कुल (प्रारम्भिक बालविकास - कक्षा ५) | | १ |
| | मोर्डन भिजन इङ्लिस स्कुल (प्रारम्भिक बालविकास - कक्षा १०) | | १ |
| | जनचाहना झारगैरा इङ्लिस स्कुल (प्रारम्भिक बालविकास - कक्षा ५) | | १ |
| | **जम्मा** | ४ | ४ |
| वडा नं. ४ | श्री रुद्रपुर माध्यमिक विद्यालय (प्रारम्भिक बालविकास - कक्षा १२) | १ | |
| | श्री बालकल्याण आधारभूत विद्यालय (प्रारम्भिक बालविकास - कक्षा ८) | १ | |
| | श्री हिमालय आधारभूत विद्यालय (प्रारम्भिक बालविकास - कक्षा ८) | १ | |
| | श्री शिवशक्ति आधारभूत विद्यालय (प्रारम्भिक बालविकास - कक्षा ६) | १ | |
| | रुद्रपुर पिसल्याण्ड भू.पू. सैनिक इङ्लिस बोर्डिङ स्कुल (प्रारम्भिक बालविकास - कक्षा १०) | | १ |
| | क्रियटिभ लुम्बिनी इङ्लिस स्कुल (प्रारम्भिक बालविकास - कक्षा १०) | | १ |
| | **जम्मा** | ४ | २ |
| वडा नं. ५ | श्री भैसाही माध्यमिक विद्यालय (प्रारम्भिक बालविकास - कक्षा १०) | १ | |
| | श्री लुम्विनी ज्ञान निकेतन माध्यमिक विद्यालय (प्रारम्भिक बालविकास - कक्षा १२) | १ | |
| | श्री सरस्वती माध्यमिक विद्यालय (प्रारम्भिक बालविकास - कक्षा १०) | १ | |
| | श्री ज्ञानोदय आधारभूत विद्यालय (प्रारम्भिक बालविकास - कक्षा ८) | १ | |
| | श्री शान्तिभूमि आधारभूत विद्यालय (प्रारम्भिक बालविकास - कक्षा ८) | १ | |
| | बुद्धदीप इङ्लिस बोर्डिङ स्कुल (प्रारम्भिक बालविकास - कक्षा १२) | | १ |
| | सन मोडल इङ्लिस बोर्डिङ स्कुल (प्रारम्भिक बालविकास - कक्षा १०) | | १ |
| | **जम्मा** | ५ | २ |
| | **कूल जम्मा** | १९ | ११ |

**श्रोत: IEMIS २०८१**

गाउँपालिकामा कूल ३० विद्यालय सञ्चालनमा रहेका छन्। प्रारम्भिक बालविकास र शिक्षाका केन्द्र कूल ३३ रहेका छन्। आधारभूत तह कक्षा १-५ सञ्चालन हुने विद्यालय २ रहेका छन्। त्यसै गरी आधारभूत तह कक्षा १-८ सञ्चालन हुने विद्यालय ११ रहेका छन्। कक्षा १-१० सञ्चालन हुने माध्यमिक विद्यालय ११ रहेका छन्। कक्षा १-१२ सञ्चालन हुने माध्यमिक विद्यालय ६ रहेका छन्। सबैभन्दा बढी विद्यालय भएको वडा ३ रहेको छ। यस वडामा ८ विद्यालय छन्।

## ङ. साक्षरता

| उमेर समूह | जम्मा जनसङ्ख्या | क्षेत्रगत जनसङ्ख्या | | | नखुलेको |
|---|---|---|---|---|---|
| | | पढ्न र लेख्न सक्ने | पढ्न मात्र सक्ने | पढ्न र लेख्न नसक्ने | |
| जम्मा | ३९०८८ | ३२४६२ | ४२९ | ६१८४ | १३ |
| ५ वर्ष | ७२३ | ६८३ | ४ | ३१ | ५ |
| ६ वर्ष | ७४५ | ७२५ | ३ | १३ | ४ |
| ७ वर्ष | ७७६ | ७६७ | १ | ७ | १ |
| ८ वर्ष | ८२२ | ८१७ | २ | ३ | ० |
| ९ वर्ष | ७५२ | ७४५ | २ | ५ | ० |
| १० वर्ष | ८२६ | ८२२ | ० | ४ | ० |
| ११ वर्ष | ७०८ | ७०५ | ० | ३ | ० |
| १२ वर्ष | ८९१ | ८८९ | ० | २ | ० |
| १३ वर्ष | ७७३ | ७६७ | ० | ६ | ० |
| १४ वर्ष | ८२९ | ८२५ | ० | ४ | ० |
| १५ वर्ष | ८६९ | ८६५ | ० | ४ | ० |
| १६-१९ वर्ष | ३५१५ | ३४८१ | २ | ३१ | १ |
| २०-२४ वर्ष | ४०४९ | ३९५६ | ४ | ८९ | ० |
| २५-२९ वर्ष | ३६१२ | ३४३७ | ७ | १६८ | ० |
| ३०-३४ वर्ष | ३४२४ | ३१२६ | २३ | २७४ | १ |
| ३५-३९ वर्ष | ३१२२ | २६८१ | ४२ | ३९९ | ० |
| ४० - ४४ वर्ष | २७४१ | २२०८ | ३९ | ४९४ | ० |
| ३५-३९ वर्ष | १९४६ | १४२४ | ४२ | ४८० | ० |
| ५० - ५४ वर्ष | १९६९ | ११९३ | ६७ | ७०९ | ० |
| ५५-५९ वर्ष | १५७२ | ७८५ | ७५ | ७१२ | ० |
| ६० - ६४ वर्ष | १४८१ | ६७२ | ५३ | ७५६ | ० |
| ६५-६९ वर्ष | ११९० | ४२८ | ३६ | ७२५ | १ |
| ७० - ७४ वर्ष | ८२१ | २४५ | ११ | ५६५ | ० |
| ७५ वर्ष + | ९३२ | २१६ | १६ | ७०० | ० |

श्रोत: राष्ट्रिय जनगणना २०७८

| उमेर समूह | जम्मा जनसङ्ख्या | क्षेत्रगत जनसङ्ख्या | | | नखुलेको | साक्षरता दर |
|---|---|---|---|---|---|---|
| | | पढ्न र लेख्न सक्ने | पढ्न मात्र सक्ने | पढ्न र लेख्न नसक्ने | | |
| ५-१४ वर्ष | ७८४५ | ७७४५ | १२ | ७८ | १० | ९८.७% |
| १५-२४ वर्ष | ८४३३ | ८३०२ | ६ | १२४ | १ | ९८.४% |

| उमेर समूह | जम्मा जनसङ्ख्या | क्षेत्रगत जनसङ्ख्या | | | नखुलेको | साक्षरता दर |
|---|---|---|---|---|---|---|
| | | पढ्न र लेख्न सक्ने | पढ्न मात्र सक्ने | पढ्न र लेख्न नसक्ने | | |
| ५ वर्षमाथि | ३९०८८ | ३१७७९ | ४२५ | ६१५३ | ८ | ८१.३% |
| ६ वर्षमाथि | ३८३६५ | ३१०५४ | ४२२ | ६१४० | ४ | ८०.९% |
| **पुरुष** | | | | | | |
| ५-१४ वर्ष | ४११५ | ४०६९ | ६ | ३७ | ३ | ९८.९% |
| १५-२४ वर्ष | ३८८४ | ३८४२ | २ | ४० | ० | ९८.९% |
| ५ वर्षमाथि | १७५८० | १५७८० | ११९ | १६७७ | ४ | ८९.८% |
| ६ वर्षमाथि | १७२१८ | १५४३५ | ११७ | १६६४ | २ | ८९.६% |
| **महिला** | | | | | | |
| ५-१४ वर्ष | ३७३० | ३६७६ | ६ | ४१ | ७ | ९८.६% |
| १५-२४ वर्ष | ४५४९ | ४४६० | ४ | ८४ | १ | ९८.०% |
| ५ वर्षमाथि | २१५०८ | १६६८२ | ३१० | ४५०७ | ६ | ७७.६% |
| ६ वर्षमाथि | २११४७ | १६३४४ | ३०८ | ४४८९ | २ | ७७.३% |

**श्रोतः राष्ट्रिय जनगणना २०७८**

राष्ट्रिय जनगणना २०७८अनुसार गाउँपालिकाको कूल साक्षरता ८३ प्रतिशत रहेको छ । जसमध्ये पुरुष साक्षरता ८९.८ प्रतिशत र महिला साक्षरता ७७.६ प्रतिशत रहेको छ । पुरुषको तुलनामा महिला साक्षरताको अवस्था निकै कमजोर रहेको छ । त्यसै गरी उमेर समूह ५ वर्षभन्दा माथिको साक्षरता प्रतिशतको हकमा पढ्न र लेख्न दुवै जान्नेको प्रतिशत कूल ८३ रहेको छ । पढ्न र लेख्न दुवै नजान्नेको जनसङ्ख्या कूल १५.८ प्रतिशत रहेको छ । जसमा पुरुषको ९.५ प्रतिशत र महिलाको २१ प्रतिशत रहेको छ । समग्रमा महिलाको शैक्षिक अवस्था कमजोर देखिएको छ । यसबाट पनि महिला सशक्तीकरण तथा समुदायमा आधारित साक्षरता सिप विकास कार्यक्रमको औचित्य थप पुष्टि हुन आएको छ ।

## १.२ मुख्य समस्या तथा चुनौतीको SWOT विश्लेषण

**सबल पक्षहरू**

१. स्थानीय तहको संलग्नता र स्वामित्व
२. शिक्षा क्षेत्रको गुणस्तर सुधारमा बजेट र स्रोतको वृद्धि
३. विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक र छात्रवृत्तिको व्यवस्था
४. दलित छात्र छात्राकोलागि छात्रवृत्तिको व्यवस्था
५. प्राविधिक शिक्षा र व्यावसायिक तालिमको प्रवर्द्धन
६. अभिभावक र समुदायको संलग्नता
७. बालविवाह र बालश्रम विरुद्ध अभियान
८. विद्यार्थीको नियमित उपस्थितिका लागि प्रोत्साहन कार्यक्रमहरू
९. प्राविधिक र डिजिटल शिक्षामा वृद्धि
१०. शिक्षकहरूको क्षमता विकास

**(क) मुख्य समस्या तथा चुनौती**

१. सही तथ्याङ्क अद्यावधिक नहुनु,

२. सबै बालबालिकाहरू प्रारम्भिक बालविकास शिक्षामा भर्ना नहुनु,

३. सामुदायिक विद्यालयमा प्रारम्भिक बालविकास र शिक्षाका कक्षाहरू सञ्चालनको अवस्था राम्रो हुन नसक्नु,

४. सामुदायिक विद्यालयमा समावेशी तथा गुणस्तरीयताको पक्ष कमजोर हुनु,

५. दक्ष तथा योग्य शिक्षकको व्यवस्थापन नहुनु,

६. प्रारम्भिक बालविकासका शिक्षकको पारिश्रमिक न्यून हुनु,

७. पर्याप्त मात्रामा शैक्षिक सामग्रीहरूको व्यवस्थापन नहुनु,

८. सामुदायिक विद्यालयमा अपाङ्ग मैत्री नहुनु,

९. उमेर समूहअनुसार शौचालय तथा खानेपानीको प्रबन्ध नहुनु,

१०. सामुदायिक विद्यालयमा अभिभावकको चासो कम हुनु,

११. बालबालिकाको नियमित स्वास्थ्य परीक्षणसम्बन्धी व्यवस्था नहुनु,

१२. प्राथमिक उपचारसम्बन्धी किटको व्यवस्था तथा त्यसको प्रयोग भएको अवस्था नहुनु,

१३. अनिवार्य र निःशुल्क आधारभूत शिक्षाको सुनिश्चितता नहुनु,

१४. माथिल्ला कक्षाहरूमा विद्यालय छाड्ने दर उच्च हुनु,

१५. विद्यालयमा शैक्षिक व्यवस्थापनको पक्ष कमजोर हुनु ।

१६. विद्यालयमा आधारित शिक्षक सहयोग पद्दति विकास नहुनु

१७. प्राविधिक शिक्षामा सबैको पहुँच सर्वसुलभ नहुनु,

१८. विद्यार्थी सङ्ख्या तथा विषयगत आधारमा शिक्षक व्यवस्थापन नहुनु,

१९. शिक्षक, व्यवस्थापक तथा कर्मचारीमा आवश्यक क्षमता विकास नहुनु,

२०. विद्यालय तथा समुदायमा विपद् व्यवस्थापनसम्बन्धी तालिम प्राप्त जनशक्तिको अभाव हुनु,

२१. गाउँपालिकाको संस्थागत सक्षमता विकास योजना तयार भई कार्यान्वयनमा नआउनु,

**ग) अवसरहरु**

१. संविधान,ऐन कानुन तथा नीतिगत रूपमा स्पष्ट कानुनी आधार तय हुनु,

२. पालिकालाई विद्यालयीय शिक्षाको व्यवस्थापन, विकास तथा सुधार गर्ने कानुनी आधार हुनु,

३. योजनाबद्ध विकासको थालनी हुनु,

४. पालिकाले शिक्षाको पहुँच तथा गुणस्तरमा प्राथमिकता प्रदान गर्नु,

५. अन्य गैरसरकारी निकायहरूबाट शिक्षाको विकास गर्ने पर्याप्त अवसर हुनु ।

६. शिक्षक तथा विद्यार्थीमा सूचना, सञ्चार तथा प्रविधिमा आधारित शैक्षिक क्रियाकलाप सञ्चालन गर्नुपर्छ भन्ने मान्यता विकास हुँदै जानु ।

७. श्रम बजारमा प्राविधिक जनशक्तिको माग बढ्दै जानु

८. स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन अधिकार स्थानीय तहमा रहनु

९. स्थानीय तहलाई शिक्षक व्यवस्थापन अधिकार हुनु

१०. गाउँपालिकालाई सिप विकास तथा स्वरोजगारका कार्यक्रम विकास तथा कार्यान्वयन गर्ने पर्याप्त कानुनी आधार हुनु

११. समावेशी नीति तथा कार्यक्रम विकास र कार्यान्वयन गर्ने कानुनी अधिकार हुनु,

१२. सङ्घीय सरकारको नीति तथा कार्यक्रममा सूचना सञ्चार तथा प्रविधिले प्राथमिकता पाउनु,

१३. स्थानीय सरकारलाई विपद् व्यवस्थापनसम्बन्धी कार्यक्रम विकास गरी कार्यान्वयन गर्ने अधिकार हुनु,

१४. सङ्घीय सरकारबाट सन् २०३०सम्म दिवा खाजा व्यवस्थापनका लागि योजना तथा कार्यक्रम स्वीकृत हुनु,

१५. सङ्घ प्रदेश तथा स्थानीय सरकारसँग समन्वय र सहकार्य गरी अनुगमन तथा मूल्याङ्कन पद्धतिलाई व्यावहारिक एवम् सुधारमुखी बनाउने अवसर हुनु,

# परिच्छेद दुई

## दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

### २.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनुपर्ने आधार

हाम्रा नीति, ऐन, नियम, र अन्य सम्बन्धित दस्तावेजको बारेमा माथि परिचय खण्डमा छलफल गरिसकिएको छ। यस खण्डमा हाम्रो स्थानीय तहको शैक्षिक योजना कार्यान्यनबाट के के प्राप्त गर्ने तथा के के उपलब्धि हासिल गर्ने भन्ने बारेमा प्राविधिक कार्य गर्छौं । जसमा हाम्रो शैक्षिक योजनाको लक्ष्य निर्धारण गर्छौँ तर यी कार्य गर्नु पूर्व तथा कार्यको दौरानमा हामीले उल्लेखित नीति, ऐन, नियम, र अन्य सम्बन्धित दस्तावेजको प्रावधानलाई योजनाको लक्ष्यमा प्रतिबिम्बत गर्नु अनिवार्य हुन्छ। यसका लागि हाम्रा नीति, ऐन, नियम र अन्य सम्बन्धित दस्तावेजमध्ये केहीमा उल्लेख भएका प्रावधानलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

### २.१.१ संवैधानिक प्रावधान

**धारा ३१**

१. प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुने छ।
२. प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुने छ।
३. अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुनबमोजिम निःशुल्क शिक्षा पाउने हक हुने छ।
४. दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिकभाषाको माध्यमबाट कानुनबमोजिम निःशुल्क शिक्षा पाउने हक हुने छ।
५. नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुने छ।

**धारा ५१ राज्यका नीति: (ज) नागरिकका आधारभूत आवश्यकतासम्बन्धी नीतिः**

१. शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने
२. शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने
३. उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँचयोग्य बनाई क्रमशः निःशुल्क बनाउँदै लैजाने
४. नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्द्धन गर्ने

यसै गरी धारा ३८ को महिलाको हकसम्बन्धी उपधारा ५, धारा ३९ को बालबालिकाको हकसम्बन्धी उपधारा २, ३, ७ र ९, धारा ४० को दलितको हकसम्बन्धी उपधारा २, धारा ४२ को सामाजिक न्यायको हकसम्बन्धी उपधारा २ र ५ मा पनि लक्षित समूहका लागि शिक्षासम्बन्धी विशेष व्यवस्था गरिएको छ।

**२.१.२ स्थानीय सरकार सञ्चालनसम्बन्धी ऐन, २०७४**

दफा ११ (२) ज **(स्थानीय तहका शिक्षासम्बन्धी काम, कर्तव्य र अधिकार)**

१. प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षासम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन

२. सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन

३. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, अनुमति, अनुगमन, मूल्याङ्कन र नियमन,

४. मातृभाषामा शिक्षा दिने अनुमति, अनुगमन तथा नियमन

५. गाभिएका वा बन्द गरिएका विद्यालयको सम्पत्ति व्यवस्थापन

६. गाउँ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन

७. विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन

८. विद्यालयको नामकरण

९. सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन

१०. विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण

११. सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान

१२. विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन

१३. सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन

१४. आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन

१५. विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण र व्यवस्थापन

१६. निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन

१७. ट्युसन, कोचिङजस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन

१८. स्थानीयस्तरको शैक्षिक ज्ञान, सिप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण

१९. स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन

२०. माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन

२१. सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन

२२. शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास

२३. अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन

**दफा २४ योजना बनाई कार्यान्वयन गर्ने**:

क) गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषयक्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागु गर्नुपर्ने छ।

ख) योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपत् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनुपर्ने छ।

ग) योजना बनाउँदा देहायका विषयलाई प्राथमिकता दिनुपर्ने छः

- आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने
- उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने
- जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने
- स्थानीय बासिन्दाहरूको सहभागिता जुट्ने, स्वयंसेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने
- स्थानीय स्रोत, साधन र सिपको अधिकतम प्रयोग हुने
- महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने
- लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने
- दिगो विकास, वातावरणीय संरक्षण तथा संवर्धन गर्न सघाउ पुऱ्याउने
- भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने

घ) योजना तर्जुमा र कार्यान्वयन गर्दा अधिकतम जनसहभागिता गर्नुपर्ने छ।

ङ) अनुगमन तथा मूल्याङ्कन योजना तयार गर्नुपर्छ।

### २.१.३ सङ्घ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन, २०७७ (योजना निर्माण सम्बन्धी):

क) आयोजना तर्जुमा र कार्यान्वयनः (दफा १३ मा भएको योजना तर्जुमासम्बन्धी व्यवस्था)

- स्थानीय तहभित्र पर्ने र स्थानीय तहबाट कार्यान्वयन हुने स्थानीयस्तरीय आयोजनाको तर्जुमा स्थानीय तहले गर्ने छ।
- प्रदेश र स्थानीय तहले आयोजना तर्जुमा, बजेट व्यवस्था तथा कार्यान्वयन गर्दा सङ्घीय कानुनले निर्धारण गरेको मापदण्डको आधारमा गर्नुपर्ने छ।
- सङ्घले आयोजना तर्जुमा गर्दा प्रदेश वा स्थानीय तहमार्फत कार्यान्वयन हुने गरी गर्न सक्ने छ र त्यस्तो आयोजना सम्बन्धित प्रदेश वा स्थानीय तहले कार्यान्वयन गर्नुपर्ने छ।

### २.१.४ अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ र नियमावली २०७७

१. दफा ६ मा अनिवार्य शिक्षा प्रदान गर्नुपर्ने व्यवस्थाः स्थानीय तहमार्फत राज्यले चार वर्ष पूरा भई तेह्र वर्ष उमेर पूरा नभएको प्रत्येक बालबालिकालाई आधारभूत तहसम्म अनिवार्य शिक्षा प्रदान गर्ने व्यवस्था गर्नुपर्ने छ।
२. चार वर्ष उमेर पूरा भएपछि कम्तीमा एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा प्रदान गर्नुपर्ने छ।
३. दफा १४अनुसार आधारभूत तहसम्म वैकल्पिक शिक्षाको व्यवस्था गर्न सकिने,
४. दफा १५अनुसार माध्यमिक तहमा अनौपचारिक तथा खुला शिक्षा प्रदान गर्ने,
५. दफा १६अनुसार परम्परागत शिक्षा प्रदान गर्न सकिने,

६. दफा १७ मा प्राविधिक शिक्षासम्बन्धी व्यवस्था,
७. दफा १८ मा अभिभावक नभएका बालबालिकाको शिक्षा,
८. दफा २० माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने,
९. पाठ्यपुस्तक उपलब्ध गराउने, शैक्षिक सामग्री प्रदान गर्ने, छात्रवृत्ति प्रदान गर्ने, स्वास्थ्य उपचारको प्रबन्ध, दिवा खाजाको व्यवस्था मिलाउने आदि व्यवस्था,
१०. साक्षरता कार्यक्रम सञ्चालन गर्नेः स्थानीय तहले निरक्षर नागरिकलाई साक्षर बनाउन आवश्यकताअनुसार क) सामुदायिक सिकाइ केन्द्र, ख) आधारभूत प्रौढ शिक्षा, ग) परम्परागत तथा अनौपचारिक शिक्षाका अन्य माध्यम(नियम ३),
११. आर्थिक, भौगोलिक, शारीरिक वा मानसिक अवस्था वा अन्य कुनै प्रतिकूलताका कारण विद्यालय जान नसकेका बालबालिका, अभिभावकको पहिचान नभएका वा पत्ता नलागेका बालबालिकाका लागि आवास सुबिधा सहित अध्ययनको व्यवस्था मिलाउनु पर्छ। (नियम ४)
१२. माध्यमिक तहसम्मको शिक्षामा शुल्क लिन नहुनेः क) विद्यार्थी भर्ना शुल्क, ख) मासिक पढाइ शुल्क, ग) परीक्षा शुल्क, पाठ्यपुस्तक बापतको रकम। (नियम ५)
१३. छात्रवृत्ति तथा विशेष व्यवस्था : (ब्रेल पाठ्यपुस्तक, सांकेतिक भाषामा पाठ्य तथा सिकाइ सामग्री, स्रोतकक्षा, अशक्तका लागि घुम्ती शैक्षिक सेवा वा आवासीय सुबिधासहितको विद्यालय शिक्षा, दिवा खाजा, विद्यालय पोसाक, शैक्षिक सामग्री आदि)। (नियम ६)
१४. जनआन्दोलन, सशस्त्र संघर्ष, क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने सहिद, बेपत्ता पारिएका व्यक्ति, द्वन्द्व पीडित, घाइते तथा अपाङ्गता भएका व्यक्तिका छोराछोरीलाई आधारभूत तहसम्मको विद्यालय शिक्षामा दिवा खाजा, पोसाक तथा स्टेशनरी वापतको छात्रवृत्तिमा आवश्यकता र उपलब्धताको आधारमा विशेष अवसर प्रदान गर्ने छ।

## २.२ दूरदृष्टि

**कञ्चन गाउँपालिकाको इच्छा समृद्ध कञ्चन एवम् समतामूलक गुणस्तरीय शिक्षा।**

## २.३ लक्ष्य

प्रतिस्पर्धी, सक्षम, स्वस्थ, सभ्य, सिपमूलक, संस्कारयुक्त नेपाल र नेपालीप्रति गौरव गर्ने जनशक्ति तयार गर्ने।

## २.४ उद्देश्य

१. बालविकास र शिक्षाको अनुभवसहित निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षाको सुनिश्तित गर्नु,
२. गुणस्तरीय सिकाइ वातावरणमा सबै विद्यालय तहको शिक्षा सञ्चालन तथा व्यवस्थापन गर्नु,
३. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकासका अवसरहरू वृद्धि गर्नु,
४. वैकल्पिक तथा आजीवन सिकाइमार्फत अनौपचारिक तथा आजीवन सिप विकासको अवसर प्रदान गर्नु र अनौपचारिक शिक्षालाई आर्जनसँग आबद्ध गर्नु,
५. विद्यालय शिक्षामा शैक्षिक सुशासन कायम गर्नु,
६. सक्षम र उत्थानशील शिक्षा प्रणाली (Resilient System) को विकास गरी विपद् तथा महामारीका समयमा सिकाइको निरन्तरता प्रदान गर्नु,
७. सबै बालबालिकाहरूका लागि गुणस्तरीय शिक्षाका लागि समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु,
८. विद्यालयमा आधारित संस्कारयुक्त नैतिक शिक्षामा जोड दिनु।

## २.५ रणनीतिहरू र कार्यनीतिहरू

| २.५ रणनीतिहरू | २.६ कार्यनीतिहरू |
|---|---|
| विद्यालयमा आधारित एक वर्षको बाल शिक्षा अनिवार्य गर्ने | (१) नक्साङ्कनका आधारमा बालविकास केन्द्रहरूको पुनर्व्यवस्थापन गरिनेछ,<br>(२) एक विद्यालय एक प्रारम्भिक बालविकास शिक्षाको अवस्था सुनिश्चित गरिनेछ,<br>(३) प्रारम्भिक बालविकाससम्बन्धी सूचना तथा तथ्याङ्क निरन्तर रूपमा अद्यावधिक गरिनेछ। |
| अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा सबै बालबालिकाको पहुँच तथा सहभागिता सुनिश्चित गर्ने | (४) नक्साङ्कनका आधारमा आधारभूत विद्यालयहरूको पुनर्व्यवस्थापन गरिने छ,<br>(५) प्रत्येक बालबालिकाको शैक्षिक अधिकार सुनिश्चित गरिने छ।<br>(६) विद्यालय बाहिर रहेका सबै बालबालिकाहरूलाई विद्यालयको पहुँचमा ल्याइने छ। |
| सीमान्तकृत, अति विपन्न, अपाङ्गता भएका, लैंगिक तथा यौनिक अल्पसङ्ख्यक र जोखिममा रहेका बालबालिकालाई सवै तहको शिक्षामा समतामूलक पहुँचको अवस्था सुनिश्चित गर्ने | १ अपाङ्गता भएका वा सिकाइ सीमितता भएका बालबालिकाको पहिचान (Screening) गरिनेछ,<br>२ सबै विद्यालयमा समावेशी शिक्षण सिकाइका लागि विद्यालय भौतिक संरचना विकास गरिनेछ,<br>३ अपाङ्गता भएका बालबालिकाको सिकाइ अवसरहरू वृद्धि गर्न विभिन्न प्रकारका सिकाइ सामग्रीहरूको विकास तथा तिनको सर्वसुलभता कायम गरिनेछ, |
| न्यूनतम भौतिक पूर्वाधार सहितको सहजकारी तथा प्रविधि मैत्री शिक्षण सिकाइ वातावरण निर्माण गर्ने | ४ विद्यालय पूर्वाधार विकासका लागि सङ्घ, प्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन गरी सरोकारवालाको सहभागितामा कार्यान्वयन हुने प्रबन्ध गरिनेछ।<br>५ विद्यालयलाई प्रबिधिमैत्री बनाउन आवश्यकतानुसार सबलीकरण तथा पुन: निर्माण एवम् मर्मत सम्भार गरिनेछ।<br>६ पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गरिने छ।<br>७ भौतिक निर्माणको स्रोत परिचालनमा तीन तहका सरकारबिच समन्वय कायम गरी एकद्वार प्रणालीको अपनाइनेछ\| |
| नक्साङ्कन तथा सम्भाव्यताका आधारमा प्राविधिक शिक्षा तथा व्यावसायिक सिप विकासका अवसरहरू वृद्धि गर्नु | १. नक्साङ्कनका आधारमा प्राविधिक शिक्षा तथा व्यावसायिक सिप विकासका लागि विद्यालय तथा शिक्षालयको विस्तार गरिनेछ।<br>२. प्राविधिक विद्यालयको भौतिक पूर्वाधार विकास गरिनेछ।<br>३. पालिकामा एक वहुप्राविधिक शिक्षालय सञ्चालन गरिनेछ।<br>४. विद्यालयमा व्यावसायिक कार्यक्रममार्फत विद्यार्थीमा पढ्दै कमाउने कार्यक्रम विकास गरिनेछ। |
| वैकल्पिक सिकाइ माध्यमका आधारमा निरन्तर एवम् जीवन पर्यन्त सिप विकासको अवसर प्रदान गर्ने | १. निरक्षर व्यक्तिको तथ्यांक सङ्कलन गरी अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका लागि आधार तयार गरिनेछ,<br>२. तथ्याङ्कमा आधारित साक्षरता शिक्षा तथा आय आर्जन सिप विकासका कार्यक्रम सञ्चालन गरिनेछ,<br>३. पालिकालाई पूर्ण साक्षर पालिकाका रूपमा विकास गरिनेछ।<br>४. सामुदायिक सिकाइ केन्दको विकास एवम् सुदृढीकरण गरिनेछ। |

| २.५ रणनीतिहरू | २.६ कार्यनीतिहरू |
|---|---|
| विद्यालय उत्थानशीलता अभिवृद्धि गरी विपद् तथा संकटपूर्ण अवस्थामा सिकाइ निरन्तरता प्रदान गर्ने | १. विपद् व्यवस्थापन सम्बन्धी नीति तथा मापदण्ड तयार गरी कार्यान्वयन गरिनेछ।<br>२. संकटापन्नताको मूल्याङ्कन (Vulnearbality and capacity Assessment-VCA) कार्य गरिनेछ।<br>३. संकटापन्नताको मूल्याङ्कनका आधारमा पूर्वानुमान तथा प्रतिकार्यको योजना तयार गरी कार्यान्वयन गरिनेछ।<br>४. शैक्षिक निरन्तरताका लागि आवश्यकताअनुसार सिकाइ सामग्रीको व्यवस्थापन गरिनेछ।<br>५. सिकाइ आपुरण तथा द्रत सिकाइ योजनाको कार्यान्वय गरिने छ।<br>६. शिक्षाका लागि वैकल्पिक माध्यमहरू अनलाइन कक्षा, रेडियो, टेलिभिजनका माध्ययमबाट सिकाइलाई निरन्तरता दिइनेछ। |
| बालबालिकाको सिकाइको गुणस्तरमा सुधार गर्दै सिकाइ उपलब्धिमा सुधार गर्ने। | १. नयाँ शिक्षण प्रविधि, पद्धति र सामग्री प्रयोग गर्न शिक्षकहरूलाई प्रशिक्षण दिने।<br>२. शिक्षकहरूको नियमित मूल्याङ्कन गर्दै राम्रो प्रदर्शन गर्नेहरूलाई प्रोत्साहन र अन्यलाई सुधारका अवसर दिइनेछ।<br>३. स्थानीय समुदायको संस्कृति, भाषा, ज्ञान र नैतिकतालाई पाठ्यक्रममा समावेश गरिनेछ\|<br>४. विद्यार्थीलाई निरन्तर सुधार गर्न प्रेरित गर्ने गरी मुल्यांकनको ढाँचा तयार गर्ने। |
| विद्यालय र शैक्षिक संस्थाहरूमा शैक्षिक सुशासन तथा जवाफदेहीता कायम गर्ने | १. सबै तहका विद्यालय र शैक्षिक संस्थाहरूमा सुशासन लागु गर्ने स्पष्ट कार्यनीति बनाउने,<br>२. बजेट र स्रोतको उपयोगबारे सार्वजनिक जानकारी प्रवाह गर्न अनिवार्य बनाउने,<br>३. विद्यालय व्यवस्थापन समितिहरूलाई उत्तरदायी बनाउँदै स्थानीय समुदायलाई निर्णय प्रक्रियामा सहभागी गराउने,<br>४. विद्यार्थी गुनासो व्यवस्थापन प्रणालीको स्थापना र कार्यान्वयन गर्ने, |

## २.७ अपेक्षित उपलब्धि

१. बालविकास र शिक्षाको अनुभव सहित निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षाको सुनिश्चित हुनेछ,
२. गुणस्तरीय सिकाइ वातावरणमा सबै विद्यालय तहको शिक्षा सञ्चालन तथा व्यवस्थापन हुनेछ,
३. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकासका अवसरहरू वृद्धि हुनेछ,
४. वैकल्पिक तथा आजीवन सिकाइमार्फत अनौपचारिक तथा आजीवन सिप विकासको अवसर प्रदान हुनेछ र अनौपचारिक शिक्षालाई आर्जनसँग आबद्ध हुनेछ,
५. विद्यालय शिक्षामा शैक्षिक सुशासन कायम हुनेछ,
६. सक्षम र उत्थानशील शिक्षा प्रणाली (Resilient System) को विकास गरी विपद् तथा महामारीका समयमा सिकाइको निरन्तरता प्रदान हुनेछ,
७. सबै बालबालिकाहरूका लागि गुणस्तरिय शिक्षाका लागि समतामूलक पहुँच र सहभागिता सुनिश्चित हुनेछ,
८. विद्यालयमा आधारित संस्कारयुक्त नैतिक शिक्षामा जोड दिएको हुनेछ।

## २.८ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

योजनाले योजना अवधिभर हासिल गर्नुपर्ने मुख्य कार्यसम्पादन सूचक तथा लक्ष्यहरू देहायबमोजिम तय गरिएको छ। आधारभूत सूचनाको अभाव रहेका सूचकमा लक्ष्य प्रक्षेपण गरिएको छैन।

| क्र.सं. | सूचक | सूचकहरूको तहको | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत |
|---|---|---|---|---|---|---|---|
| **१.** | **प्रारम्भिक बालविकास र शिक्षा** | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर* (%) | स्थानीय | १३९.६ | १३६.८ | १३४.१ | १३१.४ | |
| | | प्रदेश | १०६.८ | | | | |
| | | राष्ट्रिय | **९९.९** | **८९.५** | **९४.०** | **९९.०** | |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | स्थानीय | ७८.७ | ८१.२ | ८३.७ | ८६.३ | |
| | | प्रदेश | ८४.३ | | | | |
| | | राष्ट्रिय | ७६.९ | **७३.०** | **८५.०** | **९५.०** | |
| **२.** | **आधारभूत शिक्षा (कक्षा १ - ८)** | | | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुदप्रवेश दर (%) | स्थानीय | ९५.२ | ९७.१ | ९९ | १०० | |
| | | प्रदेश | ९५.८ | | | | |
| | | राष्ट्रिय | **९५.७** | **९७.५** | **९९.०** | **१००** | |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | स्थानीय | १३९.१ | १२८.७ | ११९.४ | ११० | |
| | | प्रदेश | ११९.५ | | | | |
| | | राष्ट्रिय | ११५.९ | **११५.०** | **१०७.०** | **१०५.०** | |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | स्थानीय | ९५.४ | ९८.३ | ९९.६ | १०० | |
| | | प्रदेश | ९५.५ | | | | |
| | | राष्ट्रिय | ९५.६ | **९९.०** | **९९.५** | **१००** | |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर* (%) | स्थानीय | **१२२.५** | **११७.६** | **११३.०** | **१०८** | |
| | | प्रदेश | **१२८.४** | | | | |
| | | राष्ट्रिय | **१२४.८** | **११५.०** | | | |
| २.५ | आधारभूत तहको कक्षा ५सम्म टिकाउ दर* (%) | स्थानीय | **६८.१** | **७१.३** | ७४.७ | ७८.२ | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | | | | |
| २.६ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर* (%) | स्थानीय | **५८.७** | **६२.३** | **६६.१** | **७०.१** | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | **८५.८** | **९३.१** | **९५.५** | **९९.५** | |
| २.७ | आधारभूत तह (प्राथमिक कक्षा १-५) कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क* | स्थानीय | **०.८६** | **०.९०** | **०.९७** | **१.०१** | |
| | | प्रदेश | **०.९१** | | | | |
| | | राष्ट्रिय | **०.९२** | | | **१.०१** | |
| २.८ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | स्थानीय | **९४.८** | **९५.३** | **९६.२** | **९८** | |
| | | प्रदेश | **९५.१** | | | | |
| | | राष्ट्रिय | **९५.२** | **९९.०** | | **१००** | |
| २.९ | आधारभूत तह (कक्षा १-८) | स्थानीय | १२४.६ | १२१.८ | ११८.६ | ११५.५ | |

| क्र.सं. | सूचक | सूचकहरूको तहको | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत |
|---|---|---|---|---|---|---|---|
| | मा कूल भर्ना दर (%) | प्रदेश | १२३.९ | | | | |
| | | राष्ट्रिय | **१२१.६** | | | | |
| २.१० | आधारभूत तहको कक्षा ८सम्मको टिकाउ दर* (%) | स्थानीय | ७६.३६ | ८३.२ | ८८.७ | ९४.३ | |
| | | प्रदेश | ८६.२ | | | | |
| | | राष्ट्रिय | **८६.३** | | | **९५.०** | |
| २.११ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर*(%) | स्थानीय | ९१.० | ९४ | ९६ | ९९ | |
| | | प्रदेश | ८८.२ | | | | |
| | | राष्ट्रिय | **८८.९** | | | **९५.०** | |
| २.१२ | आधारभूत तह(कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक* | स्थानीय | **०.९७** | **०.९८** | **०.९९** | **१.०१** | |
| | | प्रदेश | **०.९१** | | | | |
| | | राष्ट्रिय | **०.९३** | **१.०१** | | | |
| २.१३ | विद्यालय वाहिर रहेका बालबालिका* (%) आधारभूत (कक्षा १-८) | स्थानीय | ५.८ | ५.१ | ४.३७ | २.७१ | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | **६.६** | | **१.०** | **०** | |
| २.१४ | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कूल शिक्षकमध्ये महिला शिक्षकको सङ्ख्या*(%) | स्थानीय | २१.४ | २५ | ३३ | ३८ | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | **४३.७** | **४५.०** | **५०.०** | **५०.०** | |
| **३.** | **माध्यमिक शिक्षा (कक्षा ९-१२)** | | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | स्थानीय | ७४.५ | ८२.६ | ८५.३ | ९० | |
| | | प्रदेश | ५५.२ | | | | |
| | | राष्ट्रिय | **५६.८** | | **६५.०** | | |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर* (%) | स्थानीय | **१०२.१** | **१०१** | **१००** | **१००** | |
| | | प्रदेश | **८०.९** | | | | |
| | | राष्ट्रिय | **८३.२** | | | **९९.०** | |
| ३.३ | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समतासूचक* (कक्षा ९-१२) | स्थानीय | ०.९५ | ०.९६ | ०.९७ | १.०० | |
| | | प्रदेश | १.०१ | | | | |
| | | राष्ट्रिय | **०.९९** | **१.००** | **१.००** | **१.००** | |
| ३.४ | आधारभूत तहवाट माध्यमिक तहमा ट्रान्जिसन दर* (%) | स्थानीय | ७७.० | ८१.१ | ८७.४ | ९१.६ | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | **९७.५** | | | | |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये कक्षा १० मा पुग्ने दर (%) | स्थानीय | ४९.३ | ५२.८ | ५६.५ | ६०.५ | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | **६०.३** | | | | |
| ३.७ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या* (%) | स्थानीय | ३० | ३३ | ३५ | ४० | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | **२०.६** | **२२.०** | **२७.०** | **३३.०** | |

| क्र.सं. | सूचक | सूचकहरूको तहको | | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| ३.८ | माध्यमिक तह (कक्षा ९-१२) मा अध्ययनरत विद्यार्थीमध्ये विज्ञान र प्राविधिक तथा व्यावसायिक शिक्षा विषयमा भर्ना भएका विद्यार्थी सङ्ख्या *(%) | स्थानीय | विज्ञान | १.९४ | | | | |
| | | | प्रा.व्या. | ४.३१ | | | | |
| | | प्रदेश | विज्ञान | | | | | |
| | | | प्रा.व्या. | | | | | |
| | | राष्ट्रिय | विज्ञान | | | **१५.०** | | |
| | | | प्रा.व्या. | **१०.०** | **१७.०** | **३०.०** | | |
| **४.** | **जीवन-पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा** | | | | | | | |
| ४.१ | साक्षरता दर (१५ वर्ष भन्दा माथि) (%) | स्थानीय | | ८१.३ | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | **५८.०** | | **९५.०** | | |
| ४.२ | साक्षरता दर (६ वर्ष भन्दा माथि) (%) | स्थानीय | | ८०.९ | ८५.५ | ८९.४ | ९५ | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | **८२.०** | **८९.०** | **९५.०** | **१००** | |
| ४.३ | साक्षरता दर (१५-२४ उमेर समूह) (%) | स्थानीय | | ९८.४ | ९९ | ९९.५ | १०० | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | **९२.०** | | **९९.०** | | |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता (१५ वर्ष भन्दा माथि) | स्थानीय | | ०.८६ | ०.९० | ०.९३ | ०.९७ | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | **०.६५** | | | **०.८०** | |
| **५.** | **सुशासन तथा व्यवस्थापन** | | | | | | | |
| ५.१ | आधारभूत तह (कक्षा १-५) मा विद्यार्थीःशिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | २४:१ | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | २४:१ | | ३०:१ | ३०:१ | |
| ५.२ | आधारभूत तह (कक्षा ६-८) मा विद्यार्थीःशिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | ४८:१ | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | ३०:१ | | ३०:१ | ३०:१ | |
| ५.३ | आधारभूत तह (कक्षा १-८) मा विद्यार्थीःशिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | ३१:१ | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | ३३:१ | ३१:१ | ३०:१ | ३०:१ | |
| ५.४ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थीःशिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | ३५:१ | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | ४०:१ | | ३०:१ | ३०:१ | |
| ५.५ | माध्यमिक तह (कक्षा ९-१२) मा विद्यार्थीःशिक्षक अनुपात | स्थानीय | | ४४:१ | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | ४१:१ | ३५:१ | ३०:१ | ३०:१ | |
| **६.** | **शिक्षामा लगानी** | | | | | | | |
| ६.१ | कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट*(%) | स्थानीय | | १४.३४ | १६ | १८ | २० | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | १०.६८ | १५.० | १७.० | २०.० | |

# परिच्छेद तीन
# शिक्षाका मुख्य उपक्षेत्रहरू

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

### परिचय

नेपाल सरकारले बालविकास र शिक्षाको महत्त्वलाई आत्मसात गर्दै बालविकाससम्बन्धी राष्ट्रिय रणनीति २०७७–२०८८ तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । यसले गर्भावस्थादेखि ८ वर्षसम्मका सम्पूर्ण बालबालिकाको सर्वाङ्गीण विकास गर्ने लक्ष्य लिएको छ । तीनै तहका सरकारका सम्बद्ध निकायहरूबिच स्पष्ट एवं समान धारणा बनाउन, बालविकासका कार्यक्रमहरूमा स्पष्टता र एकरूपता कायम गर्न र गुणस्तरीय बालविकास र शिक्षाको अवस्था सुनिश्चित गर्न यो रणनीति केन्द्रित रहेको छ ।

सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकाससम्बन्धी अवसर प्रदान गर्नु पर्छ । बालबालिकामा बाँच्न पाउने, विकसित हुन पाउने, संरक्षित हुन पाउने, उचित स्याहार तथा शिक्षा पाउने लगायतका विभिन्न अधिकारहरू रहेका हुन्छन् । यी अधिकारको सुनिश्चित गर्ने दायित्व सरकारको हुन्छ । नेपाल सरकार यस प्रति प्रतिबद्ध रहँदै आएको छ ।

नेपाल सरकारले **"सुखी नेपाली, समृद्ध नेपालको"** दीर्घकालीन सोच तय गरेको छ । यो लक्ष्य हासिल गर्न बालबालिकाको शिक्षा, स्वास्थ्य तथा विकासमा पर्याप्त लगानी गर्नुपर्ने हुन्छ । दिगो विकास लक्ष्यले पनि बालबालिकाको हक हित तथा विकास र संरक्षणका लागि उचित ध्यान दिएको अवस्था छ । दिगो विकासका १७ ओटा लक्ष्यहरू मध्ये ११ ओटा लक्ष्यहरू प्रत्यक्ष रूपमा प्रारम्भिक बालविकाससँग सम्बन्धित रहेका छन् । हाल कार्यान्वयनमा रहेको शिक्षा ऐन तथा नियमावलीअनुसार ३ वर्ष देखि ४ वर्षको उमेरलाई प्रारम्भिक बाल शिक्षाको उमेरको रूपमा व्याख्या गरिएको छ । शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक विकासको दृष्टिले यो उमेर समूह महत्त्वपूर्ण हुन्छ । हाल समुदायमा र विद्यालयमा आधारित प्रारम्भिक बालविकास र शिक्षाका कार्यक्रमहरू सञ्चालनमा रहेका छन् ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रमको प्रारूप, २०७६ ले चार वर्षको उमेर पूरा भएका बालबालिकालाई एक वर्षको प्रारम्भिक बालविकासको अवसर प्रदान गरिने नीति तय गरेको छ । प्रारम्भिक बालविकास र शिक्षाले बालबालिकामा शारीरिक, मानसिक वा बौद्धिक, संवेगात्मक र सामाजिक विकास गर्ने उद्देश्य लिएको हुन्छ । यसका लागि बाल केन्द्रित विभिन्न क्रियाकलाप सञ्चालन गर्न सकिन्छ । संविधान, ऐन तथा कानुनले बालविकास कार्यक्रमलाई प्रभावकारी कार्यान्वयनका लागि मार्ग प्रशस्त गरेको अवस्था छ । त्यसै गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५, बालबालिकासम्बन्धी ऐन, २०७५ आदिमा प्रारम्भिक बालविकाससम्बन्धी प्रावधान रहेका छन् । पन्ध्रौं योजना (२०७६/७७-२०८०/८१), १६ औँ योजना (२०८१/८२-२०८५/८६), बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९, विद्यालय क्षेत्र विकास योजना (२०७३-२०७८), बहुक्षेत्रीय पोषण योजना, दोस्रो (२०७५/७६-२०७९/८०) र बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ समेतमा प्रारम्भिक बालविकाससम्बन्धी प्रावधानहरू समेटिएका छन् । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले पनि स्थानीय तहलाई प्रारम्भिक बालविकास केन्द्रहरूको स्थापना र सञ्चालनको अनुमति प्रदान गर्ने अधिकार प्रदान गरेको छ । यिनै कानुनी व्यवस्थाका आधारमा स्थानीय तहले प्रारम्भिक बालविकास र शिक्षाका कार्ग्रकमहरू सञ्चालन गर्दै आएका छन् । तर पनि यसलाई थप व्यवस्थित गर्नुपर्ने अवस्था विद्यमान रहेको छ ।

### ३.१.१ वर्तमान अवस्था

कञ्चन गाउँपालिकाअन्तर्गत कूल ३३ वटा प्रारम्भिक बालविकास केन्द्रहरू रहेका छन् । जसमध्ये १९ वटा सामुदायिक विद्यालयमा, ३ वटा समुदायमा, ११ वटा संस्थागत विद्यालयमा आधारित रहेको छ । गाउँपालिका भित्र २०७८ सालको राष्ट्रिय जनगणनाअनुसार ४ वर्ष उमेर समूहका ७७५ जना बालबालिकाहरू रहेका छन् । बालविकास केन्द्रका जम्मा ३३ जना सहजकर्ताहरू रहेकोमा सबैजना आधारभूत तालिम प्राप्त छन् । शिक्षा तथा मानवस्रोत विकास केन्द्रबाट प्रकाशित फ्ल्यास प्रतिवेदन सन् २०२३-२०२४ प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर ११४ प्रतिशत र खुदभर्ना दर ६७.८ प्रतिशत रहेको छ । त्यसैगरी प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका ९७.३ प्रतिशत रहेको छ । सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपात २० रहेको छ । प्रारम्भिक बालविकास केन्द्र सञ्चालनका लागि छुट्टै भवन तथा कक्षा कोठा व्यवस्थापन गर्न कठिनाइ रहेको छ । प्रारम्भिक बालविकास केन्द्रका सहयोगी कार्यकर्ताहरूको सेवा, सुविधा समेत स्पष्ट गर्नुपर्ने अवस्था रहेको छ । विशेष गरेर स्तरयुक्त कक्षाकोठा, पर्याप्त शैक्षिक सामग्री, आवश्यक खेल सामग्री, पोषणयुक्त दिवा खाजा प्रबन्ध, सहजकर्ताको पारिश्रमिक, क्षमता विकासका अवसरहरू, समुदायको सहयोग र सहभागिता र निरन्तर अनुगमन तथा सुपरिवेक्षण अपेक्षाकृत हुन नसकेको अवस्था छ ।

**प्रारम्भिक बालविकास तथा शिक्षाका सूचक विवरण**

| क्र.सं. | सूचक | हालको अवस्था |
|---|---|---|
| १ | प्रारम्भिक बालविकास तथा शिक्षामा कूल भर्ना दर | ११४ |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षामा खुद भर्ना दर | ६७.८ |
| ३ | प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव लिएर कक्षा एकमा भर्ना | ८७.७ |
| ४ | प्रारम्भिक बालविकास तहको लैङ्गिक समता सूचकाङ्क | ०.७६ |
| ५ | महिला शिक्षक प्रतीशत | १०० |
| ६ | १० भन्दा माथि योग्यता भएका सहजकर्ता | १०० |

*स्रोत: IEMIS २०८१*

**सामुदायिक प्रारम्भिक बालविकास तथा शिक्षाका शैक्षिक, व्यवस्थापन तथा क्षमता अभिवृद्धि**

| क्र. सं. | बालविकास केन्द्रको नाम | खाजा व्यवस्थापन | | | व्यवस्थित ६ वटा सिकाइ कुना | | आधारभूत तालिम | | पुनर्ताजगी तालिम | | बालविकाश तालिम | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | घरबाट आफैं ल्याउछन् | केन्द्रमै बनाउने गरिन्छ | नियमितता छैन | छ | छैन | प्राप्त | अप्राप्त | प्राप्त | अप्राप्त | प्राप्त | अप्राप्त |
| १ | श्री जनज्योति माध्यमिक विद्यालय | | ✓ | | ✓ | | ✓ | | ✓ | | ✓ | |
| २ | श्री दुर्गा माध्यमिक विद्यालय | | ✓ | | ✓ | | ✓ | | ✓ | | ✓ | |

| क्र. सं. | बालविकास केन्द्रको नाम | खाजा व्यवस्थापन | | | व्यवस्थित ६ वटा सिकाइ कुना | | आधारभूत तालिम | | पुनर्ताजगी तालिम | | बालविकाश तालिम | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | घरबाट आफै ल्याउछन् | केन्द्रमै बनाउने गरिन्छ | नियमितता छैन | छ | छैन | प्राप्त | अप्राप्त | प्राप्त | अप्राप्त | प्राप्त | अप्राप्त |
| ३ | श्री बुद्धभूमि आधारभूत विद्यालय | | ✓ | | ✓ | | ✓ | | ✓ | | ✓ | |
| ४ | श्री प्रगति माध्यमिक विद्यालय | | ✓ | | ✓ | | ✓ | | ✓ | | ✓ | |
| ५ | श्री गजेडी माध्यमिक विद्यालय | | ✓ | | ✓ | | ✓ | | ✓ | | ✓ | |
| ६ | श्री गौतम बुद्ध आधारभूत विद्यालय | | ✓ | | ✓ | | ✓ | | ✓ | | ✓ | |
| ७ | श्री मलावरदेवी माध्यमिक विद्यालय | | ✓ | | ✓ | | ✓ | | ✓ | | ✓ | |
| ८ | श्री हरैया माध्यमिक विद्यालय | | ✓ | | ✓ | | ✓ | | ✓ | | ✓ | |
| ९ | श्री ज्ञानज्योति आधारभूत विद्यालय | | ✓ | | ✓ | | ✓ | | ✓ | | ✓ | |
| १० | श्री शिशुसदन आधारभूत विद्यालय | | ✓ | | ✓ | | ✓ | | ✓ | | ✓ | |
| ११ | श्री रुद्रपुर माध्यमिक विद्यालय | | ✓ | | ✓ | | ✓ | | ✓ | | ✓ | |
| १२ | श्री हिमालय आधारभूत विद्यालय | | ✓ | | ✓ | | ✓ | | ✓ | | ✓ | |
| १३ | श्री बालकल्याण आधारभूत विद्यालय | | ✓ | | ✓ | | ✓ | | ✓ | | ✓ | |
| १४ | श्री शिवशक्ति आधारभूत विद्यालय | | ✓ | | ✓ | | ✓ | | ✓ | | ✓ | |
| १५ | श्री भैसाही माध्यमिक विद्यालय | | ✓ | | ✓ | | ✓ | | ✓ | | ✓ | |
| १६ | श्री ज्ञानोदय आधारभूत विद्यालय | | ✓ | | ✓ | | ✓ | | ✓ | | ✓ | |
| १७ | श्री शान्तिभूमि आधारभूत विद्यालय | | ✓ | | ✓ | | ✓ | | ✓ | | ✓ | |
| १८ | श्री लुम्बिनी ज्ञान निकेतन माध्यमिक विद्यालय | | ✓ | | ✓ | | ✓ | | ✓ | | ✓ | |
| १९ | श्री सरस्वती माध्यमिक विद्यालय | | ✓ | | ✓ | | ✓ | | ✓ | | ✓ | |

**क) प्रमुख समस्या**

१. सही तथ्याङ्क अद्यावधिक नहुनु,

२. सबै बालबालिकाहरू प्रारम्भिक बालविकास शिक्षामा भर्ना नहुनु,

३. सबै विद्यालयमा प्रारम्भिक बालविकास र शिक्षाका कक्षाहरू सञ्चालनको अवस्था नहुनु,

४. प्रारम्भिक बालविकास र शिक्षाका केन्द्रमा समावेशी तथा गुणस्तरीयताको पक्ष कमजोर हुनु,

५. दक्ष तथा योग्य शिक्षकको व्यवस्थापन नहुनु,

६. प्रारम्भिक बालविकासका शिक्षकको पारिश्रमिक न्यून हुनु,

७. पर्याप्त मात्रामा शैक्षिक सामग्रीहरूको व्यवस्थापन नहुनु,

८. प्रारम्भिक बालबालिका केन्द्रमा भित्री र बाहिरी खेल सामग्री उपलब्ध नहुनु,

९. प्रारम्भिक बालविकास तथा शिक्षाका कक्षाहरू अपाङ्ग मैत्री नहुनु,

१०. उमेर समूहअनुसार शौचालय तथा खानेपानीको प्रबन्ध नहुनु,

११. प्रारम्भिक बालविकास शिक्षामा अभिभावकको चासो कम हुनु,

१२. बालबालिकाको नियमित स्वास्थ्य परीक्षणसम्बन्धी व्यवस्था नहुनु ।

**ख) प्रमुख चुनौती**

प्रारम्भिक बालविकास र शिक्षाका सम्बन्धमा देहायका चुनौतीहरू विद्यमान रहेका छन् :

१. न्यूनतम मापदण्डमा आधारित प्रारम्भिक बालविकास र शिक्षा कार्यक्रम सञ्चालन गर्नु,

२. योग्य तथा सक्षम बालविकास शिक्षकको व्यवस्थापन गर्नु,

३. पर्याप्त शैक्षिक सामग्रीमा आधारित प्रारम्भिक बालविकास र शिक्षा कार्यक्रम सञ्चालन गर्नु,

४. उचित स्वास्थ्य सरसफाइ तथा पोषणको व्यवस्था गर्नु,

५. अपाङ्ग मैत्री वातावरणको निर्माण गर्नु ।

**ग) अवसर**

१. संविधान,ऐन कानुन तथा नीतिगत रूपमा स्पष्ट कानुनी आधार तय हुनु,

२. पालिकालाई प्रारम्भिक बालविकास र शिक्षाको विकास तथा सुधार गर्ने कानुनी आधार हुनु,

३. योजनावद्ध विकासको थालनी हुनु,

४. पालिकाले शिक्षाको पहुँच तथा गुणस्तरमा प्राथमिकता प्रदान गर्नु,

५. अन्य गैरसरकारी निकायहरूबाट प्रारम्भिक बालविकास र शिक्षाको विकास गर्ने पर्याप्त अवसर हुनु ।

**३.१.२ उद्देश्य**

१. शारीरिक, सामाजिक, संवेगात्मक, संज्ञानात्मक, क्षमताको विकास गर्ने,

२. गुणस्तरीय तथा समावेशी प्रारम्भिक बालविकास र शिक्षाको व्यवस्था गर्ने,

३. अपाङ्ग मैत्री वातावरणमा कार्यक्रम सञ्चालन गरी प्रारम्भिक बालविकास र शिक्षाका बालबालिकालाई आधारभूत तह कक्षा एकका लागि तयार गर्ने।

### ३.१.३ रणनीति तथा कार्यनीति

| रणनीति | कार्य नीति |
|---|---|
| क) प्रारम्भिक बालविकास र शिक्षाको अवसर सुनिश्चित गर्ने | (१) नक्साङ्कनका आधारमा बालविकास केन्द्रहरूको पुनर्व्यवस्थापन गरिनेछ,<br>(२) एक विद्यालय एक प्रारम्भिक बालविकास शिक्षाको अवस्था सुनिश्चित गरिनेछ,<br>(३) प्रारम्भिक बालविकाससम्बन्धी सूचना तथा तथ्याङ्क निरन्तर रूपमा अद्यावधिक गरिनेछ। |
| ख) बाल मैत्री, अपाङ्गमैत्री वातावरणमा बालविकास केन्द्र सञ्चालन गर्ने | (१) प्रारम्भिक बालविकास र शिक्षाका केन्द्रको भौतिक वातावरण विकासमा सहयोग गरिनेछ,<br>(२) प्रारम्भिक बालविकास र शिक्षाका केन्द्रलाई अपाङ्ग मैत्री भौतिक पुर्वाधार बनाइनेछ। |
| ग) तालिम प्राप्त तथा योग्य शिक्षकहरूको प्रबन्ध गर्ने | (१) न्यूनतम योग्यता भएका आया, बालविकास शिक्षा सहजकर्ताको व्यवस्था गरिनेछ,<br>(२) प्रारम्भिक बालविकास शिक्षाका शिक्षकको सक्षमता विकास गरिनेछ,<br>(३) प्रारम्भिक बालविकास शिक्षाका शिक्षकका लागि पुनर्ताजगी तालिम कार्यक्रम सञ्चालन गरिनेछ। |
| घ) अभिभावक सचेतीकरण गरी उपयुक्त बाल स्याहार, स्वास्थ्य र सुरक्षित वातावरण सिर्जना गर्न सक्रिय बनाउने | (१) अभिभावक सचेतना विकास गरिनेछ,<br>(२) प्रारम्भिक बालविकास र शिक्षामा अभिभावकको सक्रिय सहभागिता सुनिश्चित गरिनेछ,<br>(३) अभिभावक शिक्षक अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ,<br>(४) वार्षिक रूपमा प्रारम्भिक बालविकास शिक्षामा अध्ययनरत बालबालिको स्वास्थ्य परीक्षण गरिनेछ,<br>(५) प्रारम्भिक बालविकास र शिक्षाका बालबालिकालाई दिवा खाजाको प्रबन्ध गरिनेछ। |
| ङ) बालविकास र शिक्षाका कार्यक्रमहरूको गुणस्तर अभिवृद्धि गर्ने | (१) प्रारम्भिक बालबिकासको न्यूनतम मापदण्ड विकास गरी कार्यान्वयन गरिनेछ,<br>(२) स्थानीय स्रोत र साधनमा आधारित सिकाइ सामग्रीहरूको व्यवस्था गरिनेछ,<br>(३) सूचना सञ्चार तथा प्रविधिमा आधारित सिकाइ सामग्री विकास तथा प्रयोगलाई प्रोत्साहन गरिनेछ,<br>(४) स्थानीय गैर सरकारी सङ्घसंस्थाको सहकार्यमा बाल आराम कक्षको व्यवस्था गरिनेछ,<br>(५) प्रारम्भिक बालविकास केन्द्रमा छपाईयुक्त वातावरण विकास गरिनेछ,<br>(६) प्रत्येक बालविकास केन्द्रमा सिकाइ कुनाको व्यवस्था गरिनेछ। |

### ३.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**अपेक्षित उपलब्धि**

१. प्रारम्भिक बालविकास र शिक्षाको न्यूनतम मापदण्ड विकास भई प्रयोगमा आएको हुनेछ,
२. प्रारम्भिक बालविकास उमेर समूहका खुद भर्नादर सत प्रतिशत भएको हुनेछ ,
३. आधारभूत तह कक्षा एक प्रारम्भिक बालविकास र शिक्षाको अनुभव भएका बालबालिका भर्ना भएको हुनेछ,
४. प्रारम्भिक बालविकास कक्षाहरू सिकाइमैत्री वातावरणमा सञ्चालन भएका हुनेछ,
५. सबै प्रारम्भिक बालविकास सहजकर्ताहरू योग्य र तालिम प्राप्त हुनेछ,
६. प्रारम्भिक बालविकास कक्षामा सिकाइ कुनाको व्यवस्था भएको हुनेछ,
७. प्रत्येक बालविकास शिक्षाका कक्षाहरू स्थानीय स्रोतमा आधारित सिकाइ सामग्रीले युक्त हुनेछ,
८. प्रारम्भिक बालविकास र शिक्षाका बालबालिकाको वार्षिक रूपमा स्वास्थ्य परिक्षण भएको हुनेछ,
९. प्रारम्भिक बालविकास र केन्द्र सञ्चालन भएका विद्यालयमा दिवा खाजा व्यवस्थापन भएको हुनेछ,
१०. प्रारम्भिक बालविकास र शिक्षामा प्राथमिक उपचार किटको प्रबन्ध तथा उपयोग भएको हुनेछ,
११. प्रारम्भिक बालविकास र शिक्षाका अभिभावक सचेतीकरण कार्यक्रम सञ्चालन भई उपयुक्त पोषण, स्वास्थ्य, उत्प्रेरित सिकाइ वातावरण निर्माण भएको हुनेछ,
१२. डिजिटलमा आधारित सिकाइ सामग्री प्रयोगमा आएको हुनेछ,

**नतिजा तथा परिमाणात्मक लक्ष्य:**

| क्र.सं. | नतिजाको सूचक | एकाइ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | कैफि. |
|---|---|---|---|---|---|---|---|---|
| १. | प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूलाई एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षामा सहज पहुँच पुगेको हुने। | सङ्ख्या | २२४३ | २४१६ | २४६२ | २५०५ | २५५२ | |
| २. | प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूलाई प्रारम्भिक शिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गर्ने अवसर हुने। | प्रतिशत | ८७ .७ | ८१.२ | ८२ | ८२.५ | ८३.७ | |
| ३. | सबै प्रारम्भिक बालविकास केन्द्रहरूमा बालमैत्री बसाई व्यवस्था, न्यूनतम योग्यता र तालिमप्राप्त शिक्षक, | सङ्ख्या | १९ | १९ | १९ | १९ | १९ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | बालबालिकाको हेरचाह तथा सहयोगका लागि सहायक कर्मचारी ( अयाको व्यवस्था | सङ्ख्या | १ | १ | १ | १ | १ | |
| ५ | सिकाइ क्षेत्र जस्तैः भाषा क्षेत्र, गणित क्षेत्र, अभिनय क्षेत्र, सिर्जनात्मक क्षेत्र, स्वावलम्बन सिकाइ क्षेत्र र विज्ञान क्षेत्र सहित बालविकास केन्द्रले न्यूनतम मापदण्ड पूरा गरेको हुने । | सङ्ख्या | १९ | १९ | १९ | १९ | १९ | |
| ६ | डिजिटलमा आधारित सिकाइ सामग्री प्रयोगमा आएको हुने बाल बिकास केन्द्र | सङ्ख्या | | २ | २ | २ | २ | |
| ७ | प्रारम्भिक बालविकास र केन्द्र सञ्चालन भएका दिवा खाजा व्यवस्थापन भएको | सङ्ख्या | **सबै सामुदायिक विद्यालयमा आधारित वाल कक्षामा** | | | | | |
| ८ | प्रारम्भिक बालविकास सहजकर्ताहरू योग्य र तालिम प्राप्त हुने | सङ्ख्या | २७ | २७ | २७ | २७ | २७ | |
| ९ | बालविकासमा आराम कक्षा वा कुनाको व्यवस्था भएको हुने | सङ्ख्या | ० | २ | ४ | ६ | ८ | |

### ३.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| **प्रमुख कार्यक्रम** | **इकाइ** | **भौतिक लक्ष्य** | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | **पहिलो पाँच वर्ष** | | | | | | **दोस्रो पाँच वर्ष २०९०** |
| | | **२०८१/८२** | **२०८२/८३** | **२०८३/८४** | **२०८४/८५** | **२०८५/८६** | **जम्मा** | |
| प्रारम्भिक बाल शिक्षा र विकाससम्बन्धी मापदण्ड निर्धारण र अध्यावधिक | पटक | ० | १ | ० | ० | ० | १ | १ |
| पूर्व प्रा.बि./ECED कक्षा/केन्दमा तोकिएका न्युनतम मापदण्डहरूको (Minimum Standards) कार्यान्वयन गर्ने | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० |
| प्रारम्भिक बालविकास शिक्षा तथा पूर्वप्राथमिक शिक्षा (ECED/PPE) कार्यक्रमहरूको पुनरावलोकन (संस्थागत विद्यालय सुविधाहरू सहित) गर्नुका साथै आवश्यकताको पहिचानका आधारमा | पटक | ० | १ | ० | ० | ० | १ | १ |

| प्रमुख कार्यक्रम | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | पहिलो पाँच वर्ष | | | | | | दोस्रो पाँच वर्ष २०९० |
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | |
| नयाँ प्रारम्भिक बाल्यकाल शिक्षा केन्द्रहरू स्थापना गर्नु। | | | | | | | | |
| प्रारम्भिक बाल बिकास शिक्षा (ECED) मैत्री WASH सुविधा व्यवस्था गरी न्यूनतम मापदण्डको पालना सुनिश्चित गर्ने। | बाल बिकास सङ्ख्या | ० | ५ | ४ | ४ | ४ | १७ | १९ |
| प्रारम्भिक बाल बिकास केन्द्रमा दिवा खाजा कार्यक्रम सञ्चालन गर्ने। | विद्यार्थी सङ्ख्या | ८०५ | ८७८ | ९०७ | ९३५ | ९६५ | ४४९० | ४६५० |
| बालबालिकाको समग्र विकास र सिकाइलाई प्रवर्द्धन गर्न प्रारम्भिक बालबिकास शिक्षा तथा सिकाइ मापदण्डको कार्यान्वयन गर्नु, | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| निर्धारित मापदण्डहरू विरुद्धको सुधारका आधारमा प्रारम्भिक बाल बिकास (ECED) केन्द्रहरूका शिक्षकहरूलाई प्रोत्साहन प्रदान गर्ने। (based on imporvement against set standards) | बाल बिकास केन्द्र | ४ | ४ | ४ | ४ | ४ | २२ | २२ |
| विभिन्न प्रकारका अपाङ्गता भएका बालबालिकाहरूलाई सहयोग, | विद्यार्थी सङ्ख्या | २३ | २५ | २६ | २७ | २८ | १२९ | १२९ |
| पालिका तहको स्वास्थ्य केन्द्रहरूमार्फत त्रैमासिकरूपमा बालबालिकाहरूको स्वास्थ्य जाँच गर्ने साथै बालबालिकाहरूमा अपाङ्गता परीक्षण गरी पहिचान गर्ने (Assement and identification of disabilities) | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | १५ |
| ECED कक्षाका सहयोगी कार्यकर्ता/शिक्षकको तलब भत्ता | सङ्ख्या | २७ | २७ | २७ | २७ | २७ | २७ | २७ |
| ECED कक्षाका सहयोगी कार्यकर्ता/शिक्षकका लागि पोशाक भत्ता | सङ्ख्या | २७ | २७ | २७ | २७ | २७ | २७ | २७ |
| ECED कक्षाका सहयोगीहरूका लागि तलब/भत्ता | सङ्ख्या | २७ | २७ | २७ | २७ | २७ | २७ | २७ |
| ECED कक्षाहरूका सामग्री र सिकाइ कुनाका लागि | सङ्ख्या | १९ | १९ | १९ | १९ | १९ | १९ | १९ |

| प्रमुख कार्यक्रम | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | पहिलो पाँच वर्ष | | | | | | दोस्रो पाँच वर्ष २०९० |
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | |
| ECED कक्षाहरूका सिकाइ सामग्री र बिद्युतीय सिकाइ सामग्रीका लागि | सङ्ख्या | ८०५ | ८७८ | ९०७ | ९३५ | ९६५ | ४४९० | ४५५० |
| ECED कक्षाहरूमा अध्ययनरत तोकिएका अति विपन्न र लक्षित समुदायका बालबालिकाहरूको सुबिधाका लागि | सङ्ख्या | ३७३ | ४०७ | ४२० | ४३३ | ४४७ | २०८० | २०८० |
| सहजकर्ताका लागि आधारभूत तथा पुनर्ताजगी तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| प्रारम्भिक बालविकास स्वास्थ्य र पोषणमा आधारित अभिभावक शिक्षा कार्यक्रम सञ्चालन | पटक | ० | १ | १ | १ | १ | ४ | १० |
| बालबालिकाको हेरचाह तथा सहयोगका लागि सहायक कर्मचारी (अयाको व्यवस्था) | सङ्ख्या | ० | १ | १ | १ | १ | ४ | ५ |
| बालविकासमा आरामकक्षा वा कुनाको व्यवस्थापन | सङ्ख्या | ० | २ | ४ | ६ | ८ | २० | २७ |

## ३.२ आधारभूत शिक्षा

### परिचय

नेपालमा वि.स. १९९६ सालमा जारी भएको शिक्षाको इस्तिहारले शैक्षिक विकास क्रमको थालनी भएको हो। यसले नेपालको शिक्षा पद्दतिलाई प्राथमिक कक्षा १-३, मिडिल स्कुल कक्षा ४-७ र हाइस्कुल कक्षा ८ -१० का रूपमा वर्गीकरण गरेको थियो। नेपालको शैक्षिक विकास क्रमलाई विभिन्न समयमा उच्चस्तरीय शिक्षा आयोगहरूको प्रबन्ध गरी समय समयमा सुधार गरिदै आएको छ। तहगत संरचनामा बेला बखत फेरबदल हुने क्रम जारी रहेको छ। हाल अन्तर्राष्ट्रिय स्तरमा शिक्षामा भईरहेको विकासलाई दृष्टिगत गरी आधारभूत तहलाई कक्षा ८सम्म कायम गरिएको छ। आधारभूत तहमा प्रारम्भिक बालविकास शिक्षालाई समेत समाहित गरिएको छ।

नेपालको संविधानले आधारभूत शिक्षालाई अनिवार्य र निःशुल्क हुने व्यवस्था गरेको छ। सबै नागरिकलाई आधारभूत तहसम्मको शिक्षा पाउने हक सुनिश्चित गरेको छ। त्यसै गरी ब्रेल तथा साङ्केतिक भाषामा शिक्षा पाउने अधिकार संविधानले सुनिश्चित गरेको छ। यी कानुनी व्यवस्था कार्यान्वयनका लागि नेपाल सरकारले अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ र अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली २०७५ जारी गरी कार्यान्वयनमा ल्याएको छ। विद्यालय तहसम्मको शिक्षाको सञ्चालन तथा व्यवस्थापनका लागि तीन तहको सरकारको भूमिका किटान गरेको छ। आधारभूत तहको शिक्षाको सञ्चालन तथा व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहमा रहेको छ।

### ३.२.१ वर्तमान अवस्था

कञ्चन गाउँपालिकामा हाल १२ ओटा आधारभूत विद्यालय सञ्चालनमा रहेका छन् । जसमा कक्षा १-५ सञ्चालन भएका २ विद्यालयहरू छन । जसमा कक्षा १-८ सञ्चालन हुने विद्यालयको सङ्ख्या १० रहेका छन । कक्षा १-१० सञ्चालन भएका ११ विद्यालय छन भने कक्षा १-१२ को ६ विद्यालयमा सञ्चालन हुँदै आएको छ।

यस गाउँपालिकामा आधारभूत शिक्षामा सबै बालबालिकाको समतामूलक पहुँचका लागि बिगतमा गरिएका प्रयासहरूको नतिजास्वरूप शिक्षा तथा मानवस्रोत विकास केन्द्रबाट प्रकाशित फ्ल्यास प्रतिवेदन सन् २०२३-२०२४ कक्षा १ मा प्रारम्भिक बालविकास र शिक्षाको अनुभव सहित आएका बालबालिकाको भर्ना दर ९७.३ प्रतिशत रहेको छ। कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुदप्रवेश दर ९६.१ प्रतिशत र कूल प्रवेशदर ११७.८ प्रतिशत रहेको छ। आधारभूत तह कक्षा १-५ को कूल भर्नादर १३४.४ प्रतिशत, खुद भर्नादर ९५.८ प्रतिशत र आधारभूत तह कक्षा १-८ को कूल भर्नादर १२८.५ प्रतिशत, खुद भर्नादर ९६.०० प्रतिशत पुगेको छ। आधारभूत तहमा कक्षा दोहोराउने दर ४.९ प्रतिशत र छाड्ने दर ०.८ प्रतिशत रहेको छ । त्यसैगरी आधारभूत तहको कक्षा ८सम्म टिकाउ दर ८७.२ प्रतिशत रहेको छ।

यस गाउँपालिका भित्र शैक्षिक शत्र २०८१ को भर्नाअनुसार आधारभूत तहमा जम्मा भर्ना विद्यार्थी सङ्ख्या ८४५७ जना (छात्रा ३९३७ र छात्र ४५२० जना) रहेका छन् | जसमध्ये सामुदायिक विद्यालय आधारभूत तहमा ४८३९ जना (छात्रा २४२० र छात्र २४१९ जना) र संस्थागत विद्यालय आधारभूत तहमा ३६१८ (छात्रा १५१७ र छात्र २१०१ जना) जना बालबालिकाहरू अध्यनरत छन् । आधारभूत तह १-८ मा जम्मा शिक्षक २९५ जना रहेको र शिक्षक विद्यार्थी अनुपात २८.६ रहेको छ | यसले आधारभूत शिक्षामा पहुँचमा उल्लेखनीय प्रगति देखिए तापनि आर्थिक र सामाजिक अवस्था र भौगोलिक अवस्थितिले सिर्जना गरेको असमानताहरू अझै पनि कायम रहेका छन् । आर्थिक र सीमान्तकृत समुदाय, दलित, जनजाति र भौगोलिक रूपमा विकट र जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकामा गुणस्तरीय आधारभूत शिक्षाको पहुँच कम हुन्छ । आधारभूत शिक्षालाई संविधानले अतिवार्य तथा निःशुल्क गरेको सन्दर्भ विद्यमान रहेको छ। यसको कार्यान्वयनका लागि नेपाल सरकारले अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ जारी गरी कार्यान्वयनमा ल्याएको भए तापनि कञ्चन गाउँपालिकाले शिक्षा ऐन तथा नियमावली तयार गरी आधारभूत शिक्षालाई थप व्यवस्थित गरी सकेको अवस्था छैन। यसो भए तापनि पालिकाले सङ्घीय शिक्षा ऐन तथा नियमावलीका आधारमा विभिन्न प्रकारका शैक्षिक कार्यक्रमहरू तय गरी कार्यान्वयनमा ल्याइरहेको अवस्था छ।

कञ्चन गाउँपालिकाले नेपाल सरकारको अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐनको व्यवस्थाअनुसार शैक्षिक कार्यक्रम सञ्चालन गर्ने उद्देश्यका साथ कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। यसबाट आधारभूत शिक्षामा पहुँचमा सुधार हुँदै आएको अवस्था भए तापनि आधारभूत तहको गुणस्तरीय शिक्षाको सुनिश्चित गर्न भने थप शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने अवस्था विद्यमान रहेको छ।

स्थानीय पाठयक्रम विकास गरी कार्यान्वयनमा आएका छन् तर सबै विद्यालयमा यस प्रकारको व्यवस्था हुन सकेको छैन । राष्ट्रिय पाठ्यक्रम प्रारूपले गरेको व्यवस्थाअनुसार आधारभूत तहसम्म पूर्ण रूपमा स्थानीय पाठ्यक्रम कार्यान्वयनमा आउने क्रम रहेको छ। त्यसैगरी विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार हुन सकेको अवस्था छैन। यिनै परिप्रेक्षमा शिक्षाको दीर्घकालीन योजनाले आधारभूत शिक्षामा उच्च प्राथमिकता प्रदान गरी शैक्षिक कायर्क्रमहरू कार्यान्वयन गर्नुपर्ने अवस्था विद्यमान रहेको छ।

**तालिका न.. ३.१.२.३ आधारभूत तथा शिक्षाका सुचक विवरण**

| क्र.स. | सुचकहरू | २०८१ सालको अवस्था |
|---|---|---|
| १.१ | आधारभूतमा कूल भर्ना | १२४.६ |
| १.२ | आधारभूतमा खुद भर्ना | ९४.८ |
| १.३ | कूलभर्ना दरमा लैंगिक समता सूचक (GPI at NER) | **०.८६** |

*स्रोत: IEMIS Report २०८१*

**जातिगत र तहगत विद्यार्थी सङ्ख्या विवरण:शैक्षिक सत्र:-२०८१ (सामुदायिक तथा संस्थागत विद्यालय )**

| कक्षा | दलित | जनजाती | अन्य | जम्मा | अपाङ्गता |
|---|---|---|---|---|---|
| १ | २५० | ४६५ | ४३१ | ८९६ | ४ |
| २ | २०२ | ४१४ | ३०३ | ७१७ | ३ |
| ३ | १९७ | ३८३ | ३७३ | ७५६ | ४ |
| ४ | २४४ | ४४१ | ३४३ | ७८४ | ४ |
| ५ | २३७ | ४३५ | ३६५ | ८०० | ५ |
| ६ | २५४ | ४४६ | ४०५ | ८५१ | २ |
| ७ | २२५ | ४१६ | ४०९ | ८२५ | ५ |
| ८ | ३३४ | ५५१ | ३३४ | ८८५ | ७ |
| कूलजम्मा | १६९३ | ३०८६ | २५३२ | ६५१४ | ३४ |

*स्रोत: IEMIS २०८१*

**तालिका न. १.७**

**सामुदायिक विद्यालयमा विद्यार्थी सिकाइ उपलब्धि विवरण २०८० कक्षा १ देखि ३**

| कक्षा | नेपाली | अङ्ग्रेजी | गणित | हाम्रो सेरोफेरो | स्थानीय पाठ्यक्रम |
|---|---|---|---|---|---|
| १ | २.६८ | २.६९ | २.६१ | २.५४ | २.१३ |
| २ | २.९७ | २.७४ | २.७७ | २.८३ | २.२१ |
| ३ | ३.०१ | २.९८ | २.७१ | २.७५ | २.५९ |

**सामुदायिक विद्यालयमा विद्यार्थी सिकाइ उपलब्धी विवरण २०८० कक्षा ४ देखी ५**

| कक्षा | नेपाली | अङ्ग्रेजी | गणित | स्थानीय पाठ्यक्रम | विज्ञान तथा प्रविधि | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | स्वास्थ्य, शारीरिक र सृजनात्मक कला |
|---|---|---|---|---|---|---|---|
| ४ | २.६२ | २.५३ | २.४३ | २.७८ | २.४६ | २.५२ | २.५१ |
| ५ | २.४५ | २.४४ | २.३२ | २.४४ | २.१८ | २.४० | २.५३ |

*Source: IEMIS २०८१*

**क प्रमुख समस्या**

१. अनिवार्य र निःशुल्क आधारभूत शिक्षाको सुनिश्चितता नहुनु,
२. सबै बालबालिकाकाको शैक्षिक पहुँच सुनिचित नहुनु,
३. आधारभूत तहका माथिल्ला कक्षाहरूमा विद्यालय छाड्ने दर उच्च हुनु,
४. आधारभूत तहको अन्तसम्म विद्यार्थीलाई टिकाइ राख्न नसक्नु,
५. अभिभावकमा सार्वजनिक विद्यालय शिक्षाप्रतिको चासो र सहभागिता वृद्धि नहुनु,
६. अभिभावकमा दिनानुदिन संस्थागत विद्यालय प्रतिको आकर्षण वृद्धि हुँदै जानु,
७. विद्यार्थी सङ्ख्या, र विषयको आधारमा शिक्षक व्यवस्थापन नहुनु,
८. विद्यालयको भौतिक पूर्वाधार लैङ्गिक मैत्री, अपाङ्गता मैत्री नहुनु,
९. शिक्षकहरू प्रविधि मैत्री शिक्षण सिकाइका लागि तयार नहुनु,
१०. प्रविधिमा आधारित सिकाइ सामग्रीको विकास तथा प्रयोगको अवस्था सिर्जना नहुनु,
११. विद्यालयमा आधारित शिक्षक सहयोग पद्दति विकास नहुनु,
१२. शिक्षकलाई शिक्षण सिकाइका लागि उपयुक्त परामर्श तथा सहयोग गर्ने पद्दति विकास हुन नसक्नु,
१३. विद्यालयमा दिवा खाजा व्यवस्थापनका लागि अत्यावश्यक भान्सा तथा स्टोर कोठाको उपलब्धता नहुनु,
१४. विद्यालयमा किशोरीहरूका लागि प्रदान हुने सेनिटरी प्याडको उचित व्यवस्थापन नहुनु,
१५. विद्यालयमा स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम विकास भई कार्यान्वयनमा आउन नसक्नु,
१६. विद्यालयमा प्राथमिक उपचारसम्बन्धी किटको व्यवस्था तथा त्यसको प्रयोग भएको अवस्था नहुनु,
१७. विद्यालयका बालबालिकाहरूका लागि वार्षिक रूपमा स्वास्थ्य परीक्षण गरी रिफर गर्ने अवस्था नहुनु,
१८. सिकाइ उपलब्धि दर न्युन हुनु साथै, सिकाइ अवस्था कमजोर भएका बालबालिकाहरूका लागि उपचारात्मक सिकाइको प्रबन्ध गरी सिकाइ सुधारका कार्यक्रमहरू सञ्चालन नहुनु,
१९. विद्यालयमा पुस्तकालय तथा सिकाइ कुनाको प्रबन्ध नहुनु,
२०. विद्यालयलाई उत्थानशील बनाउन नसक्नु ।

**ख प्रमुख चुनौती**

१. सबै बालबालिकाको आधारभूत तहको अनिवार्य र निःशुल्क शिक्षाको पहुँच सुनिश्चित गर्नु,
२. आधारभूत तहको शिक्षालाई समतामूलक, समावेशी, गुणस्तरीय, प्रविधि मैत्री र अपाङ्गमैत्री बनाउनु,
३. आधारभूत तहमा टिकाउ दर वृद्धि गर्नु,
४. नक्साङ्कन तथा जनसाङ्ख्यिकीको आधारमा विद्यालयको पुनः व्यवस्थापन गर्नु,
५. विषय तथा विद्यार्थी सङ्ख्याको आधारमा दरबन्दी मिलान गर्नु,
६. विद्यालय सुशासनको प्रत्याभूति दिनु,
७. सबै विद्यालयलाई उत्थानशील बनाउनु ।

**ग अवसर**

१. स्थानीय सरकारलाई आधारभूत तहको शिक्षाको सञ्चालन तथा व्यवस्थापनको पूर्ण अधिकार हुनु,
२. स्थानीय सरकारले आधारभूत तहको शिक्षाको सर्वसुलभतालाई उच्च प्राथमिकतामा राख्नु,
३. शिक्षाको विकासका लागि दीर्घकालीन सोच तथा योजनाका आधारमा अगाडि बढ्ने सोच तथा व्यवहार देखाउनु,

### ३.२.२ उद्देश्य

१. अनिवार्य र निःशुल्क आधारभूत शिक्षामा सबै बालबालिकाको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्ने,
२. आधारभूत शिक्षामा गुणस्तर कायम गर्ने,
३. आधारभूत शिक्षाको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, सिकाइमैत्री, समावेशी, भयरहित र सुरक्षित बनाउने,

### ३.२.३ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| क) अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको पहुँच सर्बसुलभ गर्ने | (१) नक्साङ्कनका आधारमा आधारभूत विद्यालयहरूको पुनर्व्यवस्थापन गरिनेछ,<br>(२) प्रत्येक बालबालिकाको शैक्षिक अधिकार सुनिश्चित गरिनेछ,<br>(३) लक्षित कार्यक्रम सञ्चालन गरी अपाङ्गता भएका बालबालिका, सामाजिक तथा आर्थिक रूपमा परेका बालबालिकाहरूको अनिवार्य तथा निःशुल्क शिक्षा पाउने संवैधानिक हकको सुनिश्चित गरिनेछ,<br>(४) गैरसरकारी संस्थाहरूसँग सहकार्य गरी विद्यालय बाहिर रहेका सबै बालबालिकाहरूलाई विद्यालयको पहुँचमा ल्याईनेछ,<br>(५) उपयुक्त भान्सा कोठा तथा सामग्री भण्डारणको व्यवस्था गरी स्थानीय उत्पादनमा आधारित दिवा खाजा खुवाउने प्रबन्ध गरिनेछ। |
| ख) आधारभूत शिक्षाको गुणस्तरमा सुधार गर्ने | (१) गुणस्तर मापदण्डमा आधारित भई सिकाइ उपलब्धिमा सुधार गरिनेछ,<br>(२) अपाङ्गता भएका बालबालिकाका लागि वैयक्तिक सिकाइ योजना कार्यान्वयन गरी सिकाइमा सहजीकरण गरिनेछ,<br>(३) विद्यालयमा आधारित शिक्षक सहयोग, तथा विद्यार्थी सहयोग पद्धति कार्यान्वयन गरी शैक्षिक गुणस्तरमा सुधार गरिनेछ,<br>(४) निरन्तर सिकाइको मूल्याङ्कन तथा नतिजा विश्लेषणका आधारमा उपचारात्मक सिकाइको अवसर सुनिश्चित गरी सिकाइ उपलब्धिमा सुधार गरिनेछ,<br>(५) एक विद्यालय एक पुस्तकालयको अवधारणा कार्यान्वयन गरिनेछ,<br>(६) एकीकृत पाठ्यक्रम तथा प्रविधिमा आधारित शिक्षण सिकाइका लागि अत्यावश्यक क्षमता विकास गरिनेछ,<br>(७) बालबालिकाको अन्तरनिहित प्रतिभा प्रस्फुटनका लागि प्रवर्तनमा आधारित सहकार्यकलाप सञ्चालन गरिनेछ,<br>(८) निरन्तर मूल्याङ्कन प्रणालीलाई थप सहज,तथा व्यवस्थित गरिनेछ,<br>(९) स्थानीय स्रोत र साधनमा आधारित शैक्षिक सामग्री विकास तथा प्रयोगका लागि विद्यालयलाई जिम्मेवार बनाइनेछ,<br>(१०) स्थानीय मूल्यमान्यता, परम्परागत प्रविधि लगायतका अन्य विशिष्ट मूल्यहरूको संरक्षण तथा सम्बर्द्धनका लागि स्थानीय पाठ्यक्रम विकास गरी कार्यान्वयन गरिनेछ। |

| रणनीति | कार्यनीति |
| --- | --- |
| ग) समावेशी तथा सुरक्षित विद्यालय वातावरणमा शिक्षण सिकाइ सञ्चालन गर्ने | (१) अपाङ्गता भएका वा सिकाइ सीमितता भएका बालबालिकाको पहिचान (Screening) गरिनेछ,<br>(२) सबै विद्यालयमा समावेशी शिक्षण सिकाइका लागि विद्यालय भौतिक संरचना विकास गरिनेछ,<br>(३) अपाङ्गता भएका बालबालिकाको सिकाइ अवसरहरू वृद्धि गर्न विभिन्न प्रकारका सिकाइ सामग्रीहरूको विकास तथा तिनको सर्वसुलभता गरिनेछ,<br>(४) विद्यालका बालबालिकाहरूको वार्षिक रूपमा स्वास्थ्य परीक्षण कार्य गरी आवश्यकताअनुसार रिफरल सेवा प्रदान गरिनेछ,<br>(५) विद्यालयमा आधारित किशोरकिशोरी लक्षित यौन प्रजनन तथा स्वास्थ्य र सरसफाइसम्बन्धी ज्ञान तथा सिप विकासका लागि स्थानीय स्वास्थ्य कर्मीहरूको परिचालन गरिनेछ,<br>(६) विद्यालयमा प्राथमिक उपचार किटको प्रबन्ध गरिनेछ,<br>(७) शिक्षकलाई प्राथमिक उपचार किटको उचित प्रयोगकोका लागि अत्यावश्यक सिप विकास गरिनेछ। |
| घ) आपत्कालीन अवस्थामा सिकाइको निरन्तरता प्रदान गर्ने | (१) विद्यालयमा आपत्कालीन शिक्षा योजना विकास गरी कार्यान्वयन गरिनेछ,<br>(२) आपत्कालीन समयमा सिकाइ निरन्तरता प्रदान गर्न विकसित सिकाइ पोर्टलको प्रयोग तथा अन्य वैकल्पिक सिकाइ विधि अवलम्बन गर्न गैरसरकारी निकायसँग सहकार्य र समन्वय गरिनेछ,<br>(३) आपत्कालीन समयमा सिकाइ निरन्तरताका लागि अभिभावक सचेतीकरण गरी सिकाइ वातावरण विकास गरिनेछ। |
| ङ) शैक्षिक सुशासन कायम गर्ने | (१) प्रभावकारी शैक्षिक व्यवस्थापनका लागि प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीको क्षमता विकास गरिनेछ,<br>(२) विद्यालयमा सामाजिक परिक्षण तथा सार्वजनिक सुनुवाईको व्यवस्था कार्यान्वयन गरी शैक्षिक सुशासन कायम गरिनेछ,<br>(३) शिक्षक अभिभावक सङ्घलाई प्रभावकारी शैक्षिक व्यवस्थापनका लागि सक्रिय बनाइनेछ,<br>(४) व्यवस्थापन करारका आधारमा प्रधानाध्यापकको व्यवस्थापन गरी शैक्षिक व्यवस्थापनमा सुधार गरिनेछ,<br>(५) विद्यालयको शैक्षिक सूचना व्यवस्थापनलाई थप सुदृढ बनाइनेछ,<br>(६) विद्यालय सुधार योजनालाई व्यवस्थित गरी शैक्षिक सुशासन तथा सुव्यवस्था कायम गरिने । |

### ३.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**अपेक्षित उपलब्धिहरू**

(क) आधारभूत तहको खुद भर्ना दरमा वृद्धि भएको हुनेछ।

(ख) सबै बालबालिकाको आधारभूत तहको शिक्षामा पहुँच सुनिश्चित भएको हुनेछ।

(ग) विद्यालयहरूको पूर्वाधार बालमैत्री, अपाङ्गता मैत्री तथा प्रविधि मैत्री हुनेछ।

(घ) नक्साङ्कनका आधारमा विद्यालय पुनर्व्यवस्थित भएको हुनेछ।

(ङ) विद्यालयमा सूचना प्रविधिको ल्याब, ईलाइब्रेरी, एक विद्यालय एक पुस्तकालय स्थापना भई शिक्षण सिकाइ क्रियाकलाप आधुनिकीकरण भएको हुनेछ।

(च) स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री विकास एवम् प्रयोग भएको हुनेछ।

(छ) शिक्षकको पेसागत क्षमता विकास भएको हुनेछ।

(ज) आधारभूत तहका प्रत्येक कक्षामा बुक र्‍याक तथा सिकाइ कुनाको व्यवस्था भई प्रयोगमा आएको हुनेछ।

(झ) सिकारुको सिकाइ उपलब्धिमा सुधार भएको हुनेछ।

(ञ) आधारभूत तहमा विषयगत शिक्षकको व्यवस्थापन भएको हुनेछ।

(ट) स्थानीय उत्पादनमा आधारित दिवा खाजा व्यवस्थापन भएको हुनेछ।

(ठ) स्वास्थ्य कर्मीबाट किशोर किशोरी लक्षित ज्ञान तथा सिप विकासमा सहजीकरण भएको हुनेछ।

(ड) विद्यालयमा प्राथमिक उपचार किटको व्यवस्था भई प्रयोगमा आएको हुनेछ।

(ढ) लैंगिक समता सूचकमा सुधार हुनेछ।

(ण) कमजोर सिकाइ भएका बालबालिकाहरूले थप सिकाइ सहयोगमार्फत सिकाइ उपलब्धिमा सुधार भएको हुने छ।

(त) आपत्कालीन तथा विपद्को समयमा सिकाइले निरन्तरता पाएको हुनेछ।

(थ) प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीको शैक्षिक व्यवस्थापन क्षमता अभिवृद्धि भई शैक्षिक व्यवस्थापनमा सुधार भएको हुनेछ।

**प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक (उदाहरण) | इकाइ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| २ | आधारभूत तह (कक्षा १-५) तालिम प्राप्त शिक्षकको सङ्ख्या | शिक्षकको सङ्ख्या | १२९ | १४५ | १५५ | १६० | १६२ |
| ३ | न्यूनतम सिकाइ सबलीकरण मापदण्ड (Minimum Enabling Conditions) पूरा गरेका आधारभूत तहका विद्यालयको सङ्ख्या | विद्यालयको सङ्ख्या | ९ | १० | ११ | १२ | १३ |
| ४ | आधारभूत शिक्षा पूरा गर्ने बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुने विद्यालय सङ्ख्या | विद्यालयको सङ्ख्या | ९ | १० | ११ | १२ | १३ |

| क्र.सं. | सूचक<br>(उदाहरण) | इकाइ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| ५ | आधारभूत शिक्षाको भर्ना सहभागिता तथा सिकाइ उपलब्धिमा लैङ्गिक समता सूचकमा सुधार हुने। | प्रतिशत | ०.८६ | ०.९० | ०.९२ | ०.९५ | ०.९८ |
| ६ | विव्यस, शिअसंका पदाधिकारीहरूको क्षमता विकास हुने विद्यालय | विद्यालय सङ्ख्या | ९ | १० | ११ | १२ | १३ |

### ३.२.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| प्रमुख कार्यक्रम | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | पहिलो पाँच वर्ष | | | | | जम्मा | दोस्रो पाँच वर्ष २०९० |
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| सामुदायिक आधारभूत विद्यालयमा (कक्षा १-५) स्वीकृत र राहत दरबन्दीमा कार्यरत शिक्षकका लागि तलब भत्ता | शिक्षक सङ्ख्या | १०९ | १०९ | १०९ | १०९ | १०९ | ५४५ | ५४५ |
| सामुदायिक आधारभूत विद्यालयमा (कक्षा ६-८) स्वीकृत र राहत दरबन्दीमा कार्यरत शिक्षकका लागि तलब भत्ता | शिक्षक सङ्ख्या | ४८ | ४८ | ४८ | ४८ | ४८ | २४० | २४० |
| सामुदायिक आधारभूत तह (कक्षा १-८) विद्यालयहरूमा कार्यरत कर्मचारी र साहयक कर्मचारीहरूका लागि तलब भत्ता (पोशाक र दुर्गम भत्ता सहित) | विद्यालय सङ्ख्या | ९ | ९ | ९ | ९ | ९ | ९ | ९ |
| सामुदायिक आधारभूत तह (कक्षा १-८) विद्यालयहरूका लागि व्यवस्थापन/सञ्चालन खर्च (शिक्षण सिकाइ समाग्री, कम्तिमा १ सेट पाठ्यक्रम, शिक्षक निर्देशिका र Book corner समेतका लागि) | विद्यालय सङ्ख्या | ९ | ९ | ९ | ९ | ९ | ९ | ९ |
| आधारभूत तह (कक्षा १-८) का लागि प्र.अ.भत्ता | विद्यालय सङ्ख्या | ९ | ९ | ९ | ९ | ९ | ९ | ९ |
| आधारभूत विद्यालय (कक्षा १-८) का लागि सञ्चालन र व्यवस्थापन (SIP निर्माण/अद्यावधिक, SMC का सदस्यहरूको क्षमता विकास, अभिभावक शिक्षा, अतिरिक्त क्रियाकलाप, सामाजिक परीक्षण, EMIS व्यवस्थापन, School | विद्यालय सङ्ख्या | ९ | ९ | ९ | ९ | ९ | ९ | ९ |

| प्रमुख कार्यक्रम | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | पहिलो पाँच वर्ष | | | | | जम्मा | दोस्रो पाँच वर्ष २०९० |
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| report card विकास र प्रयोग, School bulletin प्रकाशन, आदिका लागि) | | | | | | | | |
| पालिका तहको स्वास्थ्य केन्द्रहरूसँगको समन्वयमा विद्यालय स्वास्थ्य कार्यक्रम सञ्चालन | विद्यालय सङ्ख्या | १९ | १९ | १९ | १९ | १९ | १९ | १९ |
| आधारभूत तह (कक्षा १-५) का लागि पाठ्यपुस्तक खरिद र वितरण | विद्यार्थी सङ्ख्या | २५२७ | २४५३ | २४७२ | २५६९ | २६८२ | १२७०३ | १३५०३ |
| आधारभूत तह (कक्षा ६-८) का लागि पाठ्यपुस्तक खरिद र वितरण | विद्यार्थी सङ्ख्या | २३५५ | २१७० | १९३४ | १६२२ | १४५१ | ९५३२ | १००३२ |
| आधारभूत तह (कक्षा १-५) का बालबालिकाका लागि दिवा खाजा व्यवस्थापन र सञ्चालन | विद्यार्थी सङ्ख्या | २२७४ | २२०८ | २२२५ | २३१२ | २४१४ | ११३८६ | १२५८६ |
| आधारभूत तहमा अध्ययनरत विद्यार्थीमध्ये करिब २०% विद्यार्थीलाई मागमा आधारित साधारण छात्रवृत्ति | विद्यार्थी सङ्ख्या | ९७६ | ९२५ | ८८१ | ८३८ | ८२७ | ५ | ५ |
| आवासीय सुबिधा प्राप्त गर्ने बाहेकका विभिन्न अपाङ्गता भएका विद्यार्थीलाई थप सुबिधा बापतको बजेट | विद्यार्थी सङ्ख्या | २३ | २५ | ११ | १६ | ५ | ५० | ५० |
| कक्षा ६-८ का छात्राहरूलाई Sanitary Pad वितरण | विद्यार्थी सङ्ख्या | १११३ | १०२८ | ९१८ | ७७१ | ६९२ | ४५२२ | ४५२२ |
| विद्यालयहरूमा ICT lab स्थापना र ICT learning materials व्यवस्थापन | विद्यालय सङ्ख्या | ० | २ | २ | २ | २ | ८ | १९ |
| SMCs र PTAs को क्षमता अभिबृद्दी र अभिभावकहरूलाई सचेतना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| आधारभूत तहको अन्तिम परीक्षा (कक्षा ८) व्यवस्थापन र सञ्चालन बापत स्थानीय तहलाई | विद्यार्थी सङ्ख्या | १२१९ | ११६९ | ११७१ | ९२२ | ७८६ | ५२६७ | १०५३४ |
| विद्यार्थी भर्ना र टिकाउका लागि घरदैलो अभियान | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| विद्यालय स्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

## ३.३ माध्यमिक शिक्षा

### परिचय

नेपाल सरकारले कक्षा ९-१२सम्मको शिक्षालाई माध्यमिक शिक्षाका रूपमा परिभाषित गरेको छ। कक्षा ९-१० र ११ - १२ गरी दुई समूहमा माध्यमिक शिक्षाको व्यवस्थापन हुँदै आएको छ । त्यसै गरी कक्षा ९-१२ मा साधारण विद्यालयमा प्राविधिक धारका शैक्षिक कार्यक्रम सञ्चालन हुँदै आएका छन्। यसरी साधारण तथा प्राविधिक धारका माध्यमिक शिक्षा पद्दतिमार्फत देशले चाहेअनुसारको विकासका लागि सक्षम नागरिक तयार गर्ने प्रयास हुँदै आएका छन्।

माध्यमिक शिक्षा उच्च शिक्षा अध्ययनको आधारका रूपमा रहन्छ। राष्ट्रिय तथा अन्तराष्ट्रिय जगतमा हुने प्रतिस्पर्धामा सक्षम मानवस्रोत विकासका लागि शिक्षाले महत्त्वपूर्ण भूमिका खेल्नु पर्छ। माध्यमिक तहको शिक्षाले उच्च शिक्षाका लागि आवश्यक व्यक्ति तयार गर्नुपर्ने भएकाले माध्यमिक शिक्षालाई उच्च शिक्षासँग सहसम्बन्धित गराउनु पर्छ। साथै माध्यमिक तहसम्मको निःशुल्क शिक्षामा अपाङ्गता भएका बालबालिकाको शैक्षिक अधिकारसमेत सुनिश्चित गर्नुपर्ने अवस्था विद्यमान रहेको छ।

नेपालको संविधानबमोजिम आधारभूत तथा माध्यमिक शिक्षाको सञ्चालन तथा व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहमा रहेको छ । विद्यालय शिक्षालाई थप व्यवस्थित गर्न नेपाल सरकारले राष्ट्रिय पाठ्यक्रम प्रारूप विकास गरी कार्यान्वयनमा ल्याएको छ । यसअन्तर्गत माध्यमिक तहको शिक्षाको सक्षमताहरू तय गरिएका छन् । हालै नेपाल सरकारले समग्र शिक्षा पद्दतिलाई राष्ट्रिय योग्यता प्रारूपका आधारमा व्यवस्थित गर्ने गरी कार्यहरू प्रारम्भ गरेको छ। माध्यमिक शिक्षामा प्राविधिक धारको पाठ्यक्रम पनि पठनपाठनमा रहेको छ । माध्यमिक तहमा संस्कृत धारको पाठ्यक्रममा आधारित विद्यालयहरू पनि सञ्चालन हुँदै आएका छन्।

### ३.३.१ विद्यमान अवस्था

शिक्षा तथा मानवस्रोत विकास केन्द्रबाट प्रकाशित फ्ल्यास प्रतिवेदन सन् २०२१-२०२२अनुसार माध्यमिक तह कक्षा ९-१२ मा कूल १७६९४५५ विद्यार्थी अध्ययन गरिरहेका छन्। जसमध्ये १०७९३५२ जना (६१.० %) कक्षा ९-१० मा र बाँकी ६९०१०२ जना (३९.० %) कक्षा ११-१२ मा अध्ययनरत रहेका छन्। छात्राको सहभागिता कक्षा ९-१० मा ४९.४९ प्रतिशित र कक्षा ११-१२ मा ५१.७ प्रतिशत रहेको अवस्था विद्यमान छ। त्यसैगरी लैङ्गिक समता दरको अवस्था कक्षा ९-१० मा १.०१ प्रतिशत र कक्षा ११-१२ मा ०.९३ प्रतिशत रहेको छ। सहजै देखिने भर्ना दरको हकमा कक्षा ९-१० मा ९७.८५ प्रतिशत र कक्षा ११-१२ मा ६२.८ प्रतिशत रहेको छ। खुद भर्ना दरको हकमा कक्षा ९-१० मा ७६.०५ प्रतिशत र कक्षा ११-१२ मा ५६ .० प्रतिशत रहेको छ।

कञ्चन गाउँपालिकाको शैक्षिक अवस्थालाइ विश्लेशण गर्दा माध्यमिक तहमा कूल १७ विद्यालय छन । ९-१० सञ्चालन भएका ११ वटा र १२सम्म सञ्चालन भएका ६ वटा विद्यालय छन। कूल १७ विद्यालय मध्य १० वटा सामुदायिक र ७ वटा संस्थागत विद्यालय छन। समग्रमा कूल २७४३ जना (सामुदायिकमा २२९२ जना र संस्थागतमा ४५१) विद्यार्थी माध्यमिक तहमा अध्ययनरत रहेका छन्। जसमा छात्र १४०९ र छात्रा १३३४ जना अध्ययनरत रहेको अवस्था छ। जसमध्ये कक्षा ९-१० मा १७६७ जना र बाँकी ९७६ जना कक्षा ११-१२ मा अध्ययनरत रहेका

छन् । छात्राको सहभागिता कक्षा ९-१० माध्यमिक तहमा सहजै देखिने र खुद भर्ना दर क्रमशः १०२.१, ६१.३ रहेको छ । माध्यमिक तहमा शिक्षक ८७ जना र शिक्षक विद्यार्थी अनुपात ३१.५२ रहेको छ । त्यसै सामुदायिक विद्यालयको हेर्दा माध्यमिक तहमा शिक्षक ६४ जना र शिक्षक विद्यार्थी अनुपात ३५.८ रहेको छ ।

माध्यमिक शिक्षामा सबै बालबालिकाको समतामूलक पहुँच पुऱ्याउन यस गाउँपालिकामा भएका तथ्यगत तथ्याङ्क निम्नअनुसार रहेको छ ।

| क्र.सं. | सूचक | हालको अवस्था |
|---|---|---|
| १. | माध्यमिक तह कक्षा ९ देखि १२ को खुद भर्ना दर | ७४.५ |
| २. | माध्यमिक तहको कक्षा ९ देखि १२ को कूल भर्ना दर | १०२.१ |
| ३. | माध्यमिक तह (कक्षा ९–१२) मा कूल भर्ना दरमा लैङ्गिक समता सूचक | ०.९५ |

*श्रोतः IEMIS २०८१*

**जातिगत र तहगत शैक्षिक वर्ष २०८१ को माध्यमिक तहमा जम्मा विद्यार्थी सङ्ख्या (सामुदायिक तथा संस्थागत)**

| कक्षा | दलित | | जनजाति | | अन्य | | जम्मा | | अपाङ्गता | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र |
| ९ | ७१ | ७९ | १५३ | १८५ | १३१ | २०३ | ३५५ | ४६७ | १ | १ |
| १० | ९४ | ८८ | १९६ | २०२ | १६४ | २०१ | ४५४ | ४९१ | ० | ३ |
| ११ | ४५ | ३१ | ८० | ८२ | १५ | २२ | १४० | १३५ | १ | १ |
| १२ | ६५ | ६७ | १९६ | १३८ | १२४ | ११० | ३८५ | ४६७ | ३ | १ |
| **जम्मा** | **२७५** | **२६५** | **६२५** | **६०७** | **४३४** | **५३६** | **१३३४** | **१४०९** | **५** | **६** |

*श्रोतः IEMIS २०८१*

**२०८० सालको परीक्षाको नतिजा बमोजिम सामुदायिक विद्यालयको कक्षागत सिकाइ उपलब्धि**

| **विषयहरू** | **कक्षा ९** |
|---|---|
| नेपाली | २.४३ |
| अङ्ग्रेजी | २.४२ |
| गणित | २.०६ |
| विज्ञान तथा प्रविधि | २.२४ |
| सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | २.१८ |
| OPT I | १.६४ |
| OPT II | १.६६ |

***स्रोतः IEMIS Dashboard Report २०८०***

### क. समस्या

१. भवन तथा कक्षाकोठा पर्याप्त नहुनु,

२. सबै विद्यालय भवन भूकम्प प्रतिरोधी नहुनु,

३. शौचालयको अवस्था कमजोर हुनु र छात्र/छात्रा/अपाङ्ग मैत्री शौचालयको अभाव हुनु,

४. खानेपानीको अवस्था कमजोर हुनु र भएकामा पनि बालमैत्री पक्षलाई ध्यान नदिइनु,

५. विद्यालयमा सूचना र सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाइका लागि आवश्यक कम्प्युटर ल्याब नहुनु,
६. विज्ञान ल्याब नहुनु र भएको पनि उचित मात्रामा प्रयोगमा नआउनु,
७. सिकाइका लागि पुस्तकालय र आवश्यक पुस्तकहरूको अभाव हुनु,
८. विद्यालयमा घेराबारको व्यवस्था नहुनु,
९. विद्यालयमा उपयुक्त खेल मैदानको व्यवस्था नहुनु,
१०. प्राविधिक धार सञ्चालन भएको विद्यालयमा प्रयोगशालाको व्यवस्थापन र प्रयोग प्रभावकारी नहुनु,
११. माध्यमिक तहमा विषयगत शिक्षकहरूको अवस्था अपर्याप्त रहनु,
१२. विद्यालय वातावरण तथा भौतिक संरचना बाल मैत्री, लैङ्गिक मैत्री, अपाङ्गता मैत्री तथा प्रविधि मैत्री नहुनु,
१३. शिक्षकमा प्रविधि मैत्री शिक्षण सिकाइका लागि अत्यावश्यक सक्षमता विकास नहुनु,
१४. अभिभावकको शिक्षा सुधार तथा विकास प्रति कम चासो हुनु,
१५. विद्यालयमा सुपरीवेक्षण तथा अनुगमन गर्ने पद्दति विकास हुन नसक्नु,
१६. अपाङ्गता भएका तथा अन्य सिमान्तकृत समुदायका बालबालिकाका लागि पर्याप्त छात्रवृत्ति तथा अन्य शैक्षिक सहयोगका कार्यक्रमहरू सञ्चालन नहुनु,
१७. विद्यालयमा शैक्षिक व्यवस्थापनको पक्ष कमजोर हुनु ।

**ख. चुनौती**

गाउँपालिकाका माध्यमिक शिक्षाका प्रमुख शैक्षिक चूनौतीहरू देहायबमोजिम रहेका छन्:

१. नक्साङ्कनका आधारमा विद्यालयलाई व्यवस्थित गर्नु,
२. विद्यालय भौतिक संचनामा सुधार गरी विद्यालयलाई अपाङ्ग मैत्री बालमैत्री, लैङ्गिक मैत्री र प्रविधि मैत्री बनाउनु,
३. विद्यालयमा सामाजिक समावेशीकरण र समतामूलक पहुँच सुनिश्चित गर्नु,
४. माध्यमिक शिक्षामा गुणस्तर सुधार गर्नु,
५. माध्यमिक शिक्षामा व्यवस्थापन प्रभावकारिता सुनिश्चित गर्नु,
६. शिक्षालाई गुणस्तरीय, व्यवहारिक, प्रविधिमैत्री बनाउन मागअनुसारका सिपयुक्त जनशक्ति विकास गर्नु,
७. माध्यमिक तह (११-१२) लाई निःशुल्क शिक्षा प्रदान गर्नु ।

**ग. अवसर**

१. विद्यमान ऐन कानुन तथा नियमावलीले माध्यमिक शिक्षाको विकासका लागि कार्यक्रम तय गरी कार्यान्वयनमा जाने पर्याप्त कानुनी आधार हुनु,
२. पालिकालाई कानुन बनाइ शिक्षा विकास योजना तथा कार्यक्रम सञ्चालन गर्ने अधिकार हुनु,
३. स्थानीय सरकारले शिक्षा क्षेत्रको विकासका लागि बृहत योजना तयार गरी कार्यान्वयनमा जाने प्रतिबद्धता जाहेर गर्नु,

४. शिक्षक तथा विद्यार्थीमा सूचना, सञ्चार तथा प्रविधिमा आधारित शैक्षिक क्रियाकलाप सञ्चालन गर्नुपर्छ भन्ने मान्यता विकास हुँदै जानु ।

**३.३.२ उद्देश्य**

१. माध्यमिक शिक्षाको समतामूलक पहुँच र गुणस्तर सुनिश्चित गर्ने,
२. माध्यमिक शिक्षामा अभिभावकको शैक्षिक सहभागिता अभिवृद्धि गर्ने,
३. शैक्षिक व्यवस्थापनमा सुधार गर्ने,
४. सुरक्षित विद्यालय वातावरणमा प्रविधिमा आधारित सिकाइलाई संस्थागत गरी विपद् तथा संकटपूर्ण अवस्थामा शैक्षिक निरन्तरता प्रदान गर्ने ।

**३.३.३ रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| क) माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गर्ने | (१) नक्साङ्कनका आधारमा विद्यालयको पुनर्व्यवस्थापन गरिनेछ,<br>(२) सबै बालबालिकालाई समावेशी तथा गुणस्तरीय माध्यमिक शिक्षाको पहुँच र अवसरमा सुनिश्चित गरिनेछ,<br>(३) विद्यालयसँगको सहकार्यमा विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका सबै बालबालिकालाई विद्यालयमा ल्याइनेछ,<br>(४) साधारण माध्यमिक शिक्षाको धारमा सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षालाई सम्भाव्यताका आधारमा विस्तार गरिनेछ,<br>(५) अपाङ्गता भएका, गरिब तथा सामाजिक तथा आर्थिक रूपमा समुदायका बालबालिकालाई निःशुल्क पोशाक, शैक्षिक सामग्री सहयोग उपलब्ध गराई माध्यमिक शिक्षाको शैक्षिक अवसर सुनिश्चित गरिनेछ । |
| ख) सहजकारी सिकाइ वातवारणमा शिक्षाको गुणस्तर सुधार गर्ने | (१) विद्यालयमा न्यूनतम सिकाइ वातावरण तयार गर्न आवश्यक भौतिक संरचनाको विकास गरिनेछ,<br>(२) विद्यालयलाई बालमैत्री, अपङ्गता मैत्री, लैङ्गिक मैत्री, प्रविधि मैत्री र उत्थानशील बनाइनेछ,<br>(३) उपचारात्मक शिक्षण सिकाइको अवलम्बन गरी सिकाइ अवस्था कमजोर भएका बालबालिकाहरूको सिकाइ उपलब्धिमा सुधार गरिनेछ,<br>(४) विद्यालयमा विज्ञान, सूचना र सञ्चार प्रविधिसम्बन्धी प्रयोगशाला विकास गरिनेछ,<br>(५) विद्यालयमा भय तथा विभेद रहित, सुरक्षित र जोखिममुक्त शैक्षिक वातावरण निर्माण गरिनेछ,<br>(६) प्रभावकारी शिक्षक व्यवस्थापन, आवश्यकता तथा सक्षमतामा आधारित शिक्षक पेसागत विकास कार्यक्रम सञ्चालन गरिनेछ,<br>(७) छात्राका लागि निःशुल्क सेनिटरी प्याड वितरण गरिनेछ र स्वास्थ्य कर्मी परिचालन गरी किशोर किशोरीलाई स्वास्थ्य सरसफाई तथा प्रजनन स्वास्थ्य र |

| रणनीति | कार्यनीति |
|---|---|
| | सुरक्षित व्यवहारका बारेमा सचेतीकरण गरिनेछ,<br>(८) विद्यार्थी सङ्ख्या तथा विषयगत शिक्षण सिकाइका आधारमा शिक्षक दरबन्दीको व्यवस्थापन गरिनेछ,<br>(९) शिक्षक विद्यार्थी अनुपातलाई व्यवस्थित गरिनेछ,<br>(१०) सिकाइ मूल्याङ्कनलाई भरपर्दो र व्यावहारिक बनाइनेछ,<br>(११) विद्यालयको भौतिक संचनालाई बालमैत्री, लैङ्गिक मैत्री, अपाङ्गता मैत्री, प्रविधि मैत्री र उत्थानशील बनाइनेछ,<br>(१२) विद्यालयमा प्राथमिक उपचार किटको व्यवस्था गरिनेछ। |
| ग) शैक्षिक व्यवस्थापनलाई जिम्मेवार र जवाफदेहि बनाउने | (१) अनलाइन र अफलाइन पाठ्यसामग्रीहरूको विकास तथा प्रयोग गरी विपद्मा पनि शिक्षण कार्यलाई निरन्तरता प्रदान गरिनेछ,<br>(२) शिक्षण सिकाइलाई अनुसन्धानमा आधारित गर्न शिक्षकलाई प्रोत्साहन गरिनेछ,<br>(३) विद्यालय व्यवस्थापन समितिका पदाधिकारीको नेतृत्व क्षमता विकास कार्यक्रम सञ्चालन गरी परिचालन गरिनेछ,<br>(४) विद्यालय सुधार योजनामा आधारित शैक्षिक कार्यक्रम विकास तथा सञ्चालनमा प्राथमिकता प्रदान गरिनेछ,<br>(५) विद्यालय बाहिर रहेका बालबालिकाको बास्तविक तथ्याङ्क तयार गरी तथ्याङ्कमा आधारित शैक्षिक कार्यक्रम विकास तथा कार्यान्वयन गरिनेछ,<br>(६) विद्यालयमा नियमित रूपमा सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाईका कार्यक्रमहरू सञ्चालन गरिनेछ,<br>(७) विद्यार्थी प्रगति प्रतिवेदनको व्यवस्था गरी शिक्षक तथा अभिभावकलाई सिकारुको सिकाइ प्रति जिम्मेवार बनाइनेछ,<br>(८) शिक्षक प्रोत्साहन कार्यक्रमका आधारमा प्रभावकारी शिक्षण सिकाइ प्रति आकर्षित गरिनेछ। |
| घ) शैक्षिक विकास तथा सिकाइ सुधारमा अभिभावकको सक्रियता अभिवृद्धि गर्ने | (१) नियमित रूपमा विद्यालय अभिभावक अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ,<br>(२) अभिभावक सचेतीकरण कार्यक्रम सञ्चालन गरी शैक्षिक गतिविधिमा उनीहरूको सक्रिय सहभागिता सुनिश्चित गरिनेछ। |
| ङ) जिवनोपयोगी सिकाइलाई मूल्याङ्कन प्रणालीमा जोड्ने | (१) जिवनउपयोगी सिकाइसँग जोडेर विद्यार्थी मूल्याङ्कन प्रणालीको व्यवस्थापन गरिनेछ,<br>(२) गरेर सिक्ने (Learning By Doing) को मान्यतालाइ प्रयोगमा ल्याइनेछ,<br>(३) अतिरिक्त तथा सह क्रियाकलापको माध्यमबाट विद्यार्थीको क्षमता विकास गर्नका लागि दक्ष शिक्षकको व्यवस्थापन गरिनेछ। |

### ३.३.४ प्रमुख उपलब्धि तथा नतिजा

**अपेक्षित उपलब्धिहरू**

(क) विद्यालय भवन बालमैत्री अपाङ्गमैत्री तथा प्रविधि मैत्री हुनेछ।

(ख) विद्यालयमा विषयगत शिक्षक दरबन्दीको व्यवस्था भएको हुनेछ।

(ग) शिक्षकले सूचना सञ्चार तथा प्रविधिमा आधारित आधुनिक शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरेको हुनेछ।

(घ) विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार भएको हुनेछ।

(ङ) विद्यालयमा पुस्तकालय, विज्ञान प्रयोगशाला, आइसिटी प्रयोगशाला र ई लाईब्रेरीको स्थापना भई कार्यान्वयनमा आएको हुनेछ।

(च) माध्यमिक शिक्षामा खुद भर्ना तथा टिकाउ दरमा वृद्धि भएको हुनेछ।

(छ) विद्यालय भय र विभेद रहित तथा सुरक्षित सिकाइ वातावरणको निर्माण भएको हुनेछ।

(ज) विद्यालय विपत् प्रति उत्थानशील हुने र विपद् प्रतिकार्य योजनाका आधारमा संकटपूर्ण अवस्थामा सिकाइको निरन्तरता भएको हुनेछ।

(झ) शिक्षामा सुशासन कायम हुनेछ।

(ञ) गरिब तथा जेहन्दार बालबालिकाले शैक्षिक सहयोग प्राप्त गरी माध्यमिक तहसम्मको शिक्षा हासिल गरेको हुनेछ।

(ट) बालबालिकाले स्वास्थ्य, सरसफाई र प्रजनन स्वास्थ्यका बारेमा स्वास्थ्य कर्मीबाट ज्ञान तथा सिप विकास गरी दैनिक व्यवहारमा प्रयोग गरेको हुनेछ।

(ठ) विद्यालय व्यवस्थापन समितिका पदाधिरकारीले विद्यालय व्यवस्थापन तथा नेतृत्व विकाससम्बन्धी क्षमता विकास भई प्रयोगमा आएको हुनेछ।

(ड) विद्यालयमा सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन भई पारदर्शिता तथा जवाफदेही संस्कार विकास भएको हुनेछ।

(ढ) विद्यालयमा प्राथमिक उपचार किटको व्यवस्था भई प्रयोगमा आएको हुनेछ।

(ण) शिक्षकले प्रोत्साहनमूलक कार्यक्रममा सहभागी भई प्रभावकारी शिक्षण सिकाइ प्रति आकर्षित भएको हुने।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | इकाइ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक तह (कक्षा ९-१०) मा भर्ना भएका विद्यार्थी सङ्ख्या | विद्यार्थी सङ्ख्या | १७६७ | १५३३ | १५५३ | १६५५ | १५७५ |
| २ | माध्यमिक तह (कक्षा ११-१२) मा भर्ना भएका विद्यार्थी सङ्ख्या | विद्यार्थी सङ्ख्या | १११० | १२०० | १६५० | १४३९ | १४६८ |

| क्र.सं. | सूचक | इकाइ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| ४ | न्यूनतम सिकाइ सबलीकरण मापदण्ड(MEC) पूरा गरेका माध्यमिक विद्यालय सङ्ख्या | विद्यालय सङ्ख्या | १२ | १३ | १४ | १५ | १७ |
| ५ | विद्यालयहरू बालमैत्री, समावेशीतथा सुरक्षित हुने। | विद्यालय सङ्ख्या | १२ | १३ | १४ | १५ | १७ |
| ६ | शिक्षकको क्षमता बिकास | विद्यालय सङ्ख्या | १० | १० | १० | १० | १० |

### ३.३.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| प्रमुख कार्यक्रम | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | पहिलो पाँच वर्ष | | | | | | दोस्रो पाँच वर्ष २०९० |
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | |
| माध्यमिक तहसम्म सञ्चालित विद्यालयहरूको सङ्ख्या | विद्यालय सङ्ख्या | १० | १० | १० | १० | १० | १० | १० |
| सबै प्रकार र तहका विद्यालय नक्साकंन, समायोजन र पुनर्वितरण कार्यक्रम सञ्चालन | पटक | ० | १ | ० | ० | १ | २ | २ |
| सामुदायिक माध्यमिक विद्यालयमा (कक्षा ९-१२) स्वीकृत र राहत दरबन्दीमा कार्यरत शिक्षकका लागि तलब भत्ता | शिक्षक सङ्ख्या | ५२ | ५२ | ५२ | ५२ | ५२ | २६० | २६० |
| माध्यमिक तह (कक्षा ९-१२) का लागि प्र.अ.भत्ता | विद्यालय सङ्ख्या | १० | १० | १० | १० | १० | १० | १० |
| सामुदायिक माध्यमिक तह (कक्षा १-१० र १-१२) विद्यालयहरूमा कार्यरत कर्मचारी र सहायक कर्मचारीहरूका लागि तलब भत्ता | विद्यालय सङ्ख्या | १० | १० | १० | १० | १० | १० | १० |
| सामुदायिक माध्यमिक तह (कक्षा १-१० र १-१२) विद्यालयहरूमा कार्यरत लेखा र प्रशासनिक कर्मचारीहरूका लागि तलब भत्ता | विद्यालय सङ्ख्या | १० | १० | १० | १० | १० | १० | १० |
| माध्यमिक विद्यालय (कक्षा १-१२) का लागि सञ्चालन र व्यवस्थापन | विद्यालय सङ्ख्या | १० | १० | १० | १० | १० | १० | १० |

| प्रमुख कार्यक्रम | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | पहिलो पाँच वर्ष | | | | | | दोस्रो पाँच वर्ष २०९० |
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | |
| (SIP निर्माण/अद्यावधिक, शिक्षण सिकाइ सामग्री, कम्तिमा १/१ सेट पाठ्यक्रम र शिक्षक निर्देशिका, Book Corner, इन्टरनेट सुबिधा, शुद्ध पिउने पानी, बिद्धुत महशुल, आदि) | | | | | | | | |
| माध्यमिक विद्यालय (कक्षा १-१२) का लागि (SIP निर्माण/अद्यावधिक, SMC का सदस्यहरूको क्षमता विकास, अभिभावक शिक्षा, अतिरिक्त क्रियाकलाप, सामाजिक परीक्षण, EMIS व्यवस्थापन, School report card विकास र प्रयोग, School bulletin प्रकाशन, आदिका लागि) | विद्यालय सङ्ख्या | १० | १० | १० | १० | १० | १० | १० |
| माध्यमिक तह (कक्षा ९-१०) का लागि पाठ्यपुस्तक खरिद र वितरण | विद्यार्थी सङ्ख्या | १२९४ | १२९४ | १२९४ | १२९४ | १२९४ | १२९४ | १२९४ |
| माध्यमिक तह (कक्षा ११-१२) का लागि पाठ्यपुस्तक खरिद र वितरण | विद्यार्थी सङ्ख्या | १००७ | १००७ | १००७ | १००७ | १००७ | ५०३५ | १००७० |
| माध्यमिक तहका विद्यार्थीमध्ये (कक्षा ९-१०) अतिविपन्न छात्रवृत्ति (Pro-poor targeted Scholarship) का लागि छनौट भएका विद्यार्थीलाई छात्रवृत्ति वितरण | विद्यार्थी सङ्ख्या | १४२ | १६८ | १८१ | १९४ | २०७ | ८९२ | १७८४ |
| माध्यमिक तहका विद्यार्थीमध्ये (कक्षा ११-१२) अतिविपन्न छात्रवृत्ति (Pro-poor targeted Scholarship) का लागि छनौट भएका विद्यार्थीलाई छात्रवृत्ति वितरण | विद्यार्थी सङ्ख्या | १२१ | १३१ | १४१ | १५१ | १६१ | ७०५ | ८६६ |
| कक्षा ९-१२ का छात्राहरूलाई Sanitary Pad वितरण | | ११९४ | १३५० | १२९३ | १२७९ | १२५१ | ६४०० | ६४०० |
| माध्यमिक विद्यालय तहमा पुस्तकालय स्थापना र सञ्चालन | विद्यालय सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | ५ |
| माध्यमिक विद्यालय तहमा बिज्ञान प्रयोगशाला स्थापना र सञ्चालन | विद्यालय सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | ५ |
| माध्यमिक विद्यालय तहमा ICT | विद्यालय | १ | १ | १ | १ | १ | ५ | ५ |

| प्रमुख कार्यक्रम | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | पहिलो पाँच वर्ष | | | | | | दोस्रो पाँच वर्ष २०९० |
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | |
| प्रयोगशाला स्थापना, सिकाइ सामग्री र सञ्चालन | सङ्ख्या | | | | | | | |
| कक्षा ९-१२ मा प्राविधिक धार सञ्चालन भएका विद्यालयमा प्रत्ति विद्यार्थी सिकाइ सामग्री, प्रयोगशाला सहयोग, औजार/सामग्री, प्रयोगात्मक सामग्री, OJT र सञ्चालन खर्च | विद्यार्थी सङ्ख्या | १२४ | १३० | १४५ | १६५ | १७५ | ९२९ | १००० |
| कक्षा ९-१२ मा प्राविधिक धार सञ्चालन भएका विद्यालयमा प्रयोगशाला स्थापना, औजार/सामग्री खरिद र व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| पुस्तकालय व्यवस्थापन तथा निर्माण | विद्यालय सङ्ख्या | ० | २ | ० | २ | ० | ४ | ४ |
| सिकाइ उपलब्धि कमजोर भएका बालबालिकाहरू लक्षित सिकाइ सहयोग कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| अभिभावक सचेतीकरण कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन | विद्यार्थी सङ्ख्या | १० | १० | १० | १० | १० | ५० | ५० |

## ३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम

प्राविधिक तथा व्यावसायिक शिक्षा आर्थिक र सामाजिक विकासको मेरुदण्डका रूपमा रहन्छ। आधारभूत विद्यालय शिक्षापश्चात् प्राविधिक तथा व्यावसायिक शिक्षा पढ्नेको दर उच्च हुने गरेको अवस्था विश्व परिवेशमा पाइन्छ । प्राविधिक तथा व्यावसायिक शिक्षाबाट उत्पादित जनशक्तिको स्थानीय श्रमबजारमा हुने प्रवेश र प्रतिफलका रूपमा आर्जन हुने आर्थिक स्रोत नै गाउँपालिकाको विकास तथा समृद्धिको आधार हुने गर्छ। प्राविधिक शिक्षाले रोजगारीका अवसरहरूको सिर्जना गर्छ । आर्थिक विकासका लागि आवश्यक प्राविधिक जनशक्ति उत्पादन र आपूर्ति गर्ने काम प्राविधिक शिक्षा तथा व्यावसायिक सिप विकासबाट हुन्छ । यसका लागि प्राविधिक तथा व्यावसायिक शिक्षाको सहज पहँच, समन्वयात्मक एवं गुणस्तरीय प्रणाली विकास र दिगो लगानीको सुनिश्चितता अत्यावश्यक हुन्छ।

नेपालमा हाल सञ्चालनमा रहेका प्राविधिक तथा व्यावसायिक शिक्षाका कार्यक्रम मागमुखी हुन नसकेको भन्ने जनगुनासाहरू आउने गरेका छन्। परम्परागत रूपमा पाठ्यक्रम विकास हुने र शिक्षण सिकाइमा पनि आधुनिकीकरण

हुन अझै नसकेको अवस्था बेला बेलामा अध्ययन तथा अनुसन्धानले औँल्याउने गरेको अवस्था देखिन्छ । प्रविधि, नवीनतम सिप, नैतिक शिक्षा, सूचना एवं समन्वय र उद्यमशीलता जस्ता ज्ञान एवं सिप विकासको सुनिश्चित गर्ने गरी प्रविधिक शिक्षा तथा व्यावसायिक सिप विकासका कार्यक्रम सञ्चालन हुने गरेको अवस्था सुनिश्चित हुन सकेको छैन । यसका कारण नेपाली विद्यार्थीले स्वदेशी तथा विदेशी श्रमबजारमा खरो रूपमा प्रतिस्पर्धा गर्न नसकेको अवस्था पनि देखिएका छन् ।

सीमान्तकृत समुदायका व्यक्तिहरू, दुर्गम तथा भौगोलिक विकटता, आर्थिक विपन्नता आदिका कारण प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको अवसरबाट बञ्चित हुने गरेको अवस्था छ । यसलाई शीघ्र अन्त्य गर्न जरुरी छ । यसका लागि प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा सीमान्तकृत समुदायका विद्यार्थीको पहुँच बढाउन थप सहयोगात्मक एवम् लक्षित कार्यक्रमहरू गर्नुपर्छ । त्यसै गरी प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकासका कार्यक्रममा श्रम बजार तथा व्यापार र उद्योग क्षेत्रको सक्रिय सहभागिता र सहकार्य बढाउन प्रोत्साहन गर्नुपर्ने हुन्छ ।

### ३.४.१ वर्तमान अवस्था

प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा समतामूलक पहुँच विस्तारका लागि थप प्रयास जरुरी छ । विशेष गरी दुर्गम क्षेत्रमा बसोवास गर्ने तथा आर्थिक र सामाजिक रूपमा कमजोर अवस्थामा रहेका समुदायका सबै बालबालिकाले प्राविधिक शिक्षा पाउने वातावरण सिर्जना हुन सकेको छैन । त्यसै गरी प्राविधिक शिक्षा तथा व्यावसायिक सिप विकासका सम्बन्धमा विभिन्न समस्याहरू रहेको अवस्था पनि विद्यमान छ । कार्यक्रम तथा पद्दतिको गुणस्तर, समय सापेक्षता र दक्षता अभिवृद्धि गर्न जरुरी छ । व्यवस्थापन प्रभावकारीता एवं दक्षता अभिवृद्धि गरी गुणस्तरीय जनशक्ति उत्पादन गर्न र उत्पादित जनशक्तिको श्रमबजारमा सहज आपूर्ति र खपत हुने वातावरण विकास गर्न आवश्यक छ ।
औपचारिक प्राविधिक तथा व्यावसायिक शिक्षालाई दुई प्रकार र पद्दतिबाट विकसित गरिदै आएको छ । पहिलो साधारण माध्यमिक विद्यालयमा आधारित प्राविधिक शिक्षा रहेको छ । यसमा साधारण धारका सामुदायिक विद्यालयमा कक्षा ९ देखि १२सम्मको प्राविधिक धारमा आधारित पाठ्यक्रमअनुसार माध्यमिक शिक्षा सञ्चालन गर्ने गरिएको छ । यस अन्तर्गत हाल विभिन्न विद्यालयहरू सञ्चालन हुँदै आएका छन् । दोस्रो प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदबाट सञ्चालित प्राविधिक शिक्षालयमा आधारित शिक्षा रहेको छ । यसमा प्रि डिप्लोमा र डिप्लोमाका पाठ्यक्रममा आधारित शैक्षिक कार्याक्रम सञ्चालन तथा व्यवस्थापन हुने गरेको छ । यसको व्यवस्थापन प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदबाट हुँदै आएको छ ।
यस गाउँपालिकामा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदबाट सञ्चालित प्राविधिक शिक्षालय नभए तापनि शिक्षा मन्त्रालयको शिक्षा विभागद्वारा अनुमति प्रदान गरि १ विद्यालयमा कक्षा ९बाट कम्प्युटर इन्जिनियरिङको अध्यापन भैरहेको छ । साथै व्यवसायिक तालिम लिन चाहनेका लागि पालिका स्तरमै पालिका तथा विभिन्न सङ्घसंस्थासँगको सहकार्यमा व्यवसायिक तालिम सञ्चालन भएका छन् ।

प्राविधिक विद्यालय को  विवरणः

**तालिका न. .........**

| कक्षा | प्राविधिक विद्यालय को नाम | छात्रा | छात्र | कैफियत |
|---|---|---|---|---|
| ९ | श्री हरैया माध्यमिक विद्यालय | १० | ३५ | |
| १० | श्री हरैया माध्यमिक विद्यालय | १४ | ३४ | |
| ११ | श्री हरैया माध्यमिक विद्यालय | ० | १२ | |
| १२ | श्री हरैया माध्यमिक विद्यालय | २ | १७ | |
| | जम्मा | २६ | ९८ | |

**समस्या**

(क) प्राविधिक शिक्षा तथा व्यावसायिक सिप विकासका लागि नक्साङ्कन तथा सम्भाव्यता अध्ययन नहुनु,

(ख) प्राविधिक शिक्षामा सबैको पहुँच सर्वसुलभ नहुनु,

(ग) प्राविधिक शिक्षा हासिल गरेका जनशक्तिको रोजगारीको अवस्था सुनिश्चितता नहुनु,

(घ) अभिभावकलाई प्राविधिक शिक्षा तथा व्यावसायिक सिप विकास प्रति आकर्षित गर्न नसकिनु,

(ङ) आर्थिक स्रोत व्यवस्थापनका लागि अधिकांश अभिभावकहरू सक्षम नहुनु,

(च) पर्याप्त पूर्वाधार तथा उपकरण सहितको शैक्षिक कार्यक्रम सञ्चालन नहुनु,

(छ) दक्ष प्रशिक्षक उपलब्ध हुन नसक्नु र प्रशिक्षकहरूको निरन्तरता कायम हुन नसक्नु,

(ज) सूचना सञ्चार तथा प्रविधिमा आधारित शैक्षिक कार्यक्रम सञ्चालन नहुनु ।

**चुनौती**

(क) नक्साङ्कनका आधारमा अत्यावश्यक पूर्वाधार सहितको प्राविधिक शिक्षा तथा व्यावसायिक सिप विकासको अवसर सर्बसुलभ बनाउनु,

(ख) प्राविधिक शिक्षा तथा व्यावसायिक सिप विकासको गुणस्तर अभिवृद्धि गर्नु,

(ग) प्राविधिक शिक्षा तथा व्यावसायिक सिप विकासमा उचित समन्वय र सहकार्यको वातावरण निर्माण गर्नु,

(घ) गरिब, विपन्न तथा सीमान्तकृत समुदायका बालबालिकाको प्राविधिक शिक्षा एवं सिपमूलक तालिमको पहुँचमा सुनिश्चित गर्नु,

(ङ) प्राविधिक शिक्षा तथा व्यावसायिक सिप विकासका लागि अत्यावश्यक लगानी सुनिश्चित गर्नु ।

**अवसर**

(क) श्रम बजारमा प्राविधिक जनशक्तिको माग बढ्दै जानु,

(ख) प्राविधिक जनशक्ति उत्पादन तथा रोजगारमुखी शिक्षा सङ्घीय बजेट तथा कार्यक्रममा प्राथमिकतामा पर्नु,

(ग) स्थानीय सरकारको नीति तथा कार्यक्रममा प्राविधिक शिक्षा तथा सिप विकासका अवसरहरूलाई प्राथमिकता प्रदान गर्नु ।

## ३.४.२ उद्देश्य

(क) प्राविधिक शिक्षा तथा व्यावसायिक सिप विकासको समतामूलक पहुँच सुनिश्चित गर्ने,

(ख) प्राविधिक शिक्षा तथा व्यावसायिक सिप विकासको गुणस्तर अभिवृद्धि गर्ने,

(ग) स्थानीय तहमा सिपमूलक रोजगारीका अवसर वृद्धि गर्ने।

### ३.४.३ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **क)** प्राविधिक शिक्षा तथा व्यावसायिक सिप विकासका समतामूलक अवसर सुनिश्चित गर्ने | (१) नक्साङ्कनका आधारमा प्राविधिक शिक्षा तथा व्यावसायिक सिप विकासका लागि विद्यालय तथा शिक्षालयको विस्तार गरिनेछ,<br>(२) प्राविधिक विद्यालयको भौतिक पूर्वाधार विकास गरिनेछ,<br>(३) पालिकामा एक वहुप्राविधिक शिक्षालय सञ्चालन गरिनेछ,<br>(४) स्थानीय उद्योग तथा यससँग सम्बन्धित कार्य गर्ने निकायहरूसँग समन्वय र सहकार्यमा प्राविधिक शिक्षा तथा व्यावसियक सिप विकासको अवसर वृद्धि गर्न गरिनेछ,<br>(५) दलित, अपाङ्गता भएका व्यक्ति तथा विपन्न वर्गको पहुँच सुनिश्चित गर्न छात्रवृत्ति, शैक्षिक सामग्री लगायतका प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिनेछ,<br>(६) अनौपचारिक रूपमा हासिल ज्ञान तथा सिप प्रमाणीकरण गरी समकक्षता प्रदान गर्न प्रदेश तथा सघ सरकारसँग समन्वय गरी परिक्षण तथा प्रमाणीकरण गरिनेछ। |
| **ख)** प्राविधिक शिक्षा तथा व्यावसायिक सिपको गुणस्तर अभिवृद्धि गर्ने | (१) प्राविधिक धार सञ्चालन भएका साधारण विद्यालयमा गुणस्तरीय सिकाइ वातावरण निर्माण गरिनेछ,<br>(२) प्राविधिक शिक्षा तथा व्यावसायिक सिप विकासको गुणस्तर सुधारका लागि प्रयोगशाला कक्ष विकास गरिनेछ,<br>(३) प्राविधिक धारमा कार्यरत प्रशिक्षकहरूको क्षमता विकास गरी प्रभावकारी शिक्षण सिकाइका लागि थप सहजीकरण गरिनेछ,<br>(४) शिक्षण सिकाइ प्रक्रियालाई आइसिटीमा आबद्ध गरी आधुनिकीकरण गरिनेछ। |
| **ग)** सिपयुक्त रोजगारमूलक एवम् प्रतिस्पर्धी जनशक्ति तयार गर्न विद्यालयमा आधारित सिप विकासका अवसर सिर्जना गर्ने | (१) मागमा आधारित छोटो र लामा अवधिका सिपमूलक एवं उद्यमशील तालिम सञ्चालन गरिनेछ,<br>(२) स्वरोजगारमुखी जनशक्ति विकासका लागि पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन गरिनेछ,<br>(३) निजी क्षेत्रसँगको सहकार्यमा विद्यालय तथा समुदायमा आधारित सिप विकासका कार्यक्रम सञ्चालन गरिनेछ,<br>(४) श्रम बजार खोजीका लागि सहजिकरण गरिनेछ,<br>(५) परम्परागत ज्ञान तथा सिपको उद्यमीकरण गरिनेछ। |

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्राविधिक शिक्षाका लागि नक्साङ्कन साथै व्यवस्थित हुने विद्यालय सङ्ख्या | ० | १ | ० | ० | ० | ० |

| क्र. सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| २ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदान गर्ने विद्यालय सङ्ख्या | १ | ० | १ | ० | १ | ० |
| ३ | माध्यमिक तहमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा भर्ना भएका विद्यार्थी सङ्ख्या | १२४ | १३० | १४५ | १६५ | १७५ | १९० |
| ४ | गरिब तथा विपन्न सिमान्तकृतहरूका लागि छात्रवृत्ति उपलब्ध गर्ने विद्यार्थी सङ्ख्या | ० | १० | १० | १० | १० | १० |

**प्रमुख कार्यक्रम तथा भौतिक लक्ष्य**

| प्रमुख कार्यक्रम | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | पहिलो पाँच वर्ष | | | | | | दोस्रो पाँच वर्ष |
| | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | २०९० |
| बहुप्राविधिक शिक्षालयको स्थापना | **पटक** | ० | ० | ० | ० | १ | **१** | **१** |
| रोजगार परामर्श सेवा | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| स्वरोजगार प्रवर्द्धन कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| प्राविधिक तथा व्यावसायिक विद्यालय | सङ्ख्या | ० | १ | ० | ० | १ | २ | २ |
| प्रयोगशाला व्यवस्थापन र स्तरोन्नति | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| युवाहरूलाई खोज तथा नवप्रवर्तनका लागि प्रोत्साहनमूलक कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| प्राविधिक शिक्षा अध्ययन गरेका युवाहरूलाई इन्टर्नसिप तथा उद्यमशीलता विकासका लागि कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

## ३.४ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

व्यक्तिमा संस्कार तथा संस्कृतिको विकास शिक्षाबाट हुन्छ। रीतिरिवाज, चालचलन, मानव सभ्यताको विकास र संरक्षणमा समेत शिक्षाले मद्दत गर्छ। त्यसैगरी शिक्षाको माध्यमबाट सामाजिक रुपान्तरणका लागि औपचारिक तथा अनौपचारिक शिक्षा अपरिहार्य हुन्छ। शिक्षा प्राप्त गर्ने विभिन्न विधि, प्रक्रिया तथा मोडेलहरू हुन्छन्। विद्यालय तथा विश्वविद्यालयबाट योग्यता अभिवृद्धिका उद्देश्यबाट दिइने शिक्षा औपचारिक तथा नियमित शिक्षाका रूपमा रहन्छ। त्यसै गरी औपचारिक वा नियमित शिक्षा पद्धति भन्दा बाहिरबाट व्यक्तिले सिकाइ गरिरहेको हुन्छ। यसरी हुने शिक्षा अनौपचारिक शिक्षाका रूपमा रहन्छ।

अनौपचारिक तरिकाबाट सिक्ने सिकाइ आजीवन वा जीवनपर्यन्त हुन्छ । नेपालको संविधानले सबै नागरिकलाई शिक्षा पाउने अधिकार सुनिश्चित गरेको छ । यसो भए तापनि विभिन्न कारणबाट सबै नागरिकले औपचारिक शिक्षामा निरन्तरता गर्न सक्ने अवस्था हुँदैन । सरकारले सबै नागरिकको शैक्षिक अधिकार सुनिश्चित गर्न अनौपचारिक शिक्षाको व्यवस्था कार्यान्वयनमा ल्याएको छ । नेपाललाई साक्षर नेपाल घोषणा गर्ने उद्देश्यका साथ अनौपचारिक शिक्षालाई उच्च प्राथमिकता दिँदै आएको छ । साक्षरता शिक्षा, निरन्तर शिक्षा, साक्षरोत्तर शिक्षा, खुला विद्यालय शिक्षा, राष्ट्रिय योग्यता प्रारूपअनुसारका शैक्षिक कार्यक्रम लगायतका विभिन्न कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् ।

### ३.८.२ विद्यमान अवस्था

राष्ट्रिय जनगणना २०७८अनुसार उमेर समूह ५ वर्ष भन्दा माथिको साक्षरता प्रतिशतको हकमा पढ्न र लेख्न दुवै जान्नेको प्रतिशत कूल  ६९.७ रहेको छ । पढ्न र लेख्न दुवै नजान्नेको जनसङ्ख्या कूल  ३०.९ प्रतिशत रहेको छ । जसमा पुरुषको प्रतिशत १४.४ र महिलाको प्रतिशत ४२.५ रहेको छ । यसबाट पनि अनौपचारिक तथा वैकल्पिक शिक्षाको विकास तथा विस्तार जरुरी देखिन आएको छ ।

राष्ट्रिय जनगणना २०७८अनुसार गाउँपालिकाको कूलसाक्षरता ८३ प्रतिशत रहेको छ । जसमध्ये पुरुष साक्षरता ८९.८ प्रतिशत र महिला साक्षरता ७७.६ प्रतिशत रहेको छ । पुरुषको तुलनामा महिला साक्षरताको अवस्था निकै कमजोर रहेको छ । त्यसै गरी उमेर समूह ५ वर्ष भन्दा माथिको साक्षरता प्रतिशतको हकमा पढ्न र लेख्न दुवैजान्ने कूल८३ प्रतिशत रहेको छ । पढ्न र लेख्न दुवै नजान्नेको जनसङ्ख्या कूल१५.८ प्रतिशत रहेको छ । जसमा पुरुषको ९.५ प्रतिशत र महिलाको २१ प्रतिशत रहेको छ । समग्रमा महिलाको शैक्षिक अवस्था कमजोर देखिएको छ । यसबाट पनि महिला सशक्तीकरण तथा समुदायमा आधारित साक्षरता सिप विकास कार्यक्रमको औचित्य थप पुष्टि हुन आएको छ ।

### ३.८.३ समस्या

(क) समुदायको आर्थिक अवस्था कमजोर हुनु,
(ख) अनौपचारिक शिक्षामा अपेक्षित उपलब्धि हासिल नहुनु,
(ग) स्थानीय तहको योजनामा अनौपचारिक तथा निरन्तर शिक्षा प्राथमिकतामा नपर्नु,
(घ) साक्षरता सिप प्रयोगको अवस्था कमजोर हुनु,
(ङ) निरक्षरहरूको वास्तविक तथ्याङ्क सङ्कलन नहुनु,
(च) रोजगारीका लागि युवाहरू वैदेशिक श्रम बजारमा जाने अवस्था हुनु,
(छ) शिक्षालाई सिपसँग जोड्न र सिपलाई रोजगार सँग जोड्न नसकिनु,
(ज) सरकारी निजी साझेदारीमा अनौपचारिक शिक्षाका कार्यक्रम सञ्चालन नहुनु,
(झ) सामुदायिक सिकाइ केन्द्रमा आधारित अनौपचारिक तथा वैकल्पिक शिक्षाका कार्यक्रम सञ्चालन नहुनु,
(ञ) आर्थिक रूपले पछाडि परेका समुदायमा साक्षरोत्तर कक्षा तथा सिप विकास तालिमका अवसर कम हुनु ।

### ३.८.४ चुनौती

(क) अनौपचारिक तथा वैकल्पिक शिक्षालाई आय आर्जनसँग आबद्ध गर्नु,

(ख) आय आर्जन सिप विकास कार्यलाई स्वरोजगार व्यवसायमा आबद्ध गर्नु,

(ग) लागत साझेदारी कार्यक्रम सञ्चालन गर्नु ।

### ३.८.५ अवसर

(क) आय आर्जनका प्रशस्त सम्भावनाहरू विद्यमान हुनु,

(ख) समुदाय तहमा शैक्षिक जागरणको अवस्थामा सुधार हुँदै जानु,

(ग) गाउँपालिकालाई सिप विकास तथा स्वरोजगारका कार्यक्रम विकास तथा कार्यान्वयन गर्ने पर्याप्त कानुनी आधार हुनु ।

### ३.८.६ उद्देश्य

कञ्चन गाउँपालिकाको अनौपचारिक तथा निरन्तर शिक्षाको उद्देश्य देहायबमोजिम हुनेछ ।

क) अनौपचारिक तथा आजीवन सिप विकासका अवसर वृद्धि गर्नु,

ख) आय आर्जन सिप विकासलाई रोजगारीमा आबद्ध गरी सामाजिक तथा आर्थिक रुपान्तरणमा सहयोग गर्नु,

ग) सामुदायिक सिकाइ केन्द्रलाई अनौपचारिक तथा वैकल्पिक शिक्षा र आय आर्जन सिप विकासका लागि जिम्मेवार एवम् सक्षम बनाउनु ।

### ३.८.७ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **क)** सबै नागरिकलाई आधारभूत साक्षरता सिप विकासको अवसर सुनिश्चित गर्ने | (१) निरक्षर व्यक्तिको तथ्यांक सङ्कलन गरी अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका लागि आधार तयार गरिनेछ,<br>(२) तथ्याङ्कमा आधारित साक्षरता शिक्षा तथा आय आर्जन सिप विकासका कार्यक्रम सञ्चालन गरिनेछ,<br>(३) गैरसरकारी संस्थाहरूसँग समन्वय तथा सहकार्य साक्षरता शिक्षा, साक्षरोत्तर शिक्षा र जीवनपर्यन्त सिकाइका अवसर प्रदान गरिनेछ,<br>(४) पालिकालाई पूर्ण साक्षर पालिकाका रूपमा निरन्तरता प्रदान गरिनेछ,<br>(५) रेडियो, टेलिभिजन, टेलिफोन, कम्प्युटर, अनलाइन, अफलाइन, भर्चुअल कार्यक्रम जस्ता कार्यक्रमहरू सञ्चालन गरी शैक्षिक जागरण तथा जनचेतना विकास गरिनेछ । |
| **ख)** सामुदायिक सिकाइ केन्द्रलाई अनौपचारिक तथा आजीवन सिकाइको | (१) सामुदायिक सिकाइ केन्द्रको सस्थागत क्षमता सुदृढ गरिनेछ,<br>(२) सामुदायिक सिकाइ केन्द्रलाई अनौपचारिक, वैकल्पिक, आजीवन सिकाइ र आय आर्जन सिप विकास गर्ने एक स्थलका रूपमा विकसित गरिनेछ,<br>(३) एक वडा एक सामुदायिक सिकाइ केन्द्रको अवधारणा कार्यान्वयन गरिनेछ, |

| रणनीति | कार्यनीति |
|---|---|
| हवका रूपमा विकास गर्ने | (४) सामुदायिक सिकाइ केन्द्रलाई सूचनाको केन्द्रका रूपमा विकसित गरिनेछ। |
| **ग)** साक्षरता सिप र आय आर्जन सिपलाई श्रमबजारमा आबद्ध गर्ने | (१) विपन्न तथा सीमान्तकृत समुदायका व्यक्तिलाई आय आर्जन सिप विकासका अवसर प्रदान गरिनेछ,<br>(२) आय आर्जन सिपलाई रोजगारीमा आबद्ध गर्न लक्षित कार्यक्रम सञ्चालन गरिनेछ,<br>(३) गैरसरकारी संस्थाहरूसँग समन्वय तथा सहकार्यमा सिप विकास कार्यक्रम सञ्चालनमा गरिनेछ,<br>(४) स्थानीय सिप तथा प्रविधिलाई उद्यमीकरण गर्न श्रमबजारसँग सहकार्य गरिनेछ। |

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| **क्र.सं.** | **सूचक** | **आधार वर्ष (२०८१/८२)** | **२०८१/ ८२** | **२०८२/ ८३** | **२०८३/ ८४** | **२०८४/ ८५** | **२०८५/ ८६** |
|---|---|---|---|---|---|---|---|
| १ | सामुदायिक सिकाइ केन्द्रको स्थापना | १ | ० | १ | १ | १ | ० |
| २ | भाषिक तथा गणितीय साक्षरता सिप (पन्ध्र वर्षभन्दा माथि) * (%) | तथ्याक अप्राप्त | | | | | |
| ४ | आधारभूत सुविधासम्पन्न सामुदायिक सिकाइ केन्द्रको सङ्ख्या | १ | ० | ० | ०१ | ० १ | ० |
| ५ | सामुदायिक पुस्तकालयको सङ्ख्या | ० | ० | १ | ० | ० | १ |

## ३.८.८ प्रमुख कार्यक्रम तथा भौतिक लक्ष्य

| **प्रमुख कार्यक्रम** | **इकाइ** | **भौतिक लक्ष्य** | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | **पहिलो पाँच वर्ष** | | | | | | **दोस्रो पाँच वर्ष** |
| | | **२०८१/८२** | **२०८२/८३** | **२०८३/८४** | **२०८४/८५** | **२०८५/८६** | **जम्मा** | **२०९१** |
| स्थानीय तह र सो तहमा कार्यरत गैर-सरकारी र अन्य सङ्घ-सँस्थाहरूसँगको सहकार्यमा अनौपचारिक शिक्षा र निरन्तर शिक्षासम्बन्धी स्थानीय तहको मापदण्ड र निर्देशिकाहरूको विकास गर्ने | पटक | ० | १ | ० | १ | ० | २ | २ |

| प्रमुख कार्यक्रम | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | पहिलो पाँच वर्ष | | | | | | दोस्रो पाँच वर्ष २०९१ |
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | |
| स्थानीय तह र सो तहमा कार्यरत गैर-सरकारी र अन्य सङ्घ-सँस्थाहरूसँगको सहकार्यमा अनौपचारिक शिक्षा र निरन्तर शिक्षा सञ्चालन र व्यवस्थापनसम्बन्धी लागत सहभागिताको तौरतरिका तथा विधिका लागि ढाँचा र स्वरूप विकास गर्ने | पटक | ० | १ | ० | ० | ० | १ | २ |
| स्थानीय तहका सबै सरोकारवालाहरू सँगको समन्वय र सहयोगमा लक्षित कार्यक्रमहरूमार्फत स्थानीय तहका वार्डहरूलाई चरणबद्ध रूपमा पूर्ण साक्षरता बनाउन पूर्ण साक्षर पालिका कार्यक्रम सञ्चालन | पटक | ० | १ | १ | ० | १ | ३ | ६ |
| अनौपचारिक शिक्षा र निरन्तर शिक्षाका लागि रेडियो, टिभी जस्ता आम सन्चारका साधनहरूको उपयोग गर्ने (स्थानीय तहमा अनौपचारिक शिक्षा र निरन्तर शिक्षासमबन्धी बिषयबस्तुहरूको विकास, वितरण र प्रचारप्रसार गर्ने) | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| स्थानीय तहको प्रत्येक वार्डमा सन्चालित सामुदायिक अध्ययन केन्द्रमा रहेका पुस्तकालयहरूसँग सम्बन्ध स्थापना गराउने गरी समुदाय स्तरमा पुस्तकालय स्थापना र सञ्चालन गर्ने | केन्द्र | | २ | ० | २ | ० | ४ | ४ |
| अनौपचारिक शिक्षा र निरन्तर शिक्षाका अध्ययन, अद्यापन र व्यवहारिक बिषयबस्तु विकास गर्दा | पटक | २ | २ | २ | २ | २ | | ५ |

| प्रमुख कार्यक्रम | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | पहिलो पाँच वर्ष | | | | | | दोस्रो पाँच वर्ष २०९१ |
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | |
| वातावरणको परिवर्तन, संरक्षण, प्राथमिक स्वास्थ्य, परम्परागत ज्ञान र सिपहरूको अभिबृधि, स्थानीयस्तरका विभिन्न सवालहरू र अन्य स्थानीय विकासात्मक पक्षहरूलाई समेटेर तयार गर्ने | | | | | | | | |
| हाल सञ्चालनमा रहेका समुदायिक केन्द्रहरूमा आवश्यकतामा आधारित नमुना कार्यक्रमहरू थपगरी सवलीकरण गर्ने साथै समुदायिक केन्द्रहरूको सञ्चालन र व्यवस्थापन खर्च र अनौपचारिक शैक्षिक सूचना व्यवस्थापन प्रणालीको कार्यान्वयन गरी तथ्याँक बिबरण तयार गर्ने | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | १५ |
| हाल सञ्चालनमा रहेका सामुदायिक अध्ययन केन्द्रहरूमा कम्तिमा १२ कक्षा उत्तीर्ण पूर्णकालीन परिचालकको व्यवस्था गर्न सोको तलबभत्ता | सङ्ख्या | ३ | ३ | ३ | ३ | ३ | १५ | १५ |
| शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा हाल सञ्चालनमा रहेको Online Learning Portal मा अनौपचारिक शिक्षा र निरन्तर शिक्षासम्बन्धी Online सामाग्रीहरूको विकास र कार्यान्वयन साथै नमुना CLC हरूका लागि Online र Offlline नमुना सामग्रीहरू विकास र प्रयोग गर्न | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| CLC परिचालकहरूको क्षमता अभिवृद्धि/तालिम | केन्द्र | १ | १ | १ | १ | १ | १ | १ |

| प्रमुख कार्यक्रम | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | पहिलो पाँच वर्ष | | | | | | दोस्रो पाँच वर्ष २०९१ |
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | |
| अनौपचारिक र निरन्तर शिक्षा कार्यक्रमहरूको अनुगमन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| शैक्षिक पहुँच सुनिश्चित गर्न वैकल्पिक शिक्षा कार्यक्रम सञ्चालन | पटक | ० | १ | ० | १ | ० | २ | ४ |
| आय आर्जन सिप विकास तालिम कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| अनौपचारिक तथा वैकल्पिक शिक्षाका लागि आवश्यक सिकाइ सामग्री विकास | केन्द्र | | १ | १ | १ | १ | १ | १ |
| सीमान्तकृत समुदायका व्यक्तिलाई आय आर्जन सिप विकास कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

# परिच्छेद चार
# अन्तरसम्बन्धित विषय तथा क्षेत्र

## ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

पाठ्यक्रमले बालबालिकाहरूको शारीरिक, सामाजिक, संवेगात्मक, संज्ञानात्मक तथा बौद्धिक लगायत चौतर्फी विकासका लागि सिकाइका विषयहरू, शिक्षण सिकाइ क्रियाकलाप, मूल्याङ्कन तथा सिकाइ उपलब्धिको प्रारूप प्रदान गर्छ। पाठ्यक्रमले सैद्धान्तिक/प्राज्ञिक र व्यावहारिक पक्ष बिच सन्तुलन कायम राख्छ।

उपयुक्त प्रकारको शिक्षण सिकाइ तथा मूल्याङ्कन प्रक्रियाले विद्यार्थीको ज्ञान, सिप अभिवृद्धि गर्न सहयोग गर्छन्। विद्यालय पाठ्यक्रमको दस्तावेजीकरण विकास वि.स.२०२८ को राष्ट्रिय शिक्षा पद्धतिको योजनादेखि प्रारम्भ भएको पाइन्छ । आधारभूत तह १-३,४-५ र ६-८लागि अलगअलग पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ । यसैगरी माध्यमिक तह कक्षा ९-१०र कक्षा ११-१२ मा पनि छुट्टाछुट्टै पाठ्यक्रम तयार गरी कार्यान्वयनमा ल्याइएको छ । विद्यालयको पाठ्यक्रमलाई सान्दर्भिक बनाउन कक्षा १-३ मा अन्तरसम्बन्धित विषयवस्तुलाई स्वीकृत गरिएको, व्यवहारकुशल तथा जीवन उपयोगी सिपसमावेश हुने गरी सिकाइ क्रियाकलाप रणनीति बनाइएको, आधारभूत तहमा स्थानीय कला, संस्कृति, भाषा ,इतिहास, परम्परा, सिप तथा ज्ञानमा आधारित स्थानीय पाठ्यक्रम स्थानीय तहले विकास गरी कार्यान्वयन गर्नुपर्ने र सबै कक्षाका विषयलाई यथासम्भव स्थानीय परिवेश तथा दैनिक जीवनसँग सम्बन्धित गराई सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने व्यवस्था गरिएको छ।

विद्यालय तहको पाठ्क्रमलाई प्रभावकारी बनाउन आवश्यकताअनुसार मातृभाषा स्थानीय भाषा वा बहुभाषाप्रयोग गरी सिकाइ सहजीकरण गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई जीवन उपयोगी तथा व्यवहारकुशल सिपका रूपमा एकीकृत गर्ने प्रयास भएको छ। विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अंगको रूपमा लिएको छ। माध्यमिक तहको पाठ्यक्रममा प्राविधिक धारको पनि व्यवस्था गरिएको छ। पाठ्यक्रमका विषयवस्तुहरू सहज ढंगले शिक्षणगर्न विभिन्न सन्दर्भ सामग्रीहरू तथा शिक्षक निर्देशिकातयार गरिएका छन् । त्यस्ता सामाग्रीहरू पुस्तकको रूपमा उपलब्ध हुनुको साथै डिजिटल रूपमा पनि पाठ्यक्रम विकास केन्द्रको वेबसाइटमा राखिएको छ । मातृभाषाका पाठ्य सामग्रीहरू पनि तयार गरिएका छन्। पछिल्लो चरणमा सिकाइलाई कामको संसारसँग जोड्न स्टीम शिक्षाको अवधारणालाई पाठ्यक्रममा समावेश गरिएको छ।

### ४.१.१. वर्तमान अवस्था

विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ को कार्यान्वयन गर्ने सन्दर्भमा २०७७ देखि कक्षा १ र कक्षा ११ मा नयाँ पाठ्यक्रम लागु गरिएको छ। कक्षा १-३ को पाठ्यक्रमलाई अन्तरसम्बन्धित क्षेत्रका आधारमा सक्षमता र विषय क्षेत्र समेटी एकीकृत गरिएको छ। व्यवहारकुशल तथा गैर संज्ञानात्मक सिप तथा जीवनोपयोगी सिपहरूको विकास तथा कार्यान्वयन गरिएको छ। स्थानीय परिवेशमा आधारित पाठ्यक्रम निर्माण गर्न स्थानीय पाठ्यक्रम तयार गरी लागु गरिएको छ । विषयको प्रकृतिअनुसार प्रयोग, परियोजना कार्य, सामुदायिक कार्यजस्ता प्रयोगात्मक अभ्यासका लागि २५-५० प्रतिशत भार छुट्याउने प्रावधान गरिएको छ। पाठ्यक्रम प्रारूपले मातृभाषा तथा बहुभाषिक सन्दर्भमा सिकाइ सहजीकरणका लागि स्थानीय भाषामा सिकाउने प्रावधान गरेको छ। यसले कक्षाकोठामा प्रयोग गरिने भाषा र सिकारुको घरमा बोल्ने भाषाबिच तादात्म्यता राख्न सहयोग गर्छ । जसले सिकाइमा आउने बाधालाई पनि हटाउँछ सहयोग गर्छ । मूल्याङ्कनलाई शिक्षण सिकाइको अभिन्न अङ्गका रूपमा मानिएको छ र सिकाइका लागि निरन्तर रूपमा पृष्ठपोषण प्रदान गर्न मूल्याङ्कन एक माध्यम रूपमा रहने पाठ्यक्रमको नीतिगत व्यवस्था छ। माध्यमिक

तहमा प्राविधिक धारको कार्यान्वयनमा देखा परेको जटिलतालाई हेर्दा बजारको मागअनुसारका सिप हासिल हुने गरी यसमा रहेका अन्तरको विश्लेषण गरी पाठ्यक्रममा सुधार तथा समायोजन/पुर्नसमायोजन गर्नुपर्ने देखिन्छ।

आधारभूत तहमा निर्माणात्मक तथा निरन्तर मूल्याङ्कन, माध्यमिक तहमा आन्तरिक तथा बाह्य मूल्याङ्कन पद्दति र सार्वजनिक परीक्षाहरू स्तरीकृत गरी परीक्षा तथा मूल्याङ्कनका क्षेत्रमा विगत वर्षहरूमा विभिन्न सुधारहरू गरिए। कक्षा ५ र कक्षा ८ परीक्षा पालिकास्तरमा सञ्चालन गर्ने गरिएको छ। विद्यालयमा आधारित परीक्षाका नतिजाको विश्लेषण गर्न र तिनलाई व्यवस्थित रूपमा सिकाइ सुधारमा प्रयोग गर्न शिक्षकहरूलाई उपयुक्त किसिमले तालिम दिनु आवश्यक छ।

सामुदायिक विद्यालयको कक्षा १-१२ मा अध्ययन गर्ने सबै विद्यार्थीले नि:शुल्क रूपमा पाठ्यपुस्तक प्राप्त गर्ने व्यवस्था गरिएको छ। सामुदायिक विद्यालयहरूले पाठ्यक्रम विकास केन्द्रले प्रकाशन गर्ने पाठ्यपुस्तकहरू प्रयोग गर्छन् तथापि संस्थागत तथा केही सामुदायिक विद्यालयहरूले निजी क्षेत्रबाट प्रकाशित र पाठ्यक्रम विकास केन्द्रले सन्दर्भ सामग्रीका रूपमा प्रयोग गर्ने प्रयोजनका लागि सूचीकृत पुस्तकमध्येबाट छनोट गरी पाठ्यपुस्तकका रूपमा प्रयोग गर्छन्। सबै विद्यार्थीलाई समयमै पाठ्यपुस्तक उपलब्ध गराउने व्यवस्था स्थानीय तहबाट हुँदै आएको छ। पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि शिक्षक तयारी, विकास र विषयगत शिक्षकको व्यवस्था, विद्यालयमा आधारित पेसा गत सहयोग पद्धति स्थापना र सञ्चालन गर्नु आवश्यक छ। अपाङ्गता भएका बालबालिकाका लागि समायोजित पाठ्यक्रम तथा सिकाइ सामग्रीमा अपाङ्गताको प्रकृतिअनुसार अधिकतम लचकता प्रदान गर्ने कार्य पनि चुनौतीपूर्ण छ।

कञ्चन गाउँपालिका पालिकामा आधारभूत तह (कक्षा १-८) को लागि हाम्रो कञ्चन, स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ भने पाठ्यपुस्तक निर्माण गरी लागु गर्ने योजनामा रहेको छ ।

**(क) समस्या**

१. पाठ्यक्रममा आधारित शिक्षण सिकाइ नहुनु ,
२. विद्यालयमा पुस्तकालयको व्यवस्था कमी नहुनु र भएकोमा पनि शिक्षण सिकाइमा प्रयोगमा नआउनु,
३. एकीकृत पाठ्यक्रमको लागि अत्यावश्यक सक्षमता विकास तालिम शिक्षकलाई प्रदान नहुनु ,
४. स्थानीय तहमा शैक्षिक सामग्री विकास तथा प्रयोग गर्ने अभ्यास नहुनु,
५. सिकाइ सामग्री विकास तथा प्रयोगका लागि अपर्याप्त हुनु,
६. विज्ञान प्रयोगशालाको अवस्था कमजोर हुनु र प्रयोगात्मक अभ्यास हुने अवस्था नहुनु,
७. पाठ्यक्रम प्रबोधीकरणको अवस्था कमजोर रहनु,

**(ख) चुनौती**

१. अपाङ्गता भएका बालबालिकाको लागि अनुकूल पाठ्यसामाग्रीको व्यवस्था गर्ने,
२. प्रविधिमा आधारित शिक्षण सिकाइ हुन नसक्नु शिक्षण सिकाइ परम्परागत हुनु,
३. सिकाइमा शैक्षिक सामग्रीको प्रयोग न्यून गरिनु,
४. सिकाइलाई प्रभावकारी बनाउन अनलाइन सिकाइ पोर्टलको प्रयोग नहुनु ,
५. स्थानीय तहमा शैक्षिक सामग्री विकास तथा प्रयोग गर्ने अभ्यास नहुनु,

६.	नयाँ पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि शिक्षक तयारी, विकास र विषयगत शिक्षकको व्यवस्था र विद्यालयमा आधारित पेसागत सहयोग पद्धति स्थापना र सञ्चालनमा कठिन हुनुऽ

**(ग) अवसर**

२ स्थानीय पाठ्यक्रमको विकासको अवसर हुनु,

३ प्रविधिमा आधारित शिक्षण सिकाइ हुन,

४ सिकाइलाई प्रभावकारी बनाउन अनलाइन सिकाइ पोर्टलको विकास हुनु,

५ विद्यालयमा आधारित पेसागत सहयोग पद्धति स्थापना र सञ्चालन हुनु,

### ४.१.२ उद्देश्य

यस योजनाले पाठ्यक्रम र पाठ्यसामाग्री सम्बन्धी निम्नलिखित उदेश्यहरू राखेको छ:

१. राष्ट्रिय पाठ्यक्रम प्रारूपले निर्दिष्ट गरेअनुसार पाठ्यक्रम तथा मूल्याङ्कनको प्रभावकारी कार्यान्वयन गर्नु ,

२. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन गर्नु,

३. निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्नु,

४. विद्यार्थीको सिकाइ उपलब्धिको विश्लेषण र उपयोग गर्नु,

### ४.१.३ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| सवैका लागि पाठयक्रममा आधारित शिक्षण सिकाइको अवस्था सुनिश्चित गर्ने | १. राष्ट्रिय पाठ्यक्रम प्रारूप ,२०७६ अनुरूप पाठ्यक्रम कार्यान्वयन गरिनेछ।<br>२. शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वअध्ययन तथा सन्दर्भ सामग्री उपलब्ध हुने व्यवस्थाको सुनिश्चितता गरिनेछ।<br>३. माध्याम भाषाका रूपमा आवश्यकताअनुसार मातृभाषा, स्थानीय भाषा, बहुभाषा प्रयोग गरिनेछ।<br>४. विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्ति विकाससँग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सृजना गरिनेछ।<br>५. एकीकृत पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लगि उपयोगी सिकाइका वातावरण तयार गरिनेछ।<br>६. पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि प्रबोधीकरण कार्यक्रम सञ्चालन गरिनेछ।<br>७. पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि निरन्तर अनुगमन तथा सुपरिवेक्षण प्रणालीको विकास गरिनेछ।<br>८. सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्था मिलाइने छ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | ९. निरन्तर विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइको अभिन्न अङ्गको रूपमा प्रयोग गरिनेछ<br>१०. शिक्षण सिकाइलाई बालकेन्द्रित, लैङ्गिक तथा अपाङ्गमैत्री बनाइ सूचना, सञ्चारको उचित प्रयोगद्वारा सिकाइलाई प्रभावकारी बनाइने छ।<br>११. CDC, NCED, CEHRD ले उपलब्ध गराएका अनलाइन सिकाइ सामग्रीको प्रयोगलाई प्रभावकारी बनाउदै बालबालिकाहरूमा स्वाध्ययनको बानीको विकास गरिनेछ।<br>१२. स्टिमको अवधारणाअनुसार गणित र विज्ञान विषयको उपलब्धि बृद्धिगर्न शिक्षकहरूको क्षमता विकास गरिनेछ।<br>१३. विज्ञान तथा गणित विषयमा सृजनात्मक सामाग्री प्रदर्शन गर्ने व्यवस्था गरिनेछ। |
| शिक्षण सिकाइलाई प्रविधिमैत्री शिक्षण विधिको प्रयोग गरी सहजकारी वातावरण निर्माण गर्ने। | १ प्रविधिमैत्री, सहभागितामूलक, अन्तरक्रियात्मक, खोजमूलक एवम् समस्या समाधान केन्द्रित शिक्षण विधिको प्रयोगलाई संस्थागत गरी सहजकारी वातावरण निर्माण गरिनेछ।<br>२ स्थानीय तहमा कार्यरत गैरसरकारी निकायसँगको समन्वय र सहकार्यमा प्रविधिमा आधारित शिक्षण सिकाइ सामग्री विकास तथा प्रयोग गर्ने वातावरण विकास गरिनेछ।<br>३ सङ्घ तथा प्रदेश सरकारबाट विकसित सिकाइ पोर्टलको प्रभावकारी प्रयोग गर्ने विद्यालयलाई आवश्यक आर्थिक तथा प्राविविध सहयोग गरिनेछ।<br>४ गा पा. स्तरमा सबै विद्यालय तथा विद्यार्थीको पहुच सुनिश्चित हुने गरी डिजिटल ई. लाइब्रेरी सर्भरलाई स्थापना गरी प्रभावकारी तरिकाले प्रयोगमा लयाइनेछ। |
| स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्ने | १. राष्ट्रिय पाठ्यक्रम प्रारूपअनुसार स्थानीय पाठ्यक्रमको विकास तथा प्रयोग गरिनेछ।<br>२. स्थानीय पाठ्यक्रममा आधारित शैक्षिक सामग्री विकास गरी कार्यान्वयनमा ल्याइनेछ<br>३. स्थानीय पाठ्यक्रम विकासमा शिक्षक, कर्मचारी तथा जनप्रतिनिधिहरूको क्षमता विकास गरी पाठ्यक्रम विकास तथा कार्यान्वयन कार्यमा प्रभावकारीता ल्याइनेछ।<br>४. विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्बन्धित शिक्षक तथा सरोकारवालाहरूलाई प्रबोधिकरण गरिनेछ।<br>५. स्थानीय पाठ्यक्रम निर्माण गर्दा समावेशीता, लैङ्गिक पक्ष, हरित विद्यालय निर्माण, जलवायु परिवर्तन, वातावरण संरक्षण जस्ता विषयवस्तुलाई प्राथमिकताका साथ समावेश गरिनेछ |

| रणनीति | कार्यनीति |
|---|---|
| | ६. पूर्वीय दर्शनमा आधारित योग, ध्यान, व्यायम,प्राकृतिक चिकित्सा, बुद्ध उपदेश इत्यादि विषयमा प्रयोगात्मक कार्यसँगै छलफल गराइनेछ। |
| पाठ्यक्रमको माध्यमबाट सिर्जनशील खोज तथा अनुसन्धानात्मक सिपयुक्त जनशक्ति तयार गर्ने। | १. विद्यार्थीको रुचि,आवश्यकता तथा क्षमता पहिचान गरी पाठ्यक्रमलाई सिर्जनशील खोज तथा अनुसन्धानात्मक बनाइनेछ।<br>२. बुक फ्री डेकालागि अवश्यक कार्यविधि निर्माण गरी सिपमा आधारित कार्यक्रम सञ्चालन गरिनेछ।<br>३. परियोजना कार्य अन्तर्गत रहेका क्रियाकलापलाई अनिवार्य रूपमा लागु गरिनेछ।<br>४. प्रतिभा सप्ताह सञ्चालन गरी सिर्जनशील खोज तथा अनुसन्धानमुखी बनाईनेछ। |
| पाठ्यक्रमले निर्दिष्ट गरे अनुरूप निरन्तर, आवधिक तथा स्तरयुक्त मूल्याङ्कन पद्धति पूर्ण रूपमा कार्यान्वयन गरिनेछ। | १. शिक्षकहरूका लागि पाठ्यक्रम अभिमूखिकरण तालिम सञ्चालन गरिनेछ।<br>२. निरन्तर, आवधिक तथा स्तरयुक्त मूल्याङ्कन पद्धति पूर्ण रूपमा कार्यान्वयन गरिनेछ। |

### ४.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**(क) उपलब्धि**

पाठ्यक्रम समय सान्दर्भिक र व्यवस्थित भइ दैनिक जीवनमा आवश्यक आधारभूत सक्षमता सहित, सिर्जनशील, सकरात्मक सोच भएका, सिकाइप्रति प्रतिवद्ध नागरिक तयार गर्न सहयोग हुनेछ।

**(क) नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. सं. | सूचक | एकाइ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | बालविकासदेखि कक्षा १२सम्मका पाठ्यक्रमहरू सुचार तरिकाले कार्यान्वयन गर्ने विद्यालय सङ्ख्या | विद्यालय | ३० | ३० | ३० | ३० | ३० | |
| ४ | बालविकासदेखि कक्षा ५सम्मका पाठ्यक्रमहरू सुचार तरिकाले कार्यान्वयन गर्ने विद्यालय सङ्ख्या | विद्यालय | ३० | ३० | ३० | ३० | ३० | |
| ५ | कक्षा १-३ को एकीकृत पाठ्यक्रमले अपेक्षा गरेका व्यवहारकुशल सिपहरू कार्यान्वयन गर्ने विद्यालय सङ्ख्या | विद्यालय | १९ | ३० | ३० | ३० | ३० | |
| ६ | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने विद्यालय | विद्यालय | १९ | ३० | ३० | ३० | ३० | |
| ७ | जलवायु परिवर्तन तथा उत्थानशीलतासम्बन्धी सामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | विद्यालय | ० | १० | १० | १० | ३० | |

| क्र. सं. | सूचक | एकाइ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| ८ | विभिन्न स्रोतहरूले उपलब्ध गराएका अनलाइन अध्ययन सामग्रीको प्रयोग गर्ने विद्यालय को सङ्ख्या | विद्यालय | ० | १३ | २० | २५ | ३० | |
| ९ | स्टिम अवधारणाअनुसार शिक्षण प्रकृयाले गणित र विज्ञान विषयको उपलब्धिमा सुधार हुने विद्यालय सङ्ख्या | विद्यालय | ० | ५ | ५ | ५ | ५ | |
| १० | सूचना, सञ्चार तथा प्रविधिमा आधारित शिक्षणले कक्षागत वा तहगत सिकाइ उपलब्धि वृद्धि हुनेविद्यालय सङ्ख्या | विद्यालय | ० | १३ | २० | २५ | ३० | |

### ४.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. स | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य | | | | | | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | |
| १ | राष्ट्रिय पाठ्यक्रम प्रारूप २०२७६ को कार्यन्वयन (तहगत पाठ्यक्रमहरूको विकास, परीक्षण र कार्यन्वयन, नमुना पाठ्यपुस्तकहरूको विकास, शिक्षक निर्देशिका र सन्दर्भ सामग्रीहरूको विकास गर्ने) | पटक | ३ | ३ | ३ | २ | १ | १२ | १२ |
| २ | **पाठ्यक्रमको मूल्याङ्कन** (मुल्यांकन, सुधार र विद्यालयमा आधारित पाठ्यक्रम विकास र नमुना परीक्षण) | पटक | ० | ० | ० | ० | १ | १ | २ |
| ३ | **Digital सामाग्रीहरूको कार्यन्वयन** (विधुतीय अन्तरक्रियात्मक सामाग्रीहरूको विकास र तिनलाई Online/Offline माध्यमबाट विद्यार्थी (अपाङ्गता भएका विद्यार्थी समेत्) र शिक्षकको पँहुचसम्म पुर्याउने सुनिश्चित गर्ने, पाठ्यक्रम विकास केन्द्रबाट विकास गरिएका सबै सामाग्रीहरूलाई विधुतीय प्रति बनाई तिनलाई e-library को विकास गरी सबैको पँहुच सुनिश्चित गर्ने | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० |
| ४ | संस्थागत संरचनाको विकास र क्षमता अभिबृद्धि गर्ने (बिज्ञहरूको परिचालन गरी स्थानीय तहहरूमा स्थानीय पाठ्यक्रमको विकास र कार्यान्वयनका लागि प्राविधिक सहयोग प्रदान गर्ने बिधि र पद्धति स्थापित गर्ने) | विद्यालय | ५ | ५ | ५ | ४ | ० | १९ | १९ |
| ५ | **आधारभूत तहको पाठ्यक्रका लागि सबै शिक्षकहरूलाई ३ दिने अभिमुखीकरण तालिम प्रदान गर्ने** | शिक्षक सङ्ख्या | ३१ | ४७ | ४७ | १६ | १६ | १५७ | ३१४ |

| क्र.स | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य | | | | | | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | |
| ६ | **आन्तरिक र बाह्य दुवै विधिका बिद्यार्थी मूल्यांकन र तिनको कार्यन्वयनको मापदण्डहरू विकास गर्ने** (जसमा:- नमूना सामाग्रीहरू विकास गर्ने, कक्षाकोठामा आधारित मूल्यांकनका मापदण्डहरूको विकास र तिनको बारेमा अभिमुखीकरण साथै विद्यार्थी प्रगतिको प्रतिबेदन र सुझाव सङ्कलन) | विद्यालय | १९ | १९ | १९ | १९ | १९ | १९ | १९ |
| ७ | **प्राबिधिक धारका बिषयहरूको पाठ्यक्रम र सिकाइ सामग्रीहरूको विकास र कार्यान्वयन गर्ने** (जसमा:- प्राविधिक धारका बिषयगत समस्या तथा सवालहरू पत्ता लगाउने, तिनलाई पाठ्यक्रममा समायोजन गर्ने र सोका आधारमा पाठ्यपुस्तक, सिकाइ सामग्रीहरूको विकास, मूल्यांकन पद्धतिको विकास र तिनको प्रबोधिकरण, वितरण, प्रयोग बिषयहरू समाबेश गर्ने) | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| ८ | **बहू पाठ्यपुस्तकहरूको कार्यान्यन गर्ने** (जसमा:- बहू पाठ्यपुस्तक नीतिको कार्यान्यन गर्ने, गुणस्तर सुनिश्चित गर्ने, पाठ्यपुस्तकहरूको मूल्यांकन र छनौट, बहुबर्षीय पाठ्यपुस्तकहरूको परिक्षण गर्ने र अपाङ्गता भएका विद्यार्थीका लागि उपयुक्त पाठ्यपुस्तकहरूको विकास गर्ने) | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| ९ | विद्यालय शिक्षा पाठ्यक्रम, पाठ्यपुस्तक र अन्य बिषय क्षेत्रका निर्देशिका, बिधि र प्रक्रियाहरूको विकास र परिमार्जन गर्ने र तिनलाई एकीकृत गर्ने) | पटक | ० | १ | ० | ० | १ | २ | ४ |
| ९ | विद्यार्थीको आवधिक मूल्यांकन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० |
| १० | स्टिम अवधारणाअनुसार शिक्षण प्रकृया हुने विद्यालय | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ११ | सिकाइ पोर्टलको प्रयोग सम्बन्धी शिक्षक क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

शैक्षिक प्रशासन विकास र सेवा प्रवाहको व्यवस्था अवस्था र अनुभूतिको समग्र कार्य प्रक्रिया र पद्धतिको समष्टि नै व्यवस्थापन हो। सामान्यतया शिक्षक व्यवस्थापनभित्र पद स्वीकृति शिक्षक भर्ना, छनोट, सरुवा ,बढुवा वृत्ति विकास शिक्षकको सेवा सर्त सम्बन्धी सम्पूर्ण व्यवस्थापकीय कार्य पर्दछन्। अझै स्पष्ट रूपमा भन्नु पर्दा यससँग सम्बन्धित कानुनी व्यवस्था संरचनागत व्यवस्था स्रोतसाधन आर्थिक पर्यावरणीय व्यवस्थाको समग्रता नै शिक्षक व्यवस्थापन हो।

यो आफैँमा बहुआयामिक विषय हो। निरन्तर प्रक्रिया हो।आफैंमा एउटा प्रणाली हो। शिक्षकको स्तर माथि नउठेसम्म कुनै पनि देशको शिक्षाको स्तर माथि उठ्न सक्दैन। शिक्षा क्षेत्रका जीवित मस्तिष्क भनेका शिक्षकहरू नै हुन्।
शिक्षा शासन विकास र सेवा प्रवाहमा प्रभावकारीता दक्षता समता समानता वाताबरण मैत्री बनाउन शिक्षक व्यवस्थापन जरुरी छ । यसको लागि जनशक्ति योजना, दरबन्दी सिर्जना तथा भर्ना उपयोग विकास सेवा सुविधा , सामाजिक सुरक्षा (तलबभत्ता पोशाक बिदा औषधि उपचार आदि ) पेसागत विकास पर्दछन् । शिक्षकको व्यवस्थापनअन्तर्गत दरबन्दी सिर्जना रिक्त स्थानको पहिचान पदपूर्ति माग प्रतिशत निर्धारण दरखास्त आह्वान तथा सङ्कलन जाँच तथा स्वीकृति लिने परीक्षा सञ्चालन (लिखित मौखिक प्रयोगात्मक) उम्मेदवारहरूको मूल्याङ्कन तथा छनोट नतिजा प्रकाशन सूचना प्रकाशन नियुक्तिका लागि सिफारिस नियुक्ति पदस्थापन कार्य विवरण तयार गर्नेसम्मका कार्यहरू पर्दछन् ।यसका अतिरिक्त का स मू जिम्मेवारी वृत्तिविकास सरुवा बढुवा आदि गरिने गर्दछ । शिक्षकहरूको तालिम अवलोकन भ्रमण अनुसन्धान र विकास तथा जिम्मेवारी बढुवा तह वृद्धि उनको सेवा सुविधा सामाजिक सुरक्षा जस्ता कार्यहरू पनि पर्दछन्।

### ४.२.१ वर्तमान अवस्था

राष्ट्रिय शिक्षा नीति २०७६बमोजिम सबै प्रकारका विद्यालयमा अध्यापन गर्ने शिक्षकका लागि राष्ट्रिय शिक्षक सक्षमता को मापदण्ड निर्धारण गरी सोको आधारमा शिक्षक तयार गर्ने र शिक्षकलाई सक्षमताका आधारमा निरन्तर पेसागत सहयोग सञ्चालन गरिने उल्लेख छ। सङ्घीय संरचना कार्यान्वयनमा आएपछि विगतमा कार्यथलो वा कक्षाकोठामा शिक्षकहरूलाई पेसागत सहयोग उपलब्ध गराउन स्थापना गरिएका स्रोतकेन्द्रहरू खारेज गरिए। यी स्रोतकेन्द्रहरूको बिकल्पको रूपमा शिक्षकहरूलाई पेसागत सहयोग गर्न र कार्यरत शिक्षकहरूको अनुभव साटासाट गर्न स्थानीय तह जिम्मेवार रहेको छ । यसका लागि एक गतिशील शिक्षक पेसागत सहयोग प्रणालीको स्थापना गरी शिक्षक पेसागत सहायताको पद्दति कार्यान्वयनमा ल्याउनु आवश्यक छ।

यस कञ्चन गाउँपालिकामा कक्षा १ देखि ५सम्मका २०१ शिक्षक कक्षा ६ देखि ८सम्मका ९४ र कक्षा ९ देखि कक्षा १२ सम्म ८८ जना शिक्षक रहेका छन्।

त्यसै गरी गाउँपालिकाको शैक्षिक तथ्याङ्क हेर्दा कञ्चन गाउँपालिकामा कक्षा १ देखि १२ सम्म अध्ययन गर्ने कूल विद्यार्थीको सङ्ख्या १३५७८ रहेको छ। जसमध्ये सामुदायिक विद्यालमा कक्षा १देखि ५सम्म ५०८३ जना, कक्षा ६ देखि ८सम्म ३३७४ जना, कक्षा ९ देखि १०सम्म १७६७ जना र कक्षा ११ देखि कक्षा १२सम्म ११९० जना विद्यार्थी रहेको देखिन्छ। यस शिक्षा योजनामा शिक्षण पेसालाई रोजाइको पेसाको रूपमा विकास गर्ने शिक्षक तयारी गर्ने कक्षा कोठाको शिक्षण सिकाइलाई गुणस्तरीय बनाउने शिक्षक सहयोग प्रणालीलाई सुदृढ बनाउने अभिप्राय रहेको छ । शिक्षक पेसागत विकासलाई प्रभावकारी बनाउने, विद्यार्थीको सिकाइ प्रति शिक्षक लाई जिम्मेवार बनाउने र औचित्यपूर्ण शिक्षक आपूर्ति र वितरण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ। वर्तमान अवस्थामा यस गाउँपालिकाको समीक्षा तथा पहिचान गरिएका चुनौतीहरूको सामना गरी शिक्षक व्यवस्थापन तथा विकासलाई व्यवस्थित र प्रभावकारी बनाउन उद्देश्य पूरा गर्नको लागि अपनाइने रणनीतिहरू कार्यक्रम कार्यान्वयनबाट हासिल हुने अपेक्षित नतिजा तथा मुख्य मुख्य क्रियाकलाप तथा लक्ष्यहरू समावेश गरिएको छ।

## प्रमुख समस्या तथा चुनौतीहरू

माथि उल्लेखित विश्लेषणका आधारमा यस गाउँपालिकामा शिक्षक व्यवस्थापन र विकासका सन्दर्भमा निम्न लिखित समस्या र चुनौतीहरू रहेका छन् :

**क) समस्याहरू**

१. शिक्षण सिकाइ परम्परागत हुनु ,
२. स्थानीय स्रोत र साधनमा आधारित शैक्षिक सामग्री विकास तथा प्रयोगको अवस्था नहुनु,
३. शिक्षकलाई पाठ्यक्रमअनुसार शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनका लागि तयार नहुनु ,
४. शिक्षण पेसा आकर्षित नहुनु ,
५. विद्यार्थी सङ्ख्या तथा विषयगत आधारमा शिक्षक व्यवस्थापन नहुनु ,
६. तालिमबाट हासिल सिप सही रूपमा कार्यान्वयनमा नहुनु ,
७. शिक्षकलाई शैक्षणिक सहयोग प्रदान गर्ने पद्दति नहुनु,
८. कक्षा कोठा वातावरण गुणस्तरीय तथा आधुनिक शिक्षणका लागि उपयुक्त नहुनु ,

**ख) चुनौतीहरू**

१. शिक्षकको मनोवृत्तिमा परिवर्तन गर्नु ( घरपायक मात्र खोज्ने जिम्मेवारी बोध कम),
२. तीन ओटै तहका सरकार बिच समन्वय तथा सहकार्यमा शिक्षक व्यवस्थापन गर्नु,
३. शिक्षण पेसालाई आकर्षित बनाउनु,
४. सबै शिक्षकलाई तालिम उपलब्ध गराउनु,
५. विद्यार्थी सङ्ख्या र विद्यालयमा पठनपाठन हुने विषयका आधारमा शिक्षक दरबन्दी मिलान गर्नु ,
६. शिक्षकलाई विद्यार्थीको सिकाइप्रति उत्तरदायी बनाउनु,
७. प्रविधिमा आधारित शिक्षण सिकाइ क्रियाकलापका लागि शिक्षक तयार गर्नु ,
८. विद्यालयमा आधारित शिक्षक सहयोग पद्दति विकास गरी शिक्षकलाई प्राविधिक सहयोग प्रदान गर्नु,

**ग) अवसर**

१. शिक्षक पेसागत सहयोगको सुदृढ प्रणाली स्थापित हुनु,
२. शिक्षक विद्यार्थी अभिभावक समुदाय तथा विद्यालय प्रशासक प्रधानाध्यापक प्रति उत्तरदायी हुनु,
३. स्थानीय तहलाई शिक्षक व्यवस्थापन अधिकार हुनु ,
४. स्थानीय स्रोत परिचालन गरी शिक्षक प्रोत्साहनका कार्यक्रमहरू सञ्चालन गर्न सक्ने आधार हुनु,
५. अतिरिक्त शिक्षक व्यवस्थापन गरी उपयुक्त सिकाइ वातावरण विकास तथा प्रयोग गर्ने अवसर रहनु,

### ४.२.२ उद्देश्य

उपर्युक्त समीक्षा तथा समस्या तथा चुनौतीहरूका आधारमा स्थानीय तहको शिक्षाक्षेत्र योजनामा शिक्षक व्यवस्थापन र विकासका उद्देश्यहरू निम्नानुसार निर्धारण गरिएका छन्:-

१. तहगत, कक्षागत, तथा विषयगत रूपमा शिक्षकको व्यवस्थापन गर्नु ,
२. शिक्षक तालिम, शिक्षक सक्षमता प्रारूपको प्रभावकारी कार्यान्वयन गर्नु ,
३. शिक्षकका लागि निरन्तर पेसागत विकासका अवसरको सुनिश्चितता गर्नु ,

### ४.२.२ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति | |
|---|---|---|
| शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत र विषयगत रूपमा | १ | प्रदेश तथा संघ सरकारसँग उचित समन्वय र सहकार्यमा शिक्षक दरबन्दी मिलान गरिनेछ। |
| | २ | पालिकाको स्रोत परिचालन गरी आवश्यकताका आधारमा विद्यालयमा विषयगत शिक्षकको व्यवस्था गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| शिक्षक दरबन्दी मिलान/ पुनर्वितरण तथा व्यवस्थापन गरी शैक्षिक व्यवस्थापनमा सुधार गर्ने। | ३ रिक्त दरबन्दीमा स्थानीय तहद्वारा शिक्षकको व्यवस्थापन गरिनेछ।<br>४ विद्यालयमा प्रधानाध्यापकको पद सिर्जना गरी शैक्षिक व्यवस्थापनमा थप सुधार गरिनेछ।<br>५ रिक्त शिक्षक दरबन्दीको प्रक्षेपणका आधारमा शैक्षिक सत्रको पहिलो महिनामा शिक्षक नियुक्ति गरिनेछ। |
| शिक्षकको निरन्तर पेसागत विकासका लागि सेवाकालीन तालिम लगाएत शिक्षक पेसागत सहयोग प्रणालीको विकास गर्ने। | १. स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराइनेछ।<br>२. यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ्ग तथा मेन्टोरिङ्ग पद्धतिको विकास गरी कार्यान्वयनमा गरिनेछ।<br>३. पाठ्यक्रमले माग गरेअनुसार आवश्यकतामा आधारित शिक्षक तालिम सञ्चालनका लागि प्रदेश तालिम केन्द्रसँग समन्वय गरिनेछ।<br>४. शिक्षण सिकाइलाई प्रविधि मैत्री, बालमैत्री एकीकृत पाठ्यक्रममा आधारित, वहुभाषिक शिक्षण विधिको प्रयोग गरी आधुनिकीकरण गरिनेछ।<br>५. कार्यसम्पादनमा आधारित मूल्याङ्कन गरी उत्कृष्ट शिक्षकलाई प्रोत्साहनसँग आबद्ध गरिनेछ।<br>६. प्रत्येक ५ वर्षमा शिक्षकको निरन्तर पेसागत विकासका लागि शिक्षण सिप विकाससम्बन्धी सेवाकालीन तालिम अनिवार्य गरिनेछ।<br>७. अङ्ग्रेजी, नेपाली र गणित शिक्षण विधिमा केन्द्रित शिक्षण पेसागत विकास गरिनेछ। |
| शिक्षक तथा प्रधानाध्यापकको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गर्ने | १. शिक्षक तथा प्रधानाध्यापकको बृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजा प्रति जवाफदेही हुने पद्धतिको विकास गरिने गरिनेछ।<br>२. शिक्षक नियुक्ति, सरूवा तथा तालिम र पेसागत विकासमा सहभागिता गराउँदा विद्यार्थीको सिकाइमा कुनै अवरोध नहुने पद्धति विकास गरिने।<br>३. शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गरिनेछ।<br>४. शिक्षक सहयोग पद्दति विकास गरी पेसागत सहयोग प्रदान गरिनेछ<br>५. शिक्षक समुदाय बिच निरन्तर पेसागत सहयोग का लागि शिक्षक सञ्जाल विकास गरी परिचालन गरिनेछ।<br>६. प्रविधि मैत्री शिक्षक समाजको सहकार्यमा आधुनिक शिक्षण सिकाइका लागि आवश्यक प्राविधिक सहयोग प्रदान गर्न आवश्यक समन्वय गरिनेछ।<br>७. अनलाइन तथा अफलाइन मोडमा पेसागत विकासका तालिम कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ।<br>८. उत्कृष्ट काम गर्ने शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति तथा गाउँपालिका शिक्षा क्षेत्रमा कार्यरत कर्मचारीलाई मूल्याङ्कनका आधारमा पुरस्कार तथा सम्मान गरिनेछ।<br>९. अनुसन्धानमूलक कार्यमा उत्प्रेरित गर्न शिक्षक जर्नल विकास तथा प्रकाशन गरिनेछ ।<br>१०. नव प्रवेशी शिक्षकहरूका लागि अभिमुखीकरणमार्फत जिम्मेवार र उत्तरदायी बनाउन आवश्यक व्यवस्था मिलाईनेछ। |

### ४.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

(क) शिक्षक दरबन्दी मिलान भई विद्यार्थी सङ्ख्याका आधारमा शिक्षक व्यवस्थापन भएको हुने ,

(ख) विद्यालयमा विषयगत शिक्षकको व्यवस्थापन सुनिश्चित भएको हुने,

(ग) शिक्षकले आवश्यकतामा आधारित पेसागत विकासका अवसर प्राप्त गरी शिक्षण सिकाइका सुधार गरेको अवस्था हुने,

(घ) प्रधानाध्यापकहरूको नेतृत्व क्षमता विकास भई शैक्षिक व्यवस्थापनमा सुधार भएको हुने ,

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं | सूचक | एकाइ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ताको सङ्ख्या | जना | ३० | ३० | ३० | ३० | ३० | |
| २ | आधारभूत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक | शिक्षक प्रतिशत | ६० | ७० | ८० | ९० | ९९ | |
| ३ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत न्यूनतम योग्यता तथा तालिम प्राप्त शिक्षक | शिक्षक प्रतिशत | ७० | ७५ | ८० | ८५ | ९५ | |
| ४ | सूचना तथा प्रविधिसम्बन्धी न्यूनतम सक्षमता भएका शिक्षक (%) | शिक्षक प्रतिशत | ३५ | ४० | ५० | ६० | ८० | |
| ५ | सूचना प्रविधिको व्यवस्थापन भइ शिक्षण सिकाइ सहज र उपलब्धिमा वृद्धि भएको विद्यालय सङ्ख्या | विद्यालय | १० | १५ | २० | ३५ | ३० | |
| ६ | कक्षा कोठाहरू सूचना प्रविधिमैत्री भएको विद्यालय सङ्ख्या | विद्यालय | ० | ४ | ८ | १२ | २० | |

### ४.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | क्रियाकलाप | एकाइ | पहिलो पाँच वर्षको लक्ष्य | | | | | जम्मा | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| १ | शिक्षक योग्यता र वितरणको अध्यावधिक मापदण्डका आधारमा शिक्षक व्यवस्थापन (पुनर्वितरण र समायोजन) | पटक | ० | ० | १ | ० | १ | २ | २ |
| २ | नयाँ नियुक्ति भएका शिक्षकहरूलाई सेवा प्रवेश तालिम | सङ्ख्या | ६ | ६ | ६ | ६ | ६ | ३० | ३० |
| ३ | माध्यमिक शिक्षकहरूलाई गणित, विज्ञान र अङ्ग्रेजी बिषयको बिषय बस्तुहरूको पाठ अध्ययन | सङ्ख्या | ८ | १० | १३ | १६ | १८ | ६४ | ६४ |

| क्र.सं. | क्रियाकलाप | एकाइ | पहिलो पाँच वर्षको लक्ष्य | | | | | जम्मा | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| | सामग्री विकाससम्बन्धी तालिम दिने | | | | | | | | |
| ४ | शिक्षकहरूलाई ICT मा आधारित तीनदिने Online/Offline सिकाइसम्बन्धी तालिम | शिक्षक् सङ्ख्या | ३१ | ४२ | ६३ | ८४ | १०५ | ३२५ | ३२५ |
| ५ | सबै प्रकारका शिक्षक तालिमहरू सञ्चालनका लागि ५ दिने प्रशिक्षण तालिम (TOT) | सङ्ख्या | १३० | १३० | १३० | १३० | १३० | ६५० | ६५० |
| ६ | प्रारम्भिक कक्षा सिकाइ (EGL)सम्बन्धी ५ दिने प्रशिक प्रशिक्षण तालिम | पटक | १ | ० | ० | ० | ० | १ | १ |
| ८ | सबै विद्यालयका प्र.अ.हरूलाई जिम्मेवार बनाई Teacher's Time-on-taskसम्बन्धी तयार गरिएको प्रणालीको अनिवार्य कार्यान्वयन गरिने | बिध्यालय | ० | १० | ९ | ० | | १९ | १९ |
| ९ | विद्यालयमा आधारित अनुगमन र सहयोग प्रणालीअन्तर्गत प्र.अ.हरूका लागि Teachers, Mentorsसम्बन्धी ३ दिने तालिम दिने | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ११ | तालिम केन्द्रबाट स्वीकृत शिक्षक तालिम पाठ्यक्रमका आधारमा माध्यमिक तहका शिक्षकहरूलाई ४५ दिने TPD Certification तालिम प्रदान गर्ने (जस्मा १५ दिने तालिम Face to Face दिने, १५ दिने तालिम Online/Offline विधिमा दिने र १५ दिने तालिम विद्यालयमा आधारित अभ्यासात्मक रूपमा दिने) | जना | ० | ५ | ५ | ३ | २ | १५ | १५ |
| १२ | आधारभूत तहका (कक्षा ६-८) शिक्षकहरूलाई TPD Certification तालिम प्रदान गर्ने (जस्मा १५ दिने तालिम Face to Face दिने, १५ दिने तालिम Online/Offline विधिमा दिने र १५ दिने तालिम विद्यालयमा आधारित अभ्यासात्मक रूपमा दिने) | जना | ५ | ५ | ५ | ५ | ५ | २५ | २५ |
| १३ | आधारभूत तहका (कक्षा १-५) शिक्षकहरूलाई TPD Certification तालिम प्रदान गर्ने (जस्मा १५ दिने तालिम Face to Face दिने, १५ दिने तालिम Online/Offline विधिमा देने र १५ दिने तालिम विद्यालयमा आधारित अभ्यासात्मक रूपमा देने) | जना | ० | ५ | ५ | ५ | ५ | २० | २५ |
| १४ | नयाँ भर्ना हुने ECED Teachers/Facilatotars हरूलाई १५ दिने (९० घण्टा) सेवा प्रवेश तालिम प्रदान गर्ने | सङ्ख्या | ६ | ६ | ६ | ६ | ३ | २७ | २७ |

| क्र.सं. | क्रियाकलाप | एकाइ | पहिलो पाँच वर्षको लक्ष्य | | | | | जम्मा | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| १५ | हाल कार्यरत सबै ECED Teachers/Facilatotars हरूलाई दुई Modules मा प्रत्येक ५/५ वर्षमा पुनर्ताजगी तालिम प्रदान गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १६ | आधारभूत र माध्यमिक तहका प्र.अ.हरूलाई नेतृत्व विकास तालिम प्रदान गर्ने (जस्मा १५ दिने तालिम Face to Face दिने र १५ दिने तालिम विद्यालयमा आधारित अभ्यासात्मक रूपमा देने) | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १७ | शिक्षकहरूलाई Face to Face र Online दुवै विधिमा मागमा आधारित Soft-skills integration, EGL Skill, एकीकृत शिक्षण सिकाइ र शिक्षण सिकाइका अन्य क्षेत्रमा छोटो अवधिका तालिमहरू प्रदान गर्ने | शिक्षक सङ्ख्या | ११ | ११ | ११ | ११ | ११ | ५५ | ५५ |
| १८ | असल अभ्यासको अवलोकन भ्रमण गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १९ | शिक्षकलाई परामर्श कार्य गर्न, अध्ययन अनुसन्धान, अनुगमन, सुपिरवेक्षणको लागि विज्ञ समूह परिचालन गर्ने | पटक | ० | १ | ० | ० | १ | २ | ४ |
| २० | सवै तहका शिक्षक दरवन्दी मिलान तथा पुनर्वितरण | पटक | ० | १ | ० | १ | ० | २ | २ |

## ४.३ शिक्षामा समता र समावेशीकरण

### परिचय

पहुँच र सहभागिताको लागि समानतामा पुग्ने उद्देश्य हासिल गर्न असमानताहरू बिच गरिने असमान व्यवहार नै शैक्षिक समता हो। नेपालको संविधान, २०७२ ले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्माको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक सुनिश्चित गर्नुको साथै अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुनबमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक पनि सुनिश्चित गरेको छ।

यसका साथै दृष्टिविहिन नागरिकलाई ब्रेललिपीमा, स्वर वा बोलाईसम्बन्धी अपाङ्गता भएका नागरिकलाई सांकेतिक भाषामा र प्रत्येक नेपाली समुदायलाई कानुनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने हक हुने भनी सुनिश्चित गरी समावेशी शिक्षाको अर्थलाई सार्थक बनाएको छ।

नेपाल सामाजिक-सांस्कृतिक रूपमा विविधता भएको मुलुक हो। यहाँ विभिन्न भाषिक, सांस्कृतिक तथा जातीय समुदायहरूको बसोबास छ। नेपाली समाजको यो विविधतालाई एकातिर पहिचान तथा सामर्थ्यका रूपमा लिने गरिन्छ भने अर्कोतिर ऐतिहासिक रूपमा यही भिन्नताका कारणले सामाजिक, आर्थिक तथा राजनीतिक रूपमा विभेद र वञ्चितीकरण परेका समुदायहरू पनि रहेका छन्। उदाहरणका लागि दलित तथा सीमान्तकृत समुदाय, नेपाली

बाहेकका मातृभाषी समुदाय, अल्पसङ्ख्यक सांस्कृतिक समुदायहरू ऐतिहासिक रूपमा वञ्चितीकरणमा पर्न गई अहिलेसम्म पनि यसको असर कुनै न कुनै रूपमा शिक्षाको पहुँच, सहभागिता र उपलब्धिमा देखिने गरेको छ। त्यसैगरी भौगोलिक तथा क्षेत्रगत, आर्थिक तथा लैङ्गिक भिन्नताको प्रभाव पनि शैक्षिक पहुँच, सहभागिता र नतिजामा परेको देखिन्छ। विभिन्न किसिका अपाङ्गता भएका बालबालिकाहरू तथा कठिन परिस्थितिमा रहेका बालबालिकाहरूको शिक्षामा पहुँच र सहभागिता तुलनात्मक रूपमा कमजोर छ।

### ४.३.१ वर्तमान अवस्था

विद्यालयमा भर्ना भएका बालबालिकाहरूलाई भयरहित र सुरक्षित वातावरणमा स्वागत गर्दै विद्यालयको सामाजिक तथा शैक्षिक प्रक्रियामा सुरक्षित भावनाका साथ सहभागी बन्ने अवसर सिर्जना गर्नु आवश्यक हुन्छ। विभेदका कारक तत्त्व) लिङ्ग, जाति, स्थान, क्षमता, सामाजिक-आर्थिक अवस्था आदि (लाई सम्बोधन गरी प्रमाणमा आधारित तथा सन्दर्भअनुसारको अनुकूलित विधि अपनाई बालबालिकाहरूले पहुँच, सहभागिता तथा सिकाइमा भोग्नुपरेका बाधा हटाउनुपर्छ। एकीकृत समता रणनीति २०१४ ले शैक्षिक उपलब्धिमा हुने विभेद हटाउन स्थानीय तहमा विद्यमान असमानता र यसको तीव्रताको मापन गर्नका लागि समता सूचकाङ्क सहित अवधारणात्मक कार्यढाँचा प्रदान गरेको छ। कञ्चन गाउँपालिकामा १९ सामुदायिक विद्यालय र ३० संस्थागत विद्यालय गरी जम्मा ४९ विद्यालयहरू सञ्चालनमा छन्। त्यसैगरी ४४ वटा बालविकास केन्द्रहरू रहेका छन। फ्लेस रिपोर्ट २०८०बमोजिम बालविकास केन्द्र र विद्यालयहरूमा गरी ७५ जना अपाङ्गता , दलित २०८२ जना र जनजाती ३४५९ जना बालबालिकाहरू अध्यनरत रहेका छन् , जसमध्ये छात्राको ४७.४ प्रतिशत रहेकोले छात्राहरूको शिक्षामा पहुँच कम रहेको देखिन्छ। गाउँपालिकामा विद्यालय शिक्षामा जाने उमेर समूहका अपाङता भएका बालबालिकाहरूको अभिलेखीकरण हुन सकेको छैन त्यस्ता प्रकारका बालबालिकाहरू विद्यालय शिक्षाको पहुँचबाट अझै पनि टाढा रहेको अवस्था रहेको छ। त्यसैगरी लैङ्गिक अल्पसङ्ख्यक आर्थिक र सामाजिक अवस्थाले पछाडि परेका समूहका बालबालिकाहरूको समेत विद्यालय शिक्षाको पहुँचबाट टाढा देखिन्छ। गाउँपालिकामा संस्थागत हिसाबले त्यस्ता बालबालिकाहरूको अभिलेख अध्यावधिक गरेर राख्ने कार्य हुन सकेको छैन।

नेपालको संविधानले नेपाललाई समावेशी बनाउने दृष्टिकोणलाई मार्गनिर्देश गरेको छ। संविधानले आधारभूत तहको शिक्षालाई नागरिकको मौलिक हकका रूपमा लिँदै आधारभूत तहको शिक्षा अनिवार्य र नि:शुल्क हुने सबै भाषिक समुदायलाई आफ्नो मातृभाषामा शिक्षा पाउने हक हुने व्यवस्था गरेको छ। राष्ट्रिय शिक्षा नीति, २०७६ ले पनि शिक्षामा समता र समावेशीता अभिवृद्धिका लागि विभिन्न नीतिहरू तय गरेको छ। अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन २०७५, अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ र अनिवार्य तथा नि:शुल्क शिक्षा नियमावली, २०७७ ले अपाङ्गता भएका व्यक्ति तथा आर्थिक सामाजिक रूपले पछाडि परेका समुदायलाई छात्रवृत्ति तथा नेपाल सरकारले निर्धारण गरेबमोजिम शैक्षिक संस्थाद्वारा निःशुल्क रूपमा विद्यालय शिक्षा, उच्च शिक्षा र प्राविधिक तथा व्यावसायिक शिक्षा उपलब्ध गराउने प्रावधान राखेको छ। पहुँचमा वृद्धि भए तापनि विभिन्न सामाजिक समूह तथा क्षेत्रमा अझै पनि असमानता घटाउने कार्य चुनौतीपूर्ण रहेको छ।

**क. समस्या**

(क) समावेशी शिक्षा नीति विकास भई कार्यान्वयनमा नआउनु,

(ख) अपाङ्गता भएका बालबालकाको वास्तविक तथ्याङ्क नहुनु,

(ग) विद्यालयमा अपाङ्गता भएका वा कार्यगत सीमितता भएका बालबालिकाको पहिचान पद्दति नहुनु,

(घ) विद्यालय वातावरण अपाङ्गमैत्री नहुनु,

(ङ) शिक्षकहरूले समावेशी शिक्षण सिकाइसम्बन्धी तालिम प्राप्त नगर्नु,

(च) अपाङ्गता भएका बालबालिकाका लागि शैक्षिक वा सिकाइ सामग्री विकास नहुनु,

(छ) अभिभावकमा अपाङ्गता भएका बालबालिका प्रति हेर्ने दृष्टीकोण परम्मपरागत हुनु,

(ज) सिकाइको विश्वव्यापी ढाँचाको सिद्धान्तमा आधारित शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन हुन नसक्नु ।

**ख. चुनौती**

(क) विद्यालयमा कार्यगत सीमितताको प्रारम्भिक पहिचान तथा रिफरल सेवा प्रदान गर्ने पद्दति स्थापना गर्नु,

(ख) अपाङ्गता मैत्री भौतिक तथा शैक्षिक वातावरण सिर्जना गर्नु,

(ग) बालमैत्री, अपाङ्ग मैत्री लैङ्गिक मैत्री तथा प्रविधि मैत्री सिकाइको अवस्था सुनिश्चित गर्नु,

(घ) बालिकाको सिकाइ चाहना तथा आवश्यकताअनुसार शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नु,

(ङ) सबै बालबालिकाको शिक्षण सिकाइ क्रियाकलापमा समान सहभागिताको अवस्था सुनिश्चित गर्नु,

(च) पुस्तकालय, सूचना तथा सञ्चार प्रविधिको प्रयोग र उपयोग, सह तथा अतिरिक्त क्रियाकलाप आदिमा समावेशी पहुँच सुनिश्चित गर्नु,

(छ) समावेशी शिक्षण सिकाइका लागि आवश्यक सक्षमता विकास तथा प्रयोग गर्नु,

(ज) विद्यालय व्यवस्थापन तथा मुख्य सरोकारवालाको सक्षमता विकास गरी समावेशी शिक्षण सिकाइ वातावरण निर्माणमा सक्रिय सहभागी गराउनु,

(झ) समावेशी शिक्षण सिकाइमा अभिभावकको भूमिका वृद्धि गर्नु,

(ञ) समावेशी शिक्षण सिकाइको लागि अत्यावश्यक लगानी सुनिश्चित गर्नु,

(ट) समावेशी शिक्षाका लागि अत्यावश्यक सिकाइ सामग्रीहरूको विकास तथा सर्वसुलभता कायम गर्नु ।

**ग. अवसर**

(क) समावेशी नीति तथा कार्यक्रम विकास र कार्यान्वयन गर्ने कानुनी अधिकार हुनु,

(ख) राष्ट्रिय तथा अन्तराष्ट्रिय रूपमा सरकारले समावेशी शिक्षाका लागि प्रतिबद्धता जाहेर गरेको अवस्था विद्यमान हुनु,

(ग) समावेशी शैक्षिक वातावरण विकासका लागि पालिका सक्रिय हुनु ।

## ४.३.२ उद्देश्य

(क) विद्यालयमा कार्यगत सीमितता पहिचान पद्दति स्थापना गर्नु,

(ख) अपाङ्गता मैत्री विद्यालय भौतिक पूर्वाधारको व्यवस्था गर्नु,

(ग) सबै तहको शिक्षामा समान पहुँचको अवस्था सुनिश्चित गर्नु,

(घ) समावेशी शिक्षा र सिकाइमा समुदाय तथा अभिभावकको भूमिका वृद्धि गर्नु ।

### ४.३.३ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| समावेशी शिक्षाको नीतिगत व्यवस्था गर्ने | १. समावेशी शिक्षाको नीति तय गरी कार्यान्वयनमा ल्याइनेछ,<br>२. विद्यालय तथा समुदाय तहमा समावेशी शिक्षा नीतिको प्रबोधीकरण गरिनेछ। |
| सबै तहको शिक्षामा समावेशी पहुँच सुनिश्चित गर्ने | १. अपाङ्गता भएका बालबालिकाको वास्तविक तथ्याङ्क सङ्कलन गरी कार्यक्रम विकास तथा कार्यान्वयनमा उपयोग गरिनेछ,<br>२. विद्यालयमा अपाङ्गता भएका बालबालिकाको कार्यगत सीमितता पहिचान (Early screening of functional limitations) गर्ने पद्दति विकास गरी कार्यान्वयनमा ल्याइनेछ,<br>३. विद्यालयको भौतिक संरचनालाई अपाङ्गता मैत्री बनाइनेछ,<br>४. अपाङ्गता भएका बालबालिकाको शैक्षिक पहुँच बढाउन ब्रेल तथा साङ्केतिक भाषाका सिकाइ सामग्री विकास गरी प्रयोगमा ल्याइनेछ,<br>५. विभिन्न प्रकारका डिजिटल सिकाइमा आधारित सिकाइ सामग्री विकास गरी प्रयोगमा ल्याइनेछ,<br>६. उच्च शिक्षासम्मको अध्ययनका लागि अपाङ्गता भएका, लोपोन्मुख, अति विपन्न तथा जोखिममा रहेका बालबालिकाहरूको लागि लक्षित कार्यक्रम तयार गरी कार्यान्वयनमा ल्याइनेछ,<br>७. बालक्लब, जुनियर रेडक्रस सर्कल, स्काउट जस्ता सञ्जालहरू समावेशी सिकाइ वातावरण तयार गर्न परिचालन गरिनेछ,<br>८. बालबालिकाको नियमित स्वास्थ्य परीक्षण गरी आवश्यक रिफरल सेवा प्रदान गरिनेछ,<br>९. गैर सरकारी सङ्घसस्थाको समन्वय र सहकार्यमा समावेशी शिक्षाका लागि आवश्यक शैक्षिक सामग्री विकास गरी प्रयोगमा ल्याइनेछ,<br>१०. अपाङ्गता भएका बालबालिकालाई अत्यावश्यक उपकरण (ह्वील चेयर, छडी, आदि) सहयोग गरी शिक्षण सिकाइ प्रक्रियामा सक्रिय बनाइनेछ,<br>११. स्रोत कक्षा सञ्चालन भएका विद्यालयको शैक्षिक वातावरण सुधार गरी सुरक्षित सिकाइ वातावरण सिर्जना गरिनेछ। |
| समावेशी शिक्षाका लागि आवश्यक सक्षमता विकास गर्ने | १. अभिभावक शिक्षा कार्यक्रम विकास गरी कार्यान्वयन गरिनेछ र समावेशी शिक्षामा अभिभावकको सक्रियता बढाइनेछ,<br>२. समावेशी शिक्षण सिकाइका लागि आवश्यक क्षमता विकास गरिनेछ,<br>३. विद्यालयका प्रधानाध्यापक तथा विव्यस पदाधिकारीलाई समावेशी शिक्षासम्बन्धमा अभिमुखीकरण गरिनेछ। |

### ४.३.४ अपेक्षित उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

(१) सबै विद्यालयहरूमा अपाङ्गता मैत्री वातावरण सिर्जना भएको हुने,

(२) बालबालिकाको कार्यगत सीमितताको पहिचान गर्ने पद्दति विकास तथा कार्यान्वयन भएको हुने,

(३) विद्यालयका शिक्षकहरूले अपाङ्गतासम्बन्धी शिक्षण सिकाइका लागि तालिम प्राप्त गरेको अवस्था हुने,

(४) अभिभावकहरूमा अपाङ्गतासम्बन्धी सचेतना विकास भई अपाङ्गता भएका बालबालिकालाई शैक्षिक सहजीकरण गर्ने गरेको अवस्था हुने,

(५) अपाङ्गता भएका बालबालिको कार्यगत सीमितता सहितको सूचना सङ्कलन तथा प्रयोग भएको अवस्था हुने,

(६) बाल क्लव तथा जुनियर रेडक्रस सर्कल लगायतका क्लवहरू विद्यालय तथा समुदायमा समावेशी सिकाइ वातावरण निर्माणमा सक्रिय भएका हुने,

(७) सिकाइ सीमितता भएका बालबालिकाले अतिरिक्त सिकाइ सहयोग कार्यक्रममा सहभागी भई शैक्षिक उपलब्धिमा सुधार भएको हुने,

(८) अपाङ्गता भएका बालबालिका लक्षित शैक्षिक सामग्री डिजिटल समेत विकास तथा प्रयोग भएको हुने,

(९) अपाङ्गता भएका बालबालिकाले उच्च शिक्षा अध्ययन छात्रवृत्ति प्राप्त गरी शैक्षिक निरन्तरता प्रदान गरेको हुने,

(१०) विद्यालयका प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूले समावेशी शिक्षासम्बन्धी तालिम प्राप्त गरी प्रयोगमा ल्याएको हुने,

(११) स्रोत कक्षा सञ्चालित विद्यालयको सिकाइ वातावरण सुधार भई सुरक्षित वातावरणमा सिकाइ क्रियाकलाप सञ्चालन भएको हुने,

(१२) अपाङ्गता भएका बालबालिकाले शैक्षिक उपकरण सहयोग प्राप्त गरी विद्यालयमा निरन्तरता प्रदान गरको हुने,

(१३) आवधिक रूपमा बालबालिकाको स्थास्थ्य परीक्षण भई आवश्यक रिफरल सेवा प्राप्त गरेको हुने ।

**ख) नतिजा तथा परिमाणात्मक लक्ष्य**

| | शिक्षामा समता र समावेशीकरण | इकाइ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
|---|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तहमा विद्यालय बाहिर रहेका बालबालिकाको सङ्ख्या | जना | | | | | | तथ्याङ्क अप्राप्त |
| २ | आधारभूत तह (कक्षा ६-८) मा लैङ्गिक समता सूचक | प्रतिशत | ०.८६ | ०.९० | ०.९४ | ०.९८ | १.० | |
| ३ | माध्यमिक तहमा लैङ्गिक समता सूचक | प्रतिशत | ०.९६ | ०.९७ | ०.९८ | ०.९९ | १.० | |
| ४ | जेन्डर फोकल शिक्षक र गुनासो सुन्ने अधिकारीको ब्यबस्था गर्ने विद्यालय | विद्यालय | १९ | १९ | १९ | १९ | १९ | |
| ५ | अपाङ्गतामैत्री विद्यालय सङ्ख्या | विद्यालय | ० | ० | १ | ० | ० | |
| ६ | अपाङ्ग छात्रवृत्ति प्राप्त विद्यार्थी गर्ने | सङ्ख्या | ० | १० | १० | १० | १० | |

### ४.३.५ प्रमुख कार्यक्रम तथा भौतिक लक्ष्य

| प्रमुख कार्यक्रम | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | पहिलो पाँच वर्ष | | | | | | दोस्रो पाँच वर्ष २०९० |
| | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| स्थानीय तहका स्वास्थ्य शाखा/केन्द्रहरू सँग समन्वय गरी शैक्षिक सत्रको शुरूमा ECD देखि आधारभूत तहसम्मका विद्यार्थीको अपाङ्गतासम्बन्धी स्वास्थ्य जांच र परीक्षण गरी निदान गर्न | जना | ६९५८ | ७०४२ | ६७१२ | ६६२१ | ६६१९ | ३३९५२ | ३३९५२ |
| बिशेष शिक्षा अन्तगतका स्रोत कक्षाहरू सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| श्रवण/बहिरा र बौद्धिक अपाङ्गता भएका बालबालिकाका लागि साथै अन्य प्रकारका अपाङ्गता भएका बालबालिकाका लागि शिक्षण सिकाइ सामग्री, ब्रेल किताब, श्रवण सामग्री र थप सामग्रीहरू वितरणका लागि | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| बालबालिका तथा समाहित शिक्षा संजाल गठन तथा बिबिध कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| अपाङ्गता तथा समावेशी शिक्षासम्बन्धी अभिभावक सचेतना विकास कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| विद्यालयमा बाल क्लव तथा जुनियर रेडक्रस सर्कलमा आधारित कार्यक्रम सञ्चालन | पटक | ० | ३ | ३ | ३ | ३ | १२ | २४ |
| सिकाइ सीमितता भएका बालबालिकाहरूका लागि शैक्षिक सहयोग कार्यक्रम | पटक | ० | १ | १ | १ | १ | ४ | ८ |
| प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारी लक्षित समावेशी शिक्षासम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन | पटक | ० | १ | १ | १ | १ | ४ | ८ |
| अपाङ्गता भएका बालबालिकाका लागि सहायक सामग्रीको व्यवस्था | सङ्ख्या | ० | १० | १० | १० | १० | ४० | ८० |

| प्रमुख कार्यक्रम | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | पहिलो पाँच वर्ष | | | | | | दोस्रो पाँच वर्ष २०९० |
| | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| स्रोत कक्षा सञ्चालित विद्यालयको सिकाइ वातावरण सुधार कार्यक्रम | पटक | ० | ० | १ | १ | १ | ३ | ६ |

## ४.४ विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम

विद्यार्थीको स्वास्थ्य तथा पोषणको अवस्था उनीहरूको संज्ञानात्मक क्षमता शैक्षिक उपलब्धि गुणस्तरीय जीवन तथा समाजका लागि विभिन्न पक्षमा योगदान गर्ने क्षमतालाई प्रभाव पार्ने भएकोले उनीहरूको स्वास्थ्य तथा पोषणको अवस्था राम्रो बनाइनु पर्दछ । यसका लागि विद्यालयमा आधारित स्वास्थ्य तथा पोषणको कार्यक्रमका माध्यमबाट स्वास्थ्य तथा पोषण सेवा तथा शिक्षा प्रदान गर्नु एउटा मितव्ययी तथा प्रभावकारी तरिका देखिएको छ। विद्यालयमा आधारित पोषण तथा स्वास्थ्य सेवाको न्यूनतम प्याकेजअन्तर्गत वार्षिक स्वास्थ्य परीक्षण अर्धवार्षिक रूपमा जुकाको औषधि वितरण तथा आवश्यकताअनुसार प्रतिस्थापन हुने व्यवस्थासहित सबै प्राथमिक विद्यालयका लागि प्राथमिक उपचार सामग्रीको बाकस कक्षा ६ देखि १२ का बालिकाहरूलाई आइरन चक्की छात्राहरूका लागि सेनिटरी प्याड छात्र र छात्राका लागि अलगअलग शौचालय व्यवस्थापन समितिको सक्षमतामा सुधार तथा पोषण र स्वास्थ्यका सवालमा बाल क्लबहरूको परिचालन गर्नुपर्ने रहेको छ ।

विद्यालय शिक्षा क्षेत्र योजनाले बालबालिकाको स्वास्थ्य पोषण सरसफाई तथा स्वच्छता र खाद्य सम्प्रभुता सम्बन्धमा प्राथमिकता दिए पनि यिनलाई विद्यालयसँग कसरी जोड्ने भन्ने रणनीति स्पष्ट गरेको देखिँदैन। विद्यालय शिक्षा क्षेत्र योजना र १६ औँ आवधिक योजनामा बालबालिकाको स्वास्थ्य तथा पोषणमा सुधार गरी सिकाइ सुधार गर्नका लागि जुका नियन्त्रण सूक्ष्मपोषक तत्त्व दृष्टि एवं श्रावणको जाँच र स्वास्थ्य तथा पोषण शिक्षा प्रदान गरी विद्यालयका सबै विद्यार्थीको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार गर्ने रणनीतिहरू प्रस्ताव गरिएका छन्। यी उद्देश्य प्राप्तिका लागि सञ्चालन गरिने प्राय:जसो कार्यक्रमहरूबाट स्वास्थ्य क्षेत्रबाट वा स्वास्थ्य क्षेत्रसँग समन्वय गरी कार्यान्वयन गर्नुपर्ने हुँदा कार्यक्रमको नतिजामा एकरूपता नदेखिने सम्भावना पनि रहेको छ। विशेषत विद्यालय र स्थानीय स्वास्थ्य संस्थाको सक्रियता र स्वेच्छिक सहकार्यमा यी कार्यक्रमहरूको प्रभावकारिता निर्भर भएको देखिन्छ।

विद्यालयहरूमा खानेपानी सरसफाई तथा स्वच्छतासम्बन्धी कार्यविधि २०७४ ले उल्लेख गरेअनुसार सबै विद्यालयहरूमा हुनुपर्ने खानेपानी सरसफाई तथा स्वच्छता सुविधाहरूमा स्वच्छ पिउने पानी सहित पर्याप्त पानी विद्यार्थी सङ्ख्याअनुसार अलग अलग सफा र सुरक्षित स्थानमा बाल, लैङ्गिक, अपाङ्गता र वातावरण मैत्री शौचालय, वातावरणीय सरसफाई, हरियाली वातावरण र स्वच्छता सुविधा, विद्यालयमा महिनावारी स्वच्छता सन्दर्भमा प्याड व्यवस्थापन व्यवस्थापन, सफा र स्वच्छ खाद्य पदार्थसहितको भान्छा घर सरसफाई तथा स्वच्छता प्रवर्धन र दिगोपनका लागि संस्थागत व्यवस्था रहेका छन्। उल्लेखित सुविधा तथा सेवा बाहेक बालबालिकाका लागि सरसफाई तथा स्वच्छतासम्बन्धी शिक्षाको प्रबन्ध पनि विद्यालयमा हुन आवश्यक छ। स्वच्छता प्रवर्धन र दिगोपनका लागि विद्यालयहरूमा खानेपानी सरसफाई तथा स्वच्छतासम्बन्धी कार्यविधि २०७४ को पुनरावलोकन गरी तदनुकूलको संस्थागत व्यवस्था गर्न आवश्यक छ ।

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि तयार गरिएको कार्यक्रम कार्यान्वयनको स्थितिका आधारमा दिवा खाजा कार्यक्रम सञ्चालन हुने गरेको छ भने शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तयार गरेको सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तयार गरेको सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका २०७६ ले कार्यक्रम सञ्चालनका केही मापदण्ड र प्रक्रिया निर्धारण गरेको छ । कानुनी आधारसहित नीतिगत मार्गदर्शक दस्तावेजको आवश्यकता देखिएको छ । वित्तीय अवस्थाको कुरा गर्दा धैरैजसो विद्यालयमा आवश्यक भौतिक पूर्वाधार सामग्री तथा खाजा बनाउने व्यक्ति लगायत व्यवस्थापकीय कार्य तथा क्षमता विकासका लागि बजेटको प्रबन्ध गरिएको छैन भने आवश्यक पौष्टिक खानाका लागि मूल्य वृद्धिको अनुपातमा प्रति एकाइ हालको बजेट रु १५ पर्याप्त देखिँदैन ।

**४.४.१ वर्तमान अवस्था**

कञ्चन गाउँपालिकामा वार्षिक स्वास्थ्य परीक्षण अर्धवार्षिक रूपमा जुकाको औषधी वितरण आइरनचकी र फोलिक एसिड  वितरण प्राथमिक उपचार सामग्री बाकसको उपलब्धता पक्षहरूमा गाउँपालिकाको स्वास्थ्य शाखा र शिक्षा शाखाको समन्वय समन्वयमा विद्यालयमा कार्यान्वयन गरिएको छ । प्राथमिक उपचार सामग्रीको बाकस र आवश्यक औषधिहरू एकपटक प्रदान गरिए पनि सबै विद्यालयलाई उपलब्ध गराउन सकिएको छैन । विद्यालयमा महिनावारी स्वच्छता सम्बन्धमा छात्राहरूका लागि उपलब्ध गराइएको सेनिटरी प्याडको व्यवस्थापन गर्नु मुख्य चुनौतीका रूपमा रहेको छ। सरसफाई तथा स्वच्छताको मापदण्ड तयार गर्न सकिएको छैन । दिवा खाजालाई स्थानीय उत्पादनसँग जोड्न आवश्यक वृहत तथा सूक्ष्म पौष्टिक तत्व  समावेश भएका बहु मेनुहरू स्थानीय स्तरमै  तयार गर्ने कार्यलाई प्राथमिकता दिनु पर्ने देखिन्छ यद्यपि दिवा खाजा व्यवस्थापनका लागि जनशक्तिको अभाव विद्यालयहरूले झेल्दै आएका छन् । दिवा खाजाका सन्दर्भमा जङ्कफुडको प्रयोगलाई प्रतिबन्ध लगाइए पनि यसको कार्यान्वयनको अवस्थाका बारेमा अनुगमन कम हुने गरेको छ । विद्यालयका भौतिक संरचनामा पर्याप्त शौचालय र खानेपानी तथा वा सुविधा रहेपनि विद्यार्थीले प्रयोग गर्ने  अधिकांश शौचालयहरू  सफा भएको पाइदैन ।

कञ्चन गाउँपालिकाको सबालमा बालबालिकाका लागि सरसफाई तथा स्वच्छतासम्बन्धी शिक्षाको प्रबन्धका लागि स्वास्थ्य पोषण र सरसफाई तथा स्वच्छताको शिक्षाको पद्धति तथा संरचना विद्यालयमा आवश्यक रहेको छ । त्यसै गरी पालिकाले प्रयेक विद्यालयहरूमा जुकाको औषधी, कक्षा ४ देखि माथिका छात्राहरूलाई आइरन चक्की, भिटामिन ए क्यापसूल, सेनटरी प्याड वितरण, दादुरा रुबेलाको खोप समेत सेवा प्रदान गर्दै समय समयमा विद्यालयहरूमा स्वास्थ्य परिक्षण गर्दै आइएको छ ।

## सामुदायिक विद्यालयमा वातावरण, पिउनेपानी तथा सरसफाइको अवस्था

| क्र.स. | विद्यालयको नाम | पर्खाल घेरावर | | | | शौचालय | | | | पिउने पानीको व्यवस्था | | | | खेलकुद मैदान | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पक्की | कच्ची | तारबार | स्थानीय सामग्रीले बारेको | छात्रा | छात्र | महिला शिक्षक | पुरुष शिक्षक | पानीको सुविधायुक्त | धारा | इनार तथा ट्युबवेल | अन्य | | |
| १ | श्री जनज्योति माध्यमिक विद्यालय | छ | | | | छ | छ | छ | छ | छ | | | | छ | |
| २ | श्री दुर्गा माध्यमिक विद्यालय | छ | | | | छ | छ | छ | छ | छ | | | | छ | |
| ३ | श्री बुद्धभूमि आधारभूत विद्यालय | | | छ | | छ | छ | छ | छ | छ | | | | छ | |
| ४ | श्री प्रगति माध्यमिक विद्यालय | छ | | | | छ | छ | छ | छ | छ | | | | छ | |
| ५ | श्री गजेडी माध्यमिक विद्यालय | छ | | | | छ | छ | छ | छ | छ | | | | छ | |
| ६ | श्री गौतम बुद्ध आधारभूत विद्यालय | छ | | | | छ | छ | छ | छ | छ | | | | छ | |
| ७ | श्री मलावरदेवी माध्यमिक विद्यालय | छ | | | | छ | छ | छ | छ | छ | | | | छ | |
| ८ | श्री हरैया माध्यमिक विद्यालय | छ | | | | छ | छ | छ | छ | छ | | | | छ | |
| ९ | श्री ज्ञानज्योति आधारभूत विद्यालय | | | छ | | छ | छ | छ | छ | छ | | | | छ | |
| १० | श्री शिशुसदन आधारभूत विद्यालय | | | छ | | छ | छ | छ | छ | छ | | | | छ | |
| ११ | श्री रुद्रपुर माध्यमिक विद्यालय | छ | | | | छ | छ | छ | छ | छ | | | | छ | |
| १२ | श्री हिमालय आधारभूत विद्यालय | छ | | | | छ | छ | छ | छ | छ | | | | छ | |
| १३ | श्री बालकल्याण आधारभूत विद्यालय | | | छ | | छ | छ | छ | छ | छ | | | | छ | |
| १४ | श्री शिवशक्ति आधारभूत विद्यालय | छ | | | | छ | छ | छ | छ | छ | | | | छ | |
| १५ | श्री भैसाही माध्यमिक विद्यालय | छ | | | | छ | छ | छ | छ | छ | | | | छ | |
| १६ | श्री ज्ञानोदय आधारभूत विद्यालय | | | छ | | छ | छ | छ | छ | छ | | | | छ | |
| १७ | श्री शान्तिभूमि आधारभूत विद्यालय | छ | | | | छ | छ | छ | छ | छ | | | | छ | |
| १८ | श्री लुम्बिनी ज्ञान निकेतन माध्यमिक विद्यालय | छ | | | | छ | छ | छ | छ | छ | | | | छ | |
| १९ | श्री सरस्वती माध्यमिक विद्यालय | छ | | | | छ | छ | छ | छ | छ | | | | छ | |

## विद्यालय स्वास्थ्य तथा पोषण

| क्र.स. | विद्यालयको नाम | प्राथमिक उपचार बक्स तथा औषधी भएको | प्राथमिक उपचार सहायता/सुविधा | नर्सको व्यवस्था | जुकाको औषधी खाएको विद्यार्थी सङ्ख्या | आइरन चक्की खाएको विद्यार्थी सङ्ख्या | सेनेटरी प्याडको व्यवस्था भएको | विद्यार्थीको वर्षमा २ पटक स्वास्थ्य जाँच गरेको | गाडी/ यातायात सेवा | विद्यालयको आय स्रोत भएको | विद्यालय स्वस्थ्य तथा पोषण फोकल शिक्षक | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | श्री जनज्योति माध्यमिक विद्यालय | | | | ४५० | २५० | छ | | | | | |
| २ | श्री दुर्गा माध्यमिक विद्यालय | | | | ५०० | २०० | छ | | | | | |
| ३ | श्री बुद्धभूमि आधारभूत विद्यालय | | | | ५०० | १५० | छ | | | | | |
| ४ | श्री प्रगति माध्यमिक विद्यालय | | | | ४५० | १७० | छ | | | | | |
| ५ | श्री गजेडी माध्यमिक विद्यालय | | | | ४५० | २५० | छ | | | | | |
| ६ | श्री गौतम बुद्ध आधारभूत विद्यालय | | | | ३०० | १२५ | छ | | | | | |
| ७ | श्री मलावरदेवी माध्यमिक विद्यालय | | | | ३०० | १०० | छ | | | | | |
| ८ | श्री हरैया माध्यमिक विद्यालय | | | | १५० | ७० | छ | | | | | |
| ९ | श्री ज्ञानज्योति आधारभूत विद्यालय | | | | १५० | ६५ | छ | | | | | |
| १० | श्री शिशुसदन आधारभूत विद्यालय | | | | ३६ | ० | छैन | | | | | |
| ११ | श्री रुद्रपुर माध्यमिक विद्यालय | | | | १०० | ३२ | छ | | | | | |
| १२ | श्री हिमालय आधारभूत विद्यालय | | | | २२५ | ५६ | | | | | | |
| १३ | श्री बालकल्याण आधारभूत विद्यालय | | | | ४० | ० | | | | | | |
| १४ | श्री शिवशक्ति आधारभूत विद्यालय | | | | ३२६ | १२५ | | | | | | |
| १५ | श्री भैसाही माध्यमिक विद्यालय | | | | २७० | ६० | | | | | | |
| १६ | श्री ज्ञानोदय आधारभूत विद्यालय | | | | १४० | ३० | | | | | | |
| १७ | श्री शान्तिभूमि आधारभूत विद्यालय | | | | | | | | | | | |
| १८ | श्री लुम्बिनी ज्ञान निकेतन माध्यमिक विद्यालय | | | | | | | | | | | |
| १९ | श्री सरस्वती माध्यमिक विद्यालय | | | | | | | | | | | |

**क ) समस्या**

१. दिवा खाजा व्यवस्थापनका लागि आवश्यक न्यूनतम भौतिक संरचना विकास नहुनु,

२. दिवा खाजा व्यवस्थापनका लागि आवश्यक भान्से, भाँडाकुँडा आदिको प्रबन्ध नहुनु,

३. स्थानीय कृषि उपजमा आधारित दिवा खाजा व्यवस्थापन गर्न कठिनाइ हुनु,

४. दिवा खाजा व्यवस्थापन प्रति विद्यालय व्यवस्थापन, प्रधानाध्यापक तथा अभिभावकको कम चासो रहनु,

५. स्थानीय तहबाट दिवा खाजा व्यवस्थापनसम्बन्धी स्थानीय आवश्यकता र परिवेशमा आधारित कार्यविधि विकास नहुनु,
६. दिवा खाजाका लागि तोकिएको रकम न्यून हुनु,
७. दिवा खाजा व्यवस्थापनको अनुगमन नहुनु,
८. सरोकारवालामा पोषणसम्बन्धी उपयुक्त ज्ञानको कमी हुनु,
९. दिवाखाजा पोषण तथा स्वास्थ्य कार्यक्रम एकीकृत रूपमा सञ्चालन नहुनु,
१०. दिवा खाजा पश्चात फोहोरको उचित व्यवस्थापन नहुनु,
११. लागत साझेदारीको अवधारणाअनुसार दिवा खाजा व्यवस्थापन नहुनु,
१२. विद्यालयमा स्वास्थ्यसम्बन्धी जानकारी प्रदान गर्ने दक्ष जनशक्तिको अभाव हुनु,
१३. बालबालिकालाई नियमित रूपमा स्वास्थ्य उपचार गर्ने पद्धति विकास नहुनु,
१४. विद्यालयमा प्राथमिक उपचार कक्ष तथा अत्यावश्यक सामग्री लगायतका औषधिहरूको व्यवस्थापन नहुनु।

**ख ) चुनौती**

१. उपयुक्त भौतिक वातावरणमा दिवा खाजा व्यवस्थापन गर्नु,
२. स्थानीय कृषि उपजमा आधारित दिवा खाजा व्यवस्थापन गर्नु,
३. दिवा खाजाको व्यवस्थपपन तथा विस्तारका लगि आवश्यक बजेटको प्रबन्ध गर्नु,
४. लागत साझेदारीमा दिवा खाजालाई निरन्तरता प्रदान गर्नु।

**ग ) अवसर**

१. सङ्घीय सरकारबाट सन् २०३०सम्म दिवा खाजा व्यवस्थापनका लागि योजना तथा कार्यक्रम स्वीकृत हुनु,
२. दिवा खाजाका कारण विद्यालयमा विद्यार्थीको निरन्तरता बढ्नु र सकारात्मक प्रभाव देखिनु,
३. स्थानीय सरकारलाई आवश्यक कार्यविधि तयार गरी एकीकृत विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम सञ्चालन गर्ने अधिकार र अवसर हुनु।

**४.४.२ उद्देश्य**

१. उपयुक्त भौतिक वातावरण सिर्जना गरी स्थानीय कृषि उपजमा आधारित दिवा खाजा व्यवस्थापन गर्नु,
२. विद्यालयमा विद्यार्थीको उपस्थिति नियमित गराउनु, बिचैमा छाड्ने दरमा कमी ल्याउनु र सिकाइमा सुधार गर्नु,
३. बालबालिकाको स्वास्थ्य र पोषणको अवस्थामा सुधार गरी निरन्तर सिकाइका लगि अभिप्रेरित गर्नु।

### ४.४.३ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| (क) कार्यविधिका आधारमा विद्यालय भौतिक संरचनामा सुधार गर्ने | १. विद्यालय स्वास्थ्य तथा पोषणसम्बन्धी कार्यविधि तयार गरी कार्यान्वयन गरिनेछ,<br>२. कार्यविधिका आधारमा विद्यालयको भौतिक संरचनामा सुधार गरी भान्साकोठा, भण्डारण कक्ष सुरक्षित खानेपानी लगायतका पक्षको सुधार गरिनेछ,<br>३. सुरक्षित विद्यालय अवधारणाअनुसार विद्यालयको घेरावार, कम्पाउण्ड लगायतका पक्षहरूमा सम्भाव्यता र आवश्यकताका आधारमा सुधार गरिने छ। |
| (ख) दिवा खाजाको प्रभावकारी व्यवस्थापन गर्ने | १. विद्यालय स्वास्थ्य तथा पोषण योजना विकास गरी कार्यान्वयन गरिनेछ,<br>२. स्थानीय उत्पादनमा आधारित विद्यालय दिवा खाजा कार्यक्रम सञ्चालन गर्ने विद्यालयलाई प्रोत्साहन तथा सहजीकरण गरिनेछ,<br>३. बालबालिकाका लागि स्वास्थ्य उपचार तथा स्वास्थ्यसम्बन्धी परामर्शका लागि एक विद्यालय एक नर्स कार्यक्रम कार्यान्वयन गरिनेछ,<br>४. स्थानीय गैर सरकारी निकायहरूको साझेदारीमा विद्यालयमा प्राथमिक उपचार किटको व्यवस्था गरिनेछ,<br>५. गैर सरकारी निकायहरूलाई दिवा खाजा व्यवस्थापन तथा विद्यालय पोषण कार्यक्रम सञ्चालनमा परिचालन गरिनेछ,<br>६. स्वास्थ्य शाखाको समन्वय र सहकार्यमा विद्यालयका बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि तथा सूक्ष्म पोषक तत्त्व प्रदायक ट्यावलेट (भिटामिन ए र आइरन फोलिक एसिड आदि) को वितरण गरिने छ,<br>७. विद्यालय स्वास्थ्य तथा दिवा खाजा व्यवस्थापनसम्बन्धी कार्यक्रम विद्यालय सुधार योजनामा समावेश गर्न प्रोत्साहन गरिनेछ,<br>८. स्थानीय उत्पादनमा आधारित दिवा खाजा मेनु विकास गरी कार्यान्वयन गरिनेछ। |
| (ग) दिवा खाजा व्यवस्थापन क्षमता विकास गर्ने | १. दिवा खाजा तथा पोषणयुक्त खानाका सम्बन्धमा अभिभावक सचेतीकरण कार्यक्रम सञ्चालन गरिनेछ,<br>२. दिवा खाजालाई सिकाइसँग आबद्ध गर्न शिक्षकको पेसागत विकास गरिनेछ,<br>३. भान्सेलाई सन्तुलित खाजा व्यवस्थापनका लागि आवश्यक क्षमता विकास गरिनेछ,<br>४. स्वास्थ्य तथा पोषणसम्बन्धी स्थानीय पाठ्यक्रम निर्माण/परिमार्जन लगायतका काममा आवश्यक क्षमता विकास गरिनेछ,<br>५. प्राथमिक उपचार किटको प्रभावकारी एवम् सही उपयोगका लागि शिक्षक अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ। |

### ४.४.४ अपेक्षित उपलब्धि तथा नतीजा

**क) उपलब्धि**

१. दिवा खाजा कार्यविधि विकास भई कार्यान्वयनमा आएको हुने,
२. विद्यालयको न्यूनतम भौतिक संरचना विकास (Kitchen, store room, water facilities, utensils, change room, toilets etc.) भई दिवा खाजा व्यवस्थापनमा प्रयोगमा आएको हुने,

३. विद्यालय स्वास्थ्य तथा पोषण योजना विकास र कार्यान्वयनमा आएको हुने,

४. स्थानीय उत्पादनमा आधारित विद्यालय दिवा खाजा कार्यक्रम सञ्चालनका भएको हुने,

५. विद्यालयमा प्राथमिक उपचार किटको व्यवस्था भई प्रयोगमा आएको हुने,

६. बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि तथा सूक्ष्म पोषक तत्त्व प्रदायक (भिटामिन ए र आइरन फोलिक एसिड आदि) ट्यावलेटको वितरण भएको हुने,

७. स्थानीय तहमा स्थानीय उत्पादनमा आधारित दिवा खाजा मेनु विकास भई प्रयोगमा आएको हुने,

८. विद्यालयहरूले दिवा खाजा व्यवस्थापन गरेको हुने,

९. विद्यालयको घेरावार, कम्पाउण्ड, उचित खानेपानी लगायतका पक्षहरूमा सुधार भई विद्यालयहरू सुरक्षित हुने,

१०. विद्यालय स्वास्थ्य तथा पोषण र दिवा खाजासम्बन्धी स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयनमा आएको हुने,

११. दिवा खाजा र सिकाइसम्बन्धी शिक्षकको क्षमता विकास भई दिवा खाजालाई सिकाइको अभिन्न अङ्गका रूपमा अभ्यासमा आएको हुने,

१२. दिवा खाजा, उचित स्वास्थ्य तथा पोषण सम्बन्धमा अभिभावक सचेत भई उचित व्यवहार अवलम्बन गरेको हुने,

१३. भान्सेले सन्तुलिभ भोजन व्यवस्थापनसम्बन्धी तालिम प्राप्त गरी दिवा खाजा व्यवस्थापनमा उपयोग गरेको हुने।

**ख) नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं | सूचक | एकाइ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| २ | कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका | सङ्ख्या | सवै | सवै | सवै | सवै | सवै | |
| ३ | दिवा खाजा प्रदान गर्ने विद्यालय | विद्यालय | १९ | १९ | १९ | १९ | | |
| ४ | वार्षिक रूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालयको सङ्ख्या | विद्यालय | १९ | १९ | १९ | १९ | १९ | |
| ५ | खानेपानी, शौचालय र प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुगेका विद्यालय सङ्ख्या | विद्यालय | १९ | १९ | १९ | १९ | १९ | |
| ६ | नर्सिङ् सेवा तथा सुविधा पुगेका विद्यालय सङ्ख्या | विद्यालय | १ | ३ | ३ | ३ | ३ | |

| प्रमुख कार्यक्रम | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | पहिलो पाँच वर्ष | | | | | | दोस्रो पाँच वर्ष २०९० |
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | |
| दिवा खाजाका लागि भान्सा तथा भण्डार एवम् थप भाँडावर्तनको प्रबन्ध | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| दिवा खाजा व्यवस्थापन | पटक | १ | ० | १ | ० | ० | २ | ४ |
| दिवा खाजाको मेनु सुधार र खाजा टोकरी निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| विद्यालयलाई प्राथमिक उपचार किट प्रदान | बिद्यालय सङ्ख्या | १९ | १९ | १९ | १९ | १९ | १९ | १९ |
| आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि, भिटामिन र आइरन ट्यावलेट कार्यक्रम | पटक | २ | २ | २ | २ | २ | १० | २० |
| किशोरी महिनावारी स्वच्छता कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| अभिभावक सचेतना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

## ४.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता

नेपालमा विद्यालय सुरक्षा एक महत्वपूर्ण मुद्दा हो, जसको प्रमुख उद्देश्य विद्यार्थीलाई सुरक्षित वातावरणमा शिक्षित गर्नु हो। विद्यालय सुरक्षाका लागि सरकार, शैक्षिक संस्थाहरू, र स्थानीय समुदायले मिलेर काम गर्न अति आवश्यक छ। यसमा भवनको सुरक्षा, आपतकालीन योजनाहरू, र विद्यार्थीको भौतिक र मानसिक सुरक्षाहरू पर्दछन्। नेपालमा प्रकोप व्यवस्थापन तथा संकटकालीन अवस्थामा शिक्षा प्राप्त गर्ने बालबालिकाको अवस्थालाई कुण्ठित हुन नदिने गरी नीतिगत तथा कानुनी व्यवस्थाका अतिरिक्त आवधिक राष्ट्रिय योजना शिक्षा क्षेत्रको दीर्घकालीन योजना र वार्षिक बजेट तथा कार्यक्रम समावेश हुँदै आए पनि प्रभावकारी देखिएको छैन विशेषत लामो द्वन्द्वको परिवेशमा शिक्षा क्षेत्रमा परेको प्रभाव, २०७२ को विनाशकारी भूकम्प तथा विभिन्न समय र स्थानमा घटेको प्राकृतिक प्रकोपका घटनाहरूका साथै कोभिड १९ लगायतका महामारीहरूका कारणले बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारमा पुगेको अवरोधबाट पाठ सिकी विद्यालय शिक्षा क्षेत्र योजना २०७९ देखि २०८८ सम्म ले आगामी १० वर्षका लागि नीति तथा कार्यक्रम प्राथमिकता र कार्यान्वयन ढाँचा समेत समावेश गरेको छ।

राष्ट्रिय शिक्षा नीति २०७६ ले सुरक्षित सिकाइ वातावरणका लागि भौतिक तथा मानवीय व्यवस्थापन एवं कार्यान्वयनका मापदण्ड तयार गर्ने, सरोकारवालाहरूलाई विपत् व्यवस्थापनसम्बन्धी सैद्धान्तिक एवं व्यवहारिक ज्ञान दिइ विपद्को पूर्व तयारी, प्रतिकार्य, न्यूनीकरण र पुनर्लाभसम्बन्धी कार्यक्रमलाई विद्यालय तथा शिक्षालयको वार्षिक कार्यतालिकामा राखी विद्यालयमा हुन सक्ने हिंसा असुरक्षा भय त्रास गाली बेइज्जती विभेद लगायतका गैर संरचनात्मक विपद् तथा जोखिमहरूको न्यूनीकरणका लागि विद्यार्थी, शिक्षक र समुदायका सदस्यहरूको सहकार्यमा कार्यक्रमहरू सञ्चालन गर्दै विद्यालयहरूलाई बालमैत्री छात्रामैत्री अपाङ्गता मैत्री तथा सुरक्षित हिंसारहित र भयरहित सिकाइ केन्द्रको रूपमा विकास गर्ने उल्लेख छ।

विद्यालय सुरक्षा, विपत न्यूनीकरण र उत्थानशीलताअन्तर्गत  मूलत तीन प्रकारका आपत्कालीन अवस्थाहरू समावेश गरिएको छ। जसमा प्राकृतिक प्रकोप जोखिम न्यूनीकरण,  महामारी  युद्ध द्वन्द विस्थापन र बसाईसराईका कारणले बालबालिकाको शिक्षा क्षेत्रमा पर्ने प्रभावलाई कम गर्न विद्यालय सुरक्षा विपत न्यूनीकरण  उत्थानशील योजनाहरू कार्यान्वयन गर्नुपर्ने अवस्था छ । यसका साथै अपतकालीन अवस्थामा समेत सिकाइ वातावरण तयार तथा सिकाइ क्षती न्यूनिकरणका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले सिकाइ अपुरण तथा द्रुत सिकाइ योजना (ReAL Plan) कार्यान्वयनमा ल्याएको छ । जसले जोखिमको अवस्थामा पनि  अधिकार समावेशीकरण समता र न्याय र पहुँचलाई अभिवृद्धि गर्न सहयोग पुऱ्याउँदछ।

**४.५.१ वर्तमान अवस्था**

कञ्चन गाउँपालिकामा हालका दिनहरूमा विद्यालय भौतिक निर्माणमा मानकहरूको पालना गर्ने प्रयास गरिएको छ यद्यपि केही विद्यालयका भौतिक संरचनाहरू पूराना  रहेका छन् । भूकम्प प्रतिरोधक संरचना निर्माण भए पनि अन्य सेफ्टी उपकरणहरूको उपलब्धता र अन्य आपतकालीन सुरक्षा उपायहरूको व्यवस्था गर्न सकिएको छैन। विद्यालयमा विपद् सुरक्षाका सम्बन्धमा प्रशिक्षित शिक्षकहरूको उपस्थिति र विद्यार्थीको लागि नियमित सुरक्षा तालिमहरू सञ्चालन गर्न अवश्यक देखिएको छ ।

कञ्चन गाउँपालिकाले विपद्को समयमा विद्यालयहरू क्षति भएमा वा भौतिक उपस्थितिमा विद्यालय सञ्चालन गर्ने अवस्था नभएमा तत्काल शैक्षिक निरन्तरताको लागि वैकल्पिक व्यवस्था गर्ने र सामान्य अवस्थामा यसको लागि पूर्व तयारी तथा सुरक्षित विद्यालय कार्य ढाँचालाई कार्यान्वयन गर्न सहयोग गर्ने उद्देश्य राखेको छ। त्यसका साथै वैकल्पिक सिकाइको निरन्तरताका लागि उपयुक्त ठाउँको पहिचान गरी आवश्यक सामग्रीहरूको तयारी गर्ने, सुरक्षित सिकाइको वातावरण तयार गरी शैक्षिक गतिविधिहरूलाई निरन्तरता दिने, विद्यालयमार्फत स्वास्थ्य संकट एवं विपद् सुरक्षासम्बन्धी चेतना समुदायमा विस्तार गर्न सहयोग गर्ने उद्देश्य राखेको छ ।

विद्यालयहरूको आपतकालीन योजनाहरू तयार निर्माण भएका छैनन् जसले गर्दा विपद् व्यवस्थापन, तत्काल उद्धार योजना, र विद्यार्थी र कर्मचारीहरूको सुरक्षा सुनिश्चित गर्ने उपायहरू अवलम्बन हुन सकेका छैनन । विपद् व्यवस्थापनको लागि विद्यालयका शिक्षक र कर्मचारीहरूलाई नियमित तालिम दिनु, र विद्यार्थीलाई विपद् प्रतिरोधक उपायहरूको बारेमा जनचेतना जगाउनु आवश्यकरहेको छ ।

विद्यालयको उत्थानशीलता भनेको विद्यालयको क्षमता, resilience, र दीर्घकालीन विकास सुनिश्चित गर्नका लागि अपनाइने उपायहरू भएपनि यसमा शैक्षिक सुधार, समुदायको संलग्नता, र संरचनात्मक सुधारहरूको प्रयास भएको छैन

**क . समस्या**

१. विद्यालय निर्माण विपद् जोखिम न्यूनीकरण मैत्री नहुनु,
२. समुदायस्तरमा विपद् र यसको व्यवस्थापनसम्बन्धी ज्ञान तथा सिपको कमी हुनु,
३. विद्यालय तथा समुदायमा विपद् व्यवस्थापनसम्बन्धी तालिम प्राप्त जनशक्तिको अभाव हुनु,
४. विपद् पूर्वतयारीको क्षेत्रमा अपेक्षित कार्य नहुनु,
५. विभिन्न सङ्घ संस्थाहरूबिच उचित समन्वय नहुनु,
६. प्राकृतिक साधन स्रोतको अत्याधिक दोहन गरिनु,

७. विपद् व्यवस्थापनसम्बन्धी प्रतिकार्य योजना तयार नहुनु,

८. विपद् जोखिम व्यवस्थापन उत्थानशील क्षमता विकास हुन नसक्नु,

९. विद्यालयहरू जोखिमपूर्ण स्थानमा बन्नु,

१०. विद्यालय भवन निर्माणमा विपद् जोखिम व्यवस्थापन मापदण्ड अनुसरण नहुनु।

**ख . चुनौती**

१. मापदण्डमा आधारित विद्यालय भौतिक संरचना विकास गर्नु,

२. जोखिमपूर्ण अवस्थामा रहेका विद्यालय भवनको पूनर्निर्माण गर्नु,

३. विपद् व्यवस्थापनसम्बन्धी सक्षमता विकास गरी परिचालन गर्नु,

४. विपद् व्यवस्थापनका लागि अत्यावश्यक आर्थिक लगानी सुनिश्चित गर्नु,

५. विपद् उत्थानशीत क्षमता विकास गर्नु,

६. विद्यालयमा आधारित विपद् प्रतिकार्य योजना तयार गरी कार्यान्वयन गर्नु।

**ग . अवसर**

१. स्थानीय सरकारले विपद् व्यवस्थापनका लागि चासो दिनु,

२. विपद् व्यवस्थापनसम्बन्धी कानुनी तथा संरचनागत प्रबन्ध गरिनु,

३. स्थानीय सरकारलाई विपद् व्यवस्थापनसम्बन्धी कार्यक्रम विकास गरी कार्यान्वयन गर्ने अधिकार हुनु।

**४.५.२ उद्देश्य**

१. विपद् उत्थानशील क्षमता विकास गर्नु,

२. जोखिम न्यूनीकरण गर्नु,

३. विपद् प्रतिकार्य योजना तयार गरी कार्यान्वयन गर्नु,

**४.५.२ रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| (क) आपत्कालीन शिक्षासम्बन्धी आवश्यक रणनीति र कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने | १. विपद् व्यवस्थापन सम्बन्धि नीति तथा मापदण्ड तयार गरी कार्यान्वयन गरिनेछ,<br>२. संकटासन्नताको मूल्याङ्कन (Vulnerability and capacity Assessment- VCA) कार्य गरिनेछ,<br>३. संकटासन्नताको मूल्याङ्कनका आधारमा पूर्वानुमान तथा प्रतिकार्यको योजना तयार गरी कार्यान्वयन गरिनेछ,<br>४. शैक्षिक निरन्तरताका लागि आवश्यकताअनुसार सिकाइ सामग्रीको व्यवस्थापन गरिनेछ,<br>५. आधारभूत सिकाइ सामग्रीहरू जस्तै पाठ्यपुस्तक, कलम, कापी, स्वाध्ययन सामग्री, स्टेसनरी आदि को सुनिश्चित गरी सिकाइलाई निरन्तरता प्रदान गरिनेछ,<br>६. विपतका समयमा तत्काल सहयोग गर्न पालिका तहमा विपत व्यवस्थापनका न्यूनतम सामग्रीहरूको भण्डारण गरिने छ,<br>७. स्वास्थ्य केद्रसँग समन्वय गरी आपतकालीन सहयोग डेस्क खडा गरी परिचालन गरिनेछ,<br>८. विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन लगायतका आपतकालीन शिक्षाको |

| | |
|---|---|
| | निरन्तरतामा आधारित रेडियो कार्यक्रम विकास गरी कार्यान्वयन गरिनेछ,<br>९. विपद्का समयमा अन्य सम्बद्ध निकायसंग उचित समन्वय र सहकार्य गरी शैक्षिक निरन्तरता प्रदान गरिनेछ,<br>१०. विपद्का समयमा अपाङ्गता भएका बालबालिकाको शैक्षिक निरन्तरताका लागि टोल शिक्षा, घुम्ती सिकाइ जस्ता समुदायमा आधारित सिकाइ कार्यक्रम सञ्चालन गरी सिकाइलाई निरन्तरता प्रदान गरिनेछ,<br>११. विपद्का समयमा हुने शैक्षिक क्षति आपूरणसम्बन्धी सिकाइ सहयोग कार्यक्रम ReAL plan सञ्चालन गरिनेछ,<br>१२. विपद्का समयमा सिकाइलाई निरन्तरता प्रदान गर्न रेडियो, टेलिभिजनमा आधारित कार्यक्रम विकास तथा प्रसारणका लागि मिडिया घरसँग सहकार्य गरिनेछ। |
| (ख) विपत न्यूनीकरण कालागि समन्वय र सहकार्य गर्न | १. विपद्का समयमा अन्य सम्बद्ध निकायसंग उचित समन्वय र सहकार्य गरी शैक्षिक निरन्तरता प्रदान गरिनेछ।<br>२. विपद् व्यवस्थापनका लागि स्थानीय तह र विद्यालयको क्षमता विकास गर्ने |
| (ग) विद्यालयलाई उत्थानशील बनाउने | १. विपद् प्रतिरोधी भौतिक पूर्वाधारको विकास गरिने छ,<br>२. विपद् व्यवस्थापनका लागि अत्यावश्यक सक्षमता विकास गरिनेछ,<br>३. फर्निचर; शौचालय; पर्याप्त प्रकाश र हावा आवत जावत गर्न सक्ने कक्षाकोठाको प्रबन्ध गरिनेछ,<br>४. स्वास्थ्य तथा सरसफाइका लागि साबुन पानी, सेनिटाइजर आदिको उचित प्रबन्ध गरी बालबालिकाको सुरक्षाका लागि न्यूनतम पूर्वाधारको व्यवस्था गरिनेछ,<br>५. शिक्षक, प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापनका पदाधिकारीहरूको विपद् व्यवस्थापन तथा आपत्कालिन शिक्षाका लागि अत्यावश्यक सक्षमता विकास गरिनेछ,<br>६. विपद्का समयमा शिक्षक तथा सिकारुका लागि मनोसामाजिक परामर्शको व्यवस्था, हिंसा/ दुर्व्यवहारको सुनुवाईमा पहुँचको व्यवस्था गरिनेछ,<br>७. समुदाय तहमा विपद् पूर्व तयारी, प्रतिकार्य, पुनस्थापना तथा उत्थानशिलताका लागि सचेतना विकास कार्यक्रम सञ्चालन गरिने छ।<br>८. हरित विद्यालयअभियान, जलवायु परिवर्तन, शिक्षातथादिगो विकासकानिम्तिशिक्षा जस्ता कार्यक्रमहरू कार्यान्वयन गर्ने। |

**क. उपलब्धि**

(क) विपद् तथा प्रकोप व्यवस्थापन नीति तथा मापदण्ड निर्माण भई कार्यान्वयन भएको हुने,

(ख) सबै विद्यालयको संकटापन्नता मूल्याङ्कन भएको हुने ,

(ग) विद्यालयमा आधारित विपत प्रतिकार्य योजना विकास तथा कार्यान्वयन भएको हुने,

(घ) विपद्का समयमा शिक्षक तथा सिकारु केन्द्रित मनोसामाजिक परामर्शसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन भएको हुने,

(ङ) विपद् व्यवस्थापनका न्यूनतम सामग्रीहरूको भण्डारण भई आपतकालीन समयमा प्रयोगमा आएको हुने,

(च) विपद् प्रतिरोधी विद्यालय भवन तथा कक्षाकोठा निर्माण भई सुरक्षित विद्यालय वातावरणमा बालबालिकाहरूले अध्ययन गर्ने अवसर पाएको हुने,

(छ) प्रअ तथा विद्यालय व्यवस्थापन समितिका पदाधारीहरूको विपद् व्यवस्थापनसम्बन्धी सक्षमता विकास भई प्रयोगमा आएको हुने,

(ज) विपद्का समयमा शिक्षक तथा सिकारु केन्द्रित मनोसामाजिक परामर्शसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन भएको हुने,

(झ) आपतकालीन शिक्षा योजना विकास र कार्यावयन भएको हुने,

(ञ) सिकाइ निरन्तरताका लागि यन्त्र, उपकरण, खाद्यान्न, पोषाक तथा अन्य राहत सामग्रीहरूको प्रबन्ध भई सिकाइको निरन्तरता भएको हुने,

(ट) विपद्का समयमा हुने शैक्षिक क्षति आपूरणसम्बन्धी सिकाइ सहयोग कार्यक्रम सञ्चालन भई सिकाइ उपलब्धिमा सुधार भएको हुने,

(ठ) समुदायमा आधारित टोल सिकाइ कार्यक्रममार्फत अपाङ्गता भएका बालबालिकाको सिकाइ निरन्तरता भएको हुने,

(ड) मिडिया घरसँगको सहकार्यमा विपद्को समयमा रेडियो तथा टेलिभिजनमा आधारित शैक्षिक कार्यक्रममार्फत सिकाइको अवसर सुनिश्चित भएको हुने ।

**ख. नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. सं. | सूचक | एकाइ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | बालबालिकालाई आधारभूत जीवन-सिपसहित महामारी तथा विपत् जोखिम न्यूनीकरणसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने | विद्यालय | ३० | ३० | ३० | ३० | ३० | |
| २ | हरित विद्यालय कार्यढाँचा योजना निर्माण | विद्यालय | ३० | ३० | ३० | ३० | ३० | |
| ३ | जलवायु परिवर्तन तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रम कार्यान्वयन गर्ने | विद्यालय | ५ | ३० | ३० | ३० | ३० | |
| ४ | विद्यालयमा आपतकालीन कोषको स्थापना | पटक | | १ | ० | ० | ० | |
| ५ | अपतकालीन तथा संकटपूर्ण अवस्थामा पनि बैकल्पिक ब्यवस्थाअनुसारको सिकाइ क्रियाकलाप सञ्चालन भएको हुने | विद्यालय | ३० | ३० | ३० | ३० | ३० | |
| ६ | प्रअ तथा विद्यालय व्यवस्थापन समितिका पदाधारीहरूको विपद् व्यवस्थापनसम्बन्धी सक्षमता विकास भई प्रयोगमा आएको हुने | विद्यालय | १९ | १९ | १९ | `१९ | १९ | |
| ७ | विद्यालय र शिक्षा प्रणालीमा विपद् तथा प्रकोप व्यवस्थापनको लागि पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापना तथा पुनर्उत्थान योजना तथा क्षमता विकास हुने | विद्यालय | १९ | १९ | १९ | `१९ | १९ | |

### ४.५.५ प्रमुख कार्यक्रम तथा भौतिक लक्ष्य

| प्रमुख कार्यक्रम | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | पहिलो पाँच वर्ष | | | | | | दोस्रो पाँच वर्ष २०९१ |
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | |
| शिक्षक तथा वि.व्य.स.को लागि विपद व्यवस्थापनसम्बन्धी क्षमता विकास तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| गाउँपालिका आपतकालीन शिक्षण योजना निर्माण र कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| निरन्तर र सुरक्षित सिकाइका लागि शिक्षक विद्यार्थी सम्मिलित कार्य समूह निर्माण र परिचालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| स्वास्थ्य सुविधासहितको स्वास्थ्य शिक्षिका/कार्यकर्ताको व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| हरित, सफा, शान्त र सुरक्षित विद्यालय प्रवर्द्धन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| विपद् प्रतिकार्य योजना निर्माण | पटक | ० | १ | ० | १ | ० | २ | २ |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### परिचय

नेपालको संविधान अनुसुची ८अनुसार स्थानीय सरकारको अधिकार सूचीमा आधारभूत तथा माध्यमिक शिक्षा रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन,२०७४ शिक्षासम्वन्धी २३ वटा अधिकारहरू  गरिएको छ । विद्यालयको सु-सञ्चालनको लागि शिक्षा ऐन, २०२८अनुसारको शिक्षा नियमावली, २०५९ परिच्छेद ६बमोजिम विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घको गठन गरिने प्रावधान रहेको छ । व्यवस्थापनका दृष्टिले विद्यालय प्रमुख निकाय हो जहाँ सहभागितात्मक दृष्टिकोण, पाठ्यक्रम सुधारका दृष्टिकोण, मागमा आधारित शैक्षिक कार्यक्रम तथा वित्तीय पद्धति, स्थानीय र सामुदायिक साझा विचार रहेका हुन्छन । विद्यालय व्यवस्थापन भित्र शैक्षिक योजना निर्माण र कार्यान्वयनको संस्थागत जिम्मेवारी बाँडफाड गरिएको छ शिक्षा ऐन तथा नियमावलीमा तोकेको मापदण्डअनुसार बालबालिकाको पठनपाठनको लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, दिसा पिसाबका लागि शौचालय, सरसफाइ र पिउनका लागि खानेपानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन् । राष्ट्रिय शिक्षा नीति, २०७६अनुसार विद्यालयमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, खानेपानी, पुस्तकालय, बुक कर्नर, शिक्षक कक्ष, प्रधानाध्यापक कक्ष, सभाहल, कम्प्युटर कक्ष, मञ्च, बगैंचा जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवनलगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद जोखिममुक्त बनाउँदै सबै विद्यालालाई सुरक्षित एवम् बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने जस्ता नीतिगत व्यवस्था गरिएको छ ।

### ४.६.१ वर्तमान अवस्था

विद्यालयको भौतिक संरचनाको निर्माण पश्चात उक्त संरचनाको मर्मत सम्भार र व्यवस्थित प्रयोग आजको आवश्यकता हो । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा २ ज (१३) मा सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन गाउँपालिकाको काम, कर्तव्य र

अधिकारको रूपमा उल्लेख भएको छ। विद्यालय भौतिक संरचनाको दिगोपनाको लागि सरकारी तथा गैर सरकारी सङ्घसंस्थाको सहयोगमा निर्माण भएका सामुदायिक विद्यालयहरूको विद्यालय परिवार, स्थानीय समुदाय, नागरिक समाजका साथै विभिन्न सरकारी तथा गैरसरकारी सङ्घसंस्थाको सहभागितामा मर्मत सम्भारका कार्यहरू अगाडि बढाउन सहयोग प्राप्त भएको छ |

शिक्षा ऐन तथा नियमावलीमा तोकेको मापदण्डअनुसार बालबालिकाको पठनपाठनको लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, दिसा पिसाबका लागि शौचालय, सरसफाइ र पिउनका लागि खानेपानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन् । राष्ट्रिय शिक्षा नीति, २०७६अनुसार विद्यालयमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, खानेपानी, पुस्तकालय, बुक कर्नर, शिक्षक कक्ष, प्रधानाध्यापक कक्ष, सभाहल, कम्प्युटर कक्ष, मञ्च, बगैंचा जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवनलगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद् जोखिममुक्त बनाउँदै सबै विद्याललाई सुरक्षित एवम् बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने जस्ता नीतिगत व्यवस्था गरिएको छ।

यस गाउँपालिकामा २१ सामुदायिक विद्यालयहरूमध्ये धेरै विद्यालयमा भवन र कक्षाकोठा पर्याप्त भएपनि केही विद्यालयमा अझैपनि अभाव देखिन्छ। कञ्चन गाउँपालिका विद्यालयको भौतीक पूर्वधारहरू पक्की रहेता पनी धेरै जसो संरचनाहरू पुराना अवस्थामा रहेका छन्। विद्यालयको भौतिक संरचनामा मापदण्डअनुसार सुधार हुन सकेको छैन।

गाउँपालिकाका विद्यालयको अधिकाशं विद्यालयको भौतिक पूर्वाधारहरू बालमैत्री, अपाङ्गतामैत्री हुन सकेको छैन। केही विद्यालयमा खेल्नका लागि खेलकुद मैदान, घेरावार, खानेपानी, पुस्तकालय, प्रयोगशाला, जिन्सी कोठा, बुक कर्नर जस्ता पूर्वाधार प्रयाप्त पुग्न सकेको छैन। कक्षाअनुसारको कक्षाकोठा, प्रशासन, लेखा, बैठक कक्षा जस्ता सुविधाहरू अझै नपुग देखिन्छ। प्राथमिकता प्राप्त न्यूनतम सक्षमता भित्र रहेको प्रयाप्त कक्षाकोठा, छात्राका लागि बेग्लै शौचालय, बुक कर्नर समेत हालसम्म पूर्ण हुन सकेको छैन। भौतिक पूर्वाधार सन्दर्भमा एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा आबद्ध गरिए पनि प्राविधिक एवम् वस्तुनिष्ठ आँकलन गर्न सकिएको छैन।

## सामुदायिक विद्यालयमा शिक्षण सिकाइ वातावरण तथा उपलब्ध भौतिक सुविधा विवरण

### शिक्षण सिकाइ वातावरण तथा विद्यालयमा उपलब्ध भौतिक सुविधा

| क्र.स. | विद्यालयको नाम | भवन किसिम | | कक्षाकोठा | | छापामय वातावरण | पढाइ कूना | कम्तीमा ५० किताव भएको | पुस्तकालय | विज्ञान प्रयोगशाला | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पक्की | कच्ची | पक्की | कच्ची | | | | | | |
| १ | श्री जनज्योति माध्यमिक विद्यालय | ✓ | | ✓ | | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| २ | श्री दुर्गा माध्यमिक विद्यालय | ✓ | | ✓ | | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| ३ | श्री बुद्धभूमि आधारभूत विद्यालय | ✓ | | ✓ | | ✓ | ✓ | ✓ | | | |
| ४ | श्री प्रगति माध्यमिक विद्यालय | ✓ | | ✓ | | ✓ | ✓ | ✓ | ✓ | ✓ | |

| क्र. स. | विद्यालयको नाम | भवन किसिम | | कक्षाकोठा | | छापामय वातावरण | पढाइ कूना | कम्तीमा ५० किताव भएको | पुस्तकालय | विज्ञान प्रयोगशाला | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पक्की | कच्ची | पक्की | कच्ची | | | | | | |
| ५ | श्री गजेडी माध्यमिक विद्यालय | √ | | √ | | √ | √ | √ | √ | √ | |
| ६ | श्री गौतम बुद्ध आधारभूत विद्यालय | √ | | √ | | √ | √ | √ | | | |
| ७ | श्री मलावरदेवी माध्यमिक विद्यालय | √ | | √ | | √ | √ | √ | √ | | |
| ८ | श्री हरैया माध्यमिक विद्यालय | √ | | √ | | √ | √ | √ | √ | √ | |
| ९ | श्री ज्ञानज्योति आधारभूत विद्यालय | | √ | √ | | √ | √ | √ | | | |
| १० | श्री शिशुसदन आधारभूत विद्यालय | √ | | √ | | √ | √ | √ | | | |
| ११ | श्री रुद्रपुर माध्यमिक विद्यालय | √ | | √ | | √ | √ | √ | √ | √ | |
| १२ | श्री हिमालय आधारभूत विद्यालय | √ | | √ | | √ | √ | √ | | | |
| १३ | श्री बालकल्याण आधारभूत विद्यालय | √ | | √ | | √ | √ | √ | | | |
| १४ | श्री शिवशक्ति आधारभूत विद्यालय | √ | | √ | | √ | √ | √ | | | |
| १५ | श्री भैसाही माध्यमिक विद्यालय | √ | | √ | | √ | √ | √ | √ | √ | |
| १६ | श्री ज्ञानोदय आधारभूत विद्यालय | √ | | √ | | √ | √ | √ | | | |
| १७ | श्री शान्तिभूमि आधारभूत विद्यालय | √ | | √ | | √ | √ | √ | | | |
| १८ | श्री लुम्विनी ज्ञान निकेतन माध्यमिक विद्यालय | √ | | √ | | √ | √ | √ | √ | √ | |
| १९ | श्री सरस्वती माध्यमिक विद्यालय | √ | | √ | | √ | √ | √ | √ | √ | |

**समस्या**

१. विद्यार्थी सङ्ख्याको आधारमा कक्षाकोठाको अभाव हुनु ,
२. शुद्ध खानेपानीको व्यवस्थापन हुन नसक्नु,
३. सबै विद्यालयहरूमा घेराबारको व्यवस्था हुन नसक्नु,
४. सबै विद्यालयमा प्राथमिक उपचार किटको व्यवस्था हुन नसक्नु,

५. सबै विद्यालयहरूमा कम्प्युटर ल्याब, विज्ञान प्रयोगशाला, क्ष्ऋत् सामग्रीको व्यवस्थापन हुन नसक्नु,

**चुनौती**

१. विद्यालयको भौतिक पूर्वाधारहरू बालमैत्री, अपाङ्गतामैत्री हुन नसक्नु ,
२. विद्यार्थी सङ्ख्याको आधारमा कक्षाकोठाको अभाव हुनु ,
३. विद्यालयको भौतिक संरचनामा मापदण्डअनुसार सुधार हुन नसक्नु ,
४. लैङ्गिक मैत्री शौचालयको व्यवस्थापन हुन नसक्नु,

**अवसर**

१ राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयमा भौतिक पूर्वाधार तयार गर्नु,
२ विद्यालयमा न्यूनतम मापदन्डको विकास गरिनु र विद्यालयका आधारभूत संरचनामा राखिनु।
३ विद्यालयको रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्थापन गरिएको

**४.६.२ उद्देश्य**

१. विद्यालय शिक्षाका लागि आवश्यक मापदण्ड विकास तथा कार्यान्वयन गरी सुरक्षित विद्यालय पूर्वाधार विकास गर्नु
२. सबै विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक सुविधा सुनिश्चित गर्न पूर्वाधार विकास, मर्मत संभार तथा सबलीकरण गर्नु
३. जलवायु परिवर्तनका असरबाट सुरक्षित हुन Climate Smart Infrastructure बनाउन परामर्श गर्नु

**४.६.३ रणनीति र कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| विद्यालयमा आवश्यक मापदण्ड विकास कार्यान्वयन गरी सुरक्षित बनाउने | १. कार्यविधिका आधारमा विद्यालयको भौतिक संरचनामा सुधार गरी सुरक्षित खानेपानी, लगायतका पक्षको सुधार गरिनेछ।<br>२. सुरक्षित विद्यालय अवधारणाअनुसार विद्यालयको घेरावार, कम्पाउण्ड लगायतका पक्षहरूमा सम्भाव्यता र आवश्यकताका आधारमा सुधार गरिने छ ।<br>३. विद्यालय भौतिक पूर्वाधार विकासमाकालागि मास्टर प्लान बनाइ कायान्र्वयन गरिनेछ।<br>४. विद्यालय भौतिक पूर्वाधार नीमार्णा गर्रदा भुकम्प रहीत अवश्यक मापदणडमा अधारीत भइ निर्रमाण गरिनेछ।<br>५. एक विद्यालयके सम्पुर्ण संरचनाको विकास गर्दा (A school with complete infrastructure) को अवधारणाअनुसार विकास गरिनेछ ।<br>६. विद्यालय पूर्वाधार विकासका लागि सङ्घ, प्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन गरी सरोकारवालाको सहभागितामा कार्यान्वयन हुने प्रबन्ध गर्ने<br>७. भौतिक पूर्वाधार विकासका लागि सञ्चालित विद्यालयको तह, विद्यार्थी सङ्ख्याको प्रक्षेपणको आधारमा मापदण्ड विकास गरिनेछ ।<br>८. विद्यालयलाई सुरक्षित बनाउन आवश्यकतानुसार सबलीकरण तथा पुननिर्माण एवम् मर्मत सम्भार गर्ने |

| रणनीति | कार्यनीति |
|---|---|
| समावेशी समतामुलक पहुचकालागि संरचनाको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने | १. विद्यालयका भौतिक संरचना बाल मैत्री, अपाङ्गता मैत्री र सुरक्षित हुने गरी निर्माण गरिनेछ।<br>२. विद्यालयमा बनेका संरचानाहरूको मर्मत गरिनेछ।<br>३. अवश्यकताका अधारमा छात्र छात्राकालागि छुट्टै शौचालयहरूको निर्माण गरिनेछ।<br>४. पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गरिनेछ।<br>५. सबै विद्यालयमा शुद्ध खानेपानी, लैङ्गिकमैत्री शौचालय, उचित घेराबार, बालमैत्री तथा ICT युक्त कक्षाकोठाको व्यवस्थापन भएको हुनेछ।<br>६. पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने |
| भौतिक निर्माणको स्रोत परिचालन गर्ने | १. समुदाय, सरकारी एवम् गैरसरकारी तथा समुदायमा आधारित सङ्घसंस्थाको परिचालन गरी साझेदारीमा निर्माण कार्य गर्ने कालागि पहल गरिनेछ।<br>२. विद्यालय पूर्वाधार विकासका लागि सङ्घ, प्रदेश र स्थानीय तहको लागत साझेदारीका स्थानीय आधारमा स्रोत व्यवस्थापन गरी सरोकारवालाको सहभागितामा कार्यान्वयन गरिनेछ।<br>३. विद्यालय भौतिक पूर्वाधार विकासमा स्थानीय समुदाय, सरकारी एवम् गैरसरकारी तथा समुदायमा आधारित सङ्घसंस्थाको परिचालन गरी साझेदारीमा निर्माण कार्य गर्ने |

**४.६.४ प्रमुख उपलब्धि तथा नतिजा**

**क) उपलब्धि**

१.सबै विद्यालयमा पर्याप्त भौतिक संरचना निर्माण हुने

२.विद्यालयका भौतिक संरचना बाल मैत्री, अपाङ्गता मैत्री र सुरक्षित हुने

**ख) नतिजा**

१. विद्यालको शैक्षिक, भौतिक तथा आर्थिक अवस्था सुदृढ भएको हुनेछ ,
२. विद्यालयको विकास, सञ्चालन तथा व्यवस्थापन प्रभावकारी हुनेछ ,
३. विद्यालयमा गुणस्तरीय तथा समतामलूक शिक्षामा बालबालिकाको सहज पहुँचको आधार तयार हुनेछ ,
४. सबै विद्यालयमा शुद्ध खानेपानी, लैङ्गिकमैत्री शौचालय, उचित घेराबार, बालमैत्री कक्षाकोठाको व्यवस्थापन भएको हुनेछ।

**ख) नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं | सूचक | एकाइ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | भूकम्प प्रतिरोधी विद्यालय | विद्यालय | ३ | ५ | ८ | ११ | १४ | |
| २ | नयाँ निर्माण गर्नुपर्ने कक्षा कोठा सङ्ख्या | सङ्ख्या | ६० | १० | १० | १० | १० | |

| क्र.सं | सूचक | एकाइ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| ३ | सबलीकरण गर्नुपर्ने कक्षाकोठा सङ्ख्या | सङ्ख्या | ३ | ३ | ३ | ३ | ३ | |
| ४ | नयाँ निर्माण गर्नुपर्ने शौचालय सङ्ख्या | सङ्ख्या | २ | ५ | ५ | ५ | ६ | |
| ५ | बाढी पहिरो लगायतका प्रकोप न्यूनीकरणका लागि कार्य गर्नुपर्ने विद्यालय सङ्ख्या | भवन | ० | १ | ० | ० | १ | |

### ४. ६.५ विद्यालय भौतिक पूर्वाधार विकासका प्रमुख क्रियाकलापहरू

| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो पाँच वर्ष | | | | | | दोस्रो पाँच वर्ष २०९१ |
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | |
| १ | स्थानीय तहका छनौट भएका विद्यालयहरूमा WASH सुबिधा र फर्निचर सहितको ४ कोठे ब्लकका विद्यालय निर्माण गर्ने | विद्यालय | १ | १ | १ | १ | १ | ५ | ५ |
| २ | स्थानीय तहका छनौट भएका विद्यालयहरूमध्ये कक्षा १-५सम्म सन्चालित विद्यालयहरूलाई रू. २००,०००/००, कक्षा ६-८सम्म सन्चालित विद्यालयहरूलाई रू. ३००,०००/०० र माध्यमिक तहसम्म सन्चालित विद्यालयहरूलाई रू. ५००,०००/०० विद्यालय मर्मत सञ्चालन तथा व्यवस्थापन खर्च | सङ्ख्या | ० | ५ | ४ | ५ | ५ | १९ | १९ |

| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो पाँच वर्ष | | | | | | दोस्रो पाँच वर्ष २०९१ |
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | |
| ३ | विपद् जोखिम व्यवस्थापन र resilience लचिलोपनसम्बन्धी बृहत योजनाको कार्यान्यिन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ४ | ECED बालबालिकाहरूका लागि WASH सुबिधा सहितको छुट्टै शौचालय निर्माण गर्ने | विद्यालय सङ्ख्या | २ | ३ | २ | २ | १ | १० | १९ |
| ६ | विद्यालय पूर्वाधार निर्माण तथा व्यवस्थापन | विद्यालय सङ्ख्या | ० | ६ | ६ | ० | ७ | १९ | १९ |
| ७ | विद्यालय मा फर्निचर व्यवस्थापन | बिद्यालय | ० | ५ | ५ | ५ | ४ | १९ | १९ |
| ८ | सभा हल मा जिप्सन जडान | हल | ० | १ | १ | १ | १ | ४ | ५ |

### ४.७ शिक्षामा सूचना तथा सञ्चार प्रविधि

शिक्षामा सूचना सञ्चार तथा प्रविधिको प्रयोगबाट सिकारुलाई सक्रिय, खोजमुखी तथा अनुसन्धानमुखी गराउन सकिन्छ यही अभिप्रायबाट शिक्षामा सूचना सञ्चार र प्रविधिको प्रयोग हुन थालेको छ। यसलाई शैक्षिक सामग्रीको रूपमा अब हरेक कक्षाकोठामा प्रयोग गर्नुपर्ने अवस्था सिर्जना हुन गएको छ। शिक्षण सिकाइमा प्रविधिको प्रयोगले नतिजामुखी परिणाम देखिन थालेको छ। शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगसम्बन्धी कतिपय नीति तथा कार्यक्रमहरू सञ्चालन गरिएका छन्। विद्युत र कम्प्युटरमा पहुँच, इन्टरनेट कनेक्टिभिटी, डिजिटल सिकाइ सामग्रीको विकास तथा सामग्रीमा पहुँच, शिक्षकको क्षमता समेतका मानव संशाधनको विकास र शिक्षण सिकाइ तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिसहित सूचना तथा सञ्चार प्रविधिको संरचनामा केही प्रगति भएको भए तापनि सुधारहरू आवश्यक छन्।

विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधारको विकासमा वर्षैपिच्छे सुधार हुँदै गएको र धेरैजसो माध्यमिक विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार भए तापनि यी सुविधाहरू पर्याप्त छैनन् र ज्यादै कम विद्यालयले मात्र शिक्षण सिकाइमा प्रयोग गर्ने गरेका छन्। कतिपय विद्यालयहरूले विभिन्न व्यक्ति तथा सङ्घसंस्थाबाट पनि यस्ता सूचना तथा सञ्चार प्रविधिसम्बन्धी उपकरण प्राप्त गर्ने गरेका छन्।

### ४.७.१ विद्यमान अवस्था

विद्यालयमा नेपाल सरकारले कम्प्युटर र इन्टरनेट व्यवस्थालाई प्राथमिकताका साथ अगाडि बढाएको छ। विद्यालयमा कम्प्युटर तथा इन्टरनेटको विस्तार गरेको छ। खासगरी विद्यालयमा वितरित कम्पयुटर मागमा आधारितभन्दा पनि आपूर्तिमा आधारित भएको अवस्था देखिन्छ। किनकी उपलब्ध गराइएका साधनहरू ज्यादै न्यून मात्रामा प्रयोग भईरहेका छन्। कतिपय विद्यालयमा प्रशासनिक कामका लागि मात्र प्रयोग गर्ने गरेको अवस्था छ। शिक्षकहरूले शिक्षण सिकाइमाभन्दा पनि अन्य कार्यमा प्रयोग गरेको अवस्था पनि देखिएका छन्। विद्यालय व्यवस्थापन तथा शिक्षकहरूमा सूचना र सञ्चारमा आधारित शिक्षण सिकाइ तथा अन्य शैक्षिक व्यवस्थापनमा प्रयोग गर्ने सिप तथा उत्साह खास देखिदैन। धैरै जसो अवस्थामा समस्या देखाउने र पन्छिने आचरण तथा प्रवृत्ति पनि देखिने गरेका छन्।
शैक्षिक तथ्याङ्क २०८० को प्रतिवेदनअनुसार यस पालिकामा सञ्चालित सवै विद्यालयमा विद्युत सुबिधा पुगेको छ केही विद्यालयमा ICT ल्यावको व्यवस्था रहेको छ भने सवै विद्यालयमा इन्टरनेट जडान गरिएको छ। इन्टरनेट जडान सहित कम्प्युटर ल्याव स्थापना भएका विद्यालयमा डिजिटल सिकाइ सामग्रीको व्यवस्था, कम्प्युटरसम्बन्धी ज्ञान भएका शिक्षकहरूको कमी तथा शिक्षण सिकाइमा प्रविधिको प्रयोगको अवस्था कमजोर रहेको छ। सबै शिक्षकहरूलाई कम्प्युटरसम्बन्धी ज्ञान, सिप प्रदान गर्नु, नियमित विद्युत आपूर्ति तथा कक्षाकोठामा प्रविधिको प्रयोगलाई प्रभावकारी बनाउने कार्य चुनौतीपूर्ण रहेको छ।

**सामुदायिक विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको अवस्थाको विवरण**

| क्र.स. | विद्यालयको नाम | विजुली जडान | वाइफाई जडान | डेस्कटप | ल्यापटप | प्रिन्टर | प्रोजेक्टर | स्मार्ट बोर्ड | कम्प्यूटर प्रयोगशाला | कैफि. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | श्री जनज्योति माध्यमिक विद्यालय | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| २ | श्री दुर्गा माध्यमिक विद्यालय | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | | ✓ | |
| ३ | श्री बुद्धभूमि आधारभूत विद्यालय | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | | ✓ | |
| ४ | श्री प्रगति माध्यमिक विद्यालय | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| ५ | श्री गजेडी माध्यमिक विद्यालय | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | | ✓ | |
| ६ | श्री गौतम बुद्ध आधारभूत विद्यालय | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | | ✓ | |
| ७ | श्री मलावरदेवी माध्यमिक विद्यालय | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | | ✓ | |
| ८ | श्री हरैया माध्यमिक विद्यालय | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |

| क्र.स. | विद्यालयको नाम | विजुली जडान | वाइफाई जडान | डेस्कटप | ल्यापटप | प्रिन्टर | प्रोजेक्टर | स्मार्ट बोर्ड | कम्प्यूटर प्रयोगशाला | कैफि. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | श्री ज्ञानज्योति आधारभूत विद्यालय | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | ✓ | |
| १० | श्री शिशुसदन आधारभूत विद्यालय | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | | ✓ | |
| ११ | श्री रुद्रपुर माध्यमिक विद्यालय | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | | ✓ | |
| १२ | श्री हिमालय आधारभूत विद्यालय | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | | ✓ | |
| १३ | श्री बालकल्याण आधारभूत विद्यालय | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | | ✓ | |
| १४ | श्री शिवशक्ति आधारभूत विद्यालय | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | | ✓ | |
| १५ | श्री भैसाही माध्यमिक विद्यालय | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | | ✓ | |
| १६ | श्री ज्ञानोदय आधारभूत विद्यालय | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | | ✓ | |
| १७ | श्री शान्तिभूमि आधारभूत विद्यालय | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | | ✓ | |
| १८ | श्री लुम्विनी ज्ञान निकेतन माध्यमिक विद्यालय | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| १९ | श्री सरस्वती माध्यमिक विद्यालय | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | | ✓ | |

**क. समस्या**

(क) भौतिक संरचना प्रविधि मैत्री नहुनु,

(ख) शिक्षक, व्यवस्थापक तथा कर्मचारीमा आवश्यक क्षमता विकास नहुनु,

(ग) विद्यालयमा सूचना सञ्चार र प्रविधि ल्यावको व्यवस्था नहुनु,

(घ) शैक्षिक सामग्रीको उपलब्धता कम हुनु,

(ङ) विभिन्न निकायबाट तयार भई सिकाइ पोर्टलका रूपमा विकसित शैक्षिक सामग्री प्रयोग गर्ने बानी तथा वातावरण नहुनु,

(च) पूर्वाधार विकासका लागि पर्याप्त लगानी गर्न सक्ने अवस्था नहुनु,

(छ) शिक्षकमा सूचना सञ्चार तथा प्रविधिको प्रयोग गर्ने चाहना र चासो कम हुनु,

(ज) सूचना सञ्चार तथ प्रविधिको प्रयोगका लागि सहजीकरण हुने अवस्था नहुनु,

(झ) विद्यार्थी सङ्ख्याका आधारमा पर्याप्त उपकरणहरूको व्यवस्था नहुनु,

(ञ) अभिभावकमा सूचना सञ्चार र प्रविधिमा आधारित सिकाइका बारेमा राम्रो ज्ञान नहुनु,

(ट) बालबालिकाका लागि सूचना सञ्चार र प्रविधिमा आधारित सिकाइका लागि आवश्यक साधनको व्यवस्थापन हुने अवस्था नहुनु।

**ख. चुनौती**

(क) प्रविधिमा आधारित शिक्षण सिकाइका लागि आवश्यक भौतिक तथा शैक्षिक वातावरण विकास गर्नु,

(ख) शिक्षक, शिक्षा व्यवस्थापक, प्रधानाध्यापक आदिमा सूचना सञ्चार र प्रविधिमा आधारित शिक्षण सिकाइ तथा अन्य शैक्षिक व्यवस्थापन सिप विकास गरी शैक्षिक सुधारमा प्रयोग गर्नु,

(ग) पर्याप्त आर्थिक तथा मानवीय स्रोतको व्यवस्थापन गर्नु।

**ग . अवसर**

(क) शिक्षक तथा बालबालिकामा सूचना तथा सञ्चार प्रविधि प्रयोग गर्ने बानी क्रमश: विकास हुनु,

(ख) सङ्घीय सरकारको नीति तथा कार्यक्रममा सूचना सञ्चार तथा प्रविधिले प्राथमिकता पाउनु,

(ग) विद्यालयमा विगतदेखि नै सङ्घीय सरकारको बजेटबाट कम्प्युटर प्रदान गरिनु,

(घ) कोभिड महामारीका कारण वैकल्पिक सिकाइ विधिको महत्त्व बुझ्दै जानु।

**४.७.२ उद्देश्य**

(क) विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पहुँच विस्तार गर्नु,

(ख) पेसागत तथा संस्थागत सक्षमता विकास गर्नु,

(ग) प्रविधियुक्त शैक्षिक वातावरणमा सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको माध्यमको रूपमा प्रयोग गर्नु।

### ४.७.३ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| (क) विद्यालय भौतिक तथा शैक्षिक वातावरणलाई प्रविधि मैत्री बनाउने | १. बालविकास लगायत विद्यालयहरूमा निःशुल्क इन्टरनेट सुविधा विस्तार गरी सूचना सञ्चार र प्रविधिमा आधारित सिकाइका लागि उपयुक्त वातावरण निर्माण गरिनेछ,<br>२. EMIS लाई थप व्यवस्थित गरिनेछ<br>३. कक्षाकोठाहरू प्रविधि तथा सूचनामैत्री बनाइने<br>४. एक विद्यालयमा एक आइ सि टि ल्याव नीति कार्यान्वयन गरिनेछ, विद्यालयका प्रधानाध्यापक तथा विद्यालयल व्यवस्थापन समितिका पदाधिकारीलाई सूचना र प्रविधिमा आधारित सिकाइयुक्त शैक्षिक वातावरण विकासका लागि प्रोत्साहन गरिनेछ,<br>५. विद्यालयलाई विभिन्न सस्थाबाट विकसित इ पुस्तकालय सँग जोडी प्रविधिमा आधारित सिकाइका लागि उपयुक्त वातावरण तयार गरिनेछ,<br>६. डिजिटलमा आधारित सिकाइ सामग्री विकासमा प्राथमिकता दिइनेछ,<br>७. विद्यालयमा नियमित विद्युत आपूर्ति तथा इन्टरनेट कनेक्टीभिटिको व्यवस्था गरिनेछ। |
| (ख) प्रविधिमा आधारित शिक्षण सिकाइका लागि शिक्षकको सक्षमता विकास गर्ने | (१) विद्यालयका प्रधानाध्यापक तथा व्यवस्थापन समितिका पदाधिकारीको सक्षमता विकास गरी सूचना, सञ्चार र प्रविधिको शैक्षिक प्रयोगका लागि तयार गरिनेछ,<br>(२) शिक्षकमा कम्प्युटरमा आधारित शिक्षण सिकाइका लागि आवश्यक क्षमता विकास गरी प्रयोगमा ल्याइनेछ,<br>(३) अभिभावकलाई सूचना सञ्चार र प्रविधिमा आधारित सिकाइको महत्त्वका बारेमा सचेतीकरण गरी सिकारुको सिकाइमा सहजीकरणका लागि प्रोत्साहन गरिनेछ। |
| (ग) विद्यालय शिक्षालाइ सुचना प्रविधिको माध्यमबाट समावेशी बनाउने | १. कम्प्युटर लाइब्रेरी तथा डिजिटल पुस्तकालयको माध्यमबाट दृष्टिविहीन तथा सुनाइ क्षमता कमजोर भएका बालबालिकालाई लक्षित गरी दृश्य तथा श्रव्य सामग्रीको उचित प्रबन्ध र प्रयोग गर्ने<br>२. विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोग गर्ने |

### ४.७.४ प्रमुख उपलब्धि तथा नतिजा

**क. प्रमुख उपलब्धि**

(क) सामुदायिक विद्यालयहरूमा इन्टरनेट सेवा सहितको ICT प्रयोगशालाको विस्तार भएको हुने,

(ख) शिक्षक, प्रधानाध्यापक र कर्मचारीहरूको ICTसम्बन्धी क्षमता विकास भएको हुने,

(ग) शिक्षक तथा विद्यार्थीका लागि वेवमा आधारित तथा डिजिटल शिक्षण सिकाइ पोर्टल सहितका स्रोत सामग्रीहरूको विकास तथा प्रयोग भएको हुने,

(घ) सबै शिक्षकहरूमा डिजिटल साक्षरता सिप विकास भई प्रयोगमा आएको अवस्था हुने,

(ङ) विद्यालयमा वैकल्पिक उर्जाको व्यवस्था भई सूचना तथा सञ्चार ल्याव सञ्चालनमा आएको हुने,

(च) अभिभावकले सूचना सञ्चार र प्रविधिमा आधारित सिकाइका लागि बालबालिकालाई उपयुक्त वातावरण निर्माण गरेको हुने ।

**ख. नतिजा**

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र सं | सूचक | एकाइ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | इन्टरनेट जडान भएका विद्यालयको सङ्ख्या | विद्यालय | १९ | १९ | १९ | १० | १९ | |
| २ | शिक्षण-सिकाइ क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधिको उपयोग भएका विद्यालय सङ्ख्या | विद्यालय | १० | ५ | ५ | ५ | ५ | |
| ३ | मुख्य विषयमा डिजिटल पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | विद्यालय | १ | ५ | ५ | ५ | ४ | |
| ५ | विद्युत्‌को पहुँच पुगेका विद्यालय सङ्ख्या | विद्यालय | १९ | १९ | १९ | १९ | १९ | |

**४.७.५ प्रमुख कार्यक्रम तथा भौतिक लक्ष्य**

| प्रमुख कार्यक्रम | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | पहिलो पाँच वर्ष | | | | | | दोस्रो पाँच वर्ष २०९१ |
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | |
| विद्यालयमा ICT मैत्री संरचना विस्तार गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| सबै शिक्षण संस्थाहरूमा विद्युतका साथै इन्टरनेट सेवा विस्तार | सङ्ख्या | १ | ० | ० | ० | ० | १ | १ |
| शिक्षक तथा कर्मचारूहरूको सञ्चार तथा प्रविधिसम्बन्धि क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १ ० |
| एक शिक्षक एक ल्यापटप कार्यक्रम | पटक | १ | १ | ० | ० | १ | ३ | ६ |
| सामुदायिक सिकाइ केन्द्रहरूलाई डिजिटल लर्निङ सेन्टरको रूपमा विकास | पटक | १ | ० | १ | ० | ० | २ | ४ |
| परिवार र समुदायलाई प्रविधिमैत्री बनाउनका लागि सचेतनामूलक कार्यक्रमहरू सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

| प्रमुख कार्यक्रम | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | पहिलो पाँच वर्ष | | | | | | दोस्रो पाँच वर्ष २०९१ |
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | |
| साइबर कानुनको प्रभावकारी कार्यान्वयन र जनचेतना स्तर अभिवृद्धि गरी सूचना र सञ्चारको दुरूपयोग र साइबर अपराधका घटनाहरूमा न्यूनीकरण गर्ने कार्यक्रम सञ्चालन | पटक | ५ | १ | १ | १ | १ | ५ | १० |
| भर्चुअल कक्षा सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| माध्यमिक विद्यालयहरूको वेभसाइट, इ-हाजिरी र सिसी टिभी क्यामेरा जडान | विद्यालय | २ | २ | २ | २ | २ | १० | १० |

# परिच्छेद पाँच

# अन्य उपक्षेत्र

अन्य उपक्षेत्र नभएको हुँदा उल्लेख गरिएन।

# परिच्छेद छ
# सुशासन तथा व्यवस्थापन

## परिचय

देशको वर्तमान शासकीय स्वरूपअनुसार सरकारका तीनै तहमा प्रवाह हुने शैक्षिक सेवालाई निरन्तर गर्न तत्कालीन समस्या समाधानका लागि कर्मचारीको व्यवस्थापन र संगठनात्मक स्वरूपमा केही परिवर्तन गरी व्यवस्थापन गरिएको छ। बदलिँदो परिवेशअनुसार शासकीय संरचना प्रक्रिया र क्षमता सुधार गरिएमा मात्र शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले सङ्घीय संरचनाअनुसार तीन तहको सरकारका अधिकार तथा दायित्व शिक्षामा भएको सङ्ख्यात्मक विस्तार ज्ञान विज्ञान-प्रविधि र सञ्चारमा भएको विकास सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत विचार गरेर संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु आवश्यक देखिएको छ । यसमा योजनामा प्रारम्भिक बालबिकास तथा शिक्षा आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तरमा सुधार ,अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार र समता तथा समावेशीताको परवर्तन सहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्न खोजिएको छ भने त्यसका लागि आवश्यक पर्ने क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ। यस खण्डमा सुशासन प्रवर्धन गरी शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयनका लागि विद्यमान पद्धतिको समीक्षा गरी यस विद्यालय क्षेत्रको योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना क्षमता र प्रकृयामा देखिएका चुनौतीहरू पहिचान गरिएको छ । पहिचान गरेका चुनौतीहरूको सामना गरी सुशासन प्रवर्धन गर्नका लागि आवश्यक संरचना क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको प्रस्ताव पेश गरिएको छ।

## ६.१ वर्तमान अवस्था

यस गाउँपालिकाभित्रका सबै विद्यालयहरूको सुशासन, व्यवस्थापन, रेखदेख र सञ्चालनका लागि प्रत्येक विद्यालयमा एक विद्यालय व्यवस्थापन समिती रहने व्यवस्था छ। शिक्षा ऐन २०२८ र शिक्षा नियमावली २०५९ (संशोधन सहित ) मा व्यवस्था भएअनुसार विद्यालयहरू सञ्चालनमा रहेका छन् । विद्यालय व्यवस्थापकीय क्षेत्रका निर्णयहरू व्यवस्थापन समितीकै मातहतमा निर्णय गरी कार्यान्वयन गर्ने गरिन्छ । व्यवस्थापन समितीले गरेका निर्णयहरूलाई विद्यालयको आधिकारिक निर्णय मान्ने वर्तमान व्यवस्था रही आएको छ । विद्यालयमा सञ्चालन हुने भौतिक, आर्थिक र शैक्षिक कार्यहरूको सञ्चालन व्यवस्थापन समितीको सक्रियतामा सम्पन्न गरिन्छ। विद्यालयको रेखदेख, सञ्चालन, निरीक्षण, व्यवस्थापन र व्यवस्थापन गर्ने, आर्थिक सोत जुटाउने, बजेट स्वीकृत गर्ने, शिक्षक सेवाको सुरक्षा र सम्बर्धन गर्ने, रिक्त शिक्षक पदपूर्ति गर्ने व्यवस्थापकीय कार्यहरू व्यवस्थापन समितिले गर्दै आइरहेको छ।

यस पालिका भित्रका विद्यालयको व्यवस्थापकीय पाटोलाई बलियो बनाउन शिक्षक अभिभावक सङ्घ रहने व्यवस्था छ। शिक्षक र अभिभावकको सम्बन्ध सुमधुर बनाई शिक्षण सिकाइको व्यवस्थापनमा समितिले भूमिका खेल्ने गर्दछ। विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रूपमा काम गर्न प्रत्येक विद्यालयमा एक प्रधानाध्यापक रहेको हुन्छ। विद्यालयमा कार्यरत शिक्षकहरू मध्येबाटै प्रधानाध्यापक नियुक्ति गर्ने व्यवस्था वर्तमान नियमावलीमा रहेको छ । विद्यालयको शैक्षिक गुणस्तर कायम गर्ने, अनुशासन कायम राख्ने, शिक्षक, अभिभावक व्यवस्थापन समिति बिचमा सुमधुर सम्बन्ध कायम गर्ने, विद्यालयको प्रशासनिक कार्य सञ्चालन गर्ने जिम्मेवारी प्रधानध्यापकको रहेको छ । शैक्षिक सुशासनकालागि यस पालिकामा सवै सामुदायिक विद्यालयमा विद्यालय सुधार योजना र लेखापरीक्षण,

सामाजिक परीक्षण गरेकाका छन् । यसपालिकाको शैक्षिक सुशासन तथा व्यवस्थापनकोलागि संस्थागत संरचना यस प्रकार रहेको छ ।

**क ) संस्थागत संरचना**

शिक्षा तथा सामाजिक विकास शाखा

(क) पालिकामा शिक्षा तथा सामाजिक विकास शाखा रहनेछ जसको नेतृत्व अधिकृत स्तर छैटौँ रा तृतिय .प . णीको कर्मचारीलेश्रेगर्नेछ । उक्त शाखामार्फत शैक्षिक व्यवस्थापनका कार्य हुनेछन् ।

विज्ञ समूह

(क) गाउँपालिकाले स्थानीय तहमा उपलब्ध शिक्षापाठ्यक्रम तथा ,परीक्षा र मूल्याङ्कन ,व्यवस्थापन , अनौपचारिक तथा वैकल्पिक शिक्षा जस्ता विषय ,शैक्षिक सुपरीवेक्षण तथा अनुगमन ,ठ्यसामग्री विकासपा क्षेत्रमा अनुभवी विज्ञहरूको एक रोष्टर तयार गरी कार्यान्वियनमा ल्याउनेछ ।

(ख) गाउँपालिकाका विभिन्न शैक्षिक कार्यक्रमहरू सञ्चालन तथा व्यवस्थापन कार्यमा आवश्यकताअनुसार विज्ञ समूह परिचालन गरी विज्ञताको उपयोग गरिनेछ ।

(ग) आवधिक रूपमा विज्ञसमूहको अद्यावधिक गरिनेछ ।

(घ) विज्ञसमूहको काम कर्तव्य र जिम्मेवारी गाउँपालिकाबाट तय गरिनेछ ।

अनुगमन समिति

(क) गाउँपालिकामा शिक्षा तथा सामाजिक विकास शाखाको शाखा प्रमुखको संयोजकत्वमा एक शैक्षिक तथा प्रायोगिक अनुगमन समिति रहनेछ ।

(ख) शैक्षिक तथा प्रायोगिक अनुगमन समितिमा शिक्षा अधिकृत विज्ञ ,समूहका प्रतिनिधि सामुदायिक र संस्थागत विद्यालयका प्रधानाध्यापकहरू मध्येबाट एक एक जनाको प्रतिनिधित्त्व रहनेछ ।

(ग) अनुगमन समितिले विद्यालयहरूको कार्ययोजनाका आधारमा अनुगमन गरी सुधारका लागि आवश्यक सुझाव दिनेछ ।

(घ) गाउँपालिकाले अनुगमन समितिको काम तथा जिम्मेवारी तय गरी अनुगमन समितिलाई परिचालन गर्ने छ ।

आधारभूत तह परीक्षा सञ्चालन समिति

(क) गाउँपालिकामा प्रमुख वा प्रशासकीय अधिकृतको अध्यक्षतामा एक आधारमूत तह परीक्षा सञ्चालन रहनेछ ।

(ख) परीक्षा सञ्चालन समितिले पालिकाले आधारभूत तहको परीक्षा सञ्चालनसम्बन्धी नीति तथा प्रक्रिया निर्धारण गर्नेछ ।

(ग) परीक्षा सञ्चालन समितिले सङ्घ तथा प्रदेश सरकार मातहत सञ्चालन हुने कक्षा १० र कक्षा १२को परीक्षा सञ्चालन तथा व्यवस्थापनमा आवश्यक सहजीकरण गर्नेछ ।

(घ) समितिले अनौपचारिक रूपमा सिकेका ज्ञान तथा सिप प्रमाणीकरण गर्ने कार्यमा सङ्घ तथा प्रदेश सरकारसँग समन्वय गर्नेछ ।

(ङ) यसको गठन तथा काम कर्तव्य र अधिकार गाउँपालिकाले व्यवस्था गरेअनुसार हुने छ ।

यसमा योजनामा प्रारम्भिक बालबिकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तरमा सुधार ,अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार र समता तथा समावेशीताको परिवर्तन सहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्न खोजिएको छ भने त्यसका लागि आवश्यक पर्ने क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ । यस खण्डमा सुशासन प्रवर्धन गरी शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयनका लागि विद्यमान पद्धतिको समीक्षा गरी यस विद्यालय क्षेत्रको योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि सुशासन तथा संस्थागत संरचनाको विश्लेषण गरिएको छ । यस प्रक्रियामा देखिएका चुनौतीहरू तपशिल बमोजिम पहिचान गरिएको छ ।

**समस्या तथा चुनौतीहरू**

१. स्थानीय तहमा शिक्षासम्बन्धी पर्याप्त जनशक्ति र संरचनाको व्यवस्था नहुनु ।
२. संविधानले तोकेका शिक्षाका साझा अधिकारको सूचीमा थप स्पष्टता ल्याउन।
३. शिक्षाका तहगत संरचनाहरूको आवश्यकताको आधारमा व्यवस्थापन गर्नु, अभिभावक र शिक्षाका सरोकारवालाहरूको शिक्षा र बालबालिकाप्रति समुचित किसिमले चेतनाको विकास र ध्यानाकर्षण गराउन।
४. सामुदायिक विद्यालयहरूको क्षमता विकास गर्नु,
५. स्थानीय तहमा सुपरीवेक्षण र अनुगमन गर्नका लागि उपयुक्त संरचना र क्षमताको विकास गर्न।

**कञ्चन गाउँपालिकाको शिक्षाका तहगत संरचनाहरूको सुशासन तथा व्यवस्थापनको अवस्था**

**६.१.१ रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १.स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्ने। | १. स्थानीय तहमा शिक्षक सहायता प्रणाली स्थापना गरिनेछ ।<br>२. विद्यालयको विकास तथा व्यवस्थापनका लागि गुरुयोजना बनाई कार्यान्वयन गरिनेछ ।<br>३. शिक्षक दरबन्दी मिलान तथा शिक्षा नियमावलीअनुसार प्रधानाध्यापक नियुक्ति गरिनेछ ।<br>४. प्रारम्भिक बालविकास कक्षादेखि सबै विद्यालयको संस्थागत विकास गरिनेछ ।<br>५. नियमित रूपमा विभिन्न समितिहरू, प्रधानाध्यापक, शिक्षक, कर्मचारीहरूको क्षमता विकास र प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>६. आधारभूत तथा माध्यमिक विद्यालयमा प्रधानाध्यापक तथा विव्यसको नेतृत्व तथा क्षमता विकास , व्यवस्थापनसम्बन्धी तालिम प्राप्त प्रधानाध्यापकको व्यवस्थापन गरिनेछ। |
| २.संविधानबाट प्रदत्त अधिकार र जिम्मेवारीहरूको प्रभावकारी रूपमा सदुपयोग र सम्पादन गर्नका लागि आवश्यक | १. सङ्घीय सरकार र प्रदेश सरकारले शिक्षासम्बन्धी तोकिएका काम र जिम्मेवारी सम्पादन गर्नका लागि संरचनाहरूको विकास गरी कामको बाँडफाँड र सोको कार्यान्वयन गरिनेछ ।<br>२. स्थानीय तहमा शिक्षकहरूको दरबन्दी मिलान, स्थानीय तहभित्र शिक्षकहरूको सरुवा, कार्यसम्पादन मूल्याङकन, विद्यालयहरूको नक्साङकन, विद्यालयहरूको |

| रणनीति | कार्यनीति |
|---|---|
| पर्ने संरचनाको निर्माण गरी कार्यान्वयन गर्ने। | सञ्चालन गरिनेछ।<br>३. कार्यक्रमको प्रभावकारी ढङ्गबाट कार्यसम्पादन गर्न आवश्यक स्रोत साधनहरूको व्यवस्थापन गरिनेछ।<br>४. स्थागत विद्यालयको वर्गिकरण र स्तरीकरण गर्नका लागि आवश्यक न्यूनतम मापदण्डको विकास गरी स्तरीकरण गरिनेछ।<br>५. शैक्षिक संस्थाहरूको अनुगमन जस्ता काम गर्नका लागि स्थानीय तहअन्तर्गत रहेको शिक्षा, युवा तथा खेलकुद शाखालाई अलग्गै कार्यालयको रूपमा विकास गरी सोको संरचनालाई सुदृढ बनाइनेछ।<br>६. विद्यालयहरूलाई प्रभावकारी रूपमा सञ्चालनका लागि विद्यालयमा सक्षम र अधिकारप्राप्त प्रधानाध्यापकको व्यवस्था गरिनेछ।<br>७. यसरी व्यवस्था गरिएका प्रधानाध्यापकहरूले स्थानीय तहसँग करार सम्झौता गरिनेछ।<br>८. स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गरिनेछ।<br>९. स्थानीय तहको शिक्षा ऐन नियम, नियमावली निर्देशिका तथा कार्यविधिहरू तयार गरी कार्यक्रमहरू कार्यान्वयन गरिनेछ। |
| ३.अभिभावक, शिक्षक लगायत शिक्षाको जनशक्ति र संरचनाको उचित किसिमले क्षमता विकास र सोको अद्यावधिक गर्नका लागि आवश्यक संयन्त्रको विकास गर्ने | १. विद्यालयका प्रधानाध्यापक तथा व्यवस्थापन समितिका पदाधिकारीको बालबालिकाको शिक्षाप्रति अभिभावकलाई जिम्मेवार बनाइनेछ । बालबालिकालाई विद्यालयमा नपठाउने र घरमा समेत सिकाइमैत्री वातावरण उपलब्ध नगराउने अभिभावकलाई आवश्यक कानुनी कार्वाही गर्ने गरी कानुन बनाइ कार्यान्वयन गरिनेछ।<br>२. छोटो अवधिका प्रशिक्षण कार्यक्रमहरू सञ्चालनका लागि स्थानीय तहमा सामुदायिक सिकाइ केन्द्रको क्षमता विकास गरिनेछ।<br>३. सबैका निम्ति अनिवार्य आधारभूत शिक्षा र साक्षरता कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।<br>४. प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति अध्यक्षलाई थप जिम्मेवार बनाई क्षमता विकास गरिनेछ।<br>५. औपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइको व्यवस्थापनका लागि स्थानीय तथा समुदायमा आवश्यक संयन्त्र तयार गरिनेछ।<br>६. शिक्षक तथा समग्र विद्यालय शिक्षा प्रणालीलाई सिकाइप्रति उत्तरदायी बनाउने पद्धति विकास गरी कार्यान्वयन गरिनेछ। |
| ४ संस्थागत क्षमता विकासका लागि प्रदेश तथा सङ्घीय सरकारसँग | १. प्राविधिक विद्यालयको अनुमतिका लागि प्रदेशमा रहेको प्राविधिक तथा व्यावसायिक शिक्षा केन्द्रको अनुगमन प्रतिवेदनलाई समेत अनिवार्य बनाइनेछ। यसका साथै स्थानीय तहमा प्राविधिक शिक्षाको व्यवस्थापनका लागि स्थानीय |

| रणनीति | कार्यनीति |
|---|---|
| उचित समन्वय र सहकार्य गरिनेछ , | तहमा उपलब्ध भएका विज्ञ सहितको एउटा समिति गठन गरी काम गरिनेछ<br>२. कार्यक्रमको प्रभावकारी ढङ्गबाट कार्यसम्पादन गर्न आवश्यक स्रोत साधनहरूको व्यवस्थापन गर्ने प्रदेश तथा सङ्घीय सरकारसँग समन्वय गरिनेछ।<br>३. प्रदेश र स्थानीय सरकार तथा उत्तरदायित्व लगायतका पक्षहरूमा स्पष्टतः काम गर्न आवश्यक कानुनी प्रबन्ध गरिनेछ।<br>४. सङ्घ,प्रदेश र स्थानीय तहको अन्तरसम्बन्ध प्रगाढ बनाउन राष्ट्रिय शिक्षा परिषद्को संरचनामा परिवर्तन गरी प्रदेश तथा स्थानीय तहको प्रतिनिधित्व हुने व्यवस्था गर्न अनुरोध गरिने छ। |

### ६.१.२ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धि**

१. स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन भएको हुनेछ।
२. संस्थागत क्षमता अभिवृद्धि भई उत्तरदायित्व तथा जिम्मेवारीमा वृद्धि भएको हुनेछ।
३. आवश्यक स्रोत साधनको व्यवस्थापन भई प्रभावकारी रूपमा कार्यसम्पादन भएको हुनेछ।

**ख) नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. सं. | सूचक | एकाइ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | नेतृत्व तथा व्यवस्थापनसम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | |
| ३ | लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्ने विद्यालय सङ्ख्या | विद्यालय | १९ | १९ | १९ | १९ | १९ | |
| ४ | विद्यालय व्यवस्थापन समिति भएका विद्यालय सङ्ख्या | विद्यालय | १९ | १९ | १९ | १९ | १९ | |
| ५ | प्रचलित कानुनमा व्यवस्था भएबमोजिम प्रधानाध्यापक तथा प्राचार्य नियुक्त गर्ने विद्यालय सङ्ख्या | विद्यालय | १९ | १९ | १९ | १९ | १९ | |

### ६.१.३ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(वर्ष ५) | | | | | | दोस्रो पांच वर्ष (२०९१) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | |
| २ | शैक्षिक तथ्याँक व्यवस्थापन, प्रतिबेदन तयारी र प्रबोधिकरण गर्ने साथै बार्षिक कार्यक्रमहरूको स्थिती प्रतिबेदन तयार गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(वर्ष ५) | | | | | | दोस्रो पांच वर्ष (२०९१) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | |
| ३ | विद्यालयहरूमा सन्चालित शैक्षिक, भौतिक, आर्थिक र अन्य सबै कार्यक्रमहरूको सम्पादनसम्बन्धी सामाजिक लेखापरीक्षण गर्ने | विद्यालय | १९ | १९ | १९ | १९ | १९ | १९ | १९ |
| ४ | विद्यालयको कार्यसम्पादन लेखापरीक्षण र सोको सुझावहरूको आधारमा स्थानीय तहको शैक्षिक कार्यक्रम कार्यान्वयन योजनाको गुणस्तर वृद्धि गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ५ | विद्यालयहरूमा सन्चालित शैक्षिक, भौतिक र अन्य सबै कार्यक्रमहरू बापत प्राप्त आय र सोको खर्च तथा व्ययसम्बन्धी आर्थिक लेखापरीक्षण गर्ने | बिध्यालय | १९ | १९ | १९ | १९ | १९ | १९ | १९ |
| ६ | स्थानीय तहका शैक्षिक समस्याहरूलाई सम्बोधन गरी गुणस्तर अभिबृधि गर्ने कार्यक्रमहरूलाई स्थानीय तहको शिक्षा क्षेत्रको योजनामा राख्न स्थनीय तहका र वाहिय बिशेषज्ञहरूको संयुक्त सहभागितामा विभिन्न Issues मा आधारित अनुसन्धान कार्यहरू (बार्षिक कम्तिमा १ समस्यामा) | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ७ | स्थनीय तहको शिक्षा क्षेत्रको योजनाको बार्षिक, मध्यावधि र अन्तिम मूल्याङ्कन गर्ने | पटक | ० | १ | १ | १ | १ | ४ | ८ |
| ८ | स्थानीय तहमा कार्यरत शिक्षा कर्मचारीहरूको क्षमता अभिबृधि गर्ने (जसमा:- १/२ महिने लामो अवधिको तालिम, शैक्षिक नीति/नियम, योजना, कार्यक्रम, अनुगमन, मूल्यांकन र अन्य बिषय क्षेत्रमा बार्षिक रूपमा अभिमुखीकरण, आदि) | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ९ | स्थानीय तहमा कार्यरत शिक्षा कर्मचारीहरूको क्षमता अभिबृधि गर्न शैक्षिक योग्यता अभिबृधि कार्यक्रम गर्ने | पटक | ० | १ | ० | १ | ० | २ | ४ |
| १० | विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ११ | विद्यालयको अनुगमन | पटक | २ | २ | २ | २ | २ | ५ | |

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(वर्ष ५) | | | | | | दोस्रो पांच वर्ष (२०९१) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | |
| १२ | चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन | पटक | ३ | ३ | ३ | ३ | ३ | १२ | २४ |
| १३ | विद्यालयको कार्यसम्पादन परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १४ | विद्यार्थी सिकाइ उपलब्धि परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १५ | शिक्षा योजना प्रवोधिकरण | पटक | ० | १ | १ | १ | १ | ४ | ८ |

## ६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

यस पालिकाले शिक्षा कार्यक्रम कार्यान्वियन वार्षिक स्वीकृत कार्यक्रम अनुरूप कार्यान्वन गर्नेछ । स्थानिय तह र विद्यालयको आधारभूत तहमा सञ्चालन हुने कार्यक्रमहरूको प्रभावकारी कार्यन्वयनमा जोड दिइएको छ। प्रत्येक विद्यालयले र पालिकाले बजेटमा तोकिएको जिम्मेवारी अनुसार कार्यक्रम सञ्चालन गर्नेछन । कार्यक्रम सञ्चालनको लागि बजेट र आबश्यक प्रबन्ध पालिकाको शिक्षा शाखाले गर्नेछ।

जब कार्यक्रमहरूको कार्यन्वयन भए नभएको अनुगमन मूल्याङ्कन गर्न पालिका तहमा शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखको संयोजनमा अनुगमन समिति र विद्यालय तहमा बि.व्य.स. र प्र.अ.को नेतृत्वमा कार्यक्रमहरूको प्रभावकारी कार्यन्वयनको अनुगमन गरिनेछ। विद्यालय अनगुमनका क्रममा गाउँपालिकाले समग्र पक्षको (प्रशासनिक, शैक्षिक र भौतिक) नियमित अनगुमन, सुपरिवेक्षण, निरीक्षण गर्नेछन्। अनगुमन पश्चात सरोकारवालाहरूसँग समीक्षा बैठक गरी अनकुरणीय पक्षको प्रचार प्रसार र सुधारात्मक पक्षका लागि कार्ययोजना बनाई कार्यान्वन गरिनेछ । कार्यक्रम कार्यान्वयनको लागि नीतिगत रूपमा पालिका र विद्यालय स्तरमा कार्यक्रम अनुगमन तथा मूल्याङ्कन समिति बनाई सक्रिय हुनेछ।

### ६.२.१ वर्तमान अवस्था

स्थानीय तहमा शैक्षिक क्षेत्राधिकारअनुसारका कार्यहरूमा अनुगमन, नियमन र मूल्याङ्कन गर्ने कार्य गरिरहेको छ । खासगरी गाँउ पालिकाको शिक्षा शाखावाट समय समयमा अनुगमन तथा मूल्याङ्कन गर्ने गरिएको तथा कहिले काँही जनप्रतिनीधिहरूलाई सामिल गराई संयुक्त अनुगमनमा पनि गरिएको छ। विद्यालयमा वि.व्य.स. र प्र.अ.को नेतृत्वमा अनुगमन गर्ने गरेको छ । अनुगमन मूल्याङ्कनका संरचना वा निकायहरू खडा भए तापनि सक्रिय बनाउन बाँकि नै छ । कहिले काँही गरिएका अनुगमनले सुधारात्मक सुझाव दिने तर त्यसको कार्यान्वियन गर्ने परिपाटी छैन । समग्र कार्यक्रम कार्यान्वियन, प्रगति समीक्षा पनि हुन बाँकी नै छ । प्रभावकारी अनुगमन र मूल्याङ्कनको स्थायी प्रणाली निर्माण र परिचलनमा समस्या छ। सफलता, सिकाइ र राम्रा अभ्यासहरूको दस्तावेजीकरण र प्रचार प्रसारको पनि खाँचो रहेको छ ।

**गाउँपालिकाले स्थानिय शिक्षा योजना कार्यान्वयनको समग्र कार्यान्वयन प्रक्रियाका लागि निम्नलिखित प्रबन्ध गरेको छ**

१. गाउँपालिकाले सङ्घीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेट समेत संलग्न गरी वार्षिक बजेट तथा कार्यक्रम तयार गर्ने।

२. गाउँपालिकाका शिक्षा शाखाको क्षमता विकास गरी सुदृढ गरिनेछ भने स्थानीय तहले कार्यक्रम कार्यान्वयनकाल लागि आवश्यकतानुसार समितिहरू निर्माण गर्ने।

३. गाउँपालिकाले कार्यन्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताको साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने।

४. कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार गाउँपालिकाले कानुन तथा मापदण्ड तथा निर्देशिका विकास गर्ने।

५. गाउँपालिकाले एकीकृत शैक्षिक सूचना व्यवस्थापनमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यस नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने, योजना निर्माणको आधारका रूपमा प्रयोग गर्ने र सङ्घीय तथा प्रदेशमा समेत आवश्यक विवरण सहजै प्राप्त हुने सुनिश्चितता गर्ने।

६. गाउँपालिकाले शिक्षण सिकाइमा आवश्यक सहयोग तथा आदान प्रदानका लागि स्थानीय स्तरमा शिक्षक तथा विज्ञ समूह सम्मिलित शिक्षक सहायता प्रणाली विकास तथा सञ्चालन गर्ने।

**(क) चुनौती**

१. पर्याप्त बजेट नहुँदा योजनाको प्रभावकारी कार्यान्वयन गर्न कठिन रहनु |
२. जनशक्ति तथा दक्षताको अभावले योजना कार्यान्वयनमा ढिलाइ वा असफलता निम्त्याउनु |
३. कार्यान्वयनका लागि आवश्यक संरचना, उपकरण, तथा पूर्वाधारको अभाव चुनौतीपूर्ण रहनु |
४. सरकारी निकाय, विद्यालय, तथा समुदायबिच समन्वय नहुँदा योजना प्रभावकारी रूपमा अघि बढ्न नसक्नु |
५. स्थानीय शिक्षा योजनामा राजनीतिक प्रभाव र हस्तक्षेपले कार्यान्वयनमा अनियमितता निम्त्याउनु |
६. प्रभावकारी अनुगमन तथा मूल्याङ्कनको अभावमा योजना सही ढंगले कार्यान्वयन भएको सुनिश्चित गर्न कठिनाइ हुनु |

**ख) अवसर**

१. स्थानीय स्तरमा विद्यालय, अभिभावक, शिक्षक र सामुदायिक संस्थाको सहभागिता शिक्षाको गुणस्तर सुधारमा महत्त्वपूर्ण भूमिका खेल्न सक्छ।
२. डिजिटल प्रविधि, अनलाइन शिक्षा, र शिक्षा व्यवस्थापन प्रणालीहरूको प्रयोगले शिक्षामा पहुँच वृद्धि र प्रभावकारी व्यवस्थापनको अवसर दिन्छ
३. स्थानीय स्तरमा उपलब्ध स्रोत र सिपहरूको उपयोगले योजना कार्यान्वयनलाई सशक्त बनाउन मद्दत गर्छ |
४. दातृ निकाय, गैरसरकारी संस्था र निजी क्षेत्रसँगको सहकार्यले अतिरिक्त स्रोत र प्राविधिक सहयोग जुटाउने अवसर प्रदान गर्छ।
५. सङ्घीय प्रणालीले स्थानीय आवश्यकताहरूअनुसार योजना बनाउन र कार्यान्वयन गर्न थप स्वायत्तता र लचकता प्रदान गर्दछ।
६. स्थानीय निकायहरूको नेतृत्व र उत्तरदायित्व बढाउँदा शिक्षाको सुधारको लागि ठोस कदम चाल्न सकिन्छ।

**६.२.२ उद्देश्य**

१. शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु
२. आवश्यकताअनुसार कानुन, मापदण्ड र निर्देशिका विकास गर्नु
३. योजनाको लगानीदेखि प्रभाव तहसम्मको मूल्याङ्कन गरी आवश्यकतामा आधारित योजना निर्माणमा सहयोग गर्नु

### ६.२.३ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. योजनाको कार्यान्वयन प्रणालीलाई तोकिएको काम तोकिएको अवधि र तोकिएको अवस्थामा सम्पादन गर्नका लागि पर्याप्त, प्रभावकारी र उपयुक्त संयन्त्र र जनशक्तिको विकास गर्ने | १. सङ्घीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी बार्षिक शिक्षा बजेट तथा कार्यक्रम कार्यान्वयनको खाका तयार गरिनेछ ।<br>२. शिक्षा, युवा तथा खेलकुद शाखाको क्षमता विकास र पुनर्संरचना गरी सुदृढ गरिनेछ<br>३. गाउँपालिकाबाट कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार समितिहरू निर्माण गरिनेछ ।<br>४. योजना कार्यान्वयनको क्रममा जनशक्ति आवश्यक पर्ने भए सोहीअनुसारको संरचना र जनशक्तिको व्यवस्थापन गरिनेछ ।<br>५. संरचनामा खटिने जनशक्ति अर्थात विद्यालयको शिक्षकदेखि गाउँपालिकाको प्रमुखसम्मले कति अवधिमा कति काम गर्ने भन्ने विषयमा सार्वजनिक गरिनेछ ।<br>६. जनशक्तिको वृत्ति विकास सुविधा र प्रोत्साहनका कुराहरू नियुक्तिकै समयमा स्पष्ट र पारदर्शी हुने गरी नीति नियम र कानुनको निर्माण तथा सोको कार्यान्वयन गरिनेछ ।<br>७. विद्यालयदेखि शिक्षाका स्थानीय, जिल्ला, प्रदेश तथा केन्द्रीय निकायहरू एवम् शिक्षा सम्बद्ध सबै कार्यक्रम, योजना तथा परियोजनाहरूको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनको लागि वेबमा आधारित एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याइनेछ ।<br>८. आवश्यकता र औचित्यताका आधारमा एउटै संरचनाले पनि तीनवटै सरकारको काम गर्ने गरी संरचनाका विकास गरेर सरकारहरूको बिचमा समन्वय, सहकार्य, सहअस्तित्व र सहभावलाई बढावा दिनेगरी कार्यसंस्कारको विकास गरिनेछ ।<br>९. विद्यालय सुपरिवेक्षण र अनुगमनको शून्यन्ताको अवस्थालाई अन्त गर्न पूर्व प्रधानाध्यापक र शिक्षाका पूर्व अधिकृत सम्मिलित सुपरिवेक्षण र अनुगमन टिम निर्माण गरी विद्यालय अनुगमन गरिनेछ ।<br>१०. कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गरिनेछ । |
| २.योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु । | १. योजनाअन्तर्गत सम्पादन गरिने हरेक कार्यक्रमहरूको कार्यान्वयन निर्देशिकाको विकास गरी त्यसैका आधारमा कार्यक्रमको कार्यान्वयन गरिनेछ ।<br>२. एकीकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण गरी उपयोग गरिनेछ ।<br>३. अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन कार्यलाई छिटो, छरितो, व्यवस्थित र प्रभावकारी बनाउन प्रविधिको प्रयोग र सञ्जालीकरण (सफ्टवेयरको निर्माण गरी) लाई प्रयोग गरिनेछ ।<br>४. शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई थप सुदृढीकरण गरी आवश्यक सूचकसहित स्वचालित बनाइने छ र सूचक विकासका लागि प्रमुख नतिजा सूचकलाई मुख्य आधार बनाइनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ५. राष्ट्रिय सूचकको अतिरिक्त आवश्यकतानुसार प्रदेश र स्थानीय सूचकहरूलाई समेत सूचना प्रणालीमा आबद्ध गर्ने प्रणालीको विकास गर्न सङ्घ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ।<br>६. अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई अनिवार्य रूपमा लागू गर्ने प्रणालीको विकास गरिनेछ।<br>७. कूलबजेटको निश्चित हिस्सा अनुगमन तथा मूल्याङ्कनमा छुट्याई नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको अवलम्बन गरिनेछ।<br>८. प्रत्येक शैक्षिक योजना, कार्यक्रम तथा परियोजनाहरूको नियमित आवधिक मध्यावधिक तथा अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गरिनेछ।<br>९. कार्यक्रमको कार्यान्वयन र अनुगमन एवम् मूल्याङ्कनको सवालमा अन्तर्निकाय र अन्तर्सरकारी तहको समन्वय र सहकार्यमा जोड दिइनेछ।<br>१०. सहभागितामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यान्वयन गरिनेछ।<br>११. अनुगमन मूल्याङ्कन तथा प्रतिवेदनमा आधारित भई सम्बद्ध जनशक्ति, निकाय, कार्यक्रम, योजना तथा परियोजनालाई पुरस्कृत र दण्ड गर्ने प्रणालीको विकास गरिने छ। |
| ३.योजनाको लगानीदेखि प्रभाव तहसम्मको मूल्याङ्कन गरी आवश्यकतामा आधारित योजना र नतिजामा आधारित अनुगमन र मूल्याङ्कन प्रणालीको विकास गरी सोको प्रभावकारी कार्यान्वयन गर्नु। | १. योजनाका आगत (Input), प्रक्रिया (Process), परिणाम (Output), उपलब्धि (Outcome) र प्रभाव (Impact) समेतको अनुगमन तथा मूल्याङ्कनका लागि आवश्यक कानुनी तथा संरचनागत व्यवस्थासहित जनशक्तिको प्रबन्ध गरिनेछ।<br>२. सरोकारवालाहरूको व्यापक सहभागितामा विद्यालयहरूको विद्यालय सुधार योजना (SIP) तयार गरी बार्षिक रूपमा अध्यावधिक गरिनेछ।<br>३. विद्यालय व्यवस्थापन समितिले स्थानीय तहबाट प्राप्त बजेट तथा विद्यालयको आफ्नै आम्दानीसहित समावेश गरी वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा र सोको कार्यान्वयन गर्नेछन्।<br>४. विद्यालय व्यवस्थापन तथा निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई अधिकार सम्पन्न, जिम्मेवार र उत्तरदायी बनाइने छ।<br>५. विद्यालयहरूले वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्नेछन्।<br>६. विद्यालयहरूले अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउनेछन् ।<br>७. विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षणलाई थप व्यवस्थित र नियमित गरिनेछ।<br>११. कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवम् प्रतिवेदन प्रणालीको प्रबन्ध गरिनेछ। |

### ६.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

१ शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुने छ।

२ प्रभावकारी अनुगमन को माध्यबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समय मै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कन मा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुने छ |

३ कार्यक्रमको आवधिक समीक्षा भई सफलतालाई निरन्तरता, असफलतालाई सुधार, कमीकमजोरीमा सुधार र पुनर्योजना गर्न मद्दत हुने छ

**ख) नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. सं. | सूचक | एकाइ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | नतिजा मा आधारित अनुगमन प्रणाली स्थापित हुने विद्यालय सङ्ख्या | विद्यालय सङ्ख्या | ६ | ३ | ५ | ५ | ३ | विद्यालय सङ्ख्या |
| २ | अनुगमन का आधारमा नतिजा सुधार हुने विद्यालय सङ्ख्या | विद्यालय सङ्ख्या | ६ | ३ | ५ | ५ | ३ | विद्यालय सङ्ख्या |
| ३ | विभिन्न कार्यक्रमहरूको उपलब्धि तथा प्रभावको आवधिक मूल्याङ्कन हुने | विद्यालय सङ्ख्या | ६ | ८ | ५ | ३ | ० | विद्यालय सङ्ख्या |
| ४ | सिकाइहरूको दस्तावेज तयार हुने विद्यालय सङ्ख्या | विद्यालय सङ्ख्या | ६ | ९ | ५ | २ | १ | विद्यालय सङ्ख्या |

### ६.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | दोस्रो पांच वर्ष (२०९१) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | वार्षिक बजेट तथा कार्यक्रम निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| २ | विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ३ | एकीकृत शैक्षिक सूचना प्रणाली सुदृढीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ५ | अनुगमन प्रणाली का लागि सूचक तयारी र अध्यावधिक | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ६ | अनुगमन | पटक | २ | २ | २ | २ | २ | १० | २० |
| ७ | चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ८ | विद्यालयको कार्यसम्पादन परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ९ | विद्यार्थी सिकाइ उपलब्धि परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १० | गाउँपालिका ऐन तथा नियमावलीको कार्यान्वयन | विद्यालय सङ्ख्या | ३० | ३० | ३० | ३० | ३० | ३० | ३० |

# परिच्छेद सात
# लगानी र स्रोत व्यवस्थापन

## ७.१ परिचय

सबै नागरिकहरूलाई आधारभूत तह निःशुल्क र अनिवार्य तथा माध्यमिक तह निःशुल्क उपलब्ध गराउने संवैधानिक प्रावधान रहेको छ । आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षा व्यवस्थापनको अधिकार स्थानीय सरकारको कार्यक्षेत्रमा राखिएको छ । आधारभूत तथा माध्यमिक शिक्षा, प्रारम्भिक बालविकास शिक्षा, खुला शिक्षा, दूरशिक्षा, विशेष शिक्षा, सामुदायिक सिकाइ केन्द्रहरूका अतिरिक्त औपचारिक संरचना बाहिरका ट्यूसन कोचिङ सेन्टरहरूको नीति, योजना र समग्र व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकारको रहने गरी स्थानीय सरकार सञ्चालन ऐन ,२०७४ ले २३ वटा अधिकारहरूको विस्तृतीकरण गरेको पाइन्छ । कार्यक्षेत्रभित्रका शैक्षिक संस्थाहरूलाई अनुदान उपलब्ध गराउने, लेखापरीक्षण र वित्तिय सुशासन कायम गर्ने दायित्व पालिकाको कार्यक्षेत्रमा रहेकाले सीमित स्रोत साधनलाई मितव्ययी, नियमित, प्रभावकारी र पारदर्शी ढङ्गले व्यवस्थापन गर्नुपर्नेछ ।

वित्तीय व्यवस्थापनअन्तर्गत दुईवटा पक्षहरूलाई समेटिएको छ । एकातर्फ योजना कार्यन्वयनको लागि आवश्यक पर्ने वित्तीय स्रोतको आँकलन, प्राप्ति र उपयोगलाई समेटिएको छ भने प्रदेश तथा सङ्घीय सरकारवाट प्राप्त विभिन्न प्रकारका अनुदानहरूलाई विद्यालयहरूमा पुऱ्याई तोकिएबमोजिम खर्च, पारदर्शिता बढाउदै समग्र पक्षमा वित्तीय अनुशासन कायम गर्नुपर्नेछ ।

शिक्षा विकासका पूर्वाधारहरूको पनि पूर्वाधारका रूपमा लिइन्छ । शिक्षाको समयसापेक्ष जुन गतिमा विकास हुनुपर्ने हो त्यसो हुन सकेको छैन । विभिन्न प्रतिवेदनहरूले कूलबजेटको २०प्रतिशत बजेट शिक्षामा विनियोजन गरिएता पनि सो अनुपातमा पुग्न सकेको छैन । यथार्थताको नजिक रहेर योजना बनाएर सोबमोजिम बजेट विनियोजन गर्ने नभई हचुवाको भरमा बजेट विनियोजन गर्ने कार्यले प्रश्रय पाएको छ । समुदायको विद्यालयमा लगानी गर्नुपर्छ भन्ने सोचमा गिरावट आएको छ । संविधानमा शिक्षालाई लगानीमैत्री बनाउने र लगानी बढाउदै लजाने नीति उल्लेख गरिएको छ ।

कमजोर भौतिक पूर्वाधारलाई सुविधा सम्पन्न बनाउनु, विद्यालयहरूको आर्थिक पक्षलाई सबलीकरण गर्नु, विद्यालय शिक्षामा परिचालन हुने बजेटलाई पारदर्शी बनाउनु चुनौतीका रूपमा रहेका छन् । सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा शिक्षालाई राखिनु, सङ्घ, प्रदेश र स्थानीय तहको एकल अधिकारका रूपमा समेत स्पष्ट गरिनुले शिक्षामा लगानीको अवसर राम्रो देखिन्छ ।

## ७.२ वर्तमान अवस्था

विश्वव्यापी रूपमा दिगो विकासका लक्ष्यहरू हासिल गर्न कूलबजेटको कम्तिमा २० प्रतिशत रकम शिक्षा क्षेत्रमा विनियोजन गर्ने विश्वव्यापी प्रतिबद्धता रहेता पनि शिक्षा क्षेत्रको बजेट क्रमश: घट्दै गइरहेको पाइन्छ । सर्शत अनुदानको रूपमा प्राप्त हुने केन्द्रिय अनुदानको ९५ प्रतिशत भन्दा वढि रकम शिक्षक तलव भत्ता, छात्रवृत्ति, भौतिक पूर्वाधार,

दिवाखाजा र पाठ्यपुस्तक जस्ता शीर्षकहरूमा खर्च हुने गरेको छ । गुणस्तर अभिवृद्धि र क्षमता विकासका लागि स्थानीय सरकारका कार्यक्रमहरू केन्द्रित रहेका छन् । विद्यार्थी सङ्ख्याका आधारमा एकाई लागत विश्लेषण गर्दा अभिभावकको प्रत्यक्ष लागनीका अतिरिक्त पालिका क्षेत्रमा अध्ययनरत विद्यार्थीको प्रतिविद्यार्थी लागत ........ हजार रहेको छ।

दश बर्से गाउँ शिक्षा योजना कार्यान्वयनको वित्तीय व्यवस्थापनका मुख्य स्रोत सङ्घीय, प्रदेश र स्थानीय सरकार रहने छन् । अभिभावक र समुदायको भूमिका परिपूरकको रूपमा रहनेछ । शिक्षा क्षेत्रमा कार्य गर्ने सङ्घसंस्थाहरूलाई विज्ञताका आधारमा क्षेत्रगत रूपमा साझेदारी गर्न सकिनेछ। समग्र वित्तीय व्यवस्थापनअन्तर्गत योजना कार्यान्वयनका लागि प्रयाप्त वित्तीय स्रोत जुटाउनु, शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालयहरूलाई आवश्यकता क्षेत्रमा स्रोत उपलब्ध गराउने र स्रोत साधनको प्रभावकारी व्यवस्थापनमार्फत वित्तीय सुशासन कायम गर्ने कार्यहरू प्राथमिकतामा रहेका छन् । नतिजामा आधारित स्रोत विनियोजन पद्धतिमार्फत विद्यालयहरूलाई नियमित अनुदानका अतिरिक्त एकमुष्ट, मागमा आधारित, कार्यसम्पादनमूलक र प्रोत्साहनमूलक अनुदानको व्यवस्था गरिनेछ । श्रोतको आँकलन तपसिलबमोजिम गरिएको छ।

**गाउँपालिकाले विगतका वर्षहरूमा गरेको लगानीको अवस्था**

| **विगत पाँच वर्षमा कञ्चन गाउँपालिकाको शिक्षामा गरिएको लगानी** | | | | |
|---|---|---|---|---|
| **आव** | **सशर्त अनुदान** | **गाउँपालिकाले विनियोजन गरेको शिक्षाको बजेट** | **क"ल** | **शिक्षाको कूलबजेटमा भएको वृद्धि प्रतिशत** |
| ०७६/०७७ | | | | |
| ०७७/०७८ | | | | |
| ०७८/०७९ | | | | |
| ०७९/०८० | | | | |
| ०८०/०८१ | | | | |

**७.३ उद्देश्य**

१. शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्नु
२. योजनामा समावेश भएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु
३. उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रम कार्यान्वयन गर्नु

**७.४ रणनीति**

१. सङ्घीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट शिक्षामा लगानीमा वृद्धि गर्ने

२. विद्यालय शिक्षामा पहुँच, सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न लगानी प्रभावकारीता बढाउने
३. वार्षिक रूपमा कूलबजेटको १४ प्रतिशत बजेट शिक्षा क्षेत्रका कार्यक्रमका लागि व्यवस्था गर्ने
४. शिक्षामा निजी तथा गैरसरकारी क्षेत्रको लगानीलाई उचित नियमनका साथ प्रोत्साहन तथा प्रवर्द्धन गर्ने
५. मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गर्ने
६. वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाउने
७. लागत साझेदारीमा आधारित कार्यक्रम सञ्चालन गर्ने,

**७.५ प्रमुख उपलब्धि**

**क) उपलब्धि**

१. शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा आवश्यक स्रोतको व्यवस्थापन भएको हुने,
२. वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ भएको हुनेछ।

**७.६ प्रमुख क्रियाकलाप र लक्ष्य**

**सङ्घीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार बाट विद्यालय शिक्षा क्षेत्रअन्तर्गतका प्राप्त हुने अनुमानित बजेट(लाखमा)**

| क्र.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र / विषय | आर्थिक वर्षअनुसार रकम (लाख मा ) | | | | | पाँचवर्ष को जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०८१/ ०८२ | २०८२/ ०८३ | २०८३/ ०८४ | २०८४/ ०८५ | २०८५/ ०८६ | |
| १ | ३.१ प्रारम्भिक बालविकास र शिक्षा | १० | ९ | ९ | ९ | ९ | ४६ |
| २ | ३.२ आधारभूत शिक्षा | १०३ | १०२ | ११२ | ११२ | ११२ | ५४१ |
| ३ | ३.३ माध्यमिक शिक्षा | ६० | ६१ | ६२ | ६२ | ६३ | ३०८ |
| ४ | ३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | ८०० | ११०० | ८०० | ८०० | १४०० | ४१०० |
| ५ | ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ | १४ | १८ | ३८ | २८ | १८ | ११६ |
| ६ | ४.१ पाठ्यक्रम र पाठ्यसामग्री | ५६.२ | ६४.२ | ६०.७ | ३९.६ | २८.१ | २४८.८ |
| ७ | ४.२ शिक्षक व्यवस्थापन र विकास | २७२.४ | २७२.५ | २७२.४ | २७२.४ | २७२.७ | १०९० |
| ८ | ४.३ शैक्षिक समता र समावेशीकरणा | १३४ | १३४.३ | १३४.३ | २३४.३ | २३४.३ | ५३६.९ |
| ९ | ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | ०.६० | ०.४५ | ०.४५ | ०.४५ | ०.४५ | २.४ |
| १० | ४.५ विद्यालय सुरक्षा, विपत न्यूनीकरण तथा उत्थानशीलता | ०.९५ | ०.९५ | ०.८० | ०.८० | ०.८० | ४.३ |
| ११ | ४.६ विद्यालय भौतिक पूर्वाधार | १२ | ११ | १४ | १४ | १३ | ६४ |
| १२ | ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | १३०० | ११५० | ७०० | ७०० | १००० | ४८५० |
| | **कूलजम्मा** | २७६३.१५ | २९२३.४ | २२०३.६५ | २२७२.५५ | ३१५१.३५ | ११९०७.४ |

### ७.६ योजनाको वार्षिक बजेट तर्जुमा प्रक्रिया

पालिकाको शिक्षा योजनामा उल्लेखित परिच्छेद ३, ४, ५ र ६ मा उल्लेखित प्रमुख क्रियाकलाप र लक्ष्यलाई प्रस्तावित भौतिक लक्ष्य मानी वार्षिक रूपमा सो कार्य सम्पादनका लागि आवश्यक बजेट हिसाब गरी एकाइ लागत निर्धारण गरिएको छ। सो एकाइ लागतले लक्ष्य लाई गुणन गरी वार्षिक अनुमानित बजेट निर्धारण गरी क्रियाकलापगत बजेटको जम्मा जोड हिसाब गरी उक्त उपक्षेत्र र अन्तरसम्बन्धित विषयक्षेत्रमा आवश्यक पर्ने बजेट हिसाब गरी उपक्षेत्रगत र अन्तरसम्बन्धित विषयक्षेत्रगत कार्यक्रम तथा बजेटको सारांश तपशिलको तालिकामा प्रस्तुत गरिएको छ। उपक्षेत्रगत र र अन्तरसम्बन्धित विषयक्षेत्रका क्रियाकलापगत विस्तृतीकरणलाई अनुसूचीमा उल्लेख गरिएको छ र यसैका आधारमा वार्षिक रणनीति तथा कार्यान्वयन योजना निर्माण गरिएको छ।

### ७.६ योजनाको वार्षिक बजेट तर्जुमा प्रक्रिया

कञ्चन गाउँपालिकाको शिक्षा योजनामा उल्लिखित परिच्छेद ३, ४, ५ र ६ मा उल्लिखित प्रमुख क्रियाकलाप र लक्ष्यलाइ प्रस्तावित भौतिक लक्ष्य मानि वार्षिक रूपमा सो कार्य सम्पादनका लागि आवश्यक बजेट हिसाब गरी एकाइ लागत निर्धारण गरिएको छ । सो एकाइ लागतले लक्ष्यलाई गुणन गरी वार्षिक अनुमानित बजेट निर्धारण गरी क्रियाकलापगत बजेटको जम्मा जोड हिसाब गरी उक्त उपक्षेत्र र अन्तरसम्बन्धित विषयक्षेत्रमा आवश्यक पर्ने बजेट हिसाब गरी उपक्षेत्रगत र अन्तरसम्बन्धित विषयक्षेत्रगत कार्यक्रम तथा बजेटको सारांश तपशिलको तालिकामा प्रस्तुत गरिएको छ । उपक्षेत्रगत र र अन्तरसम्बन्धित विषयक्षेत्रका क्रियाकलापगत विस्तृतीकरणलाई अनुसूचीमा उल्लेख गरिएको छ।

माथिको तालिकाअनुसार तयार भएको बजेटका लागि स्रोतको अनुमान सङ्घ, प्रदेश तथा स्थानीय तहबाट प्राप्त हुने प्रस्तावित बजेट तथा विभिन्न सङ्घसंस्थाबाट कार्यान्वयन हुने क्रियाकलापको समेत प्रक्षेपण गरी बजेटको अनुमान गरिएको छ।

# परिच्छेद आठ

# अनुगमन तथा मूल्याङ्कन

## ८.१ परिचय

कञ्चन गाउँपालिकाले शिक्षा कार्यक्रम कार्यान्वयन वार्षिक स्वीकृत कार्यक्रम अनुरूप कार्यान्वन गर्नेछ। स्थानिय तह र विद्यालयको आधारभूत तहमा सञ्चालन हुने कार्यक्रमहरूको प्रभावकारी कार्यन्वयनमा जोड दिईएको छ। प्रत्येक विद्यालयले र पालिकाले बजेटमा तोकिएको जिम्मेवारी अनुसार कार्यक्रम सञ्चालन गर्नेछन। कार्यक्रम सञ्चालनको लागि बजेट र आबश्यक प्रबन्ध पालिकाको शिक्षा शाखाले गर्नेछ ।

जब कार्यक्रमहरूको कार्यन्वयन भए नभएको अनुगमन मूल्याङ्कन गर्न पालिका तहमा शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखको संयोजनमा अनुगमन समिति र विद्यालय तहमा बि.व्य.स. र प्र.अ.को नेतृत्वमा कार्यक्रमहरूको प्रभावकारी कार्यन्वयनको अनुगमन गरिनेछ। विद्यालय अनगुमनका क्रममा गाउँपालिकाले समग्र पक्षको (शैक्षक, प्रशासनिक, शैक्षिक र भौतिक) नियमित अनगुमन, सपुररिक्षण, निरीक्षण गर्नेछन् । अनगुमन पश्चात सरोकारवालाहरूसँग समीक्षा बैठक गरी अनकुरणीय पक्षको प्रचार प्रसार र सुधारात्मक पक्षका लागि कार्ययोजना बनाई कार्यान्वन गरिनेछ। कार्यक्रम कार्यान्वयनको लागि नीतिगत रूपमा पालिका र विद्यालय स्तरमा कार्यक्रम अनुगमन तथा मूल्याङ्कन समिति बनाई सक्रिय हुनेछ।

## ८.२ वर्तमान अवस्था

स्थानीय तहमा शैक्षिक क्षेत्राधिकारअनुसारका कार्यहरूमा अनुगमन, नियमन र मूल्याङ्कन गर्ने कार्य गरिरहेको छ । खासगरी गाँउ पालिकाको शिक्षा शाखावाट समय समयमा अनुगमन तथा मुल्याङ्कन गर्ने गरिएको तथा कहिलेकाहि जनप्रतिनीधिहरूलाई सामिल गराई संयुक्तरूपमा अनुगमन पनि गरिएको छ। विद्यालयमा वि.व्य.स. र प्र.अ.को नेतृत्वमा अनुगमन गर्ने गरेको छ । अनुगमन मूल्याङ्कनका संरचना वा निकायहरू खडा भए तापनि सक्रिय बनाउन बाँकि नै छ । कहिलेकाहीँ गरिएका अनुगमनले सुधारात्मक सुझाव दिने तर त्यसको कार्यान्वयन गर्ने परिपाटी छैन । समग्र कार्यक्रम कार्यान्वयन, प्रगति समीक्षा पनि हुन बाँकी नै छ । प्रभावकारी अनुगमन र मूल्याङ्कनको स्थायी प्रणाली निर्माण र परिचलनमा समस्या छ। सफलता, सिकाइ र राम्रा अभ्यासहरूको दस्तावेजिकरण र प्रचार प्रसार को पनि खाँचो रहेको छ । अनुगमन प्रकृया तपसिलबमोजिम हुनेछ

| क्र.स. | अनुगमन गर्ने निकाय | अनुगमन प्रकृया | जिम्मेवारी | अनुगमन समय | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| १ | वडा शिक्षा समिति | अवलोकन, निरीक्षण, सुपरिवेक्षण, प्रतिवेदन | संयोजक | मासिक | आगन्तुक पुस्तिका, विद्यालय अनुगमन फाराम, कक्षाकोठा अनुगमन फाराम, प्रतिवेदन |
| २ | गाउँ शिक्षा समिति | | संयोजक | मासिक | |
| ३ | वडा कार्यालय | | अध्यक्ष तथा पदाधिकारी | मासिक | |
| ४ | पालिका | | अध्यक्ष तथा पदाधिकारी | त्रैमासिक | |
| ५ | शिक्षा विकास तथा समन्वय एकाइ | | एकाइ प्रमुख | वार्षिक | |
| ६ | जिल्ला समन्वय समिति | | प्रमुख तथा पदाधिकारी | वार्षिक | |

| क्र.स. | अनुगमन गर्ने निकाय | अनुगमन प्रकृया | जिम्मेवारी | अनुगमन समय | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| ७ | शिक्षा अधिकृत | | | मासिक | |
| ८ | विद्यालय सुपरिवेक्षक | | | मासिक | |
| ९ | शिक्षा तथा मानव श्रोत विकास केन्द्र | | | वार्षिक | |
| १० | प्रदेश शिक्षा विकास निर्देशनालय | | | वार्षिक | |
| ११ | नागरिक समाज तथा गैर सरकारी सङ्घसंस्था | | | मासिक | |

गाउँ शिक्षा योजनाको प्रचारप्रसार गर्न सरोकारवालाहरूलाई भेला गराई, सूचना तथा प्रविधिको अन्य माध्यमबाट जानकारी गराइनेछ। योजनाको कार्यन्वयनको क्रममा आवश्यक सहयोग तथा सहकार्यको लागि गाउँपालिका तथा सम्वन्धित वडाहरूले यस योजनासँग सम्वन्धित तह तथा निकायहरूसँग आवश्यक प्रत्यक्ष भेटघाट वा पत्राचार गर्नेछ। योजनाको कार्यान्वयनको क्रममा गाउँपालिका वडाहरू, सम्वन्धित समिति तथा उपसमितिहरूको वैठक कार्यतालिका वा आवश्यकताअनुसार बस्नेछ।

### ८.२ उद्देश्य

१. अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकीकृत प्रणाली विकास गर्नु
२. अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामा आधारित बनाउनु
३. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु

### ८.३ रणनीति

१. कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनका लागि एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याउने।
२. नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्ने
३. विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षणलाई थप व्यवस्थित र नियमित गर्ने
४. कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवम् प्रतिवेदन प्रणाली प्रबन्ध गर्ने
५. योजनाअन्तर्गत सञ्चालित कार्यक्रम तथा परियोजना वा क्रियाकलापको नियमित आवधिक, मध्यावधिक तथा अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गर्ने
६. अनिवार्य तथा निशुःल्क शिक्षा ऐन २०७५ ले तोकेबमोजिम अनिवार्य तथा निशुःल्क शिक्षा कार्यान्वयनको अवस्थाको प्रतिवेदन तयार गरी स्थानीय तहमा पेस गर्ने

### ८.४ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

१. अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकीकृत प्रणाली विकास भएको हुनेछ।
नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली कार्यान्वियन हुनेछ।
२. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल भएको हुनेछ।

**ख) नतिजा**

१. अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास भएको हुनेछ ।

२. नतिजामा आधारित अनुगमन प्रणाली स्थापित भई योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन भएको हुनेछ ।

## ८.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | जम्मा | | |
| १ | अनुगमन तथा मूल्याङ्कन संयन्त्र निर्माण | पटक | ० | १ | | | | १ | १ | |
| २ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचक तयार तथा अद्यावधिक गर्ने, | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ३ | कार्यक्रम कार्यान्वयनको चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन तयार गर्ने, | पटक | ३ | ३ | ३ | ३ | ३ | १२ | १२ | |
| ४ | कार्यक्रम कार्यान्वयन पुस्तिका तयारी | पटक | | १ | | | १ | २ | १ | |
| ५ | अनिवार्य तथा निशुःल्क शिक्षा कार्यान्वयनको अवस्थाको प्रतिवेदन तयार गर्ने, | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |

**ख) योजनाको समग्र नतिजा खाका**

यस नतिजा खाकाले गाउँपालिका, विद्यालय तथा सम्पूर्ण शिक्षा प्रणालीलाई जवाफदेही बनाउन सहयोग गर्दछ जसले गर्दा शैक्षिक योजनाको कार्यान्वयन समेत प्रभावकारी ढंगले अगाडि बढ्छ ।

**तालिका : योजनाको नतिजा खाका**

| उपलब्धि | नतिजा सूचक | स्रोत मापन तथा तरिका |
|---|---|---|
| ❖ गाउँपालिका भित्र बसोबास गर्ने सबै वर्गका विद्यालय जाने उमेरका सबै बालबालिकालाई विद्यालय भर्ना हुने,<br>❖ उँपालिकाको साक्षरता दर ९८ प्रतिशत भन्दा माथि पुग्ने,<br>❖ गुणस्तरीय प्रारम्भिक बाल बिकास सहित शिक्षाको अवसर सुनिश्चित हुने,<br>❖ पाठ्यक्रमद्धारा निर्दिष्ट तहगत, कक्षागत, | ❖ विद्यार्थी भर्ना दर<br>❖ सिकाइ उपलब्धि स्तर<br>❖ विद्यार्थी सङ्ख्या र कक्षा छोड्ने दर<br>❖ शिक्षक कर्मचारी, प्र.अ. को बृत्ति बिकास<br>❖ साक्षरता दर<br>❖ व्यवसायिक र प्राविधिक जनशक्ति उत्पादन | ❖ वार्षिक परीक्षा प्रतिवेदन<br>❖ विद्यार्थी सिकाईं उपलब्धि स्तरको लेखाजोखा प्रतिवेदन<br>❖ अनुगमन मूल्याङ्कन प्रतिवेदन<br>❖ भौतिक पूर्वाधारको अवस्था<br>❖ दक्ष जनशक्तिको माग र उपयोग<br>❖ सूचना प्रविधिमैत्री शिक्षक, कर्मचारी, विद्यार्थी |

| उपलब्धि | नतिजा सूचक | स्रोत मापन तथा तरिका |
|---|---|---|
| कक्षागत र विषयगत सिकाईई सक्षमता हासिल हुने,<br>❖ आवश्यक शैक्षिक पूर्वाधार तथा सिकाइ वातावरणको निर्माण हुने, प्रभावकारी शिक्षण सिकाइ क्रियाकलापबाट बालबालिकाको सिकाईको दायरा फराकिलो हुने,<br>❖ शिक्षाको अवसरबाट बञ्चित रहेका समुदायका लागि बैकल्पिक तथा निरन्तर सिकाइको अवसर पाउने,<br>❖ विश्व बजारमा प्रतिस्पर्धा गर्न सक्ने प्राविधिक तथा उच्च क्षमतायुक्त जनशक्तिको उत्पादनमा सहयोग पुग्ने तथा उपलब्ध स्रोत साधनको समानुपातिक र न्यायोचित वितरणमा सहयोग पुग्ने,<br>❖ यस पालिकाभित्र बसोबास गर्ने सबै वर्गका समुदायहरूको माध्यमिक तहसम्मको शिक्षामा पहुँच पुग्ने र शैक्षिक गुणस्तर अभिबृद्धि हुने,<br>❖ यस पालिकामा संचालित प्राविधिक तथा व्यवसायिक शिक्षामा सबै वर्गका बालबालिकाको पहुँच सुनिश्चित हुने र सबैका लागि प्राविधिक शिक्षाको सहज अवसर उपलब्ध भई स्थानीय क्षेत्रमा प्राविधिक जनशक्तिको अभावलाई पूर्ति गर्न सहयोग पुग्ने,<br>❖ गाउँपालिका भित्रका सम्पूर्ण शैक्षिक संस्थाहरूमा कार्यरत शिक्षक, कर्मचारी तथा अध्ययनरत विद्यार्थी प्रविधिमैत्री तथा व्यवसायिक, गुणस्तरीय र प्रविधियुक्त शिक्षा प्राप्त गर्ने अवसर पाउने,<br>❖ स्थानीय क्षेत्रमा नै प्राविधिक तथा दक्ष जनशक्तिको भई आयआर्जनका रोजगारी उत्पादन तथा क्रियाकलापहरू बढ्ने,<br>❖ शिक्षक तथा शैक्षिक जनशक्तिको पेसागत | सङ्ख्या<br>❖ भौतिक पूर्वाधारको विकास<br>❖ सूचना प्रविधिको उपयोग आदि। | ❖ वार्षिक साक्षरता प्रतिवेदन<br>❖ अभिभावक तथा सरोकारवाला भेलाको प्रतिवेदन |

| उपलब्धि | नतिजा सूचक | स्रोत मापन तथा तरिका |
|---|---|---|
| विकास हुने, शैक्षिकअन्तर्गत प्रति सम्मान बढ्ने,<br>❖ राष्ट्रिय पाठ्यक्रमले तोकेबमोजिम स्थानीय पाठ्यक्रमको कार्यान्वयनमार्फत स्थानीय स्रोत, साधन, मूल्य मान्यता र प्रविधिसमेतको अधिकतम प्रवर्धन हुने,<br>❖ सबै शैक्षिक संस्थाहरूमा (विद्यालयहरूमा) शैक्षिक सुशासन प्रवर्धन तथा कायम भई बालबालिकालाई सिकाइप्रति उत्तरदायी बनाउने प्रणालीको विकास हुने,<br>❖ गाउँपालिकाभित्रका सबै विद्यालयहरूमा आपतकालीन् तथा संकटपूर्ण अवस्थामा पनि वैकल्पिक योजनाहरूको कार्यान्वयन गरी बालबालिकाहरूको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित हुने,<br>❖ उपलब्ध स्रोत साधनको समानुपातिक र न्यायोचित वितरण हुने,<br>❖ समुदायमा "शिक्षा हो सबैको, होइन कसैको" भन्ने भावनाको विकास भई गाउँपालिकाको समग्र शैक्षिक स्तर बढ्ने,<br>❖ गाउँपालिकाको समग्र सामाजिक, शैक्षिक, शिक्षालाई, वातावरणीय अवस्थाको स्तरोन्नति हुने | | |